कर्णाली परियोजनाको वास्तविकता के हो ?



# मूल्याङ्कन

मूल्य रु. १५।-
भारतमा भारु. १२।-

विचार अन्तर्क्रियामुखी मासिक

पूर्णांक ५२
मंसिर २०५४



## छैठौं महाधिवेशन

# एमाले अब कुन दिशातिर ?

# Fascinating beauty. Imperishable material.

A sure feel for the aesthetically perfect, a personal style and a purposeful differentness: these are the characteristics of people who wear the La Coupole 'Céramique'. A watch whose true nature you experience when you put it on for the first time: soft as velvet, supple, incomparable. And imperishably beautiful, thanks to the slightly curved sapphire crystal and the scratchproof high-tech ceramics bracelet. Rado La Coupole 'Céramique' – a beautiful watch that stays beautiful – a watch that fits as though moulded to your wrist.

*A different world*




La Coupole 'Céramique'.
Scratchproof high-tech ceramics bracelet.
In three sizes.

**RADO**
Switzerland

*Authorised Sales & Service Centre*

**SULUX CENTRE**

Khichapokhari P.O. Box: 3659, Kathmandu, Nepal Tel: 222539

*Also available at:*
24 Ct (Gangapath)
New Nevies Corner (Super Market)
Blue Bird Department Store (Tripureshwor)

# मूल्याङ्कन

(विचार अन्तर्क्रियामुखी मासिक)

वर्ष १५, पूर्णाङ्क ५२
मंसीर, २०५४



**संरक्षक**
डा. मथुराप्रसाद श्रेष्ठ

**सल्लाहकार**
डा. कमलकृष्ण जोशी
डा. कृष्णबहादुर थापा
खगेन्द्र संग्रौला
चन्द्रराज ढुंगेल
डा. चैतन्य मिश्र
डी. आर. पोखरेल
पद्मरत्न तुलाधर
डा. भरत प्रधान
डा. महेश मास्के
महेश्वरमान श्रेष्ठ
प्रा. हर्षनारायण धौभडेल

**प्रधान सम्पादक**
श्याम श्रेष्ठ
**कार्यकारी सम्पादक**
हरिगोविन्द लुईटेल
**सह-सम्पादक**
राजेन्द्र महर्जन

**व्यवस्थापक**
श्याम खड्का
**लेखा व्यवस्थापक**
वीरप्रसाद भंसारी
**व्यवस्थापन सहयोगी**
दुर्गा खड्का (वितरण विभाग)
जि. के. श्रेष्ठ (विज्ञापन विभाग)



अन्तर्क्रिया प्रकाशन (प्रा.) लि. का लागि सुवास श्रेष्ठद्वारा प्रकाशित

**कार्यालय**
"मूल्यांकन" मासिक
अन्तर्क्रिया प्रकाशन (प्रा.) लि.
ख-२/१९१, पुतलीसडक
काठमाडौं-३२
फोन: ४२२७६९,
फ्याक्स: ४२३५४९
पो. ब. नं. ७०५०, काठमाडौं





महासचिव र के.स.द्वारा स्वीकारिएको

## एमालेभित्रको यति चर्को विकृति र विचलनको कारण के ?

(विश्लेषणात्मक आवरण कथा)

## छैठौं महाधिवेशन

# एमाले अब कुन दिशातिर ?

क. माधव नेपाल र क. सी.पी. मैनालीसंगको विस्तृत कुराकानीसहित

## कर्णाली परियोजनाको वास्तविकता के हो ?

कर्णाली परियोजना र इनरोनबारे यथार्थ बुझ्नका निम्ति उपयोगी खोजपूर्ण विशेष लेख

## वर्तमानमा लेवनानी कम्युनिष्ट पार्टीको स्थिति के छ ?

रेडियो र टि.भि. स्टेशन भएको कम्युनिष्ट पार्टी

- नेपालमा जातीय स्वायत्तताको प्रश्न: यहाँ जातीय स्वशासनको स्वरुप कस्तो हुनुपर्छ ?
- धार्मिक कर्मकाण्डबारे बहस
- दक्षिण एशियाली डकुमेन्ट्री फिल्म महोत्सव कति सफल, कति असफल ?
- *जगन्नाथ आचार्य के सोच्दै हुनुहुन्छ, के गर्दै हुनुहुन्छ ?*
- व्यक्तिगत प्रयासमा प्रशंसनीय गाउँविकासको नमूना: बाँसखर्क


**हाम्रो मूल्याङ्कन** ४
अमेरिकी दादागिरी कति दिन चल्न दिने ?
**आवरण कथा**
छैठौं महाधिवेशन:
एमाले अब कुन दिशातिर ? ५
**घटना र प्रवृत्ति**
घाटशिला र कलकत्तामा अन्तर्राष्ट्रिय कम्युनिष्ट जमघट ४
राप्रपाको झगडा, सिद्धान्त हैन, पार्टी 'तगडा' ३८
**अचेल**
जगन्नाथ आचार्य के गर्दै हुनुहुन्छ ? ३६
**विश्व कम्युनिष्ट आन्दोलन**
वर्तमानमा लेवनानी कम्युनिष्ट आन्दोलन कस्तो छ ? १४
क. चेको सम्बन्धमा
क. किम इल सुङको विचार १७
**जन-जीवन**
व्यक्तिगत प्रयासमा प्रशसनीय गाउँ विकासको नमुना: बाँसखर्क
-राजेश कोइराला १९
**आँखीझ्याल**
विश्वका ठूला राष्ट्रातीत निगमहरू ११
विश्वका धनी र गरीबबीचको खाडल ११
पाकिस्तानको ऋण ११
नेपालको बेरोजगारी/विश्वका ठूला बैंकहरू ३१
औद्योगिक मुलुकहरूका सन्दर्भहरू ३२
**विज्ञान र प्रविधि**
अणु बम र हाइड्रोजन बम कसरी बिस्फोट हुन्छ ? ३२
**पर्दा / रंगमंच**
डकुमेन्ट्री फिल्म महोत्सब
कति सफल, कति असफल ?
(कनकमणि दीक्षितसंग कुराकानी) ३३
**नीति / संस्कृति**
धार्मिक कर्मकाण्डहरूबारे बनाउनुपर्ने धारणा के ?
-खगेन्द्र संग्रौलाको विचार २७
-जगन्नाथ खतिवडाको विचार २९
**साहित्य**
लघु-कथा 'चेतना र महत्वाकांक्षा'
-इस्माली ३१
कविता 'गोली नथापेका छातीहरू'
-सुरेश किरण ३१
**विशेष लेख**
कर्णाली परियोजनाको वास्तविकता के हो ?
-राजेन्द्र दाहाल २२
**पाठकको कुरो** ४२



आवरणमा: **क. माधव नेपाल, क. सी.पी. मैनाली** (फोटो: उषा तिवारी) र पृष्ठभूमिमा **क. मदन भण्डारी**/ इन्सेटमा: **कर्णाली नदी,** (फोटो सौजन्य: **टोनी हेगन**)
आवरण सज्जा: **सुन्दर बस्नेत, बागबजार फोन: २५२६४५, २२२३३७/कलाकारहरू: लक्ष्मण भूजेल, जि.डि. साह, यति आर्ट, पुतलीसडक**
कम्प्युटर सेटिङ: **सहदेव खाकी, माइक्रोचिप्स कम्प्युटर सर्भिस, पुतलीसडक,** सम्पर्क फोन: ४२२७६९/मुद्रण: **इन्द्रेणी अफसेट प्रेस, बागबजार**

# अमेरिकाको दादागिरी

# कति दिन चल्न दिने ?

अमेरिका आफूलाई विश्व-मानव अधिकार र प्रजातन्त्रको पहरेदार घोषित गर्छ । मानव अधिकारको चूरो कुरो हो- मानव जातिले मान्छे झैं भएर, शोषणमुक्त भएर, स्वतन्त्र र समान भएर ज्यून पाउने अधिकार, आफ्नो भाग्य आफैं निर्धारण गर्न पाउने अधिकार । प्रजातन्त्रको चूरो कुरा मानव अधिकारको ग्यारेन्टी र राज्य र जीवनको हरेक फाँटमा जनताको सर्वोच्चता हो, नीति निर्णयमा जनताको आलोचनात्मक सहभागिता हो । विश्व इतिहास साक्षी छ- अमेरिकी शासक वर्ग विश्वको कुनै पनि भागमा मानव जातिलाई आफ्नो भाग्य आफैं निर्धारण गर्न दिंदैन । शोषणमुक्त भएर बाँच्न दिंदैन । कुनै पनि देशका जनताले पशु झैं भएर जिउनुको सट्टामा मान्छे झैं भएर जिउने बाटो समाते भने अमेरिकी शासक वर्गको निन्द्रा खल्बलिन्छ । ऊ त्यहाँ बम वर्षा गर्न पुगिहाल्छ । कुनै पनि देशमा बतिस्ता जस्तो तानाशाह र मार्कोस जस्तो तानाशाह वा मोबुतु सेसेसेको जस्तो तानाशाहसित पनि उसको अति घनिष्ठ मैत्री हुनसक्छ । तर त्यहाँ जनताले क्रान्ति गरेर प्रजातन्त्र ल्याउन लागे भने अमेरिकालाई त्यो सह्य हुँदैन ।

लाओस्, कम्बोडियो र भियतनामी जनताले आफ्नो भाग्य आफैं निर्धारण गर्न खोजे, अमेरिकाले त्यहाँ वर्षौंसम्म युद्ध थोपरिरह्यो । क्यूबाका जनताले बतिस्ताको तानाशाही खत्तम गरेर समाजवादी गणतन्त्र स्थापना गरे, अमेरिकाले क्यूबालाई अमानवीय आर्थिक नाकाबन्दीको गल्पासो लगाएर मार्न खोजेको खोज्यै छ । निकारागुआका जनताले क्रान्ति गरेर शोषणमुक्त आफ्नै शासन व्यवस्था ल्याए । कोण्ट्राहरूलाई हतियार र पैसा पेलेर अमेरिकाले त्यो जनताको शासन पल्टाइछोड्यो । फिलिपिन्स र इण्डोनेशियाका अधिकांश जनताले साम्यवादलाई अति मन पराए तर अमेरिकाले सि.आई.ए. लगाएर इण्डोशियामा दशौं लाख र फिलिप्रिन्समा पाँचौं लाख निर्दोष कम्युनिष्टहरूको नृशंस हत्या गऱ्यो । निर्दोष ग्रेनेडालाई अमेरिकाले क्वाप्पै निलेको घटना पनि त्यति पुरानो भएको छैन । शोषणबाट मुक्ति, आफ्नो भाग्यको स्वनिर्णय, मानव अधिकार र प्रजातन्त्रको बाटो समात्दा विश्वमा अमेरिकाले जति निर्दोष जनताको हत्या गरेको छ, त्यति विश्वका एकमुष्ठ १०० जना तानाशाहले पनि मारेका छैनन् ।

गजब छ- अमेरिकी शासक वर्गले परिभाषित गरेको प्रजातन्त्र ! उसले बखानेको 'प्रजातन्त्र' मा बाँच्ने अधिकार त्यही देशका जनतालाई मात्र छ, जसले अमेरिकाको दासत्व चूपचाप स्वीकार्छ । उसको "प्रजातन्त्र" मा अमेरिकाले तोकेको बाहेक अर्को कुनै नयाँ र भिन्न शासन व्यवस्था छान्ने अधिकार जनतालाई हुँदैन । त्यस्तो छान्नु भनेको लाखौं जनताले मृत्यु र बम वर्षा पनि छान्नु हुनजान्छ । उसको प्रजातन्त्रमा अमेरिका बाहेक अर्को कुनै मुलुक महाशक्ति वा क्षेत्रीय महाशक्ति भएर निक्लिनु हुँदैन । त्यो निक्लियो कि उसले युद्ध वा अर्को कुनै आपत भोग्नै पर्छ । यस्तो प्रजातन्त्र चाहिएको छ अमेरिकालाई कि हरेक मुलुक उसको हुकूम र दयामा बाँचोस्, उसले तोकेको शर्तमा ऋण र अनुदानको भिक्षा खाएर बाँचोस्, आफ्ना सारा प्राकृतिक स्रोतहरू र कच्चापदार्थ कौडीको मोलमा अमेरिकालाई सुम्पेर बाँचोस्, अमेरिकाले भने-भनेको हात हतियार किनिदिएर बाँचोस् । यस्तो गबज छ- अमेरिकी शासक वर्गले परिभाषित गरेको 'प्रजातन्त्र' !

इराक खाडी क्षेत्रमा आफ्नो तागत बृद्धि गरेर क्षेत्रीय महाशक्ति भएर निक्लिन खोज्यो । त्यो अमेरिकी शासक वर्गको निम्ति ठ्याप्पै सह्य भएन । उता अमेरिकी शासक वर्गको निम्ति जरूरी थियो- कौडीको मोलमा खाडीको तेल र तेलको अति नाफादायक ठेकेदारी ।

बस्, उसले अब दुइटै स्वार्थ एउटै लौरोले सिद्ध गर्ने उपाय निकाल्यो- इराकविरूद्ध खाडीयुद्धद्वारा । खाडीयुद्धको मुख्य सार यही थियो । खाडीयुद्ध अमेरिकाको विजयमा सकियो । तर पनि संयुक्त राष्ट्र संघलाई रबर स्ट्याम्पको रूपमा प्रयोग गरेर अमेरिकाले इराकलाई आफ्नो खुट्टामुनि 'त्वम् शरणम्' गराउने जमर्को गरेको गऱ्यै छ ।

अमेरिकाले आफ्नो हतियार भण्डारमा जस्तो सुकै र जति पनि हतियार थुपारे पनि ठीकै छ । तर इराकले चाहिं आफ्नो आत्मरक्षाको निमित्त समेत हतियार थुपार्न पाईदैन । त्यो थुपारियो भने अमेरिकाले त्यो हतियार भण्डार हेर्न पाउनै पर्छ । संयुक्त राष्ट्र संघमार्फत् नै यस्तो काइते माग राखेर अमेरिकाले अहिले इराकलाई धुरूक्क रूवाइरहेको छ । आधारभूत आवश्यकता, खाद्यान्न, ओखती किन्न इराकले बेच्ने भनेको मुख्य कुरा नै तेल हो । अमेरिकाले इराकलाई घुँडा टेकाउन त्यो तेल समेत विश्व बजारमा निष्फीक्री बेच्न दिइरहेको छैन । इराकी जनता र ससाना केटाकेटी पर्याप्त ओखती र खानेकुरा समेत नपाएर हज्जारौंको संख्यामा अकालमा मर्दैछन् । तर आफ्नो स्वार्थमा लीन अमेरिकी शासक वर्गलाई यसको कुनै मतलब देखिन्न । कति अमानवीय छन् यिनीहरू ?

यही परिपेक्ष्यमा अमेरिकी हातहतियार निरीक्षण टोलीलाई इराकी हातहतियार हेर्न दिइएन भन्ने निहुँमा अमेरिका इराकमाथि कुनै पनि बेला आक्रमण गर्न तम्तयार भएर बसेको छ । रूसको मध्यस्थतामा अहिलेलाई तुरून्त आक्रमणको खतरा त टरेको छ । तर पनि अमेरिकाले कुनै पनि बेला आक्रमण गर्ने संभावना टड्कारै देखिन्छ । अनाहकमा बम वर्षाद्वारा हजारौं निर्दोष इराकी जनताको हत्याको संभावना टड्कारै देखिन्छ । तर गजब के छ भने, सिंगै संयुक्त राष्ट्र संघ, संयुक्त राष्ट्र संघभित्रका कुनै पनि भिटो शक्तियुक्त शक्ति राष्ट्रहरू अमेरिकी दादागिरीलाई रोक्न अघि सरिरहेका छैनन् । सबै अमेरिकाकै हाँ मा हाँ मिलाइरहेछन् । सबै तमासे देखिन्छन् ।

यो स्थितिमा उत्पीडित विश्व जनसमुदायले सशक्त आवाज उठाउनु जरूरी भएको छ- अमेरिकाले खाडी क्षेत्रमा आफ्नो अमानवीय दादागिरी तुरून्त बन्द गरोस् । खाडी क्षेत्रबाट सम्पूर्ण अमेरिकी र पश्चिमी सैन्य शक्ति तुरून्त हटोस् । इराकमाथि तेल बेच्न लगाइएको अमानवीय प्रतिबन्ध तुरून्त हटाओस् ।

अहिले संसारमा अमेरिकाको एकलौटी दादागिरी चलिरहेको छ । कति चल्न दिने यो दादागिरीलाई ? विश्वका सारा उत्पीडित जनसमुदायहरू सजग तथा एक ढिका नभएसम्म यो दादागिरी रोकिनेवाला छैन । यही सजगता र एकता अहिले विश्वको खाँचो भएको छ । □


घटना र प्रवृत्ति

## घाटशिला र कलकत्तामा अन्तर्राष्ट्रिय जमघट

**कालापानीबाट भारतीय सैनिक हटाउनुपर्ने प्रस्ताव पारित !**

**यसपालि** भारतमा कार्तिकको अन्तिम र मंसीरको पहिलो सातामा दुईटा महत्वपूर्ण अन्तर्राष्ट्रिय जमघटहरू भए । एउटा, बिहारको घाटशिलामा र अर्को, पश्चिम बंगालको कलकत्तामा ।

कार्तिक २८ गते (नोभेम्बर १३) का दिन घाटशिलामा भएको समारोह SUCI (Socialist Unity Centre of India) पार्टीका संस्थापक नेता क. शिवदास घोषको प्रतिमा अनावरण समारोह थियो । उक्त शालिक त्यस पार्टीकै केन्द्रीय सदस्य तथा भारतकै प्रशिद्ध मूर्तिकार क. तापस दत्ताद्वारा ६ वर्ष लगाएर तयार पारिएको ढलोटको बाह्र फीट लामो सालिक थियो ।



कलकत्तामा आयोजित अमेरिकी साम्राज्यवादविरोधी जुलूसको एक दृश्य (फोटोमा अमेरिकी प्रतिनिधि र नेपाली प्रतिनिधिमण्डलका सदस्य श्री सुशीलचन्द्र अमात्य प्लेकार्डसहित)

विहारको उस्खमाउलो गर्मीमा मध्यदिनको साँढे बाह्र बजे त्यस पार्टीका महासचिव क. निहार मुखर्जी

(बाँकी ३५ पेजमा)

आगामी छैठौं महाधिवेशन :

# एमाले अब कुन दिशातिर ?



# एमालेभित्र यति चर्को विकृति र विचलनको कारण के ?

एमालेको छैठौं महाधिवेशन आगामी माघमा हुँदैछ । महाधिवेशनको पूर्व-सन्ध्यामा एमालेका महासचिव माधवकुमार नेपालले आफ्नो पार्टीभित्रको हालत सम्बन्धमा एउटा निकै यथार्थवादी चित्रण केन्द्रीय कमिटीसमक्ष आफ्नो प्रतिवेदनमा प्रस्तुत गर्नुभएको छ ।

त्यो प्रतिवेदनले एमाले अहिले कस्ता विकृतिहरूबाट ग्रस्त छ, के-कस्ता प्रवृत्तिहरू पल्हाएका छन् त्योभित्र, र एमाले कता जाँदैछ भन्ने सम्बन्धमा निकै प्रष्ट शब्दमा पार्टीभित्रको 'आँखोदेखा हाल' प्रस्तुत गरेको छ ।

प्रतिवेदन लामो छ । त्यसैले त्यसको सबै अंश यो छोटो लेखमा प्रस्तुत गर्नु संभव छैन । तथापि, त्यसको मुख्य मुख्य अंशहरू हेर्न लायक छन् । म तिनलाई जस्ताक़ोतस्तै यहाँ प्रस्तुत गर्ने जमर्को गर्दैछु ।

कस्ता कस्ता विकृति र प्रवृत्तिहरू छाएका छन् त एमाले पार्टीभित्र अचेल ? महासचिव नेपाल भन्नुहुन्छः

**"अहिले पार्टीभित्र पूँजीवादी विकृतिहरु फस्टाउँदै गएका छन् । भ्रष्टाचार गर्ने, आफ्नो हैसियतको दुरुपयोग गर्ने, सुविधाभोगी जीवनशैलीतर्फ आकर्षित हुने, सुख-सुविधा, मान-सम्मानको निम्ति मरिमेट्ने प्रवृत्ति हुर्किन थालेको छ । निम्न पूँजीवादी व्यक्तिवाद व्याप्त छ । पदलोलुप प्रवृत्तिले जरो फैलाउँदैछ ।... स्वार्थ, मतलब र निजी हितका कुराहरु हावी हुन थालेका छन् । अवसरवादी र स्वार्थ पूरा गर्न चाहने तत्वहरु अत्यधिक रुपमा सक्रिय भएका छन् ।"**

एमाले महासचिवले एमाले पार्टीभित्र अहिले छाएका विकृतिलाई स्पष्ट शब्दमा **पूँजीवादी विकृति** भन्नुभएको छ ।

एउटा कम्युनिष्ट पार्टीभित्र यति भयानक पूँजीवादी विकृति र प्रवृत्तिहरू हावी हुनु सारै गंभीर परिघटना हो । एउटा कम्युनिष्ट पार्टीभित्र भ्रष्टाचार गर्ने, पदको दुरूपयोग गर्ने, सुविधाभोगी जीवनशैलीतिर तानिने, सुखसयल र मान एवं पदको निमित्त हुरूक्क हुने प्रवृत्तिहरू छताछुल्ल छाउनु निकै चिन्ताजनक कुरा हो । पार्टीभित्र यत्रतत्र निम्न पूँजीवादी व्यक्तिवाद छाउनु, निजी स्वार्थप्रधान हुनु र अवसरवादी र स्वार्थी तत्वहरू अत्यधिक रूपमा सक्रिय हुनु भनेको, अर्को शब्दमा, पार्टीभित्र साम्यवादी चरित्र स्वाहा हुनु हो । तर महासचिव नेपालले निकै कटु शब्दमा यथार्थको बिस्कुन लाउने साहस गर्नुभएको छ कि- एमालेभित्र अहिले त्यस्तै हुँदैछ ।

कुरा यति मात्र छैन । एमालेभित्र पार्टी अनुशासनको स्थिति कस्तो छ त ? यस सम्बन्धमा पनि महासचिव नेपालले मनग्ये प्रकाश पार्नुभएको छ । उहाँ भन्नुहुन्छः

**-"पार्टीभित्र गोपनीयता नामको कुनै चीज बाँकी नरहने अवस्था छ । पार्टीभित्रका छलफल-बहसका वा कमिटीभित्रका विवादका कुरा, मतमतान्तरका कुराहरु बाहिर आउने गरेका छन् । पार्टी कमिटीहरु चाल्नु जस्तो प्वालै प्वालले भरिएको स्थितिमा देखिँदैछन् । कुन कुरा बाहिर भन्ने, कुन नभन्ने छुट्याउनु पर्नेमा, भन्नै नहुने कुरा बाहिर प्रेस र सडकमा छरिने गरेको छ ।..."**

**"अराजकता, अनुशासन-हीनता र उद्दण्डता बढ्दै गएको छ । पार्टी निर्णय र अनुशासन फितलो भएको छ । आफ्नो इच्छा, चाहना वा धारणाअनुरुपको निर्णय भए पालना गर्ने, नभए नगर्ने प्रवृत्ति बढ्न थालेको छ । संगठित रुपमा र समूहगत रुपमा पार्टी अनुशासन र निर्णयको खिल्ली उडाउने वा अवज्ञा गर्ने प्रवृत्ति**

---

नेकपा एमालेको छैठौं महाधिवेशन आगामी माघ १२ गतेदेखि १८ गतेसम्म हुने भएको छ । यस महाधिवेशनले यस पार्टीलाई भावी दिनहरूमा अघि बढ्न कस्तो दिशानिर्देश गर्ने हो र गर्नुपर्ने हो भन्नेबारे समाजका जागरूक व्यक्तिहरूमा चासो पैदा हुँदै गइरहेको छ । चासोको यो स्थितिमा एमालेको वर्तमानको मूल्यांकन गर्दै यसको भावी कार्यदिशाका बारेमा व्यवस्थित छलफल र बहस चल्नु जरूरी ठानी यस पटक हामीले क. माधवकुमार नेपाल र क. सी.पि. मैनालीसँगको कुराकानी एवं श्याम श्रेष्ठको लेख यहाँ प्रस्तुत गरेका छौं । आगामी अंकहरूमा एमालेको नीति र व्यवहारका बारे अन्य पार्टीका नेताहरूका विचारहरू प्रस्तुत गरिनेछन् ।

-मूल्यांकन

---

**देखापर्न थालेको छ ।..."**

पार्टीमा गोपनीयता नाउँको कुनै कुरा बाँकी नबस्नु, व्यक्तिगत वा संगठित रूपमा पार्टी निर्णयको अवज्ञा गर्नु, आफ्नो इच्छामुताबिकको निर्णय भएमा मात्र लागू गर्नु, नत्र नगर्नु, पार्टीभित्र उद्दण्डता र अराजकता छाउनु र अनुशासन फितलो हुनु ।

पार्टीभित्र अनुशासनको यो बेहालत भनेको कुनै पनि कम्युनिष्ट पार्टीमा हुनुपर्ने लक्षण होइन । यो विकृत बुर्जुवा पार्टीमा मात्र पाइने लक्षण हो । तर तीतो वास्तविकता के भइरहेछ भने, एमाले जस्तो पार्टीभित्रै अनुशासनको यो हालत भएको कुरा पार्टीका महासचिव आफैंले बताउनु परेको छ । महासचिव नेपालले एमालेभित्रको अनुशासनको स्थितिको नांगो चित्र थप यसरी छर्लंग पार्नुभएको छः

**-"आफ्नो कमिटीगत जिम्मेवारी र दायित्व पूरा नगर्ने, गफ गरेर वा पार्टी वा पार्टी नेताहरुको बदख्वाईं गरेर बस्ने प्रवृत्ति खतरनाक रुपमा बढेको छ । आफ्नो कार्यक्षेत्रमा नबस्ने र सदरमुकाममा अनावश्यक भीड जम्मा गर्ने प्रवृत्ति देखिन्छ । कमिटीको काम गरे पनि नगरे पनि, बैठकमा उपस्थित भए पनि नभए पनि, कार्यक्षेत्रमा रहे पनि नरहे पनि, जिम्मेवारी तामेल गरे पनि नगरे पनि, छूट छ । पार्टी विधान लागू गरिंदैन, बैठकमा भाग नलिनेलाई हटाइदैन, काम नगर्नेलाई दण्डित गरिंदैन, दायित्व पूरा नगर्नेलाई आलोचना गरिंदैन, गलत काम गर्नेलाई निरुत्साहित र सजायँभागी बनाइदैन । कामको आधारमा मूल्यांकन गर्ने र त्यस आधारमा उनको बारेमा धारणा बनाउने प्रवृत्ति देखिंदैन । टाठोबाठो, रकमी, जाली, बेइमान, भ्रष्ट, काममा असक्षमहरु कतै पार्टीमा हावी त हुने छैनन् भन्ने खतरा देखापर्दैछ ।"**

यस्तो गाईजात्रा र अराजकता पहिले नेपाली कांग्रेसमा मात्र देख्न पाइन्थ्यो । नेपाली कांग्रेस पूँजीवादी मूल्य-मान्यताबाट समेत च्युत पार्टी हुनाले त्यसभित्र त्यो स्वभाविक पनि मानिन्थ्यो । तर ५-६ वर्ष यता ती सारा भद्रगोलहरू एमालेमा पनि देखापर्दैछन् । पार्टी अनुशासनको हविगतको हिसाबले एमाले त्यही दिशामा तीव्र गतिले गइरहेको एमाले महासचिवले छर्लग्याउनु भएको छ, जुन दिशामा नेपाली कांग्रेस अहिले विद्यमान छ ।

त्योभन्दा धेरै नै खतरनाक र गंभीर दोष पनि एमालेभित्र मौलाएको महासचिव नेपालले औंल्याउनु भएको छ, जुन भएन भने कुनै पनि कम्युनिष्ट पार्टी कम्युनिष्ट पार्टी नै रहँदैन । त्यो कम्युनिष्ट पार्टी त कुरै छोडिदिउँ, त्यो निम्न पूँजीवादी क्रान्तिकारी पार्टी समेत रहँदैन ।

त्यो छर्लग्याउँदै महासचिव नेपाल लेख्नुहुन्छः


**-"पार्टीभित्र विचार, सिद्धान्तका बहस, विवादहरु गौण बन्न पुगेका छन् । आदर्श, मूल्य र मान्यताका कुराहरु हराउन खोज्दैछन् । सर्वहारावादी दृष्टिकोण र क्रान्तिकारी शैली लुप्त हुने खतरा देखापर्दैछ । पार्टीभित्र अराजनीतिक प्रवृत्ति बढ्न थालेको छ ।... मार्क्सवादी दृष्टिकोण, सर्वहारावादी चिन्तन फितलो हुन थालेको छ । राजनीतिक, सैद्धान्तिक पुस्तकहरु अध्ययन गर्ने प्रवृत्ति घटेर गएको छ । आदर्श, मूल्य र मान्यताका लागि राजनीतिमा लागेको भन्ने भावना कमजोर भएको छ ।"**

कुनै पनि कम्युनिष्ट पार्टीको प्राण भनेकै यसको क्रान्तिकारी विचार र सिद्धान्त हो, यसको साम्यवादी आदर्श र मूल्य हो । कुनै पनि कम्युनिष्ट पार्टीलाई त्यसको झण्डा र साइनबोर्डबाट होइन, त्यसले अपनाउने सर्वहारावादी दृष्टिकोण र क्रान्तिकारी जीवनशैलीबाट मात्र सही किसिमले चिन्न सकिन्छ । तर एमाले महासचिवले गजबको यथार्थ उद्घाटन गर्नुभएको छ- एमालेभित्र अब क्रान्तिकारी विचार र सिद्धान्तको बहस-विवाद नै गौण विषय बन्न गएको छ । त्यसभित्र सर्वहारावादी विश्व-दृष्टिकोण र जीवनशैली नै लुप्त हुने खतरा देखापरेको छ । त्यसभित्र साम्यवादी आदर्श, मूल्य-मान्यताका लागि राजनीतिमा लागेको भन्ने



**के एमालेमा २०४९ सालको पाँचौं पार्टी महाधिवेशनअघि यस्ता पूँजीवादी विकृतिहरु यस रुपमा माथिदेखि तलसम्म लटरम्म झाँगिएका थिए ?**

क. मदन भण्डारी



# पार्टीमा अनैतिक र अनुशासनहीन काम गर्ने व्यक्तिप्रति उदार बन्नु हुँदैन

## नेकपा एमालेका महासचिव माधवकुमार नेपालसंगको कुराकानी

**❑ तपाईहरु छैठौं महाधिवेशनको मुखैमा आइपुग्नु भएको छ । यसबीचमा पाँचौं महाधिवेशनमा पास गर्नुभएको "जनताको बहुदलीय जनवाद" लागू गरेर व्यवहारमा पनि उत्रनु भयो । यो कार्यकाललाई तपाई कसरी मूल्यांकन गर्नुहुन्छ ?**

*-विगत पाँच वर्षको व्यवहारिक अनुभवबाट हाम्रो पार्टीले निक्कै ठूलो सफलता हासिल गरेको देखिन्छ । "जनताको बहुदलीय जनवाद" को कार्यान्वियनबाट मलाई लाग्छ, विश्वकै कम्युनिष्ट आन्दोलनको इतिहासमा निर्वाचनको माध्यमबाट कम्युनिष्टहरूले क्रान्तिअघि नै सरकार गठन गर्ने उदाहरण नेपालले दिन सक्यो । यति मात्रै नभएर एउटा पूँजीवादी बहुदलीय व्यवस्था अपनाएको मुलुकमा कम्युनिष्टहरूले चुनावको माध्यमबाट समाजको राजनीतिको सबभन्दा प्रमुख शक्तिको रूपमा उदय हुने उदाहरण पनि नेपाल नै हुनसक्यो । यति छोटो अवधिमा नेपाली कांग्रेससंगको प्रतिस्पर्धामा उसलाई पछाडि धकेलेर नेपाली कम्युनिष्ट पार्टी र आन्दोलनलाई अग्रपंक्तिमा उभ्याउनसक्नु ठूलो सफलता हो । बिनापूर्वाग्रह हेर्नेहरूले यसलाई अवमूल्यन गरेर हेर्दैनन् ।*

*यी सफलताहरू त्यत्तिकै बाटोमा हिंड्दाहिंड्दै प्राप्त भएका होइनन् । कसैले दान-दातव्यको रूपमा दिएको पनि होइन । यो रहरमा प्राप्त गरेको, खहरे खोलाबाट स्वाट्टै आएको र जुवामा जितेर प्राप्त भएको पनि होइन । यो सफलताको पछाडि एकातिर ४५ वर्षभन्दा लामो संघर्षको इतिहास छ र संघर्षमा जनताले रगत बगाएर आफूलाई बलिदान गरेको इतिहास छ । अर्कोतिर, हामीले ४६ सालअघि र ४६ सालपछि अपनाएको सही राजनीतिक कार्यदिशा छ । पाँचौं महाधिवेशनमा हामीहरुले पारित गरेको 'जनताको बहुदलीय जनवाद'को कार्यक्रम, जुन कार्यक्रम विचारको तह र सिद्धान्तको तहमा विकास भएको छ, त्यसले तय गरेको कार्यदिशा हो यो र, यसैको प्रकाशमा नै हामीले यति ठूल-ठूला सफलताहरू हासिल गरेका छौं । यस सफलताका पछाडि एमालेप्रति र कम्युनिष्टप्रति जनताको ठूलो विश्वास रहेको छ ।*

*नेपालमा रहेका पार्टीहरूमध्ये कम्युनिष्ट पार्टीले नै राष्ट्रियताको रक्षा गर्न, मुलुकको स्वाभिमानको रक्षा गर्न, राष्ट्रिय हितको जर्गेना गर्न, निरंकुशतन्त्रको*

*विरूद्धमा प्रजातन्त्रलाई बलियो बनाउन, प्रजातान्त्रिक प्रक्रियालाई अघि बढाउन र जनतालाई अधिकारसम्पन्न र सशक्त बनाउन एवं अन्याय अत्याचारको विरूद्ध लडेर हक-अधिकारको रक्षा गर्न सक्तछ भन्ने कुरा यसले सिद्ध गरेको छ ।*

*जनताको बहुदलीय जनवादलाई अंगिकार गरेर नै हामीले प्रतिक्रियावादीहरूले फैलाएका भ्रमहरूलाई हटाउन सक्यौं । यो विचार नै जनताको भावनासंग मेल खाने र यहाँको अवस्थालाई सही ढंगले प्रतिविम्बित गर्ने विचार देखियो । यो विचारले नै यहाँको यथार्थसंग मेल खाने र यहाँको बस्तुस्थितिलाई परिवर्तन गर्न सकिने देखियो । त्यसो हुनाले नै जनताले हामीलाई पत्याए, पत्याउन सके । त्यसैले यो सफलता हामीले जनताको बहुदलीय जनवादको विचार, कार्यक्रम र त्यसको सिद्धान्तको कार्यनीतिबाट नै प्राप्त गरेका हौं ।*

*हामीले राजनैतिक क्षेत्रमा प्राप्त गरेका केही उपलब्धि यी हुन् । यी उपलब्धिहरू पनि अझै पर्याप्त भइसकेका छैनन् ।*

*यसबाहेक, हामीले सामाजिक तथा आर्थिक आधारहरू परिवर्तन गर्नु पनि बाँकी नै छ । यी क्षेत्रहरूमा परिवर्तन नभएसम्म राजनीतिक क्षेत्रमा प्राप्त भएका उपलब्धिहरू पनि टिकाउ हुन सक्तैनन् ।*

***❑ यी उपलब्धिहरु हासिल गर्न नसक्नुको कारण के त ?***

*-यी सबै उपलब्धि हासिल गर्न नसक्नुमा हाम्रा केही अस्पष्टताहरू वा भ्रमहरूले काम गरेका छन् । यो भ्रम कार्यनीति र रणनीतिलाई एउटै रूपमा हेर्ने र सरकारमा पुग्नुलाई नै सबथोक ठान्ने भ्रम हो । आफ्नो उद्देश्य र लक्षप्रति स्पष्ट भएन भने, क्रान्तिप्रतिको निष्ठा कमजोर भयो भने र सत्तामा पुग्नु नै अभिष्ट लक्ष हो भन्ने मान्यता बोकियो भने यस्ता भ्रमहरू उत्पन्न हुन सक्तछन् ।*

> **सबै उपलब्धि हासिल गर्न नसक्नुमा हाम्रा केही अस्पष्टताहरू वा भ्रमहरूले काम गरेका छन् । यो भ्रम कार्यनीति र रणनीतिलाई एउटै रूपमा हेर्ने र सरकारमा पुग्नुलाई नै सबथोक ठान्ने भ्रम हो ।**

*कार्यनीतिक सफलतालाई नै रणनीतिक सफलताको रूपमा लिने, त्यसमै सन्तुष्ट भएर रहने र सरकारमा पुग्नुलाई नै सबथोक ठान्ने प्रवृत्ति एमालेमा हावी भएको छ भन्ने जुन प्रश्नहरू हाल उठिरहेका छन्, त्यो सही हो । यो कमजोरी हामीले हटाउनु जरूरी छ ।*

*हाम्रो रणनीतिक लक्ष भनेको त नेपाली समाजको आमूल परिवर्तन गर्नु हो, प्रतिक्रान्तिकारीहरूलाई पराजित गर्नु र क्रान्तिकारी जनताको विजययात्रालाई सुनिश्चित गर्नु हो । पुरानो उत्पादन सम्बन्धलाई तोड्नु र नयाँ उत्पादन सम्बन्धको निर्माण गर्नु हो । हामीहरूले यी कामहरू अझैसम्म गर्न सकेका छैनौं ।*

*त्यसैले यी रणनीतिक सोचहरूलाई ध्यानमा राखेर हाम्रा कामहरूलाई हामीले अगाडि बढाइरहेका मात्र छौं । हाम्रा सम्पूर्ण रणनैतिक उद्देश्य पूरा भइसकेका छन्, हाम्रा सबै कार्यक्रमिक अवधारणाहरू पूरा भइसकेका छन् भन्ने भ्रम हामीले राख्न हुँदैन । कहिलेकाहीं हामीमा यस्ता भ्रमहरू आउने गरेका छन् । यही भ्रमले गर्दा नै एमालेको सोचमै वा विचारमै विचलन त आएको होइन ? भन्ने प्रश्नहरू उठिरहेका छन् । हो, केही विचलनका पक्षहरू कतिपय रूपमा देखापरेका छन् । बेला-बेलामा आएका यस्ता विचलनहरूप्रति पार्टीपंक्तिलाई सचेत बनाउने काम हामीले गर्दै आएका पनि छौं ।*

***❑ तपाईहरुको विगतको समग्र कार्यशैलीले जनतन्त्र र राष्ट्रियता दुवैको सवालमा तपाईहरु अन्ततः सम्झौतामुखी हुनुभएको देखाउँछ । जस्तो, विशेषगरी महाकाली सन्धि, कथित आतंकवादविरोधी ऐनको सवाल आदिमा यो कुरा देखियो । यसमा तपाई के भन्नु हुन्छ ?***

*-हाम्रो पार्टी राष्ट्रवादप्रति प्रतिवद्ध छ । राष्ट्रवादलाई फितलो ढंगले लिने, राष्ट्रिय हितमाथि कुठाराघात गर्ने र राष्ट्रिय आत्मसमर्पणवादको प्रवृत्तिबाट हामी सतर्क छौं । साथै, हामी राष्ट्रियताको संकिर्णवादबाट पनि सतर्क छौं । प्रगतिशील राष्ट्रवाद र यथार्थवादी राष्ट्रवादको पक्षमा हामी छौं । अन्तर्राष्ट्रिय प्रश्नहरू र अहिलेको समग्र पक्षलाई ध्यानमा राखेर नेपालको हितमा कुठाराघात*

**(बाँकी ४० पेजमा)**

**एमालेमा विद्यमान विकृतिहरुको जरो यसको नीतिमा छ कि यसका नेताहरुमा छ ? (क. मनमोहन अधिकारी र क. माधव नेपाल)**



भावनासमेत कमजोर भएको छ । यति सारा कुरा भएपछि, कम्युनिष्ट पार्टीको जुन प्राण हो, त्यो प्राण नै त्यसमा नरहेपछि त्यो कम्युनिष्ट पार्टी कम्युनिष्टका रूपमा जीवित रहन्छ नै कसरी ? एउटा कम्युनिष्ट पार्टीमा साम्यवादी सिद्धान्त र विचारको सवाल नै गौण बस्तु बनिसकेपछि त्यसमा साम्यवादी भन्ने कुरा नै बाँकी रहन्छ के ? किनभने, कुनै पनि साम्यवादी पार्टीमा साम्यवादी सिद्धान्त र विचार गौण बस्तु बन्नुको मतलब हो- गैर-साम्यवादी विचार र सिद्धान्त प्रधान बस्तु बन्नु । जब गैर-साम्यवादी विचार र सिद्धान्त नै कुनै पनि पार्टीको प्रधान बस्तु बन्दछ, त्यो साम्यवादी पार्टी बाँकी रहन्छ नै कसरी ? के का आधारमा ?


कुनै पनि कम्युनिष्ट पार्टीको प्रमुख र असली चिनारी भनेको त्यो पार्टीले निरन्तर र सामाजिक जीवनको हरेक फाँटमा अख्तियार गर्ने द्वन्द्वात्मक भौतिकवादी विश्व-दृष्टिकोण र साम्यवादी जीवनशैली हो । यो नै त्यस्तो मुख्य कसी हो, जसबाट कुनै पनि कम्युनिष्ट पार्टीको ठीक-ठीक जाँच-परख हुन संभव हुन्छ, जसरी सुनको जाँच-परख कसीमा घोटेर हुन्छ । जब पार्टीमा त्यही मुख्य कसी नै लुप्त वा फितलो हुन्छ, त्यसमा साम्यवादी भन्ने कुरा नै बाँकी रहन्छ के ? के का आधारमा चिन्ने कि त्यो साम्यवादी पार्टी हो भनेर ?

त्यसैले, महासचिव नेपालले अत्यन्त स्पष्ट भाषामा एमालेको वर्तमान पार्टी-चरित्र सम्बन्धमा निकै गंभीर र यथार्थवादी टिप्पणी गर्नुभएको देखिन्छ । यो टिप्पणीले इङ्गित गरेको कटु यथार्थ के हो भने, एमालेमा साम्यवादी पार्टीको प्राण, चिनारीको मुख्य कसी नै गुम भएको छ । त्यसमा गैर-साम्यवादी विचार र सिद्धान्त, गैर-साम्यवादी जीवनशैली प्रधान बनेको छ ।

दुई-चार वटा राजनीतिक गल्ती सच्याउन सकिन्छ । कहिलेकाहीं हुने कार्यनीतिक भूलहरू सच्याउन सकिन्छ । तर सिद्धान्त, आदर्श र मूल्यहरू नै लुप्त भएपछि कुनै पनि पार्टीको वर्ग-चरित्र नै गुणात्मक रूपले बदलिन्छ । त्यो पहिलेको पार्टी नै बाँकी रहँदैन । एउटा कम्युनिष्ट पार्टीभित्र साम्यवादी सिद्धान्त, साम्यवादी विश्व-दृष्टिकोण, जीवनशैली र मूल्यहरू नै गौण भएपछि, त्यो त्यहाँ लुप्त हुन थालेपछि, कम्युनिष्ट पार्टी विकृत हुनुको योभन्दा चरमचुली अरू के हुनसक्छ ?

एमाले महासचिवले एमालेभित्र देखापरेका सारा विकृति र विचलनहरूलाई निकै संक्षिप्तमा सूत्रवद्ध पनि गर्नुभएको छ । उहाँका अनुसार- आज पार्टीभित्र अनेकौं दक्षिणपन्थी प्रवृत्तिहरू, पूँजीवादी प्रवृत्तिहरूले टाउको उठाइरहेका छन् । यस्ता विकृतिहरू थुप्रै हुनसक्छन् । तर ती सबै पार्टीभित्र देखापरेका विकृति र विसंगतिहरूलाई निम्न बमोजिम सूत्रबद्ध

# हाम्रो पार्टी कम्युनिष्टहरु र कम्युनिष्ट समर्थकहरुको एउटा मोर्चा जस्तो भएको छ



## एमालेका पोलिटब्यूरो सदस्य सी.पी. मैनालीसंगको अन्तर्वार्ता

**❑ गत पाँचौं महाधिवेशनमा तपाईहरुको पार्टीको बहुमतले पारित गरेको र त्यसपछिदेखि हालसम्म व्यवहारमा आएको "जनताको बहुदलीय जनवाद" लाई तपाईले सिद्धान्त र व्यवहार दुवैमा देखिसक्नु भएको छ । यहाँसम्म आइपुग्दा पार्टीको यो बाटोका बारेमा तपाई के भन्नुहुन्छ ?**

-विषयमा पस्नुभन्दा अगाडि "जनताको बहुदलीय जनवाद" पाँचौं महाधिवेशनमा कुन रूपमा अगाडि सारियो भन्ने कुरामा स्पष्ट हुनु जरूरी छ । पाँचौं महाधिवेशनमा जनताको बहुदलीय जनवाद भनेर जुन कार्यक्रम अघि सारियो, त्यो नेपालको जनवादी क्रान्तिपछि लागू गर्ने कार्यक्रमको सन्दर्भमा अघि सारिएको हो । त्यो कार्यक्रमले नयाँ जनवादी क्रान्तिलाई नै नकारेको छैन । यसले अघि सारेको सामाजिक-आर्थिक संरचनाको धारणाले नयाँ जनवादी क्रान्तिलाई नै स्वीकारेको छ ।

"जनताको बहुदलीय जनवाद"मा थप गरिएको कुरा राजनैतिक प्रणाली हो । वर्तमान नेपाली समाजको चरित्र हेरेर वर्तमान क्रान्ति शान्तिपूर्ण संक्रमणबाट हुनसक्ने सम्भावनालाई स्वीकार गर्दै र समाजमा खुकुलोपन रहनुपर्छ, बहुलवाद रहनुपर्छ, प्रतिस्पर्धा रहनुपर्छ र बहुमतको सरकार अल्पमतको विपक्ष हुने 'वेस्ट मिनिस्टर प्रणाली'को संसदीय व्यवस्था रहनुपर्छ भन्ने कुरा त्यसमा थपिएको छ । यही थपेको कुरालाई जोड दिन त्यसलाई "जनताको" बहुदलीय जनवाद भन्ने नामाकरण गरिएको हो ।

यसरी, यो जनताको बहुदलीय जनवाद एउटा कार्यक्रमको रूपमा आइसकेपछि यो कार्यक्रमका पछाडि यसका आफ्नै मान्यताहरू छन् । त्यो कार्यक्रममा पुग्ने यसका आफ्नै किसिमका बाटाहरू हुन्छन् । ती सबै कुराहरूलाई सिद्धान्तभित्र समेटिन्छ । कार्यक्रमको रूपमा बहुदलीय जनवाद आएपछि त्यो कार्यक्रमलाई पुष्टि गर्न सिद्धान्तहरू चाहिन्छ । यस विषयमा हाम्रो पार्टीमा खुलेर त छलफल गरिएको छैन । तर पनि यो कार्यक्रम आउनुका संगसंगै यी कुराहरू केही यसैसाथ पनि स्वतः आएका छन् ।

यो कार्यक्रमलाई अघि लिएर जाने सन्दर्भमा कार्यनीतिको कुरा उठेको थियो । कार्यनीतिमा यसलाई "शक्ति-संचयको कार्यक्रम" भनेर भनिएको छ । हुन त, शक्ति-संचयको कार्यनीति भनेको विशेष खालको कार्यनीति त हैन, यद्यपि त्यो आम कार्यनीतिको एउटा विशेष चरित्र चाहिं हुनसक्छ ।

"शक्ति-संचय" को यो कार्यनीतिक अवधारणामा रहेर हामीले धेरै कामहरू गरेका छौं भन्ने मलाई लाग्छ । त्यसबेला हामीले चुनाव लड्ने र सरकारमा जाने सम्भावनालाई स्वीकार गरेको भए पनि हामी सरकारमै भने नगइसकेको स्थिति थियो । यसैबीच, हामी दुई-दुई चोटी सरकारमा गइसकेका छौं । त्यसैले, सरकारमा गइसकेपछि गरिनुपर्ने कामको मूर्त सूचीको आवश्यकताको महसूस मैले अहिले गरिरहेको छु । सरकारमा नगएर विपक्षमा बस्दाको समयको लागि पनि मूर्त सूची जरूरी हुन्छ । अब यो कुरा हाम्रो दस्तावेजमा थपिनुपर्छ भन्ने मलाई लाग्छ ।

पाँचौं महाधिवेशन भएको अहिले लगभग पाँच वर्ष बितिसकेको छ । यस अवधिमा हामीले तत्सम्बन्धमा थुप्रै सकारात्मक अनुभव पनि गरेका छौं र कतिपय असफलताहरू र कमजोरीहरू पनि महसूस गरेका छौं । पाँचौं महाधिवेशनले अहिलेको स्थितिमा पार्टीलाई खुलेर संसदीय संघर्षमा भाग लिनुपर्छ भन्ने जुन नीति पास गरेको थियो, अहिलेका निम्ति पनि यो ठीक र सान्दर्भिक नीति हो । यो सोचाई ४६ सालको आन्दोलनपछि मात्र कम्युनिष्ट आन्दोलनमा आएको होइन । त्योभन्दा अगाडि पनि हाम्रो देशमा संसदीय व्यवस्था, त्यसमा कम्युनिष्ट पार्टीको सहभागिता, सरकारमा गएर उनीहरूले गर्नुपर्ने कामहरू र सरकारमा जाँदा उनीहरूको मान्यता आदिको बारेमा पर्याप्त चर्चाहरू भएका छन् । पुष्पलाल, मनमोहन, तुल्सीलाल, यहाँसम्म कि मोहन विक्रम जस्ता नेताहरूका विवेचनाभन्दा यो बाहिर छैन । पहिलेदेखि चर्चामा आएको कुरालाई हाम्रो पार्टीको पाँचौं महाधिवेशनले नीतिको रूपमा पारित गरेको मात्र हो ।

००६ सालदेखि कम्युनिष्टहरूले गरेको संघर्षको इतिहास र पार्टीले तय गरेको नीति अनुसार चुनावको घोषणापत्र लिएर जनतामा जाँदा हामीले जनताको समर्थन प्राप्त गऱ्यौं । त्यसैले ०४८ सालको चुनावमा प्रमुख प्रतिपक्ष बन्न सक्यौं । ०५१ सालको मध्यावधि चुनावमा सबभन्दा ठूलो पार्टीको रूपमा निर्वाचित भयौं । त्यसैको हैसियतमा हामीले एक चोटि नौं महिना सरकार चलायौं र हालै अर्को चोटि संयुक्त सरकारमा हामी गयौं ।

त्यहाँ पुगेर हामीले अहिलेको स्थितिमा गर्न सकिने केही सुधारका कामहरू गऱ्यौं । यद्यपि हामीले धेरै कामहरू गर्न सकेनौं । तर त्यति कामले पनि जनतामा धेरै राम्रो प्रभाव पर्न सक्यो । र, क्रान्तिकारी पार्टी सरकारमा जाँदा जनताको निम्ति र देशको निम्ति राम्रो काम गर्न सक्दोरहेछ भन्ने विश्वास र आशा जनतामा जगाइदियो । त्यही एउटा कामले गर्दा एमालेप्रति व्यापक जनसमर्थन बढेको हो ।

**❑ तपाईले भन्नुभएको यो मूर्त सूची तयार गर्ने काम बीचमा गर्न के संभव थिएन र ? किन गरिएन ?**

-जनताको बहुदलीय जनवादको कार्यक्रमसंग मेल खाने थुप्रै थप सैद्धान्तिक सोचहरू विकसित गर्नुपर्छ भन्ने कुराहरू हामीले हिजो सोचेका थियौं । तर क. मदन भण्डारीको देहावसानपछि पार्टीमा नयाँ नेतृत्व लिएर जानुपर्ने भयो र अरू धेरै किसिमका समस्यामा पनि हामी अल्झिनु पऱ्यो । त्यसैले सुगमताकासाथ जनताको बहुदलीय जनवादको कार्यक्रम र तत्सम्बन्धी सैद्धान्तिक पक्षलाई विकास गर्न सम्भव भएन । त्यसले गर्दा पनि हुनसक्छ, हाम्रा विभिन्न फाँटहरूमा अस्पष्टता, अन्यौल तथा कमजोरीहरू देखिए ।

**❑ कमजोरी के-के देखिए त ?**

पार्टीकै कुरा गर्ने हो भने पनि, कम्युनिष्ट पार्टीको चरित्र, त्यसको प्रणाली, त्यसको जनवादी केन्द्रियता त्यसभित्रको स्वतन्त्रता र अनुशासन आदिका सन्दर्भमा धेरै विकृतिहरू र समस्याहरू हाम्रो पार्टीमा देखा परेका छन् । कतिपय ठाउँहरूमा त पार्टी क्षतविक्षत पनि भएको छ ।

अर्को कुरा, हाम्रो पार्टीको चुनाव लड्ने नीति भएकोले पार्टीलाई जनतासम्म पुऱ्याउनु पार्टीको दायित्व भयो । यसरी पार्टीलाई जनताबीच लाने क्रममा हाम्रो विचारले भन्दा हाम्रो कार्यक्रम र शैलीले आकृष्ट भएर ठूलो संख्यामा साधारण मानिसहरू हामीतिर आए । उनीहरूलाई संगठित गर्नको लागि हामीसंग उपयुक्त किसिमको संगठन वा मोर्चा रहेन । त्यसले गर्दा आएका अधिकांश मानिसहरूलाई पार्टीभित्र ल्याउने एउटा बाध्यता हाम्रा सामु रह्यो । र, हामीले संगठित र साधारण सदस्यको प्रणाली शुरू गऱ्यौं । त्यसो गर्नाले एकहदसम्म त समस्या हल भयो । तर यसले अधिकांश ठाउँमा हाम्रो पार्टीलाई "कम्युनिष्टहरू र कम्युनिष्ट समर्थकहरूको एउटा मोर्चा" जस्तो पनि बनाइदिएको छ । यसले गर्दा कतिपय ठाउँहरूमा कम्युनिष्ट पार्टीको चरित्र पातलिने खतरा पनि देखापरेको छ ।

अब आउँदो महाधिवेशनमा यस्तो खालको समस्या कसरी हल गर्ने भन्ने प्रश्न उठ्ला । हुन त, पहिले पनि

सरकारमा नगएर विपक्षमा बस्दाको समयको लागि पनि मूर्त सूची जरूरी हुन्छ । अब यो कुरा हाम्रो दस्तावेजमा थपिनुपर्छ भन्ने मलाई लाग्छ ।

राजनैतिक मोर्चाको आवश्यकता छ भन्ने कुरा उठेको थियो । हिजो आज पनि यस्ता चर्चाहरू भएका छन् । अबको महाधिवेशनबाट यस समस्याको स्पष्ट टुंगो गरी समाधान निकाल्नु पर्छ भन्ने मलाई लाग्छ र म यस कुरामा आशावादी पनि छु ।

अर्को, संसदीय माध्यमबाट र त्यसदेखि बाहिर अथवा संसदीय र गैर-संसदीय माध्यमबाट पनि जनतालाई परिचालित गरेर नौलो जनवादमा पुग्ने हाम्रो प्रयत्न अझै जारी छ । यतातिर जाने अभ्यासमा पनि कतिपय कुराहरू व्यवस्थित र विकसित गर्न बाँकी रहेकोले होला हामीले आफ्नो कुरालाई त्यति तार्किक ढंगले र मार्क्सवादसम्मत ढंगले प्रस्तुत गर्न नसक्दा हामी दुवै कोणबाट आलोचित भएका छौं ।

**❑ कुन दुवै कोण ?**

-एकातिर, संसदीय वा बुर्जुवा पार्टीहरूले हामीहरूलाई "गैर-संसदीय भयो, अप्रजातान्त्रिक भयो' भनेर आरोप लगाइरहेका छन् भने अर्कोतिर, क्रान्तिकारी जनवादका पक्षधरहरूले "संसदीय भासमा डुब्यो" भनेर आरोप लगाइरहेका छन् । एउटै पार्टीलाई १८० डिग्री फरकका आरोपहरू लागिरहेका छन् । यी आरोपहरू लाग्नुमा ती पार्टीहरूमा रहेका दृष्टिकोणहरू नै मूलभूत रूपमा जिम्मेदार रहेता पनि हाम्रै व्यवहारमा रहेका कमी र खोटहरू पनि यसमा जिम्मेदार होलान् । त्यसलाई हामीले पत्ता लगाउनुपर्छ र त्यसलाई सुधार गर्ने प्रयासहरू गर्नुपर्दछ भन्ने म ठान्दछु ।

**❑ यो राजनीतिक फाँटको कुरा भयो, आर्थिक फाँटमा नि ?**

-आर्थिक फाँटमा पनि हामीले "जनताको बहुदलीय जनवाद" मार्फत् नयाँ जनवादी सामाजिक, आर्थिक संरचनाको परिकल्पनालाई अघि सारेका छौं । विपक्षमा रहेता पनि र सरकारमा गएता पनि हामीले त्यसै संरचनालाई हूबहू कार्यान्वित गर्न सक्तैनौं । किनभने, त्यसो गर्न वर्तमान वर्ग-शक्तिको सन्तुलन र अहिलेको साधन-स्रोतको स्थितिले दिँदैन । त्यसैकारण हामीहरू अहिलेको स्थितिमा गर्न सकिने अधिकतम प्रगतिशील सुधारका कामहरू र जनवादी सुधारका कामहरूमै सीमित रहनुपरेको छ । यस्ता किसिमका कामहरू गर्दा पनि अधिकतम सुधारका कामहरूको चरित्र कस्तो हुनुपर्छ, त्यो दाहिने-देब्रे वा कता फर्केको हुनुपर्छ, त्यसले हामीलाई कहाँ पुऱ्याउँछ र पुऱ्याउनु पर्छ भन्ने विषयमा पनि हामी पर्याप्त मात्रामा सैद्धान्तिक रूपले स्पष्टताको स्थितिमा नभएको हुनसक्छ । यसले गर्दा कहिलेकहिले हामीले अप्नाउने आर्थिक नीतिहरूमा र राप्रपा, नेपाली कांग्रेस, सद्भावना पार्टीले अप्नाउने नीतिहरूमा मानिसरूलाई भिन्नता छुट्याउन अप्ठ्यारो परेको छ । यसलाई हामीले स्वीकारेर मात्र पुग्दैन । यसो हुनुको मूल कारण के हो ? हामीले त्यसको मूल कारण पत्ता लगाउनु पर्दछ र त्यसलाई सुधारेर लानुपर्दछ भन्ने म ठान्दछु ।

**❑ एमालेले जुन बाटो लिइराखेको छ, त्यो बाटोमा कतिपय कुराहरुमा अस्पष्टता भएको तपाईको समेत ठहर भएको देखियो । तर यो देख्दादेख्दै पनि स्पष्टता हासिल गर्ने काममा भने यो पार्टी उल्लेखनीय रुपले लागेको चाहिं देखिएन नि !**

-मार्क्सवादी ढंगले भन्ने हो भने, कुनै पनि पार्टीले कुनै पनि समयमा अप्नाएका, स्वीकार गरेका सिद्धान्तहरू, विश्लेषणहरू, नीतिहरू र कार्यक्रमहरूप्रति पार्टीको अन्धभक्ति वा अन्ध समर्थन हुनुहुँदैन । त्यसलाई बस्तुस्थितिको प्रतिविम्बको रूपमा ठान्दै र बस्तुस्थितिलाई अगाडि बढाउँने गाईडको रूपमा ठान्दै व्यवहारमा लागू गर्नुपर्दछ । व्यवहारमा जाने क्रममा त्यसलाई मार्क्सवादी, लेनिनवादी दृष्टिकोणमा आधारित भएर खुल्ला दिमागले समय-समयमा समीक्षा गर्नुपर्दछ । त्यसरी समीक्षा गर्दा त्यसमा भएका राम्रा कुराहरूलाई स्वीकार गर्दै र त्यसमा देखिएका नराम्रा कुराहरू र कमी-कमजोरीहरूलाई सच्याउँदै र नपुग कुरालाई थप्दै लानुपर्दछ । यो कुरा जनताको बहुदलीय जनवादको सन्दर्भमा पनि लागू हुन्छ । तर विभिन्न कारणहरूले गर्दा त्यसलाई समीक्षात्मक ढंगले हेर्ने र त्यसलाई समृद्ध गर्दै अघि लाने कुरामा त्यति सचेतन ढंगले हामी लाग्न सकेनौं । छैठौं महाधिवेशनले अवश्य पनि पाँचौं महाधिवेशनमा प्रस्तुत भएका विचार र नीतिहरू उपर छलफल गर्नेछ । त्यसमा भएका राम्रा कुराहरुलाई अघि बढाउनेछ, कमीहरूलाई सच्याउनेछ । यसले आवश्यकता अनुरूपका नयाँ कुराहरू थपेर "जनताको बहुदलीय जनवाद" को सिद्धान्तलाई समृद्ध गर्दै अघि लाने काम गर्नेछ भन्न मैले आशा लिएको छु ।

**❑ केही समय अगाडि एउटा अन्तर्क्रिया कार्यक्रममा तपाईहरुको पार्टीका अध्यक्ष मनमोहन अधिकारीले सार्वजनिक रुपमै पार्टीभित्र उग्र-दक्षिणपन्थी विचारधारा बढी खतरानाक ढंगले हावी भएको अनुभव आफूले गरेको बताउनु भयो । यसबारेमा तपाईको धारणा के छ ?**

-वामपन्थी आन्दोलनमा एमालेभित्रै र एमालेबाहिर पनि उग्र वामपन्थी भडकाव र उग्र-दक्षिणपन्थी भडकावहरू देखा परेका छन् । एमालेभित्र जनताको बहुदलीय जनवादलाई अघि सार्दा त्यो संगसंगै त्यसमा, त्यसका मान्यता र सिद्धान्तलाई पनि व्यवस्थित ढंगले अघि सार्नुपर्थ्यो । तर त्यसमा पर्याप्त ध्यान पुग्न सकेन । त्यसले गर्दा त्यो खाली ठाउँमा दक्षिणपन्थी भडकाव आएर भरिन खोजेको हो भन्ने मलाई लाग्छ ।

**❑ कं. माधव नेपालले पार्टीको गतिविधि सम्बन्धमा गर्नुभएको मूल्यांकन, जुन पार्टीको केन्द्रीय समितिले पास पनि गऱ्यो, त्यसमा दर्शन, दृष्टिकोण, जीवनशैली आदिका सवालमा पार्टीमा विसंगति र भडकावहरु भएको कुरा स्वीकार गरिएको छ । भडकावको कारण के हो ?**

-हाम्रा महासचिव कामरेडले जुन कुरा अघि सार्नुभएको छ, त्यसमा म सहमत छु । तर यसको स्रोत के हो त ? यसको स्रोत कि त हाम्रै सिद्धान्तमा हुनु पऱ्यो, सिद्धान्त ठीक छ भने त्यो स्रोत त्यसको कार्यान्वियनमा अर्थात्, नेतृत्वमा हुनुपऱ्यो । अथवा आंशिक रूपमा दुवैमा हुनुपऱ्यो । यसबाहेक, अरूमा हुन्छ जस्तो मलाई लाग्दैन । मानिसहरू पाँचौं महाधिवेशनमा प्रस्तुत भएको सिद्धान्त र दृष्टिकोण आदिमा खोट छैन भनेर बारम्बार भनिरहेका छन् । महासचिव पनि त्यसै भन्नुहुन्छ । त्यसो हो भने, उहाँको नेतृत्वमा वा उहाँले संचालन गर्नुभएको टिममा खोट भएको हुनुपऱ्यो । यस सम्बन्धमा उहाँले खोजी गर्नुपर्छ । उहाँ खोजी गर्न चाहनुहुन्न भने उहाँले कि त पार्टीको सिद्धान्तमा खोट छ भन्नुपर्छ, होइन भने, नेतृत्वमै खोट छ भनेर स्वीकार गर्नु पऱ्यो । यदि त्यसो गरिँदैन भने उहाँले शुद्ध मनसायले खोट देखाउनु भएको छैन भन्ने कुरा बुझ्नु पऱ्यो ।

त्यसकारण, अब हामीले यो महाधिवेशनको बेलामा दिल खोलेर, पूर्वाग्रही नबनेर बिलकुलै स्वार्थ नराखीकन र आन्दोलनको कुरालाई सर्वोपरी राखेर खोटहरूका कारणहरू खोज्नमा लाग्नुपर्छ । यसो गऱ्यौं भने हामीले हाम्रा कमजोरीहरू सच्याउन सक्छौं । त्यसले हाम्रो नेकपा एमालेलाई ठूलो गुन पनि लगाउनसक्छ । यदि त्यसो गरिएन भने व्यापक क्रान्तिकारी जनताले चाहेको प्रतिफल ल्याउँदैन र यसले पार्टीलाई ठूलो घाटा लाग्नेछ ।

**❑ यसबीचमा, नेकपा एमालेको सहचर्य र निकटता देशमा भएका वामपन्थी शक्तिहरुसंगभन्दा बेसी अरु पार्टीहरुसंग देखियो । यसबारे तपाईको विचार के छ ?**

-यही कुरालाई स्वीकारेर छैठौं महाधिवेशनको प्रसंग उठ्दा मैले यस महाधिवेशनका ध्येयहरू चारवटा हुनुपर्छ भन्ने कुरा अघि सारेको थिएँ । एक, विगतका विचार, नीति कार्यक्रमहरूको समीक्षा हुनुपर्छ । दुई, राम्रा कुराहरूलाई अघि बढाउने, कमीहरूलाई सच्याउने, आवश्यक कुराहरू थप्ने । तीन, कम्युनिष्ट आन्दोलनका विगतका सैद्धान्तिक तथा राजनैतिक योगदानलाई निरन्तरता दिने, र चार, मार्क्सवादी र गैर-मार्क्सवादी वामपन्थी विचारका पार्टीहरूसंगको समझदारी, सहकार्य र नीकटतालाई अघि बढाउने ।

पाँचौं महाधिवेशनपछि अन्य वामपन्थीहरू र हामीबीच दूरी बढेको निश्चित हो । यसो हुनुमा अन्य मार्क्सवादीहरूको दृष्टिकोण, नीतिहरू र कामहरूमा पनि खोट होलान् । ती खोटहरू नै मूख्य रूपमा जिम्मेवार होलान् । तर उनीहरूमा भएकै खोटहरूले मात्र यस्तो स्थिति आएको कुरा म मान्दिनँ । हामीमा पनि केही खोटहरू छन् । ती खोटहरू ठम्याउनु पर्छ र त्यसलाई हटाउनु पर्छ ।

**❑ यो छैठौं महाधिवेशनमा विगतमा राख्नु भएजस्तै छुट्टै कार्यपत्र, छुट्टै कार्यक्रम तपाईले प्रस्तुत गर्नुहुन्छ कि ? सामूहिक रुपमै कार्यक्रम आउँछ ?**

-चारवटा उद्देश्यको साथमा महाधिवेशन आयोजना होस् भन्ने मेरो कामना हो । मेरो प्रयत्न पनि त्यतैतिर हुन्छ । अहिलेसम्म दस्तावेज समितिमा म पनि छु । समितिका साथीहरू निर्णयअनुसार दस्तावेज लेख्दै हुनुहुन्छ । आएका दस्तावेजमा छलफल हुँदैछ । सबै दस्तावेज आइसकेपछि ती दस्तावेजहरू कसरी आएका छन् भन्ने कुरा मैले हेर्नुपऱ्यो । त्यसमा मैले बोकेका मान्यताहरू कतिहदसम्म प्रतिविम्बित भएका छन्, त्यो हेर्छु । मैले बोकेका मान्यता र विश्लेषणहरू कमसेकम आधारभूत रूपमा समावेश भएको छ भने मैले अलग्गै दस्तावेज लेख्नुपर्ने आवश्यकता हुँदैन । भएको छैन भने लेख्नु पर्ने जरूरत हुनसक्छ । ◉



फोटो: उषा

क. माधव नेपाल र क. सी.पी. मैनाली : गत कार्यकालको जस्तो मतभेद अब बाँकी रहने कि नरहने ?

गर्न सकिन्छः

❑ **दृष्टिकोण र विचारको क्षेत्रमा देखापरेको विचलन**

❑ **जीवनशैली र नैतिक मूल्यको क्षेत्रमा देखापरेको विचलन**

❑ **संगठनात्मक पद्धति र आचरणको क्षेत्रमा देखापरेको विचलन**

एमाले महासचिवले पार्टीभित्र देखापरेका तमाम विकृति र विसंगतिहरूलाई जसरी सूत्रवद्ध गर्नुभएको छ, त्यसमा विमति राख्नुपर्ने ठाउँ म देख्दिनँ ।

एमालेभित्र यी सारा विकृति र विसंगतिहरूको सार के हो त ? उहाँले यो सवालमा समस्याको मूल जरो नै समात्ने प्रयत्न गर्नुभएको देखिन्छ । उहाँका अनुसार- यी जम्मै विकृति र विसंगतिहरूको सार एमालेमा देखापरेको दृष्टिकोण र विचारको क्षेत्रमा विचलन हो, जीवनशैली र नैतिक मूल्यको क्षेत्रमा विचलन हो र संगठनात्मक पद्धति र आचरणको क्षेत्रमा विचलन हो । वास्तवमा, एमालेभित्रका तमाम विकृति र विसंगतिहरूको सार यिनै विचलन हुन् । तर मूल प्रश्न के हो भने, एमालेमा यो विचलन कहिलेदेखि आयो र के कारणले आयो ? के शुरूदेखि नै एमालेमा यी विचलनहरू विद्यमान थिए ?

सिद्धान्त र विचारको क्षेत्रमा विचलन, जीवनशैली र नैतिक मूल्यको क्षेत्रमा विचलन र संगठनात्मक पद्धति र आचरणको क्षेत्रमा विचलन भनेको एउटा कम्युनिष्ट पार्टीको विचलनको चुली हो, उत्कर्ष हो । यी सबै कुरामा विचलन भएपछि विचलन हुने अरू ठाउँ नै के बाँकी रहन्छ र नहुनु पर्ने जति सबै आधारभूत ठाउँमा विचलन त भई नै सक्यो ।

तर यो विचलन भयो के कारणले, कसरी र कहिलेदेखि ?

महासचिव नेपालको रिपोर्टमा यो चाहिं उल्लेख छैन । रिपोर्टको सबैभन्दा ठूलो दोष नै यही हो । कुनै पनि समस्या बिनाकारण उत्पन्न हुनेगर्दैन । समय र परिवेशभन्दा अलग्गै शून्यमा कुनै पनि समस्या उत्पन्न र विकसित हुनेगर्दैन । यो द्वन्दात्मक भौतिकवादको सार्वभौम नियम हो । तपाई समस्याको कारण र समय तथा परिवेश पत्ता लाउन सक्नुहुन्न भने, कुनै पनि समस्या सही तवरले हल गर्न सक्नुहुन्न । महासचिव नेपालले आफ्नो रिपोर्टमा एमालेभित्रको समस्याको त राम्रो चित्रण गर्नुभएको छ । तर यी समस्याको जरो कारण के हो, यसको समय र परिवेश के हो ?- त्यो चाहिं पटक्कै उल्लेख गर्नुभएको छैन । समस्याको जरो कारण, समय र परिवेशकै ठीक ठेगान नगरी कसरी समाधान गर्ला एमालेले यी समस्याहरू ?

एमाले महासचिवले एमालेभित्र देखापरेका तमाम समस्याहरूलाई सारमा "पूँजीवादी विकृतिहरू" भन्नुभएको छ । यो निचोड सही छ भन्ने मलाई लाग्छ । यी पूँजीवादी विकृतिहरू कुनै दुई-चार जना नेतामा, दुई-चार जिल्लामा, केही कार्यकर्तामा देखा परेको भए यसलाई साधारण, व्यक्तिगत वा तहगत समस्या भन्न सकिन्थ्यो । तर महासचिवकै रिपोर्टअनुसार पनि एमालेमा त यी पूँजीवादी विकृतिहरू माथिदेखि तलसम्म छताछुल्ल छाएको छ । साराका सारा नेतामा, साराका सारा पार्टीमा यो छाएको छ । त्यसैले मुख्य प्रश्न के हो भने, किन एउटा सिंगै आफूलाई मार्क्सवादी-लेनिनवादी मानिएको पार्टी पूँजीवादी विकृतिले लफ्रक्कै भिज्न पुगेको छ ? किन पूँजीवादी विकृति एमालेको माथिदेखि तलसम्मको सर्वाङ्गीण सामूहिक समस्या भएको छ ? महासचिव नेपालले अनिवार्य रूपमा यो सवालको जवाफ आफ्नो प्रतिवेदनमा उल्लेख गर्नु जरूरी थियो । तर प्रतिवेदनमा यस्तो गरिएको छैन । कीरा जरामा लागेको छ अनि समस्याको जरामै नभई पात पातमा ओखती छर्केर कसरी होला त समस्याको समाधान ?

यो सामान्यज्ञानको कुरा हो कि- एउटा मार्क्सवादी लेनिनवादी पार्टीमा सर्वाङ्गीण रूपले पूँजीवादी विकृति तब मात्रै छाउँछ, जब पार्टीले सर्वाङ्गीण रूपले पूँजीवादी विचारधारा र पूँजीवादी राजनैतिक कार्यदिशा समात्छ । पूँजीवादी विश्व-दृष्टिकोण, पूँजीवादी संस्कृति र पूँजीवादी राजनीतिक लाइन समग्र पार्टीले पक्रेकाले नै सर्वाङ्गीण र सामूहिक रूपमा पूँजीवादी विकृति पार्टीभरि छाउने कुरा हो । बीउ, आँपको रोपिएको छ भने त्यहाँ धतुरो कहिल्यै फल्दैन । धतुरोको बीउ रोपिनाले नै फल पनि धतुरोकै लागेको हुन्छ । पार्टीभरि धतुरो नै धतुरो फल्न र छाउन थाल्यो भने, बुझ्नुपर्छ कि दोष फलमा छैन, बीउमा छ । एमालेको हकमा पनि यही कुरा लागू हुन्छ । तर एमाले महासचिवले भने खालि रूखमा सर्वत्र विषालु पूँजीवादी विकृतिको धतुरो फलेको मात्र वर्णन गर्नुभयो, त्यो फल कुन बीउका कारणले फल्यो भन्ने कुरा पटक्कै पहिल्याउनु भएन । यो लाटोले पनि भन्नसक्ने कुरा हो कि एमालेले समाजवादी विचारधाराको बीजरूपी आँपको खेती गरेको भए एमाले पार्टीभरि यसरी माथिदेखि तलसम्म पूँजीवादी विकृतिरूपी धतुरो छताछुल्ल कदापि फल्ने र छाउने थिएन । एकाध हाँगामा छेउछाउका बोटहरूबाट विषालु लहराहरू आए वा त्यही रूखमै कुहेका फलहरू फले भने तिनलाई काटेर वा झारेर पठाउन सकिन्थ्यो । तर सिंगै रूख नै विषालु फलले भरपूर हुँदैनथ्यो ।

के एमालेमा २०४९ सालको पाँचौं पार्टी महाधिवेशनअघि यस्ता पूँजीवादी विकृतिहरू यस रूपमा माथिदेखि तलसम्म लटरम्म झाँगिएका थिए ? थिएनन् भने किन ? यो प्रश्नबारे गंभीरतापूर्वक घेत्लिनु जरूरी छ ।

यो जगजाहेर छ, २०४९ सालको पाँचौं पार्टी महाधिवेशनअघि एमालेभित्र पूँजीवादी विकृतिहरू यस रूपमा माथिदेखि तलसम्म छताछुल्ल छाएका थिएनन् । पार्टीले समय-समयमा राजनीतिक कार्यनीतिक गल्ती त गर्थ्यो, तर जम्माजम्मीमा पार्टी क्रान्तिकारी धारमै थियो । राजनीतिक गल्तीहरू अवैज्ञानिक र अयथार्थवादी विश्व-दृष्टिकोणकै कारणले हुनेगर्छन् । त्यसैले, दृष्टिकोणको समस्या त्यतिखेर पनि थियो । तथापि समग्रतामा पार्टीले गल्ती गरेपछि पनि सच्याउने र मोटामोटी रूपमा जनमुखी र क्रान्तिमुखी बाटो नै समात्ने, संघर्ष गर्ने प्रवृत्ति त्यतिखेर पार्टी नेतृत्वमा विद्यमान देखिन्थ्यो । व्यक्तिगत सम्पत्ति र संपत्तिको मानसिकताबाट मुक्त समाजवादी जीवनशैली त त्यतिखेर पनि पार्टीमा थिएन, तर त्यतिखेर पार्टीभरि क्रान्तिकारी समर्पण भावले भरपूर जीवनशैली थियो । समाजको हितमा नै आफ्नो व्यक्तिगत हित देख्ने र समाहित गर्ने समाजवादी नैतिक मूल्य त त्यतिखेर पनि थिएन् । तर कुर्सीको लागि र व्यक्तिगत सुख-सुविधाको लागि जे पनि गर्ने वर्तमान विकृत पूँजीवादी नैतिक मूल्य त्यतिखेर विद्यमान थिएन । क्रान्तिको लागि, व्यक्तिगत सुख-सुविधा खुसीले त्याग गर्ने हदको क्रान्तिकारी नैतिक मूल्य त्यतिखेर पार्टीमा विद्यमान थियो । संगठन त्यतिखेर अहिलेभन्दा निकै सानो थियो । तर निकै अनुशासित र समर्पित थियो । अहिले जस्तो पूँजीवादी अराजकता, मनपरीतन्त्र र आत्म केन्द्रितता त्यतिखेर पार्टीमा थिएन । पार्टी त्यतिखेर जोसुकैको लागि खुल्ला पनि थिएन । तर बाह्र-पन्ध्र सय जना पार्टी सदस्यहरूले देशै थर्काउने स्थिति त्यतिखेर विद्यमान थियो ।

यो स्थितिको अन्तको शुरूआत कहिलेदेखि भयो त ?

यो स्थितिको अन्तको शुरूआत वास्तवमा, एमाले पार्टीले पूँजीवादी संसदीय बाटोलाई नै सर्वप्रमुख प्राथमिकता दिन थालेदेखि भएको देखिन्छ । "सबै कुरा पूँजीवादी संसदमार्फत्" र "सबै कुरा

**(बाँकी ३९ पेजमा)**



**एउटा कम्युनिष्ट पार्टीभित्र साम्यवादी सिद्धान्त, साम्यवादी विश्व-दृष्टिकोण, जीवनशैली र मूल्यहरू नै गौण भएपछि, त्यो त्यहाँ लुप्त हुन थालेपछि, कम्युनिष्ट पार्टी विकृत हुनुको योभन्दा चरमचुली अरू के हुनसक्छ ?**



वामदेव गौतम — खड्ग ओली

**संगठन त्यतिखेर अहिलेभन्दा निकै सानो थियो । तर बाह्र-पन्ध्र सय जना पार्टी सदस्यहरूले देशै थर्काउने स्थिति त्यतिखेर विद्यमान थियो ।**

# विश्वका सबैभन्दा ठूला राष्ट्रातीत निगमहरु

प्रत्यक्ष विदेशी लगानीको हिसाबबाट विश्वका सबैभन्दा ठूला पन्ध्रवटा राष्ट्रातीत निगमहरू (Transnational corporations) को नाम हालै संयुक्त राष्ट्रसंघको व्यापार र विकाससम्बन्धी सम्मेलनले प्रकाशित गरेको छ । यो १९९५ को उनीहरूको कारोबारको तथ्यांकको आधारमा निकालिएको निष्कर्ष हो । यी कम्पनीहरूमा उनीहरूको कुल सम्पत्तिको तुलनामा विदेशी सम्पत्ति कति छ, कुल बिक्रीको तुलनामा विदेशमा बिक्री कति छ, र कुल रोजगारीको तुलनामा वैदेशिक रोजगारी कति छ ?- त्यसको अनुपातको आधारमा यो तथ्यांक निकालिएको छ ।

यस हिसाबले विश्वको सबैभन्दा धेरै विदेश-उन्मुख ठूलो राष्ट्रातीत निगम स्विट्जरल्याण्डको **नेस्ले कम्पनी** निक्लेको छ । यसको सम्पत्तिको ८७ प्रतिशत, बिक्रीको ९८ प्रतिशत र कामदारहरूमध्ये ९७ प्रतिशत विदेशी देखिएको छ । यस हिसाबले अमेरिकाको विश्वप्रसिद्ध राष्ट्रातीत निगम **कोकाकोला** एकतीसौं स्थानमा आएको छ र **म्याकडोनाल्ड** बयालीसौं स्थानमा । ◉

## सबैभन्दा ठूला राष्ट्रातीत निगमहरुको सूची

*(उनीहरूको राष्ट्रातिताको आधारमा)*

| | | | |
|---|---|---|---|
| पहिलो | नेस्ले, स्विट्जरल्याण्ड | आठौं | यूनिलिभर, ब्रिटेन, नेदरल्याण्ड |
| दोस्रो | थम्पसन, क्यानाडा | नवौं | फिलिप्स, नेदरल्याण्ड |
| तेस्रो | होल्डर बैंक फिनान्सियरे, स्विट्जरल्याण्ड | दशौं | रोश, स्विट्जरल्याण्ड |
| चौथो | सीग्राम, क्यानाडा | एघारौं | एससीए, स्वेडन |
| पाँचौं | सोल्भे, बेल्जियम | बाह्रौं | नर्दर्न टेलिकोभ, क्यानाडा |
| छैठौं | रसिआ ब्राउन बोभेरी, स्वेडन/स्विट्जरल्याण्ड | तेह्रौं | ग्लाक्सो बेल्कम, ब्रिटेन |
| सातौं | इलेक्ट्रोलक्स, स्वेडन | चौधौं | केवल एण्ड वायरलेस, ब्रिटेन |
| | | पन्ध्रौं | भल्भो, स्वेडन |

*स्रोत: UNCTAD*


# विश्वका धनी र गरीबबीचको खाडल झन् गहिरिँदैछ !


विश्वका सबैभन्दा धनी मुलुकहरू र विकासोन्मुख मुलुकहरूबीच पहिलेदेखि रहिरहेको खाडल अझ झन् गहिरो भएको छ । UNCTAD ले हालै प्रकाशित गरेको तथ्यांकअनुसार, १९६५ मा विश्वका सबैभन्दा धनी तीस प्रतिशत जनसंख्याको औसत प्रतिव्यक्ति आम्दानी विश्वका सबैभन्दा गरीब तीस प्रतिशतको तुलनामा ३१ गुणा ज्यादा थियो; १९९० मा पुग्दा यो ६० गुणा ज्यादा भएको छ ।

UNCTAD ले यो तथ्यांक निकाल्न विश्वका सम्पूर्ण मुलुकहरूलाई पाँच वटा समूहमा बाँडेको थियो र प्रत्येक समूहमा विश्वको २० प्रतिशत जनसंख्याको भाग लगाएको थियो । यस हिसाबले विश्वका सबैभन्दा धनी २० प्रतिशत जनसंख्याले हसुरिरहेको विश्वको आम्दानी १९६५ यता १४ प्रतिशतका दरले बृद्धि भइरहेको छ । यो भनेको १९९० को विश्वको कुल गार्हस्थ्य उत्पादनको ८३ प्रतिशत यही २० प्रतिशतको हातमा छ । ◉

# पाकिस्तानको ऋण

पाकिस्तानको कुल विदेशी ऋण २९ अरब डलर पुगेको छ (मार्च, १९९७ मा) । ऋणको सेवा शुल्क मात्रै उसले ३.९ अरब डलर तिर्नुपर्ने भएको छ । र व्याजवापत मात्र उसले ७९ करोड डलर वर्षेनी बुझाउनु पर्छ । ✤

अब पाईप जगतमा नयाँ उत्साह
नयाँ उदय - विश्वासको साथ

मुक्तेश्वर P. V. C. पाईप

शहरदेखि गाउँसम्म सर्वत्र उपलब्ध छ !

**मुक्तेश्वर पाईप नै किन ?**

- मुक्तेश्वर रिजिड पि.भि.सी. पाईप जि.आई. पाईपको तुलनामा किफायती तथा सस्तो पर्दछ ।
- हलुङ्गो भएकोले ओसार-पसारमा सुविधाको साथै ढुवानी खर्च कम पर्दछ ।
- यसमा फलामे पाइपमा जस्तो खीया लाग्दैन ।
- जडान खर्च तथा ज्याला कम पर्दछ ।
- भित्र-बाहिर चिप्लो हुने भएकोले बहाव शक्ति बढी हुन्छ ।
- कुनै पनि किसिमका रसायनहरूले यसलाई असर पार्दैन ।
- भवनहरूको निकास प्रणालीमा लगाउँदा सुन्दर देखिन्छ ।
- चुहावट हुने जोखिम प्रतिशत कम छ ।
- यसको टिकाउपन लामो अवधिको हुन्छ ।
- यो पूर्णतया स्वास्थ्यप्रद छ ।

सधैं सम्झनुहोस्

मुक्तेश्वर पाईप ई.प्रा.लि.

(चिराग उद्योग समूह)

पो.ब.नं. ११४९१, पुतलीसडक
फोन नं.: ४२०७७३
फ्याक्स: ४२१९४५

**उच्चस्तरीय जर्मन प्रविधिको प्रयोगद्वारा नेपालमा उत्पादित नेपाल गुणस्तर चिन्ह प्राप्त विभिन्न साइज र क्षमताका मुक्तेश्वर पाईपहरु नै प्रयोग गरौं !**

## नेपालमा जातीय स्वशासनको स्वरुप कस्तो हुनु पर्छ ?



# नेपालको सन्दर्भमा जातीय स्वायत्तताको प्रश्न

◆ प्रो. माणिकलाल श्रेष्ठ

बहुभाषिक, बहुजातीय र बहुधार्मिक देश नेपालमा सबै भाषाभाषी, सबै जाति र सबै धर्मावलम्बी जनताका बीचमा समानता अर्थात् समान अधिकार र समान स्थिति हुनु पर्दछ भन्ने कुरा त प्रजातन्त्रको मूलभूत धारणा हो, किनभने प्रजातन्त्रको अनिवार्य चरित्र नै जनताको स्वतन्त्रता र समानता हो । यो कुरा अर्थात् प्रजातन्त्रको अपरिहार्य सिद्धान्त समानता र स्वतन्त्रता हो भन्ने कुरा जनताको जनवाद, समाजवाद र साम्यवादको स्थापना गर्न चाहने मार्क्सवादी-लेनिनवादीहरूले मात्र होइन, उदारवादी प्रजातन्त्र वा पूँजीवादी प्रजातन्त्रका हिमायतीहरूले पनि स्वीकार गरेको धारणा हो । वास्तवमा मार्क्सभन्दा पहिले (मार्क्सवादी धारणा आउनुभन्दा पहिले) र अझ मार्क्सभन्दा पहिलेका यूटोपियन समाजवादीहरूले आफ्नो सिद्धान्त प्रचार गर्नुभन्दा पहिले नै पूँजीवादी प्रजातन्त्रका विचारकहरूले स्वतन्त्रता र समानताको धारणा प्रस्तुत गरेका हुन् । अठारौं शताब्दीमा पश्चिम यूरोपमा चलेको पूँजीवादी आन्दोलनले स्वतन्त्रता र समानताको नारा उठाएका थिए र उन्नाइसौं शताब्दीको शुरूमै बहुभाषिक राज्यमा एउटा भाषालाई विशेष स्थान दिन „ सकिन्न (राष्ट्रभाषा, राज्य भाषा, सम्पर्क भाषा जुनसुकै नाममा होस्), सबै भाषालाई समान स्तरमा राख्नु पर्दछ भन्ने उदाहरण राज्यको आधिकारिक नीतिको रूपमा प्रस्तुत गर्ने देश स्विजरल्याण्ड एउटा पूँजीवादी प्रजातान्त्रिक राज्य थियो । एक राज्यभित्रका सबै जातिका जनताको समान अधिकारको प्रश्नको एउटा पक्ष भाषिक समानताको प्रश्न, अर्थात् देशका सबै भाषाभाषी जनताको समान भाषिक अधिकारको आन्दोलनको सिलसिलामा नेपालमा हालसाल जातीय स्वायत्तताको माग गर्न थालिएको छ ।

नेपालमा जातीय स्वायत्तताको माग आन्दोलनको रूपमा हालसाल देखिए तापनि यो कुरा धेरै समय पहिले नै उठिसकेको हो र एक दुई वटा कम्युनिष्ट समूहहरूले आफ्नो राजनैतिक कार्यक्रममा नै जातीय स्वशासनको कुरा उल्लेख गरेका छन् र त्यसको छोटकरी व्याख्या पनि गरेको देखिन्छ ।

बहुभाषिक, बहुधार्मिक, बहुजातीय राज्यमा जनताका बीचमा भाषिक, सांस्कृतिक, धार्मिक अथवा छोटकरीमा जातीय समानता व्यवहारमा कसरी साकार पार्ने भन्ने कुरा त्यस देशको वा राज्यको वस्तुगत स्थितिमा निर्भर गर्दछ । उदाहरणार्थ, कोरिया जस्तो एकै भाषाभाषी, एकै नस्ल र एउटै साझा संस्कृति भएका जनता भएको देशमा जातीय स्वायत्तताको प्रश्नै उठ्दैन । त्यसैगरी, सन् १९१७ को महान् अक्टोबर समाजवादी क्रान्तिपछि पहिलेको जारशाही रूसको साम्राज्यअन्तर्गत रहेका विभिन्न जातिका जनता (वास्तवमा विभिन्न राष्ट्रहरू) लाई एउटै राज्य अन्तर्गत र समान अधिकार दिएर राख्नु पर्दा संघ-राज्यको रूपमा सोभियत संघको स्थापना गरियो । त्यहाँ संघ-राज्य (केही हदसम्म महासंघ) को रूप लिएको सोभियत संघको स्थापना गरियो । सोभियत संघ एउटा फेडरल-राज्य थियो । यहाँनिर एउटा कुरा उल्लेख गर्नु आवशयक छ, सोभियत संघलाई सोभियत यूनियन भनी भनिएकोमा 'यूनियन' शब्दलाई फेडरेशनको अर्थमा लिइएको हो, जर्मनीले 'फेडरल रिपब्लिक अफ जर्मनी' भने तापनि जर्मनीको फेडरल स्वरूप सोभियत संघको जत्ति 'फेडरल' छैन, सोभियत संघमा त एकाइ-राज्यहरूलाई संघबाट छुट्टिएर स्वतन्त्र राज्य बन्न जाने अधिकार पनि थियो । यसरी पूर्व सोभियत संघमा जातीय स्वशासन होइन, त्योभन्दा माथिल्लो रूप फेडरल-बनौटको राज्य थियो । सोभियत संघ जस्तो समाजवादी व्यवस्था भएको देशमा मात्र होइन, स्विद्जरल्याण्ड जस्तो पूँजीवादी प्रजातान्त्रिक मुलुकमा पनि समान अधिकार र स्वायत्तता भएका क्यान्टनहरूको व्यवस्था गरी मुलुकलाई ती सब क्यान्टनहरूको संघ-राज्य बनाइएको छ ।

यस प्रकार, फेडरल-राज्य खडा गर्ने, एकात्मक राज्य-अन्तर्गत जातीय-स्वशासनको व्यवस्था गर्ने, एकात्मक-राज्य अन्तर्गत क्षेत्रीय स्वशासन राख्ने आदि आदि विभिन्न व्यवस्था देशको वस्तुगत स्थिति हेरी तय गर्नुपर्ने विषय हो, उद्देश्य चाहिं सबै जातिका जनताबीच स्वतन्त्रता र समानताको आधारमा भ्रातृपूर्ण सहयोग र एकता स्थापना गर्ने हो । स्मरणीय छ, नेपालको वर्तमान संविधानले यसको प्रस्तावनामा 'स्वतन्त्रता र समानताको आधारमा नेपाली जनताका बीच भ्रातृत्व र एकता कायम गर्ने' भनी उल्लेख गरेको छ । तर यो कुरा जनताका बीचमा भ्रम फैलाउने उद्देश्यले दिएको नारा मात्र हो । व्यवहारमा हेर्दा संविधानमा गरिएको व्यवस्था विभिन्न जातिका नेपाली जनताको बीच समानता होइन, एक जातिको विशेषाधिकार, एक भाषाको विशेष स्थान र राज्यलाई नै एकै धर्मको राज्य बनाइएको छ । वास्तवमा, भ्रातृपूर्ण सहयोग र एकता भन्ने वस्तु समान-स्तरका समूहहरूका बीचमा मात्र हुन सक्ने कुरा हो ।

आज नेपाली जनताको मूल चाहना, अर्थात् राष्ट्रको मुख्य आवश्यकता वा अर्को शब्दमा, नेपालको क्रान्तिको वर्तमान चरणको अभिभारा भन्नु नै राष्ट्रिय र

**नेपालको संविधानले 'स्वतन्त्रता र समानताको आधारमा नेपाली जनताका बीच भ्रातृत्व र एकता कायम गर्ने' भनी उल्लेख गरेको छ । तर यो कुरा जनताका बीचमा भ्रम फैलाउने उद्देश्यले दिएको नारा मात्र हो ।**

प्रजातान्त्रिक दुई पक्ष छन् । राष्ट्रिय पक्षमा आजको हाम्रो लक्ष्य हाम्रो देश अरू देशको लागि कच्चा पदार्थको स्रोत र तयारी मालको बजार बनिरहेको स्थितिबाट, अर्को देशले हाम्रो सबै प्राकृतिक स्रोतहरूको उपयोगमा विशेषाधिकार पाइरहेको स्थितिबाट, त्यस्तो स्थिति कायम राखिछोड्न हामीमाथि लादिएका असमान सन्धिहरूको बन्धनबाट मुक्त पार्ने हो । यसलाई वामपन्थीहरूको भाषामा, नेपालमाथि भारतीय विस्तारवादको अर्ध-औपनिवेशिक नियन्त्रणबाट र विश्व साम्राज्यवादको शोषणबाट मुक्त पार्ने अभिभारा हाम्रो क्रान्तिको वर्तमान चरणको अभिभारा हो । अनि प्रजातान्त्रिक पक्षमा, आजको अभिभारा सम्पूर्ण जनताको समानता र स्वतन्त्रता साकार पार्नु हो, यसमा धेरै विषयहरू पर्दछन्, मुख्य मुख्य कुराहरूमा देशका बहुसंख्यक जनता किसानहरूको मुक्ति, आधा जनसंख्या ओगटेका महिलाहरूलाई पुरूषसरह सबै क्षेत्रमा समान अधिकार प्राप्ति र बहुजातीय देश नेपालमा सबै जातिका जनताको पूर्ण समानता अर्थात् भाषिक, धार्मिक, सांस्कृतिक लगायत सबै क्षेत्रमा समान अधिकारको व्यवस्था गर्ने हो । यो तेस्रो कुरा जातीय समानताको प्राप्तिको लागि आन्दोलन अगाडि बढाउने क्रममा त्यस्तो समानताको स्थितिको व्यवस्था गर्ने पद्धतिको रूपमा जातीय स्वायत्तताको माग गरिएको हो ।


अब, नेपालको सन्दर्भमा जातीय स्वशासनको स्वरूप कस्तो प्रकारको हुनु उपयुक्त होला भन्नेतर्फ विचार गरौं ।

हाम्रो देश नेपाल बहुभाषाभाषी, बहुधर्मावलम्बी र बहुजातीय देश भए पनि यसको सानो साइज, यसको भौगोलिक बनोट र हजारौं वर्षको लामो अवधिमा विभिन्न जातिका नेपाली जनता एउटै ठाउँमा, एउटै एकीकृत राज्य अन्तर्गत रहेर साझा सुख दुःख, साझा भाग्य भोगेर आएको यथार्थताको कारणले नेपालमा संघ-राज्य व्यावहारिक छैन, तर संघ-राज्यले पूरा गर्न लिएको उद्देश्य पूर्तिको वैकल्पिक व्यवस्था गर्नु अति जरूरी छ, र त्यही वैकल्पिक व्यवस्थाको रूपमा एकात्मक राज्यअन्तर्गत सम्भव भए जति ठाउँमा जातीय स्वशासन लागू गर्नु पर्दछ । जातीय स्वशासनले मात्र (नेपालको सन्दर्भमा) विभिन्न जातिका जनताले आ-आफ्नो विकास र प्रगति गर्न सजिलो हुन जान्छ ।

यहाँनिर प्रसंगको रूपमा केही कुरा स्पष्ट गर्नु उपयुक्त होला । मैले माथि भनें- नेपालमा विभिन्न जातिका जनता एकै राज्यअन्तर्गत हजारौं वर्षदेखि रहेका छन् । वास्तविकता यो हो, तर केही जातिवादीहरूले नेपाल वि.सं. १८२५ सम्म अलग अलग राज्यमा विभाजित थियो, १८२५ मा पृथ्वीनारायण शाहद्वारा एकीकरण भएको हो, नेपालको एकीकरण गर्ने श्रेय खस जातिलाई छ, राजनैतिक एकीकरण पृथ्वीनारायण शाहबाट भयो, सांस्कृतिक एकीकरण गर्न भानुभक्तले भूमिका खेले रे आदि आदि । वास्तवमा प्राचीन कालदेखि नै नेपालको सीमा करिब करिब वर्तमान सीमा जतिकै थियो भन्ने कुरा चिनियाँ यात्री ह्वेनश्याङको वर्णन (सन् ६४० तिरको) र समुद्र गुप्तको प्रयाग अभिलेखबाट सिद्ध हुन्छ । यो सीमालाई केही समयसम्म बढाएर निकै राज्य-विस्तार गर्ने कार्य यक्ष मल्लको पालामा र पछि उन्नाइसौं शताब्दीको शुरूमा "गोरखा राज्य-विस्तारको अभियान' मा पनि भएको थियो । त्यसै गरी केही शताब्दीसम्म अस्थायी नेपाल राज्य टुक्रिन गई अलग अलग सामन्ती 'राजा' हरूको शासनअन्तर्गत परेको थियो । यही अस्थायी विभाजित स्थितिको अन्त भई पुनर्एकीकरण वि.सं. १८२५ तिर भएको हो ।

अर्को कुरा, नेपालको सन्दर्भमा आज जातीय स्वशासनको जुन धारणा प्रस्तुत भएको छ, अहिले कसैकसैले उठाइरहेको स्थानीय स्वशासनको धारणाभन्दा फरक छ । देशका राष्ट्रिय पार्टी कहलाउँदा तीनवटै पार्टी- एमाले, कांग्रेस र राप्रपाले स्थानीय स्वशासनको नारा दिई स्थानीय निकायहरूलाई बढी अधिकार दिनु पर्ने कुरा गरेका छन्, जातीय स्वशासन वा स्वायत्ततासित केही सम्बन्ध छैन ।

नेपालको सन्दर्भमा यहाँ लागू गर्नुपर्ने जातीय स्वशासन जातीय स्वायत्तताको धारणामा आधारित पूर्ण स्वायत्तता (Complete antonomy) प्राप्त जातीय स्वशासित क्षेत्रहरूको व्यवस्था हो । यसमा पूर्ण स्वशासन (self-rule) र पूर्ण स्वायत्तता रहन्छ । माथि भनेझैं यो स्वायत्त-क्षेत्र, स्वायत्त इलाकाहरू एकात्मक राज्य अन्तर्गत नै रहन्छ, अर्थात् राज्य एकात्मक (Unitary) रूपको भए पनि त्यहाँभित्र स्थापना हुने जातीय स्वायत्त क्षेत्र, इलाका, गाउँहरूमा त्यहाँका जनताले आफ्नो विकास आफैंले गर्न पाउने अर्थात् आर्थिक विकास, आ-आफ्नो भाषा, संस्कृतिको विकास, शिक्षा आदि विषयहरू संचालन गर्ने, हाम्रो स्वायत्त-एकाइको स्तर हेरी स्वास्थ्य, न्याय प्रशासन आदिको पनि योजना बनाउन र संचालन गर्ने अधिकार प्राप्त गर्दछ । जातीय स्वायत्त एकाइहरू क्षेत्र, जिल्ला, इलाका, नगर, गाउँ, विभिन्न स्तरका हुनेछन्, त्यसको आधार जुन जुन क्षेत्र, जिल्ला, इलाका, नगर, गाउँमा कुनै एक जातिका जनताको सघन (compact) बसोबास छ; त्यसलाई स्वायत्त क्षेत्र, स्वायत्त जिल्ला, स्वायत्त नगर, स्वायत्त गाउँ, स्वायत्त इलाका बनाउनु पर्दछ । कुनै एउटा क्षेत्र वा इलाकामा एक जातिको सघन बस्ती र अत्यधिक जनसंख्या भएर त्यस जातिका जनताको जातीय स्वायत्तता लागु गरियो, तर त्यहाँभित्र कहीं अर्को जातिका जनताको अलग्गै छुट्टिने सघन बस्ती छ भने त्यसलाई अर्को जातिको स्वायत्त इलाका बनाउनु पर्दछ, अर्थात् एक जातिको स्वायत्त क्षेत्रभित्र अर्को जातिको सानो स्वायत्त एकाइ बन्न सक्ने व्यवस्था हुनु पर्दछ । जसबाट कि कुनै पनि जातिको भाषिक, सांस्कृतिक र जातीय अधिकारले एउटा स्वायत्त क्षेत्रभित्र कुनै अर्को जाति अल्पसंख्यामा पर्न गई पिसिन नपरोस् ।


लेखक

**नेपालको सन्दर्भमा आवश्यक कुरा जातीय स्वायत्तता हो, क्षेत्रीय वा प्रान्तीय स्वायत्तता होइन ।**

यस्ता जातीय स्वायत्त एकाइहरूको व्यवस्था सम्भव भए जत्तिको सघन बसोबास भएको ठाउँमा लागू गरिएपछि सबै जातिका जनताले आ-आफ्नो मातृभाषाको माध्यमबाट शिक्षा प्राप्त गर्ने (प्राथमिकदेखि उच्च तहसम्मै), प्रशासनमा आ-आफ्नो भाषा प्रयोग गर्न पाउने, आ-आफ्नो भाषा, लिपि, संस्कृतिको विकास गर्न पाउने अवसर प्राप्त हुन्छ, आजको कुनै एक भाषाको विशेषाधिकार (नेपालीलाई राष्ट्रभाषा घोषणा गरी देशका अरू भाषाभन्दा माथिल्लो स्थितिमा राखिएको), कुनै एक धर्मको एकाधिकारको (देशलाई नै अधिराज्य घोषणा गरिएको, संविधानले हिन्दू राज्य भनेको, तर जातीय अधिनायकवादीहरूले त्यसभन्दा पनि माथि गई हिन्दू राष्ट्र भन्न लागेको) स्थिति अन्त गर्न सकिन्छ ।

अर्को विचारणीय कुरा के छ भने- नेपालको सन्दर्भमा आवश्यक कुरा जातीय स्वायत्तता हो, क्षेत्रीय वा प्रान्तीय स्वायत्तता होइन । यो जातीय स्वायत्तताको व्यवस्था संघ-राज्य वा महासंघ राज्य पनि होइन, यी स्वायत्त क्षेत्रलाई राज्यबाटै अलग हुने हक प्राप्त हुने छैन । (संघ-राज्यमा कतै यो अधिकार दिइएको हुन्छ, र नदिइए पनि अलग हुने खतरा हुन्छ ।) स्वायत्त क्षेत्रहरूले राज्यद्वारा केन्द्रीय स्तरमै हेरिन पर्ने परराष्ट्र, रक्षा जस्ता विषयहरूबाहेक अन्य कुरा आ-आफ्नो एकाइको स्तर हेरी आफैंले व्यवस्था गर्न प्रोत्साहित गरिनु पर्दछ, जसबाट कि; यो जातीय स्वायत्तताको व्यवस्थाले संघ-राज्यका फाइदाहरू उपभोग गर्दछ । तर नेपालको सन्दर्भमा संघ-राज्यले ल्याउन सक्ने खतराबाट मुक्त रहन्छ ।

जातीय स्वायत्तताको व्यवस्थाको सुदृढीकरणको लागि, अझ साँच्चै भनुँ भने, पूर्णताको लागि केन्द्रमा अर्थात् राज्यमा व्यवस्थापिका (संसद वा जनसभा) मा दुई सदनमध्ये तल्लो सदनलाई एकात्मक राज्य-व्यवस्थाको आधारमा प्रतिनिधि-सभा कायम राखी माथिल्लो सदनलाई जातीय सदन वा जन-जाति सभा (House of Nationalisties) बनाइनु पर्दछ । त्यस सदनमा देशका सबै जाति जनजातिहरूको समान आधारमा प्रतिनिधित्व हुनेछ । यो माथिल्लो सदन अहिले जस्तो राष्ट्र प्रमुखद्वारा मनोनित हुने र प्रतिनिधि सभाका विभिन्न प्रमुख पार्टीहरूले कोटा बाँडफाँड गरी सदस्य नियुक्त गर्ने होइन, सबै जाति जनजातिका निर्वाचित प्रतिनिधिहरू रहने छन्, जसबाट राज्यका मामलामा सबै जातिका जनताको निर्णय गर्ने समान अधिकार हुन्छ, अनि समानताको आधारमा सबै जातिका जनताका बीचमा भ्रातृपूर्ण एकता र सहयोग साकार हुन्छ ।

यो जातीय स्वायत्तताको माग जातीय समानताको आन्दोलनको एक पक्ष हो र अनि जातीय समानताको आन्दोलन वर्गीय-मुक्तिको आन्दोलनको एक कडी हो । वर्गीय मुक्ति भन्नु एकवर्गीय समूहले अर्को वर्गीय समूहमाथि गरिने शोषण र आधिपत्यको अन्त गर्ने हो, जसको अर्थ मानवद्वारा मानवमाथि गरिने सबै प्रकारको शोषण, दमन र प्रभुत्वको अन्त गर्ने हो । यस वर्गीय मुक्तिको लक्ष्यअन्तर्गत शोषक वर्गले श्रमिक वर्गमाथि गरिने शोषणको अन्त गर्ने मात्र होइन, देशभित्र एक जातिले विशेषाधिकार प्राप्त गरी अन्य जातिका जनतामाथि गरिने शोषण, दमन र उत्पीडनको अन्त्य गर्ने पनि हो । पूर्ण रूपले वर्गीय मुक्ति त मानवको पूर्ण स्वाधीनता त समाजवाद र साम्यवादको स्थापना भएपछि मात्र साकार हुन्छ, तर समाजवादी क्रान्तिभन्दा पहिलेको एउटा छोटो संक्रमणको अवधिमा जनतान्त्रिक क्रान्तिको अवधि पार गर्नु पर्दछ (नेपालको सन्दर्भमा) । त्यस जनतान्त्रिक क्रान्तिको एउटा अभिन्न अंश जातीय समानताको प्राप्ति हो, जुन प्राप्तिको लागि जातीय स्वायत्तताको व्यवस्था एक प्रभावकारी माध्यम हो । ◉

# लेवनानी कम्युनिष्ट आन्दोलनको कथा

## फुलिरहेछ रातो फूल बमवर्षाबीच !

**लेवनानमा अहिले सम्पूर्ण सामूहिक प्रयासमाथि आक्रमण हुँदैछ, प्रजातान्त्रिक अधिकारहरू हराएका छन् । मृत्युदण्डको प्रावधानलाई पुनर्स्थापित गरिएको छ ।**

**विश्व कम्युनिष्ट आन्दोलन स्तंभअन्तर्गत हामीले गत ५० औं अंकदेखि एशियाली देशहरु लेवनान र सिरियाको कम्युनिष्ट आन्दोलनको संयुक्त इतिहासलाई खोतल्ने प्रयास गरेका थियौं । त्यस अंकमा लेवनान र सिरियाको कम्युनिष्ट आन्दोलनको शुरुवातदेखि त्यस आन्दोलनले फ्रान्सिसी साम्राज्यवादका विरुद्ध चलाएको लामो संघर्षका उतार-चढावहरुको कथा हामीले छापेका थियौं । त्यस कथामा लेवनान र सिरियाको फ्रान्सिसी साम्राज्यवादको चंगुलबाट भएको 'मुक्ति' सम्म रेखांकित गर्ने प्रयास गरेका थियौं ।**

**गतांकमा हामीले लेवनानको 'मुक्ति'पछिको गणतान्त्रिक व्यवस्थामा लेवनानी कम्युनिष्ट पार्टीले भोग्नुपरेका प्रतिबन्धका व्ययाहरुदेखि त्यसले चलाएका संघर्षहरुको कथाहरु प्रस्तुत गर्‍यौं ।**

**आफ्नै छापामार दस्तालगायत आफ्नो रेडियो र टि.भि. स्टेशनसमेत भएको लेवनानी कम्युनिष्ट पार्टीको कथाको तेस्रो भाग यस पल्ट प्रस्तुत गरिएको छ ।** -मूल्यांकन

## वर्तमानमा लेवनानी कम्युनिष्ट पार्टीको स्थिति के छ ?

१९८५ देखि १९८९ सम्म लेवनानी जनताले पटक-पटक विदेशी आक्रमणदेखि लिएर गृहयुद्धको समेत असह्य पीडा भोगिरहनु पर्‍यो । इजरायली आक्रमणकारीहरूले दक्षिणी लेवनानमाथि र सिरियाली आक्रमणकारीहरूले पूर्वी लेवनानमाथि कब्जा जमाई नरसंहारको क्रमलाई जारी राखे । इरान, इराक र साउदी अरबले विभिन्न कबिला र जातमा विभाजित लेवनानी मुसलमान लडाकूहरूलाई सहयोग गरेर गृहयुद्धको आगोमा घ्यू थपिरहे ।


अमेरिका र बिटेन जस्ता साम्राज्यवादी मुलुकहरूले इजरायललाई टेवा दिँदै, लेवनानी गृहयुद्धलाई निभाउनुको सट्टा झन् चर्काइरहे ।

यही डरलाग्दो परिस्थितिबीच पनि लेवनानी र प्यालेस्टिनी वीरहरूले गृहयुद्ध र विदेशी आक्रमणका विरूद्ध संयुक्त प्रतिरोध संघर्षलाई निरन्तरता दिइरहे । प्यालेस्टिनी मुक्ति संगठन (PLO) र लेबनीज नेशनल प्याट्रियोटिक फोर्सेजको नेतृत्वमा संचालित प्रतिरोध संघर्षमा लेबनानी र प्यालेस्टिनी कम्युनिष्टहरूले अदम्य साहस, वीरता र रणकुशता प्रदर्शन गरे । हजारौं कम्युनिष्टहरूले शहादत प्राप्त गरेर आफ्नो देश र जनताको मुक्तिको सपना साकार पार्ने प्रयास गरे ।

गृहयुद्ध र विदेशी आक्रमण बीच अक्टोबर १९८९ मा साउदी अरबको ताइफ शहरमा सबै लेवनानी पार्टी र छापामार समूहहरूबीच शान्ति वार्ता भयो । बहुसंख्यक मुसलमानहरूलाई केही बेसी अधिकार दिने घोषणासहित टुंगिएको ताइफ संझौताका विरूद्ध इजरायल समर्थक क्रिश्चियन छापामारहरूले कडा विरोध गरे । इराकमाथि भएको अमेरिकी आक्रमणको क्रममा अमेरिकासंग नजिकिएको सिरियाले लेवनानका क्रिश्चियन छापामारहरूलाई निमिद्यान पार्ने अभियान नै चलायो । सिरियाले प्यालेस्टिनी क्रान्तिकारीहरू, लेवनानी कम्युनिष्टहरूलाई पनि बढार्ने प्रयास गर्‍यो । सम्पूर्ण लेवनानी भूभागमाथि कब्जा जमाएर त्यसले ताइफ संझौता अन्तर्गत १९९२ को अक्टोबरमा आम-निर्वाचन गरायो ।

२० वर्षपछि भएको निर्वाचनमा क्रिश्चियन छापामार समूहहरूले सिरियाली प्रभुत्व अन्तर्गत भएको चुनाव स्वच्छ, निष्पक्ष हुन नसक्ने बताउँदै बहिष्कार गरे । यसले गर्दा हिज्बुल्ला लगायत शिया मुसलमानहरूलाई संसदमाथि कब्जा जमाउन निकै सजिलो भयो । संसदले अरबपति रफिक हारिरीलाई प्रधानमन्त्री नियुक्त गर्‍यो । हारिरीले नयाँ भवनहरू, नयाँ रोजगारहरू र नयाँ लेवनान बनाउने आश्वासनको पोको लिएर अहिले सरकार चलाइरहेका छन् ।

हारिरी सरकार अहिले ठूल-ठूला भवनहरू र विशाल शहरहरूको निर्माणमा केन्द्रित देखिन्छ । 'लेवनानको पुरानो प्रतिष्ठा बढाउने' नाममा हारिरी सरकार लेवनानका पुराना भवनहरूको पुनर्निर्माण र शहर-बजारको पुनर्स्थापना गर्ने जस्ता भौतिक काममा बेसी तल्लीन रहेको छ । तर यस्ता कामहरूमा पनि त्यो सरकार असफल भइरहेको छ । विशेष गरी सरकारमा आसीन भएको १ वर्षभित्र विश्वसनीय स्वालको विद्युत आपूर्तिको व्यवस्था गर्ने, टेलिफोन व्यवस्था सुचारू रूपले चलाउने, स्कूलहरूको पुनर्निर्माण गर्ने जस्ता घोषणाहरू हावामा उडेका छन् । देशले धान्नै नसकिने, विदेशीहरूको दान-दयामा गर्नु पर्ने ठूल-ठूला कामहरूमा मात्रै जोड दिइरहेकै कारणले हारिरी सरकारको लोकप्रियता झन् झन् घट्दैछ ।


साम्राज्यवादीहरूद्वारा थोपरिएको युद्धले खण्डहरमा परिणत भएको लेवनानको एक सडक, जुन एक समयमा बेरुतको अति व्यस्त सडकमध्ये एक थियो (फोटो: New Internalist)

The New Internationalist (NI) का निक्की भान दर गागका अनुसार, लेवनानमा अहिले सम्पूर्ण सामूहिक प्रयासमाथि आक्रमण हुँदैछ, प्रजातान्त्रिक अधिकारहरू हराएका छन् । मृत्युदण्डको प्रावधानलाई पुनर्स्थापित गरिएको छ । धनी र गरीबबीचको खाल्डो झन् झन् गहिरो र विस्तृत हुदैछ । अधिकांश जनता गरीब छन् । शिक्षा र स्वास्थ्य क्षेत्रमा निजी क्षेत्रको प्रभुत्व छ र धनीहरूले बाहेक अरूले त्यो प्राप्त गर्ने

संभावना नै छैन ।

### ले.क.पा.को संघर्ष

यस्तो स्थितिबीच लेबनानी कम्युनिष्ट पार्टी विदेशी आक्रमण र गृहयुद्धको आँधीलाई चिर्दै स्वतन्त्रता, समानता र मुक्तिका लागि क्रान्तिको सपना बोक्दै अगाडि बढिरहेको छ ।

जर्ज हावीको नेतृत्वमा संचालित यो पार्टीले १९८७ को फेब्रुअरी ३ देखि ५ सम्म पाँचौं महाधिवेशन गरेको थियो । पाँचौं महाधिवेशनले देशभक्त र प्रजातान्त्रिक शक्तिहरूलाई एक गठ बनाउँदै, राजनैतिक स्वतन्त्रता प्राप्ति, धर्म निरपेक्ष राष्ट्को निर्माण र प्रगतिशील सरकार स्थापनाको नारालाई अगाडि बढाएको थियो ।

धर्म, जाति, सम्प्रदायमा आधारित, विदेशी शक्तिहरूद्वारा पालिएका–पोसिएका शक्तिहरू, समूहहरूको पेलाइमा पर्दै आएको ले.क.पा.ले पहिलेदेखि धर्म निरपेक्षता, जाति, धर्म र सम्प्रदायबीचको सद्भावको नारा लगाउँदै आइरहेको छ । यसै क्रममा राजनैतिक स्वतन्त्रता प्राप्तिका लागि सबै प्रजातान्त्रिक शक्तिहरूलाई एउटै मञ्चमा ल्याउने उद्देश्यले बोलाउन लागिएको 'नेशनल कंग्रेस' को समर्थनमा यस पार्टीले प्रचार–अभियान चलाउन थालेको छ । गृहयुद्ध कालदेखि नै त्यसले डेमोक्रेटिक प्याट्रियोटिक फ्रन्टको निर्माण गरी प्रजातान्त्रिक र देशभक्तिपूर्ण आन्दोलन चलाउँदै आइरहेको तथ्य यहाँ स्मरणीय देखिन्छ ।

प्रजातन्त्र र राजनीतिक स्वतन्त्रता जस्ता नैसर्गिक कुराहरूमाथि सरकार र धार्मिक, जातीय र दक्षिणपन्थी शक्तिहरूद्वारा आक्रमण हुँदै आइरहेको छ । यस स्थितिमा धर्म निरपेक्षताका कुराहरू, जातीय सद्भाव र सहिष्णुताका विषयहरू एवं राजनैतिक स्वतन्त्रता सम्बन्धी मामिलाहरू ले.क.पा.ले झन् झन् जोडदार ढंगले उठाउन परिरहेको छ । यस्ता गंभीर र जायज कुराहरू उठाउँदा पार्टीगत हिसाबले ले.क.पा.लाई केही हदसम्म घाटा पनि भइरहेको छ । जस्तो कि, १९२४ मा ले.क.पा. स्थापित हुँदा यसका प्रमुख नेताहरू इसाई धर्मावलम्बीहरूको फाँटबाट आएका थिए । इसाईहरूमा पनि मेरोनाइट जातिका र गैर मेरोनाइट जातिका दुबै जातिका नेताहरू बेसी थिए । तर जब १९७५ देखि लेबनानमा गृहयुद्धको आगो सल्कियो, तब लेकपाले मूलतः उत्पीडित इस्लाम धर्मावलम्बी जनतासंग मिलेर प्रतिरोध अभियान चलाउनु पर्‍यो । त्यसमा पनि बेसी त प्यालेस्टिनी, दुज र अन्य मुसलमान मिलिशियाहरूसंग कार्यगत एकता कायम गर्दै त्यसले सशस्त्र संघर्ष चलाउनु पर्‍यो ।

धर्म निरपेक्षताको नारा लगाउँदै ले.क.पा.ले उत्पीडित जातिप्रति विशेष झुकाव राखेको देखेर त्यसप्रति क्रिश्चियन (इसाई) समुदाय रूष्ट भयो । त्यसमाथि इसाई र इस्लाम धर्मलाई आफ्नो राजनीतिक स्वार्थ सिद्धिको हतियार

**प्रजातन्त्र र राजनीतिक स्वतन्त्रता जस्ता नैसर्गिक कुराहरुमाथि सरकार र धार्मिक, जातीय र दक्षिणपन्थी शक्तिहरुद्वारा आक्रमण हुँदै आइरहेको छ ।**



लेबनानमा चर्केको युद्धले ८ लाखभन्दा बेसी जनतालाई आफ्नो घरबार छोडेर भाग्न बाध्य बनाएको थियो (फोटोः New Internalist)

## रेडियो र टि.भि. स्टेशन भएको पार्टी

लेबनानी कम्युनिष्ट पार्टी हेर्दा सानो देखिन्छ, तर यसका सैनिक शक्ति, रेडियो र टि.भि. स्टेशनहरु हेर्दा जोकोही पनि आश्चर्यचकित हुन्छन् । संसारका धेरैजसो कम्युनिष्ट पार्टीसंग कमै मात्र रेडियो–टि.भि. स्टेशन भएको देखिन्छ । तर लेबनानी कम्युनिष्ट पार्टीले १९८० को दशकदेखि नै रेडियो र टि.भि.मार्फत् आफ्ना क्रान्तिकारी सन्देशहरु प्रसारण गर्न थालेको थियो । अहिले आर्थिक संकटले गर्दा यसको टि.भि. स्टेशनको व्यवस्थापन साह्रै नै नाजुक भयो । र, अहिले टि.भि. स्टेशनको सानो शेयर लिएर काम चलाउन विवश भएको छ, यो पार्टी । त्यो सानो शेयर पनि त्यसले आफ्नो पार्टीको दैनिक मुखपत्र The Call (आह्वान) लाई बन्द गरेको कारणले प्राप्त भएको रकमबाट किनिएको थियो । आफ्नो हिस्सा (शेयर) कम भएपछि लेबनानी कम्युनिष्ट पार्टीको टि.भि. स्टेशनबाट क्रान्तिकारी सन्देशहरु पनि कम मात्र प्रसारित हुन थालेका छन् ।

त्यसको रेडियो स्टेशन १९८७ को फेब्रुअरी महिनामा स्थापना गरिएको हो । गृहयुद्धले चरम राक्षसी रुप लिइरहेको बेला देश, जनता र क्रान्तिका लागि समर्पित यो रेडियो स्टेशनले निकै महत्वपूर्ण काम गरेको थियो ।

त्यस रेडियो स्टेशनको नाम हो– Voice of the people radio ! अर्थात, 'जनताको आवाज' रेडियो ! यो रेडियो लेबनानका जनताले सबैभन्दा बेसी सुन्ने रेडियो हो । त्यसको प्रसारण लेबनानभन्दा बाहिरका ठाउँहरुमा पनि राम्ररी सुनिन्छ । त्यसैले सिरिया, टर्की, प्यालेस्टाइन, इजरायल र साइप्रसका जनताले समेत 'जनताको आवाज' रेडियोलाई मन पराउँछन् ।

त्यसले अहिले दैनिक १९ घण्टा प्रसारण गरिरहेको छ । मूलतः अरब भाषामा प्रसारित त्यो रेडियोले अंग्रेजी र फ्रेञ्च भाषामा पनि केही कार्यक्रमहरु प्रसार गरिरहेको छ । यसले गर्दा अंग्रेजी र फ्रेञ्च भाषालाई आफ्नो दोस्रो भाषा ठान्ने युवा वर्गबीच पनि यो रेडियो लोकप्रिय भइरहेको छ ।

यति धेरै लोकप्रिय हुँदा हुँदै पनि, यो रेडियो स्टेशन पनि आर्थिक संकटका बीच गुज्रिरहेको छ । 'जनताको आवाज' रेडियोका व्यवस्थापक तथा लेबनानी कम्युनिष्ट पार्टीका पोलिट्ब्यूरो सदस्य टानियोस् डेइबेसका अनुसार, त्यो रेडियो स्टेशन आफ्नो प्रसारण कार्यक्रमहरुलाई जारी राख्न जीवन–मरणको संघर्ष गर्दैछ । स्मरणीय छ, त्यहाँ धेरैजसो राजनीतिक संगठनहरु र छापामार संगठनहरुले आ–आफ्नै रेडियो स्टेशन स्थापना गरेर प्रसारण गरिरहेका छन् ।

त्यहाँको अहिलेको हारिरी सरकार यस्ता राजनीतिक पार्टीका रेडियो प्रसारणहरुलाई बन्द गर्ने प्रयासमा छ । त्यसले यस्ता रेडियोहरुलाई अप्ठ्यारोमा पार्ने र रेडियो लाइसेन्स नदिने एवं व्यापारिक कम्पनीहरुलाई बेच्न विवश गराउने र व्यापारिक प्रसारण शुरु गर्न थालिसकेको छ । स्मरणीय छ, रफिक हारिरी सरकारले यस्ता रेडियो स्टेशनहरुमार्फत् राजनीतिक विचारहरुको प्रसारणमाथि प्रतिबन्ध लगाइसकेको छ । यसले सरकारको अप्रजातान्त्रिक नियतलाई झन् बेसी नंग्याइदिएको छ ।

सरकारका यस्ता अप्रजातान्त्रिक क्रियाकलापहरुका विरुद्ध लेबनानका प्रजातान्त्रिक र वामपन्थी शक्तिहरुले संघर्ष चलाउन थालिसकेका छन् । प्रेस र प्रसारणको अधिकारमाथि सरकारी आक्रमण, सरकारी सेन्सरशीप र 'सूचना–एकाधिकारवादीहरु'संगको साँठगाँठ संघर्षको मुल प्रहारबिन्दु भइरहेको छ ।

ले.क.पा.ले रेडियो स्टेशन बन्द गर्न बाध्य भएमा पुनः दैनिक अखबार निकाल्ने योजना बनाउँदैछ । भविष्यमा निस्कने अखबार पार्टीको मात्र मुखपत्र नहुने र सम्पूर्ण वामपन्थी शक्तिहरुको मुखपत्र हुने कुरा थाहा भएको छ । पूँजीपतिहरुको सरकार र 'सूचना– एकाधिकारवादी शक्तिहरु' को बलमिच्याइँका विरुद्ध सम्पूर्ण वाम र प्रजातान्त्रिक शक्तिहरुले संघर्ष चलाउँदै आ–आफ्ना प्रकाशनहरु, आ–आफ्ना प्रसारणलाई अझ व्यवस्थित, सक्षम र सबल पार्न तिनीहरु सबै क्रियाशील देखिन्छ । ❑

# विश्व कम्युनिष्ट आन्दोलन

ठान्नेहरूले धार्मिक भावनालाई उचालेर राजनीति गर्न थालेको स्थितिमा ले.क.पा.लाई पनि त्यसमा मुछेर आरोप-प्रत्यारोप लगाउने काम गरियो । यसैको प्रभावस्वरूप, १९८० को दशकमा इसाई धर्मावलम्बी जनताबीच लेकपाको प्रभाव निकै घटेको थियो । जब लेकपाको धर्म निरपेक्षताको नारा उनीहरूले बुझ्न थाले, तब १९९० को दशकमा आएर इसाई जनताबीच त्यसले फेरि प्रभाव र संगठन विस्तार गर्न थालेको तथ्य त्यस पार्टीका पोलिट्ब्यूरो सदस्य करिम म्रोइ बताउँछन् ।

वास्तवमा लेकपाले न त इसाईको, न त इस्लाम धर्मावलम्बी समूहहरूको पक्षपोषण गरिरहेको थियो । त्यसैले त इस्लामी कट्टरपन्थीदेखि लिएर इसाई पुरातनपन्थीहरूका हत्यारो दस्ताको आक्रमणमा परी थुप्रै कमरेडहरू, थुप्रै बुद्धिजीवी र कम्युनिष्ट नेताहरूले शहादत प्राप्त गरिसकेका छन् । इजरायल समर्थक इसाई धर्मावलम्बी उग्र दक्षिणपन्थी फालान्जिष्ट (Phalangists) र इजरायली आक्रमणकारीहरूको तर्फबाट ५ हजारभन्दा बेसी लेवनानी कम्युनिष्टहरूको निर्मम हत्या भइसकेको छ । यति हुँदाहुँदै पनि लेवनानी कम्युनिष्टहरू दृढ विश्वाससहित भन्छन्- 'हाम्रो पार्टीलाई मार्नु भनेको त्यति सजिलो छैन !'

## छापामार शक्तिको विघटन

सत्तासीन र गैर-सत्तासीन दक्षिणपन्थी शक्तिहरूसंग, इजरायली, सिरियाली र अमेरिकी आक्रमणकारीहरूसंग लड्नका लागि ले.क.पा.ले धेरै पहिले नै पार्टीको नेतृत्व अन्तर्गत सैनिक दल बनाएको थियो । यो मूलतः पार्टीको राजनीतिक कन्ट्रोलअन्तर्गत बनेको सैनिक नेतृत्वको मातहतमा क्रियाशील भएको थियो । विशेषतः यस सैनिक दल अन्तर्गतका छापामारहरूले गृहयुद्ध र विदेशी आक्रमणका बेला ज्यू-ज्यान लगाएर सशस्त्र प्रतिरोध गरेका थिए । करिम म्रोइका अनुसार, 'लेकपाको यो छापामार शक्ति प्रतिरोध आन्दोलनको मूल वास्तविक शक्ति थियो !'

तर जब साउदी अरबको ताइफ शहरमा लेकपा लगायत सबै राजनीतिक शक्तिहरूबीच शान्ति संझौता भयो, तब संझौताबमोजिम गृहयुद्ध समाप्त पार्नका लागि भनी लेकपाले पनि आफ्नो सैनिक दस्तालाई विघटन गर्नु पऱ्यो । यसरी आफ्नो सैनिक शक्तिहरूलाई विघटन गर्नु लेकपाको लागि तब घातक सिद्ध हुने स्थिति देखियो, जब हिज्बुल्ला छापामारहरूले हतियार समर्पण गर्न अस्वीकार गरे !

शुरूमा मूलतः इरानका कट्टरपन्थी इस्लामी शासकहरूद्वारा निर्मित, प्रशिक्षित र हतियारले सुसज्जित पारिएका इस्लामी कट्टरपन्थी छापामारहरूको समूह हिज्बुल्ला अहिले सिरियाको हतियारको रूपमा क्रियाशील भइरहेको छ । यो सिरियाली हतियार इजरायलीआक्रमणकारीहरूविरूद्ध मात्रै क्रियाशील भइरहेको छैन, बरू लेवनानी प्रगतिशील जनताविरूद्ध पनि उत्तिकै सकृय छ ।

सैनिक बलको हिसाबले अहिले लेवनानको उत्तर र पूर्वतिर, देशको धेरै भाग सिरिया र सिरिया समर्थक हिज्बुल्ला छापामारहरूको हातमा छ । दक्षिणी लेवनानमाथि इजरायली आधिपत्य कहिलेसम्म अन्त्य हुने हो, कसैलाई थाहा छैन । त्यसमाथि इजरायलसमर्थक फालान्जिष्टहरू प्रतिबन्धित अवस्थाबीच पनि ताण्डव नृत्य गर्न कहिल्यै पछि परेका छैनन् । रफिक हारिरीको सरकारले सन्तुलन कायम गर्न सकिरहेको छैन, त्यो त धेरैजसो सिरियाली स्वार्थसिद्धको एउटा अर्को हतियार बन्दै आइरहेको छ ।

जनताबीच भने लेकपा लगायतका कम्युनिष्ट र वामपन्थी शक्तिहरू केही हदसम्म बेसी नै लोकप्रिय छन् । करिम म्रोइ भन्छन्- 'लेवनानी कम्युनिष्ट पार्टी भनेको Catalyst of Country's Left हो !'

**लेकपाको पोलिट्ब्यूरो सदस्य करिम म्रोइ भन्छन्- 'हामीकहाँ राज्य नामको कुनै संस्था छैन । हो, हामीसंग संसद् छ, तर यो संसद संसद जस्तो क्रियाशील छैन । सभामुख पनि छन्, तर उनी लाचार छायाँ मात्र हुन् ।'**

केही समय अगाडि मात्रै भएको आम चुनावमा लेकपाका सदस्यहरूले १ लाख ४० हजार मत प्राप्त गरेका थिए । अहिले लेवनानी संसदमा यसको कुनै प्रतिनिधित्व नभए तापनि जन-संघर्षको मैदानमा यो पार्टी अग्रिम पंक्तिमा रहेको दावी लेकपाका नेताहरूको छ । यस पार्टीले अहिले रफिक हारिरी सरकारका पूँजीवादी आर्थिक नीतिहरूका विरूद्ध ट्रेड यूनियन संघर्षहरू संचालन गर्न थालेको छ ।

## देश र सरकारबारे लेकपा

लेकपाको ठम्याइअनुसार, लेवनानले अहिले अत्यन्त गंभीर र संकटपूर्ण राजनीतिक स्थितिको पीडा भोगिरहेको छ । रफिक हारिरीको सरकारले त्यहाँको राजनीतिक स्वतन्त्रतायुक्त वातावरणलाई झन् झन् कुण्ठित पार्दैछ । त्यसले जनताको राजनीतिक, सामाजिक र आर्थिक समस्याहरू सुल्झाउनुको सट्टा झन् झन् बल्झाउँदै गइरहेको छ ।

लेकपाको पोलिट्ब्यूरो सदस्य करिम म्रोइ भन्छन्- 'हामीकहाँ राज्य नामको कुनै संस्था छैन । हो, हामीसंग संसद् छ, तर यो संसद संसद जस्तो क्रियाशील छैन । हो, हामीकहाँ सभामुख पनि छन्, तर उनी राष्ट्रपति र प्रधानमन्त्रीका लाचार छायाँ मात्र हुन् ।'

'हामीकहाँ प्रजातान्त्रिक यन्त्रहरू व्यवस्थित ढंगले संचालित भइरहेका छैनन् । तर पनि हामी लेवनानी वामपन्थीहरूको अग्रदस्ता भएर संघर्षरत छौं !'- म्रोइको दृढ भनाइ हो यो ।


अर्का पोलिट्ब्यूरो सदस्य तानियोस् डेइबेस (Tanios Deaybess) आफ्नो देशको आर्थिक स्थितिका बारेमा भन्छन्- 'हाम्रो देशमा अत्यन्त संकटपूर्ण आर्थिक स्थिति छ । गरीबी दिनानुदिन बढ्दैछ । एक महिनाको तलबले १० दिनको खर्च धान्न पनि मुश्किल छ, २० दिनसम्म के गरी खाने भन्ने समस्याले गाँजिएका छन् लेवनानी जनताहरू ! यसरी झन् झन् बढ्दो गरिबीले लेवनानी जनतालाई एकातिर दिनका दिन बाँच्न पनि मुश्किल पारिरहेको छ भने अर्कोतिर सरकारको पूँजीवादी नीतिका विरूद्ध जनतालाई संगठित, सचेत र संघर्षशील बनाउन हाम्रो पार्टीलाई सजिलो पनि पारिरहेको छ ।'

डेइबेस र उनको पार्टी ताइफ संझौताप्रति बेसी नै विश्वस्त देखिन्छन् । उनीहरू मध्यपूर्वमा शुरू भएको शान्तिवार्ताको क्रमसंग पनि बेसी आश्वस्त देखिन्छन् । डेइबेस भन्छन्- 'हाम्रो देशको त्रासदीको अन्त्य यस क्षेत्रमा भइरहेको शान्तिवार्ताको प्रगतिसंग अभिन्न रूपले जोडिएको छ । अब हामी अमेरिकी र इजरायली प्रभुत्ववाद र यस क्षेत्रका जनताबीचको संघर्षको केन्द्रबिन्दुमा आइपुगेका छौं ।'

लेकपाका एक नेता म्रोइ पनि लेवनानको राजनीतिक विकासक्रममा देखिएको ध्रुवीकरणको प्रक्रियाबाट सन्तुष्ट देखिन्छन् । उनी भन्छन्- 'हाम्रो देशको स्थिति पूरै निराशाजनक छैन, हामीले राजनीतिक जीवनलाई पुनः शुरू गर्न सकेमा, समाज परिवर्तनका लागि सबै जनवादी शक्तिहरूलाई एकगठ पार्न सकेमा स्थिति धेरै नै आशाजनक हुने निश्चित प्रायः छ । हामी यस्ता अनेकौं संघर्षहरूको केन्द्रमा रहेर कार्यरत छौं । त्यसैले हामी देशका सबै प्रजातान्त्रिक र देशभक्त शक्तिहरूको राष्ट्रिय अधिवेशनको पक्षमा, राजनीतिक स्वतन्त्रता प्राप्त गर्ने लक्ष्यसहित संघर्षरत छौं ।'

म्रोइ भन्छन्- 'निश्चित रूपमा हाम्रो पार्टी पहिले जस्तो बलियो छैन । तर पनि हामी माथि दवाब दिनु असंभव छ । र, हामीले संघर्ष गर्दै गयौं भने, हामी अस्तित्वमा रहीरहने छौं, साथै हामी फेरि शक्तिशाली हुँदै जानेछौं ।' ❀

**इजरायल समर्थक इसाई धर्मावलम्बी उग्र दक्षिणपन्थी फालान्जिष्ट र इजरायली आक्रमणकारीहरुको तर्फबाट ५ हजारभन्दा बेसी लेवनानी कम्युनिष्टहरुको निर्मम हत्या भइसकेको छ ।**



एक फालान्जिष्ट गार्ड
(फोटोः *New Internalist*)

*सन्दर्भ सामग्री*

❑ The revolutionary process in the east: past and present / Progress Publishers, 1985 ❑ The words of friends/Progress Publishers, 1982 ❑ Marxism- Leninism and our time/ International Publishers Prague, 1975 ❑ Regional Conflicts- Universal Danger/Vyacheslav Katamidge/ NPA/1988 /Ms Encarta' 96 (Multimedia Encyclopedia) ❑ World Marxist review का विभिन्न अंकहरू ❑ The New Internationalist/Aug. '94 ❑ Register of Communist Parties, USA ❑ People's Democracy, India का विभिन्न अंकहरू ❑ Morning star, Britain का विभिन्न अंकहरू ❑ Third World Quarterly का विभिन्न अंकहरू

# चे ग्वेभारा: क. किम इल सुङको आँखामा- २

*क. चे. ग्वेभाराको तीसौं स्मृति दिवसको उपलक्ष्यमा हामीले क. चेको जीवनलाई लिएर क. किम इल सुङले गर्नुभएको मूल्यांकनको पहिलो खण्ड गताङ्कमा प्रस्तुत गरेका थियौं । यस पटक प्रस्तुत छ- त्यसको दोस्रो र अन्तिम खण्ड ।*

*यस खण्डमा क. किमले क. चेको प्रसंगबाट आफूलाई अगाडि बढाई उहाँको साम्राज्यवादविरोधी संघर्षबाट प्रेरणा लिंदै अबका दिनहरूमा अमेरिकी साम्राज्यवादको चरित्रको चिरफार गरी साम्राज्यवादविरोधी संघर्षको महत्वमा प्रकाश पार्नुभएको छ ।*

*त्यसैले यो खण्ड क. चेको जीवनको समीक्षाको सन्दर्भमा सैद्धान्तिक उपसंहारको रूपमा प्रस्तुत भएको छ ।*

*-मूल्यांकन*

एशिया, अफ्रिका र ल्याटिन अमेरिका आज साम्राज्यवादको विरूद्ध सबभन्दा भयानक मोर्चा भएका छन् । साम्राज्यवादले एशियाई, अफ्रिकी र ल्याटिन अमेरिकी जनताहरूको प्रबल प्रतिरोधको सामना गर्न र तिनीहरूबाट अत्यन्त कडा मारहरू खान परेको छ । तैपनि, साम्राज्यवादले ती क्षेत्रहरूमा आफ्नो पुरानै हैसियत कायम राख्न र आफ्ना गुमेका स्थानहरू पुनः प्राप्त गर्नका लागि ज्यानतोड प्रयत्न गर्दैछ ।

एशियाई, अफ्रिकी र ल्याटिन अमेरिकी जनताहरूका मुक्तिको हेतु पूरा भएको छैन । पृथ्वीमा साम्राज्यवाद रहेसम्म र जनतालाई अत्याचार, लूट गरेसम्म जनताले एकछिन पनि साम्राज्यवादविरोधी संघर्ष छोड्न सक्ने छैन । जहिलेसम्म पृथ्वीको धरातलबाट सब प्रकारका उपनिवेशवाद सदाको लागि निर्मूल हुने छैन, जहिलेसम्म उत्पीडित र तिरस्कृत राष्ट्रहरूले आफ्ना स्वाधीन राज्यहरू निर्माण गरी सामाजिक प्रगति र राष्ट्रिय समृद्धि हासिल गर्न सक्ने छैनन्, तबसम्म संघर्ष जारी रहनैपर्छ ।

साम्राज्यवादलाई लात हानी नधपाएसम्म त्यसले औपनिवेशिक र अधीनस्थ मुलुकहरूमा आफ्नो शासन कहिल्यै छोड्ने छैन । आक्रमण गर्ने, लूट गर्ने त साम्राज्यवादको स्वभावै हो । आक्रमक नहुने कहीं साम्राज्यवाद छ भने, त्यो साम्राज्यवाद नै होइन । साम्राज्यवादले मर्नु अघिसम्म आफ्नो आक्रामक प्रकृतिलाई बदल्दैन । त्यसकारण, साम्राज्यवादबारे सबै भ्रमहरू हटाई त्यसलाई संघर्ष गरी खत्तम गर्नु पर्दछ । साम्राज्यवादका विरूद्ध एक दृढ अडान लिई साम्राज्यवादविरोधी अटल संघर्ष तीव्र पारेमा मात्रै उत्पीडित राष्ट्रहरूले स्वतन्त्रता र स्वाधीनता हासिल गर्न सक्नेछन्, र मुक्त जनताहरूले साम्राज्यवादी आक्रमणलाई रोक्न, आ-आफ्ना मुलुकहरू र राष्ट्रहरूका लागि राष्ट्रिय स्वाधीनता सुदृढ पार्न र समृद्धि हासिल गर्न सक्नेछन् ।

अमेरिकी साम्राज्यवाद आधुनिक समयको सबभन्दा बर्बर तथा अति जघन्य साम्राज्यवाद हो र यो विश्व साम्राज्यवादको नाइके हो । एशियाई र ल्याटिन अमेरिकी मुलुकहरू अथवा अफ्रिकी मुलुकहरूका सार्वभौमिकता र क्षेत्रहरू मात्रै अमेरिकी साम्राज्यवादले उल्लंघन गरेका वा अमेरिकी साम्राज्यवादी आक्रमणको खतरामा परेका होइनन् । अमेरिकी साम्राज्यवादले आफ्नो आक्रमणको पंजा नफिँजाएको कुनै पनि ठाउँ पृथ्वीमा छैन र जहाँ अमेरिकी साम्राज्यवादले पाइला हाल्छ, त्यहाँ सदा जनताको रगत बगेको छ । अमेरिकी साम्राज्यवादीहरूले सारा विश्वलाई आफ्नो नियन्त्रणमा राख्ने निरन्तर लक्ष्य लिइरहन्छन् । यही लक्ष्यलाई साकार गर्न अमेरिकी साम्राज्यवादीहरूले समाजवादी र नवस्वाधीन मुलुकहरूका विरूद्ध सशस्त्र आक्रमण र अन्तर्ध्वंसी गतिविधिहरू चलाउँछन् र एशियाई, अफ्रिकी र ल्याटिन अमेरिकी जनताहरूको मुक्ति संघर्षलाई क्रूरतापूर्वक दमन गर्छन् । अमेरिकी साम्राज्यवादको यस अनियन्त्रित आक्रामक योजनालाई निर्णयात्मक रूपबाट विफल पार्नु पर्दछ । अमेरिकी साम्राज्यवादविरोधी संघर्षदेखि अलग रहेर न विश्व शान्तिको बचाउ गर्न सकिन्छ, न राष्ट्रिय मुक्ति र स्वाधीनता अथवा जनतन्त्र र समाजवादको विजय नै प्राप्त गर्न सकिन्छ भन्ने प्रष्ट छ । अमेरिकी साम्राज्यवादको विरोध गर्नु विश्वका सबै जनताहरूको लागि अपरिहार्य साझा कर्तव्य र प्रथम तथा प्रमुख क्रान्तिकारी कार्यभार हो ।

अमेरिकी साम्राज्यवादलाई सफलतापूर्वक परास्त गर्नका लागि यसको विश्व-रणनीतिको पूरै भित्र पस्नु आवश्यक छ ।

ठूला शक्तिहरूसित आफ्नो सम्बन्ध बिग्रने कुराबाट हटी र तिनीहरूसित सिधा मुकाबिला हुने कामबाट सकेसम्म बचेर रही, साना र विभाजित क्रान्तिकारी समाजवादी मुलुकहरू र नवस्वाधीन मुलुकहरूलाई एक एक गरी शस्त्रको बलले ध्वस्त गर्ने अनि विचारधारात्मक तौरबाट कमजोर तथा क्रान्ति गर्न नचाहने, तर जनतामा साम्राज्यवादबारे भ्रम फैलाउने र साम्राज्यवादसित सिद्धान्तहीन सहअस्तित्वका लागि मात्र कराइरहने र साम्राज्यवादसित राम्रो सम्बन्ध राख्न चाहने मुलुकहरूमाथि भने विचारधारात्मक र राजनैतिक हमला चर्काउने र भित्रभित्रबाट ध्वंसात्मक कार्य गर्ने आधारभूत रणनीति वर्तमान स्थितिमा अमेरिकी साम्राज्यवादको विश्वव्यापी आक्रमण नीति हो ।

यस विश्व व्यूहरचनाको आधारमा अमेरिकी साम्रा-ज्यवादीहरूले आफ्नो युद्ध सामग्रीहरूमा विस्तृत रूपले बृद्धि गर्दैछन् र समाजवादी तथा प्रगतिशील मुलुकहरूलाई हमला गर्न आफ्ना सैनिक आधार क्षेत्रहरू र आक्रामक सैनिक सन्धिहरू अरू बढी सुदृढ गर्दैछन् । अमेरिकी साम्राज्यवादीहरूले भियतनाम र अरू केही ठाउँहरूमा स्थानीय युद्ध र विशेष युद्धमा कदम शुरू मात्र गरेका हुन् र साथै ठूलो स्तरमा सम्पूर्ण युद्ध र आणविक युद्धको तयारी गर्दैछन् ।

## ठूला मुलुकहरूको भंर नपरिकन पनि साम्राज्यवादलाई पराजित गर्न सकिन्छ !

यसका साथसाथै, अमेरिकी साम्राज्यवादीहरूले कुनै मुलुकहरूमा उदारीकरण र जनतान्त्रिक विकासलाई प्रोत्साहन दिन नयाँ प्रकारको शीत युद्धको आश्रय लिन्छन्, तर मजदूर वर्ग आन्दोलनको श्रेणीभित्र क्रान्तिदेखि डराउने कायरहरूलाई घूस दिएर आफ्ना साधन बनाउनका लागि हरसम्भव प्रयास गरिरहेछन् । तिनीहरू 'सबभन्दा सहुलियत प्राप्त राष्ट्र'को व्यवहार र 'पूर्वपश्चिम संपर्क र आदान-प्रदान'को बृद्धिको लागि कराउँछन् र यस साधनद्वारा जनताहरूमा विचारधारात्मक तौरबाट हीनता ल्याउनका लागि आफ्ना प्रतिकृयावादी विचारधारा र संस्कृति घुसाउन, आर्थिक विकासमा गतिरोध ल्याउन र यसरी ती मुलुकहरूलाई भित्रबाट जग खनेर दुर्बल पार्न खोज्छन् ।

साम्राज्यवादीहरूले नवजात स्वाधीन राष्ट्रहरूलाई साम्राज्यवादविरोधी मोर्चाबाट एक एक गरी छुट्याई लिनका लागि तोडफोड र ध्वंसात्मक कार्यहरू गरिरहेका छन् । खुल्ला रूपले शक्तिको आश्रय लिई तिनीहरूले 'सहायताको बल्छी थापेर' नवजात स्वाधीन राष्ट्रहरू भित्र घुस्छन् र त्यहाँका आन्तरिक मामलारूमा हस्तक्षेप गर्छन् । अमेरिकी साम्राज्यवादीहरूले दक्षिणपन्थी प्रतिक्रियावादीहरूलाई उक्साएर तिनीहरूलाई प्रगतिशील शक्तिहरूको विरोध गर्न लगाउँछन् र कुनै नवजात



**क. चे ग्वेभारा सन् १९५९ मा भारत भ्रमणमा आउनु हुँदा**

फोटोः People's Democracy

स्वाधीन मुलुकहरूलाई प्रतिक्रान्तिको बाटोमा ल्याउन खोज्छन् ।

जस्तो कि, एक हातमा शान्तिसूचक अंजीरको हाँगा र अर्को हातमा बाणहरू लिँदै अमेरिकी साम्राज्यवादीहरूले आणविक त्रास धम्कीलाई 'शान्तिपूर्ण प्रवेश'सित र दवाब दमनलाई सान्त्वना र छलसित मिलाई सशस्त्र आक्रमणद्वारा क्रान्तिकारी मुलुकहरूलाई एक एक गरी निल्न र विचारधारात्मक तौरबाट कमजोर मुलुकहरूलाई विचारधारात्मक र सांस्कृतिक आक्राणद्वारा भित्रभित्रबाट बिगार्न चालबाजी गर्दछन् ।

सारा विश्वका जनताहरूले अमेरिकी साम्राज्यवादबाट हुने यस्ता दाउपेचहरू र चालबाजीहरूको विरूद्ध हुनसम्म सतर्क रहनु पर्दछ र बैरीबाट हुन सक्ने सबै प्रकारका आक्रमणको विरोध गर्न पूर्ण रूपले तयार हुनु पर्दछ ।

साम्राज्यवादविरोधी–अमेरिकाविरोधी संघर्षलाई जोड तोडले बढाउन साम्राज्यवादको विरोध गर्ने सबै क्षेत्र, सबै पार्टीहरू, सबै जनता र सबै शक्तिहरूको संघर्षशील एकतालाई हुनसम्म सुदृढ पार्न जरूरी छ ।

एशियाई, अफ्रिकी र ल्याटिन अमेरिकी जनताहरूका क्रान्तिकारी संघर्षहरू आफ्नो आशा र आकांक्षामा एकता ल्याउन परस्पर घनिष्ठ सम्बन्ध राखेका हुन्छन् । ल्याटिन अमेरिका साम्राज्यवादी जुआमुनि पिसिइरहेसम्म एशियाई र अफ्रिकी जनताहरू शान्तसित रहन सक्दैनन् र एशियाई अफ्रिकी क्षेत्रहरूमा अमेरिकी साम्राज्यवादको पतन हुन्छ भने ल्याटिन अमेरिकी जनताहरूको राष्ट्रिय मुक्ति आन्दोलनका लागि पनि एक अनुकूल स्थिति सृजना हुनेछ । एशियाई, अफ्रिकी र ल्याटिन अमेरिकी जनताहरूका संघर्षशील एकता र घनिष्ठ सम्बन्धले साम्राज्यवादवरोधी, अमेरिकाविरोधी क्रान्तिकारी शक्तिहरूलाई अनेक गुणा, बीसौं गुणा बढाई दिनेछ र साम्राज्यवादीहरूको आक्रमण र अन्तर्राष्ट्रिय प्रतिक्रियाको संयुक्त मोर्चालाई सफलतापूर्वक भ्रष्ट गर्न सक्ने एक अजेय शक्ति बढ्नेछ । त्यसकारण, अमेरिकी साम्राज्यवादले मोर्चाबन्दी लिइबसेको सबै क्षेत्रका जनताहरूले आफ्नो बललाई संकलन गरी त्यसलाई साहोसित ठोक्नुपर्दछ ।

एशिया, अफ्रिका र ल्याटिन अमेरिकामा समाजवादी र तटस्थ राष्ट्रहरू छन् र ठूला र साना राष्ट्रहरू छन् । साम्राज्यवादीहरूका कठपुतली सरकारहरू र तिनीहरूका पिट्ठू राज्यहरूबाहेक यी सबै मुलुकहरू साम्राज्यवादविरोधी, अमेरिकाविरोधी शक्ति हुन् । राज्यका सामाजिक राजनैतिक व्यवस्थाहरू, राजनैतिक दृष्टिकोणहरू र धार्मिक विश्वासहरू फरक फरक भए तापनि यी क्षेत्रका मुलुकहरूका राष्ट्रहरू, साम्राज्यवादीहरू र उपनिवेशवादीहरूद्वारा दमन र शोषण भएका राष्ट्रहरू हुनाले उनीहरूमा साम्राज्यवाद र पुरानो तथा नवउपनिवेशवादको विरूद्ध राष्ट्रिय स्वाधीनता र राष्ट्रिय समृद्धि हासिल गर्ने साझा लक्ष्य र आकांक्षा हुन्छ । राज्यको सामाजिक, राजनैतिक व्यवस्थाहरू, राजनैतिक दृष्टिकोण वा धार्मिक विश्वासका मतभेदहरू कुनै हालतमा पनि अमेरिकी साम्राज्यवादका विरूद्ध संयुक्त संघर्ष गर्ने कुरामा बाधा हुन सक्दैन । सबै मुलुकहरूले साम्राज्यवादविरोधी संयुक्त मोर्चा बनाई साझा बैरीलाई चकनाचूर पार्नको लागि अमेरिकाविरोधी संयुक्त कारवाई गर्नुपर्दछ र साझा लक्ष्य हासिल गर्नुपर्दछ ।

साँच्चै हो, साम्राज्यवादको विरोध गर्नेहरूमध्ये विभिन्न खालका जनता हुन सक्छन् । कोही साम्राज्यवादविरूद्ध सक्रिय हुन्छन्, कोही साम्राज्यवादविरोधी संघर्षमा ढुलमुल हुन सक्छन्; र अरूहरू आफ्नै जनता र विश्वका जनताहरूको दवाबमा परेर अनिच्छुक भइकन पनि साम्राज्यवादविरोधी संघर्षमा शामिल हुन सक्छन् । तर तिनहिरूको जेसुकै मुराद भए पनि, साम्राज्यवादका टहलुवाहरू बाहेक यी सबै शक्तिहरूलाई अमेरिकाविरोधी संयुक्त संघर्षमा भर्ति गर्नु आवश्यक छ । अस्थिर र ढुलमुल भए पनि बढी शक्तिहरूलाई अमेरिकाविरोधी संयुक्त संघर्षमा ल्याएर सकेसम्म बढी मात्रामा अमेरिकी साम्राज्यवादलाई अलग पारी संयुक्त कारवाईद्वारा यसमाथि मार दिनु राम्रै कुरा हो र कुनै प्रकारले पनि खराब कुरा होइन । साम्राज्यवादविरोधी संघर्षदेखि पन्छिन खोज्नेहरूलाई सम्झाई बुझाई साम्राज्यवादविरोधी संघर्षमा उत्रन लगाउनुपर्दछ र निष्क्रिय रहनेहरूलाई साम्राज्यवादविरोधी संघर्षमा दृढ बन्न प्रोत्साहन दिनुपर्दछ । अमेरिकाविरोधी संयुक्त मोर्चालाई फुटाउनाले अथवा अमेरिकाविरोधी संयुक्त कारवाईलाई त्याग्नाले साम्राज्यवादविरोधी, अमेरिकाविरोधी संघर्षलाई कमजोर गर्ने गम्भीर नतिजा मात्रै ल्याउँछ ।



**जनसमूहहरुमा एकता ल्याएर बलिदानदेखि नहटी वीरतापूर्वक युद्धमा उत्रे भने, तिनीहरुले पनि ठूला बैरीलाई हराउन सकिन्छ -क. किम इल सुङ**

अमेरिकी साम्राज्यवादसित लडी हराउनलाई ठूला साना सबै मुलुकहरूले अमेरिकी साम्राज्यवादलाई प्रहार गर्नु पर्दछ । खासगरी आवश्यक के छ भने–एशियाई, अफ्रिकी र ल्याटिन अमेरिकी साना मुलुकहरूले ठूला शक्तिहरूमा भरपर्ने खालको अर्काको पुच्छर बन्ने प्रवृत्ति त्यागी अमेरिकाविरोधी संघर्षमा सक्रिय भाग लिनुपर्दछ । ठूला मुलुकहरूले अमेरिकी साम्राज्यवादसित नलडेमा त्यसलाई हराउन सकिन्न भन्ने विचार गर्नु भूल हो । अमेरिकी साम्राज्यवादको विरूद्ध ठूला मुलुकहरूले साना मुलुकहरूसित मिलेमा निश्चय नै बढी राम्रो हुन्छ । त्यसैकारणले, साना मुलुकहरूले ठूला मुलुकहरूसित एकता राख्ने प्रयत्न गर्नुपर्दछ । तर यसको मतलब ठूलो होइन भने कुनै मुलुकले अमेरिकी साम्राज्यवादसित मुकाबिला गरी हराउनै सकिन्न भन्ने होइन । ठूला मुलुकहरूमा भर परी चुप लागेर बसी क्रान्ति गर्न सकिन्न र अरूहरूले उसको लागि क्रान्ति गर्न सक्दैन भन्ने कुरा एकदम प्रत्यक्ष छ । साना मुलुकहरूले 'जुछे' भावना लिए, जनसमूहहरूमा एकता ल्याएर बलिदानदेखि नहटी वीरतापूर्वक युद्धमा उत्रे भने, तिनीहरूले पनि ठूला बैरीलाई हराउन सक्छन् । वास्तविक जीवनले सिद्ध गरेको हाम्रो जमानाको निक्कै छर्लङ्ग सत्य यो हो । कोरियाली युद्धको अनुभवले यस सत्यलाई प्रमाणित गरिदियो, र क्यूबाको क्रान्तिको विजय र अमेरिकी साम्राज्यवादका विरूद्ध तथा राष्ट्रिय मुक्तिका लागि भियतनामी जनताको वीरतापूर्ण प्रतिरोध–युद्धले यस सत्यलाई प्रमाणित गरेका छन् ।

फेरि, सानै भए पनि अनेक मुलुकहरूले साम्राज्यवादको विरोध गर्न आफ्ना बललाई संयुक्त पार्छन् भने बैरी जतिसुकै बलियो भए तापनि जनताहरूले त्यसलाई निर्णयात्मक रूपको अत्यधिक शक्तिहरूले हराउन सक्नेछन् । अमेरिकी साम्राज्यवादले जहाँ जहाँ त्यसका आक्रामक हातहरू फैलाउँछन्, त्यहाँ त्यहाँका मुलुकहरूका क्रान्ति गर्ने जनताहरूले अमेरिकी साम्राज्यवादका दायाँ बायाँ पाखुराहरूलाई चुँडालिदिने, त्यसका दायाँ बायाँ खुट्टाहरूलाई चुँडालिदिने र आखिरमा त्यसको टाउकै काटिदिने संयुक्त प्रयास गर्नुँपर्दछ । अचेल अमेरिकी साम्राज्यवादीहरूले शेखी गरिरहेका छन् । तर विश्वका क्रान्तिकारी जनताहरूले मिलेर ती साम्राज्यवादीहरूको अंगभंग गर्न लागेको बेलामा तिनीहरू शक्तिहीन हुनेछन् र अन्तमा तिनीहरूले माटो टोक्ने छन् । हामी साना राष्ट्रहरूमा एकता कायम गरी हरेकले त्यसको टाउको तथा हात र खुट्टा टुक्रा टुक्रा गरी काटी अमेरिकी साम्राज्यवादका पक्षधरहरूलाई एक एक गरी निल्ने रणचालको मुकाबिला गर्नुपर्दछ । अमेरिकी साम्राज्यवादलाई हराउन साना मुलुकहरूको लागि संघर्षको रणचाल यही हो भनी भन्न सकिन्छ ।

अमेरिकी साम्राज्यवादीहरूद्वारा दक्षिण कोरियाको कब्जाका विरूद्ध र देशको एकीकरणको लागि कोरियाली जनताले २० वर्षभन्दा बढी संघर्ष गरिसकेका छन् । कोरियाली क्रान्ति अन्तरराष्ट्रिय क्रान्तिकारी आन्दोलनको अंश हो र शान्ति र जनतन्त्रका लागि राष्ट्रिय स्वाधीनता र समाजवादका लागि भएको सारा विश्वका जनताहरूको संयुक्त संघर्षमा कोरियाली जनताको क्रान्तिकारी संघर्ष विकसित भइरहेको छ । कोरियाली जनता आफ्ना राष्ट्रिय मुक्तिको हेतु हासिल गर्नका लागि लडिरहेछन् र साथै अन्तरराष्ट्रिय क्रान्तिकारी आन्दोलनको गतिलाई चर्काउँदै लैजानका लागि आफ्ना शक्तिले भ्याएसम्म प्रयत्न गरिरहेका छन् । हाम्रा जनताले अमेरिकी साम्राज्यवादविरोधी सबै शक्तिहरूसित एकता राख्छन् र त्यहीअनुरूप अमेरिकी साम्राज्यवादविरोधी संघर्षमा सबै मुलुकहरूका जनताहरूलाई अटूट समर्थन गर्छन् । हामी यसलाई कोरियाली क्रान्तिको विजय प्राप्त गर्न जरूरी बस्तु ठान्छौं ।

साम्राज्यवाद मिति पुगिसकेको एक मरणासन्न शक्ति हो, जनताहरूको मुक्ति संघर्ष चाहिँ मानवताको प्रगतिको आकांक्षा लिने एक नौलो शक्ति हो । जनताहरूको मुक्ति–संघर्षको बाटोमा अनगिन्ती बाधा, अड्काउ तथा अनेक घुमाउरोहरू, मोडहरू हुन सक्लान् । तर इतिहास विकासका अनिवार्य नियम यो हो कि–साम्राज्यवादको विनाश अवश्य हुनेछ र जनमुक्ति संघर्षको विजय अवश्यम्भावी छ । अमेरिकी साम्राज्यवादको नेतृत्वमा रहेका साम्राज्यवादीहरूले उर्लंदो जनमुक्ति संघर्षलाई रोक लगाउन पागल प्रयास गरिरहे तापनि यो त नास हुने पक्का भइसकेकाहरूको कंप मात्रै हो, अरू केही होइन । अमेरिकी साम्राज्यवादीहरू जति जति बहुलाएर काम गर्छन्, उति उति कठीन स्थितिमा उनीहरू पर्नेछन् । अमेरिकी साम्राज्यवाद पतनतिर लागेको छ र अस्ताउन लागेको सूर्यको स्थितिमा छ । अमेरिकी साम्राज्यवादीहरूलाई जनमुक्ति संघर्षले एशिया, अफ्रिका र ल्याटिन अमेरिकाबाट निश्चय नै धपाइदिनेछ । एशियाई, अफ्रिकी र ल्याटिन अमेरिकी जनताहरूका साम्राज्यवादविरोधी महान् क्रान्तिकारी लक्ष्य अजेय छ ।

◉ सन् १९७०

*(समाप्त)*

## बाँसखर्क !

*गर्न खोज्यो भने जनजीवन सुध्रने प्रशंसनीय सुधारको काम जसले पनि गर्न सक्छ- यो सन्देश सिन्धुपाल्चोक जिल्लाको बाँसखर्क गाउँले राम्ररी दिएको छ ।*

*लक्ष्मण दोङ एकजना जनमुखी व्यक्ति हुन् । उनको पछाडि कुनै सामूहिकता र उन्नत दिग्दर्शक विचार-धारा देखिँदैन । तथापि जनहितका लागि, गाउँ हितका लागि केही काम गर्ने उनको प्रतिबद्धताले उनलाई नेपालकै सबैभन्दा पहिलो सामुदायिक वन स्थापना गर्ने श्रेय दियो । २७ वर्षसम्म उनले ग्रामीण हितका लागि एक पछि अर्को गर्दै ग्रामीण सुधारका थुप्रै कदमहरू चालिरहे । यी सुधारहरूले बाँसखर्कका जनतामा प्रशस्तै राहत ल्याएको हुनुपर्छ ।*

*एकजना सिंगो व्यक्ति मात्रले ग्रामीण सुधारका निम्ति यति धेरै काम गर्न सक्छन् भने एउटा सिंगै संगठित शक्ति आफ्नो साथमा हुने प्रगतिशील जनप्रतिनिधिहरूले त आ-आफ्नो इलाका वा गाविसमा यो भन्दा थुप्रै र उन्नत सुधारका कामहरू गर्न सक्नु पर्ने हो । यही प्रेरणा प्राप्त होस्- भर्खरै निर्वाचित भएका स्थानीय निकायका प्रगतिशील पदाधिकारीहरूलाई, भनेर हामीले यो स्थलगत अध्ययन प्रकाशित गरेका छौं । प्रगतिशील पदाधिकारीहरूले सुधारवादी हुनु चाहिँ गलत हो, तर जनताको राहतका निम्ति सुधारका कामहरू गर्नु चाहिँ गलत होइन भन्ने हामीलाई लाग्छ ।*

-मूल्यांकन

★ ★ ★ ★ ★ ★ ★ ★ ★

# व्यक्तिगत प्रयासमा प्रशंसनीय गाउँ विकासको नमूना-

# बाँसखर्क



लक्ष्मण दोङ

**“यो मर्‍यो, अब हामी भागौं” भन्दै खड्गबहादुर दोङले आफ्नै कान्छा काका लक्ष्मण दोङको देब्रे आँखा फुटाएर मरणासन्न अवस्थामा छाडेर हिंडे ।**

यो घटना २०३१ साल भदौ १९ गतेको हो ।

सिन्धुपाल्चोक जिल्लाको बाँसखर्क गाउँ विकास समिति वडा नं. ६ बस्ने तत्कालीन प्रधापञ्च लक्ष्मण दोङलाई छिमेकी गाउँ दुवाचौर वडा नं. ८ मा अवस्थित मोतीराम वि.क.को घरमा कानो बनाइयो । गाउँमा स्थानीय निर्वाचनको प्रचार-प्रसार चलिरहेको थियो । २०२० सालदेखि प्रधानपन्च रहँदै आएका लक्ष्मण दोङले सो निर्वाचनमा पनि जित्ने पक्का थियो ।

बाँसखर्कमा पनि निर्वाचन भयो । लक्ष्मण दोङ फेरि थप एक कार्याकालका लागि निर्वाचित भए । बहुदलीय व्यवस्थाको पुनर्बहालीपछि गाउँको स्थानीय सरकार विघटन नगरून्जेल अर्थात् २०४७ साल वैशाख १४ गतेसम्म लक्ष्मण दोङ गाउँमा प्रधानपञ्च बने । लगातार २७ वर्षसम्म प्रधानपञ्च बन्दा दोङले के-के गरे ? उनले नेतृत्व दिएको विकासका बारेमा पढेपछि सो कुरा स्पष्ट हुनेछ ।

> **वन पस्नेका डोका, बन्चरा, हँसिया खोसेर बन संरक्षण थालेका बाँस खर्केलीहरुले विरुवा मास्नुलाई जीवहत्या गर्नु बराबर ठाने ।**

## बाँसखर्क : छोटो चिनारी

बाँसखर्क, सिन्धु-पाल्चोक जिल्लाको सदरमुकाम- चौताराबाट उत्तर पश्चिममा पर्ने एउटा दक्षिण-पूर्व फर्केको गाउँ हो । बाँसखर्कमा वर्षेपिच्छे जनगणना गरिन्थ्यो । गाउँको लगत जहिले पनि प्रष्ट र खुल्ला राखिन्थ्यो । २०४७ सालमा अन्तिम पटक स्थानीय स्तरमा गरिएको जनगणनाअनुसार गाउँमा ५३० धुरीमा ३ हजार ७० जना मानिसहरू बसोबास गर्दछन् । गाउँमा तामाङ्ग ६८.७६ प्रतिशत (२ हजार १ सय ११ जना), नेवार १७.१३ प्रतिशत (५ सय २७ जना), कामी ५.४ प्रतिशत (१ सय ६६ जना) लगायत बाहुन-क्षेत्री, घले, दमाई, घर्ती, गुरूङ आदि रहेका छन् ।

समुद्री सतहभन्दा १३२५ मीटर (लगभग) उँचाईमा रहेको यो गाउँ विकास समितिको पूर्वमा लागर्चे, भोटे नामलाङ र थाङपालधाप, पश्चिममा पालचोक र किउल, उत्तरमा बरूवा र दक्षिणमा दुवाचौर गा.वि.स.हरू पर्दछन् । गाउँमा धान, गहुँ, तोरी, मकै, कोदो आदि अन्नहरू उत्पादन हुने गर्दछ ।

काठमाडौं उपत्यकाबाट मेलम्ची जाने बस पाइन्छ । मेलम्चीबाट तीन घण्टा हिंडेपछि बाँसखर्क पुग्न सकिन्छ । वरपरका गाउँबाट धेरै चेलीहरू बम्बई पुर्‍याइएको भए पनि बाँसखर्कका एकदम थोरै चेलीहरू टिनको छाना छाउने रहरमा भारत पसेका छन् । खेतीपातीले नै राम्रो आम्दानी दिने भएकोले बाँसखर्क अरू गाउँभन्दा भिन्नै प्रकृतिको छ ।

## वन संरक्षणसंगै गाउँ विकास

बाँसखर्केलीहरूले वन संरक्षणको कामसँगै गाउँ विकास थालेका हुन् । गाउँमा वि.सं. २०१३ सालमा वन राष्ट्रियकरण गरिनु पाँच वर्षअघि अर्थात् वि.सं. २००८ सालमा नै वन बचाउन थालियो । २००८ सालसम्म वरिपरिका आठ गाउँका गाउँलेहरू बाँसखर्कको वन पैदावरमा निर्भर गर्दथे । वन पस्नेका डोका, बन्चरा, हँसिया खोसेर बन संरक्षण थालेका बाँस खर्केलीहरूले विरूवा मास्नुलाई जीवहत्या गर्नु बराबर ठाने । बौद्ध धर्मका नीति नियमलाई पालन गरेर विरूवा बचाए । "विभिन्न प्राणीहरूले त्यो रूखको कसैले फल खाने, कसैले फूल खाने, कसैले रस, कसैले बोक्रो र पात खाएर आफ्नो जीवन निर्वाह गरेका छन् भने त्यो रूख बचाउनु नै धर्म भन्नुहोस् या दान"- ७७ वर्षीय लक्ष्मण दोङ बताउँछन् ।


### बाटोः

बाँसखर्केलीहरूले वि.सं. २०२० सालदेखि आवश्यक तथा विशेष अवस्था बाहेक वडा क्षेत्रको बाटो वडा क्षेत्रकै जनश्रमदानद्वारा दशैं आसपासमा निर्माण वा मर्मत गर्ने प्रचलन चलाए । २०३५ सालमा वडा नं. ६ माने डाँडाबाट वडा नं. ५ र ८ हुँदै बरूवा पुग्ने नयाँ बाटो जनश्रमदानबाट नै निर्माण गरे । २०३६ सालमा वडा नं. ६ बाट वडा नं. ५ र ९ हुँदै बरूवा पुग्ने नयाँ बाटो र २०४१ सालमा वडा नं. ६ बाट दुवाचौर हुँदै मेलम्ची पुग्ने नयाँ बाटो पनि जनश्रमदानबाटै तयार पारे ।

२०४६ सालमा आवादी क्षेत्रभित्र पर्ने बाटोहरू १० इञ्च चौडाईका गुम्बा पुग्ने दुई वटा बाटोसमेत श्रमदानबाट निर्माण गरिए । मेलम्चीबाट बाँसखर्क पुग्ने बाटो भनेको खेतका आलीमा सीमित छन् । तर बाँसखर्क गाउँभित्र बाटाहरू भने घोडेटो हुन् । दशैंताका बाटो मर्मत गर्ने नियम गाउँमा अहिले पनि छँदैछ ।

### सिँचाई र खानेपानीः

वि.सं. २०२४ सालमा नै गाउँमा १० वटा कुलो, २०३० सालमा सरकारी अनुदान एवं श्रमदान समेतले वडा नं. ६ मा खरूखोला कुलो निर्माण गरिएको थियो । २०४० सालमा वडा नं. ९, २०४१ सालमा वडा नं. ४, २०४२ सालदेखि २०४६ सालसम्ममा वडा नं. ६ मा नयाँ कुलो निर्माण गरियो । २०४३ सालमा वडा नं. ८ र २०४६ सालमा वडा नं. ५



तालीम घर

मा तेङसिङ नामको कुलो निर्माण गरिएका थिए ।

२०२५ सालमा वडा नं. १, ७ र ८ मा जनश्रमदानबाट आवश्यकताअनुसार खानेपानीका लागि कूलो निर्माण गरिएको थियो । २०३२ सालको तिहारमा देउसी खेलेर पाएको देउसीदान र जनसहयोगबाट पोलिथीन पाईप ल्याएर जडान गरेयता प्रायसः सबै वडामा पानीको संकट छैन ।

पूर्णिमाको दिन महिलाहरूको एउटा समितिका ५ सदस्य 'कुङगा' धूपबाती लिएर गुम्बा पुग्छन् । 'कुङगा' बौद्धमार्गीहरूले गुम्बामा पूजाआजा गर्दा प्रयोग गर्ने चाँदीको दियो आकारको सामाग्री हो । गुम्बा पुगेर धूपबातीका साथ पूजाआजा गर्छन् र बैठक बस्छन् '। पूर्णिमा पिच्छे प्रतिव्यक्ति पाँच रूपियाँ उठाउँछन् र खानेपानी मर्मतका लागि स्थापित कोषमा जम्मा गर्छन् ।

वडा नं. ६ का ५० घरको एउटा गुठियारमध्येको धूरीको कोही मऱ्यो भने कृयाकर्म तोकिएको ठाउँमा गर्छन् । खानेपानी मर्मतका लागि खडा गरिएको कोषमा मृतकका नातेदारले कम्तीमा पच्चीस रूपियाँ जम्मा गर्छन् ।

## स्वास्थ्य :

२०३५ सालमा दर्ता भएको स्वास्थ्य चौकीका लागि दुई वर्षमा गाउँलेहरू आफैं जुटेर चारकोठे भवन बनाए । २०४३ सालदेखि नर्सिङ क्याम्पस, महाराजगंजका चार पाँच जना नर्सिङका विद्यार्थीहरू प्रत्येक वर्षको चैत-वैशाखमा बाँसखर्क जाने गर्थे । २०५० सालदेखि यो क्रम टुट्यो । नर्सिङका विद्यार्थीहरूको आठहप्ते तालीम एवं स्वास्थ्य सेवाले गाउँमा ठूलो राहत पुगेको थियो । गाउँका सबैजसो घरमा शौचालय छ । बाल बचाउ कोष (यु.के) बाट २०४० सालदेखि र व्यवहारिक पोषण कार्यक्रमबाट २०४२ सालदेखि स्वास्थ्य सहयोग पनि बाँसखर्कलीहरूले नै पाए ।

## कृषिः

२०२७ सालदेखि नै वैज्ञानिक तरीकाबाट खेती गर्न थालेका कारण २०४६ सालमा कृषि सेवा केन्द्रको स्थापना वरपरका आठघटा गाउँ विकास समितिमा नभई बाँसखर्कमा नै हुन पुग्यो । जिल्ला भूमिसुधार कार्यालयबाट २०२१ सालमा मोहीको लागत दर्ता थालियो । २०४२ र २०४३ सालमा गाउँका सम्पूर्ण जग्गा नाप गरियो भने २०४४ सालमा जग्गा धनी प्रमाण पूर्जा वितरण गरियो ।

सबै खाले विकास बाँसखर्कमा नै ओइरिन थालेको कुराको टिप्पणी गर्दै लक्ष्मण दोङ भन्दछन्– "बत्तीमा पुतली भ्याम्मिए !"

## दाहसंस्कारको नयाँ शैली :

बाँसखर्केली तामाङ्गहरू बौद्ध धर्मका अनुयायी हुन् । उनीहरूको परम्पराअनुसार माने (चिहान देवल) का लागि गाउँको उच्च भागको पर्ती जग्गा उपयोग गर्ने चलन छ । मृतकलाई लामा ल्याई उक्त पर्ती जग्गामा छुट्टाछुट्टै दाहसंस्कार गरी त्यो ठाउँमा ढुङ्गाको माने बनाउने चलन छ ।

बाँसखर्कमा सर्वप्रथम वडा नं. ६ मा नयाँ शैलीको दाह संस्कार प्रणाली ग्रहण गरियो । त्यसताका बढ्दा चिहानको कारण गाउँको आवादीतिर चाप बढ्ने डर थियो । "म २००४ सालतिर होला, गोसाईकुण्ड गएको थिएँ । गोसाईकुण्डबाट फर्केर आउँदा तार्चेघ्याङको बाटो हुँदै आएँ । हेलम्बुको सेर्माथाङ गुम्बाका लामाहरूले प्रयोग गरेको 'सोला' घाट देखेर मलाई पनि त्यसै गर्न मन लाग्यो" दोङ बताउँछन् ।

हेलम्बुको चलन बाँसखर्केलीहरूले २०१७ सालदेखि चलाए । लासलाई एउटै 'सोला' घाटमा जलाउन थाले । त्यो 'सोला' घाट तलपट्टि हावा छिर्ने ठाउँ भएको एउटा बाटुलो पर्खाल ( इनार जस्तै तर एक मिटर भन्दा थोरै अग्लो) हो । मानेको निर्माण गर्ने प्रथा बन्द भयो । दाहसंस्कारबाट निस्केको खरानी इन्द्रावतीमा बगाइन थालियो । एकै ठाउँमा कृयाकर्म गर्न सोलाघाटसँगै एउटा छाप्रो बनाइयो । यो चलन अरूले जानून भन्ने अभिप्रायले गुम्बाको निर्माण गरियो र नाम 'छे ठिम पेठिलेन' राखियो । 'छे ठिम पेठिलेन' को अर्थ 'धर्मशास्त्रको रीतिथितिको नमूना प्रचार' हुन्छ । बाँसखर्कका सबै वडामा 'सोलाघाट' बनाइए । अहिले वरपरका गाउँहरूमा पनि यस्तो घाटमा नै लास जलाइन्छ ।

तामाङहरूको अन्त्येष्टि (घेवा) साधारणतः तीन किसिमको हुन्छः (क) एक- बिहाने घेवा (ख) एक-राते घेवा र (ग) 'सो' घेवा । एक बिहाने घेवा बिहान शुरू हुन्छ र साँझमा सिद्धिन्छ । एक राते घेवा पनि बिहान शुरू हुन्छ तर यो दिनभर र रातभर चलेर भोलिपल्ट बिहान सिद्धिन्छ । 'सो' घेवा कुनै व्यक्तिले आफ्नो जीवनकालमै गर्ने घेवा हो र सन्तानहीन व्यक्तिहरूले साधारणतः आफू मर्नुभन्दा अघि आफ्नू 'सो' घेवा गर्दछन् ।

२०१७ सालअघिसम्म दाहसंस्कारका समयमा म्याएसम्म सबै गाउँले बोलाउने, घेवा (एक राते)मा जाँडरक्सी प्रशस्त खुवाउने गरिन्थ्यो । घेवा सकेपछि गाउँका धेरै मानिसहरू बिरामी हुन्थे । मृतकको घरमा ठूलो आर्थिक संकट पर्दथ्यो । तर २०१७ सालपछि घेवा- एक बिहाने बनाइयो । रात बस्नु नपर्ने गरियो र खर्च पनि कम भयो । कृयाकर्म घरघरमा गोठ बनाएर नगर्ने, आफ्नो वडाबाहेक अरू वडाको मानिसहरूलाई नबोलाउने, आफू पनि अरू वडामा नजाने गर्नाले मृतकको नातेदारमा पर्ने आर्थिक संकटमा कमी आयो । 'कृयाकर्ममा हुने ठूलो खर्चले गाउँमा घरखेत बेच्ने मान्छेहरू पनि भेटिन्थे । तर अहिले गाउँमा दुई-चार धुरीबाहेक सुकुम्बासी (जग्गा नभएको) कोही छैनन्" दोङ बताउँछन् ।


प्रत्येक नयाँ विकासे प्रयासमा धार्मिक रंग दिने र धार्मिक व्याख्या गर्न सक्ने लक्ष्मण दोङले आफू बसेको वडाका सबै मानेहरू हटाए । चिहानडाँडाको लागि प्रख्यात उच्च पर्ती जग्गालाई हरियो वन बनाउन सबै गाउँलेलाई अग्रसर गराए ।


उनले चिहानडाँडाका मानेहरू भत्काए । मानेको गर्भमा रहेको केही भू-अंश इन्द्रवतीमा बगाए । माने भत्काएर निस्केका ढुंगाबाट त्यही चिहानडाँडामा खानेपानीको ट्यांकी, कृषि सेवा केन्द्र, हेल्थपोष्ट भवन, तालिम केन्द्र भवन, रेन्जर पोष्ट कार्यालयको भवन, गुम्बा, बौद्ध स्तूप, गा.वि.स. भवन, 'सोलाघाट' र पाहुना घर बनाइयो । बाँकी भागमा वन लगाइयो ।

२०५२ सालमा अर्को नयाँ ढाँचाको 'सोलाघाट' बनाइएको छ । डेढ घण्टामा लाश जलिसक्ने यो सोलाघाट बन्द रहने खालको छ । दुईतिर दुई ढोका भएको फलामका रडको जालो र चिम्नी जडित यो घाट पहिलेको खुल्ला घाटभन्दा बढी सरल छ ।

**महतले नर्सरीको हस्तान्तरण चाहने तर दोङ दिन नचाहने कुराका लागि लामो विवाद भएको देखेर अंग्रेजीभाषी अष्ट्रेलियनले कुरा बुझ्न चाहृयो**

अध्ययनरत लक्ष्मण दोङ





"म २००४ सालतिर होला, गोसाईकुण्ड गएको थिएँ । हेलम्बुको सेर्माथाङ गुम्बाका लामाहरुले प्रयोग गरेको 'सोला' घाट देखेर मलाई पनि त्यसै गर्न मन लाग्यो"



मुर्दा जलाउन बनाइएको नयाँ ढंगको सोलाघाट

## 'सामुदायिक' नर्सरी र बाँसखर्कः

हाल नेपालमा सबैभन्दा अगाडि देखिएको सामुदायिक विकासको सफल प्रयोग भनेको सामुदायिक वन हो । सो 'सामुदायिक वन' भन्दा अगाडि 'सामुदायिक नर्सरी' को शुरूआत पनि नेपालमा बाँसखर्कबाटै भएको तथ्य फेला परेको छ ।

कुरा २०३३ साल मंसीर महिनाको हो । तत्कालीन राष्ट्रिय गाउँफर्क अभियानको चौतारामा भेला थियो । भेलामा प्रधानपन्च दोङ पनि सहभागी थिए । दोङले सिन्धुपाल्चोकका तत्कालीन जिल्ला वन अधिकृत तेजबहादुर सिंह महतसंग वन नर्सरी खोल्ने जिकिर गरे । महतले 'नर्सरी त तपाईंलाई खोजेर दिनुपर्थ्यो, तर अहिले बजेट छैन' भने । दोङले बजेट लगायत सम्पूर्ण जुटाउने कुरा गरेपछि महतले भने- "अहिलेसम्म नेपालमा जनसहयोगबाट बनेको त्यस्तो नर्सरी नै छैन । यदि तपाईंले तयार पार्नु भयो भने त्यो नमूना नै हुन्छ ।"

त्यसताका सिन्धुपाल्चोक जिल्लामा चार वटा 'फरेस्ट नर्सरी' थिए । ती नर्सरीहरू- चौताराको पात्लेपानी, ज्यामिरे, ठोकर्पा र बाह्रबिसेमा थिए । ठोकर्पाका तत्कालीन प्रधानपंच नीलप्रसाद भण्डारीले बनाएको 'फरेस्ट नर्सरी' देखेर नै दोङले यो प्रयास गरेका थिए ।

त्यसको चार महिना नबित्दै बाँसखर्कमा नर्सरी तयार भयो । ०३४ साल असोज १० गते हेलिकप्टर चढेर त्यहाँ पुगेका तत्कालीन कृषिमन्त्री रवीन्द्रनाथ शर्मा र शिक्षामन्त्री पशुपति शम्शेरले नर्सरीको उद्घाटन गरे ।

त्यसको केही समयपछि वन अधिकृत महत र एकजना अष्ट्रेलियन बाँसखर्क पुगे । अधिकृतको भनाइ थियो- "नर्सरी उद्घाटन भएकोले यो सरकारलाई हस्तान्तरण गर्नुपर्छ ।" दोङले भने- 'हामी यो हस्तान्तरण नगर्ने भएका छौं ।" सरकारलाई हस्तान्तरण गरेपछि त्यो नर्सरी पनि फरेस्ट नर्सरी हुने, जनताले जंगली विरूवाहरू मात्र रोप्न पाउने र डालेघाँस, फलफूलका विरूवा रोप्न नपाउने भन्ने त्यस बखतको वनसम्बन्धी नियम थियो ।

महतले नर्सरीको हस्तान्तरण चाहने तर दोङ दिन नचाहने कुराका लागि लामो विवाद भएको देखेर अंग्रेजीभाषी अष्ट्रेलियनले कुरा बुझ्न चाह्यो । महतले अष्ट्रेलियनलाई वास्तविकता बताए । अष्ट्रेलियन त्यसबाट प्रभावित भए र सहमति जनाए । अष्ट्रेलियनले नर्सरीको नाम 'सामुदायिक नर्सरी' राख्ने सल्लाह दिए ।

यसरी सिन्धुपाल्चोकमा ती चार फरेस्ट नर्सरीबाहेक त्यसपछि स्थापित नर्सरीहरूलाई सामुदायिक नर्सरी भनिन थालियो । यसरी नेपालका लागि सामुदायिक नर्सरी र त्यसपछि सामुदायिक वनको जन्मथलो पनि बाँसखर्क नै हुन गयो ।

## व्यक्तिगत घटना दर्ता र बिरुवा

वनलाई निरन्तरता दिन र गाउँलेहरूलाई आत्मनिर्भर बनाउने प्रयासका लागि दोङले व्यक्तिगत घटना दर्तासंग विरूवा रोप्ने प्रचलन चलाए । विदेशी सहायताले निरन्तरता दिन नसक्ने कुरामा विश्वास गर्ने दोङ भन्छन्- "विदेशी सहायता भनेको हाम्रो देशको तराइको मान्छेलाई हिउँ कोसेली दिए सरह भएको छ । यो एक हातबाट अर्कोमा सार्दासार्दै पग्लेर सकिन्छ । जनताको हातमा त कहाँ पुग्छ ? पुगिहाले पनि यसले अल्छी बनाउँछ ।"

मृतकको नाममा वा जन्म हुँदा शिशुको नाममा कम्तीमा पाँचवटा बिरूवा रोपेको प्रमाण नलिई गा.वि.स. जानेको व्यक्तिगत घटना दर्ता, स्वास्थ्य उपचार र सिफारिश गरिँदैनथियो । बिरूवा रोपेको प्रमाण नर्सरी नाइकेले दिने गर्थ्यो । गाउँमा नागरिकता टोली आउनुअघि शौचालय बनाउन सूचना गरिन्थ्यो- "शौचालय नहुने घरवालाले नागरिकता पाउने छैन" । गाउँमा नै शौचालयका लागि आवश्यक सामाग्रीको निर्माण हुने गर्थ्यो ।

शिशुको जन्म हुँदा आशीर्वाद 'रूख-बिरूवा जस्तै हुनू" दिने गरिन्थ्यो । शिशु र रूखलाई बराबर स्याहारसुसार गरिन्थ्यो । यसरी रूख विरूवाप्रतिको मायाले गर्दा गाउँ वनको हरियालीभित्र डुब्न पायो ।

२०४० सालदेखि २०४६ सालसम्म त्रिभुवन विश्वविद्यालयअन्तर्गतको वन विज्ञान अध्ययन संस्थानका प्रमाणपत्र तहका विद्यार्थीहरू नमूना पहाडी वनको अध्ययनका लागि बाँसखर्क नै पुग्थे । विकसित वनले गर्दा गाउँमा अझै पनि पहिरोको धर्सो देखिँदैन ।

दोङ भन्छन्- "तपाईंलाई यो नियम निरंकुश जस्तो लाग्न सक्छ । देशको उन्नति र समृद्धि चाहने प्रत्येक मान्छेले केही न केही योगदान पनि गर्नुपर्ने हुन्छ । हामीले पनि त्यही गरायौं । तर बाँसखर्कैलीहरूलाई हामीले नियम मात्र लादेनौं, फाइदा पनि बतायौं ।"

२०४४ सालको जराजुरी पुरस्कार विजेता दोङ भन्छन्- "हामीले गाउँलेहरूलाई संझायौं- मृतकको आत्मालाई खुसी पार्न चाहनु हुन्छ भने एउटा फलफूलको विरूवा रोप्नुहोस्, जसबाट केही वर्षमै धेरै मान्छेले फल र शीतल प्राप्त गर्न सक्छन् । जिउँदा मान्छेको लागि पनि फाइदा हुन्छ र मृतकको आत्मा पनि खुसी हुन्छ ।' कहीं अन्धविश्वास जस्तो लाग्ने यी वाक्यहरू दोङका विकास-दर्शनका सिद्धान्तमा आधारित छन् ।

## अहिले के छ त ?

२०४६ सालमा प्रजातन्त्रको पुनर्बहालीपछि प्रशासनिक अधिकारबाट दोङ टाढिए । 'सोलाघाट'मा लाश जलाउने तथा पहिलेका धेरैजसो काम गाउँमा सूचारू रूपले चलेका छन् । घटनादर्तामा विरूवा रोप्ने चलन चाहिं केही सीमित परिवारमा विद्यमान छ । राजनीतिक दलहरूबीचको अस्वस्थ द्वन्दले विकासमा बाधा नपुर्‍याएको भन्न सकिँदैन ।

व्यक्तिगत नेतृत्वको विकासको परिणति दुःखद पो हुन्छ कि भन्ने शंका गर्ने ठाउँ देखिएको छ । "किन तपाईंहरूले ती कामहरूलाई निरन्तरता दिन सक्नु भएन ?" भन्ने प्रश्नमा दोङ भन्छन्- "अधिकार ममा रहेन, मेरो भनाइ ठीक ठान्नेले निरन्तरता दिएकै छन् ।" तर बाँसखर्क वडा नं. ४ का ५६ वर्षीय आइतमान पाखिन भन्छन्- "बूढाको अनुशासन कडा, आजकलको ठिटाहरू अनुशासनमा बस्न नचाहने !"


नयाँ पिँढी दोङको कुरालाई काँध हाल्न तयार छैनन्, बूढाहरू सक्ने अवस्थामा छैनन् । तर पनि गाउँको अवस्था बिग्रेको छैन । यस्ता ३ हजार ११ जना अरू दोङहरू जन्मिए, देशका सबै गाउँमा केही विकास हुन सक्थ्यो कि ?

◆ **राजेश कोइराला**

(स्थलगत भ्रमणका साथै सन्दर्भ सामग्रीहरू: ❀ हिमाल, २०४७ साल ◉ गोरखापत्र, २०५२ वैशाख ३० गतेको शनिवासरीय ◉ गाउँघर (भित्ते पत्रिका), २०४६ साल जेठ ◉ जनमञ्च साप्ताहिक, २०४९ साल साउन ८ गते ◉ Moving Mountains, Sara Neustadtl (America), 1987

## नेपाललाई सुमन्नत तुल्याउनका निम्ति प्रस्तावित सबैभन्दा ठूलो 'जादूको छडी'

# कर्णाली परियोजनाको वास्तविकता के हो ?



फोटोः टोनी हेगन / सौजन्यः हिमाल

◆ राजेन्द्र दाहाल



यदि विकास आयोजना अर्थात् प्रोजेक्ट नै मुलुक र समाजलाई समुन्नत तुल्याउने 'जादूको छडी' हो भने १० हजार ८०० मेगावाट विजुली निकाल्न सक्ने प्रस्तावित कर्णाली (चीसापानी) आयोजना नेपालसंग भएका त्यस्ता 'छडी'हरूमध्ये को सबैभन्दा ठूलो छडी हो ।

नेपालको कूल सिंचाईयोग्य भूमिभन्दा डेढगुना ठूलो क्षेत्रफललाई बाह्रै महिना सिंचाईको लागि एकनासले पानी उपलब्ध गराउन सक्ने कर्णाली आयोजनाबाट उत्पादित विद्युत शक्ति, कल्पनातीत भविष्यसम्म पनि नेपालले खपत गर्न नसक्ने परिमाणको हुनेछ । यस आयोजनाबाट उत्पादन हुने भनिएको वार्षिक २० अर्ब यूनिट बिजुली अहिलेको प्रचलित औसत दर (रू ५/ प्रति यूनिट) मा बिक्री गर्दा पनि वार्षिक १०० अर्ब अर्थात् रू एक खर्ब बराबरको आम्दानी हुन्छ । रोयल्टी, विक्रीकर, आयकर, निर्यातकर आदि सबै गरेर नेपालको सरकारले कूल विद्युत उर्जा बिक्रीको २० प्रतिशत मात्रै अंश पायो भने पनि वार्षिक रू २० अर्ब भन्दा बढी राजस्व प्राप्त हुन्छ । यो रकम श्री ५ को सरकारको चालू आर्थिक वर्षको कूल कर राजस्व बराबर हुन आउँछ । सिंचाई सुविधा विस्तारबाट, बाँके, वर्दिया र कैलाली जिल्लाहरूमा बढ्ने कृषि उत्पादनको लाभ, आयोजनाको कारण सिर्जना हुने प्रत्यक्ष र अप्रत्यक्ष रोजगारीका हजारौं अवसर, सहायक उद्योगधन्दा, व्यापार, व्यवसाय, आदिको आम्दानीसमेत जोड्दा, सरकारले हाल प्राप्त गरिरहेको सम्पूर्ण राजस्व बराबरको रकम- कर्णाली आयोजना एक्लैबाट प्राप्त हुन सक्दछ ।

● कर्णाली आयोजनाको सपना, हिजोभन्दा आज झन् झन् स्पष्ट र सुनौला हुँदै गइरहेको छ ।

कर्णाली आयोजनासंगै ३५ वर्षअघि जन्मिएको नेपाली पुस्ता अहिले प्रौढ अवस्थामा प्रवेश गर्ने तरखर गर्दैछ ।

कर्णाली आयोजनाबाट नेपालले निकै ठूलो अपेक्षा राखेको छ । तर कर्णाली आयोजनासँगै ३५ वर्षअघि जन्मिएको नेपाली पुस्ता अहिले प्रौढ अवस्थामा प्रवेश गर्ने तरखर गर्दैछ । कर्णाली आयोजनामा जागिर खाने पक्का मन बनाएर, दाताहरूको ऋण र अनुदानमा रूड्की र भारतका अन्य कलेजमा इन्जिनियरिङ्ग पढ्न गएकाहरू, कर्णालीको विकासमा पाइला नटेकिकनै सेवा र पेशाबाट अवकाश लिने घडीमा पुगेका छन् । कर्णाली आयोजनाको विशाल बाँध र अन्य संरचना निर्माण गर्न आवश्यक सिमेन्ट उत्पादन गर्न स्थापना गर्ने भनिएको वार्षिक ३ लाख मेट्रिक टन क्षमताको सिमेन्ट कारखानाको संभाव्यता अध्ययन प्रतिवेदन कुनै सरकारी निकायको वा उहिल्यै खारेज भइसकेको कुनै आयोजना (प्रोजेक्ट) कार्यालयको कुनामा नभेटिने गरी धूलोले पुरिइसकेको छ ।

तर कर्णाली आयोजनाको सपना, हिजोभन्दा आज झन् झन् स्पष्ट र सुनौला हुँदै गइरहेको छ । प्रत्येक अध्ययन-आयोजना (Study-project) पछि यो आयोजना बढी आकर्षक र लोभलाग्दो बन्दै गएको छ । ९०० मेगावाट क्षमता बढेर अहिले १०८०० मेगावाट पुगेको छ भने समयको अन्तरालसँगै कर्णाली बाँधको उचाइँ र बनोटमा पनि परिवर्तन हुँदै आएको छ ।

# कर्णाली (चीसापानी) आयोजना कस्तो छ ?

◆ अवस्थितिः काठमाडौंबाट करीब ६०० कि.मि. पश्चिम, महेन्द्र राजमार्गको कर्णाली पुलबाट करीब ४ कि.मि. उत्तरमा भारतको राजधानी नयाँ दिल्ली यो आयोजना स्थलबाट करीब ५०० कि.मि पश्चिम पर्छ ।

◆ उद्देश्यः जल विद्युत उत्पादन गरी भारत निर्यात गर्ने तथा सिंचाईको लागि पानी र बाढी नियन्त्रण गर्ने ।

◆ जलाधारः कर्णाली नदीका मुख्य सहायक नदीहरुः हुम्ला कर्णाली, मुगु कर्णाली, सिंजा खोला, भेरी, पश्चिम सेती र ठूली गाढ तथा यिनका करीब २५० वटा सहायक नदी, खोला, खोल्साको कूल जलाधार क्षेत्र ४३ हजार ६७९ वर्ग कि.मि. ।

◆ चीसापानीमा कर्णालीको औसत बहाव (पानीको मात्रा): १३८९ क्युमेक्स (एक सेकेण्डमा १३८९ घन मिटर पानी प्रवाहित हुन्छ) ।

◆ बाँधः ४ करोड ५० लाख घन मिटर माटो ढुंगा, बालुवा प्रयोग गरेर बनाइने बाँधको जगदेखि डिलसम्मको उचाई २७० मिटर । बाँधको माथिल्लो अंश (डिल) समुद्र सतहबाट ४४५ मिटर अग्लो हुन्छ ।

◆ तलाउ (रिजर्भ्वायिर): चीसापानी खोंचमा बाँधिने २७० मिटर अग्लो बाँधले कर्णाली नदीलाई १०० कि.मि. पछाडिसम्म फर्काउने छ । फलतः त्यस क्षेत्रमा झण्डै काठमाडौं उपत्यका जत्रै ३३९ वर्ग कि.मि. क्षेत्रफल भएको तलाउ (रिजर्भ्वायिर) बन्नेछ । कुलेखानी आयोजनाको इन्द्रसरोवरभन्दा चीसापानी बाँधबाट बन्ने पोखरी (रिजर्भ्वायिर) १५५ गुना ठूलो हुन्छ । अर्थात् १५५ वटा इन्द्र सरोवर बराबरको पानी कर्णाली आयोजनाको एउटै तलाउमा जम्मा हुनेछ ।

उक्त तलाउमा बिजुली उत्पादन गर्नको लागि प्रयोग गर्नयोग्य पानीको मात्रा १६ अर्ब घन मिटर हुनेछ । बाढी नियन्त्रण समेत गर्दा त्यसमा कूल ३९ अर्ब घ.मि. पानी अटाउनेछ ।

◆ सुरूङ्गः विद्युत गृहमा पानी पुऱ्याउने सुरुङको लंबाई ४.१ कि.मि. ।

विद्युत गृहमा पानी पुऱ्याउने सुरूङको मोटाईः १५ मिटर ।

विद्युत गृह- पूरै भूमिगत ।

विद्युत उत्पादन यूनिट (जेनेरेटर) को संख्या १८ वटा (हरेकको क्षमता ६०० मेगावाट) ।

कूल उत्पादन क्षमता- ६०० मेगावाट X १८ = १०८०० मेगावाट (१ करोड ८ लाख कि.वा.) ।

वार्षिक उर्जा उत्पादन- २० अर्ब ८४ करोड यूनिट (किलोवाट घण्टा) ।

◆ सिंचाईः कूल ३३ लाख ९१ हजार हेक्टर

नेपालमा (संभाव्य) १ लाख ९१ हजार हेक्टर (बाँके र बर्दियाको, अहिले वन रहेको क्षेत्र समेत हिसाब गरेको) ।

भारतमा ३२ लाख हेक्टर ।

## कर्णालीको कथा

सार्वजनिक तवरमा उपलब्ध जानकारीअनुसार, कर्णाली नदीबाट सस्तो दरमा विजुली निकाल्न सकिने संभावना पहिलो पटक, टोनी हेगनले व्यक्त गरेका थिए । नेपालको भौगर्भिक सर्वेक्षणको क्रममा कर्णालीको प्रसिद्ध घुम्ती (कर्णाली बेण्ड) मा पुगेका स्वीस भूगर्भविद् हेगनले सन् १९५० को दशकको शुरूमै कर्णाली नदीमा विद्यमान विद्युतीय क्षमतासंग नेपालीहरूलाई परिचित गराइदिएका थिए । सन् १९६० को दशकको शुरूबाट नेपाल प्रवेश गरेका जापानीहरूको आँखा सबैभन्दा पहिले कर्णालीमै पुग्नुको कारण पनि टोनी हेंगनद्वारा उपलब्ध गराइएको जानकारी नै हुन सक्छ । कर्णालीमा अग्लो बाँध निर्माण गरेर धेरै बिजुली निकाल्न सकिने कुरा- जापानको निप्पन कोइ कं. को प्रतिवेदन पश्चात मात्र प्रकाशनमा आयो । विगत साडे तीन दशक यता नेपालीलाई आशामुखी भएर आफूतिर हेरिरहन बाध्य पार्ने कर्णाली आयोजना भनेको यथार्थमा चीसापानी बाँध हो ।

निप्पन कोइ कं. ले सन् १९६६ मा सम्पन्न गरेको अध्ययन प्रतिवेदनमा, करीब २०० मीटर अग्लो कंक्रिट बाँध निर्माण गरी त्यसबाट ९०० देखि १८०० मेगावाट विजुली उत्पादन गर्न सकिने कुरा दर्शाइएको थियो । निप्पन कोई.को निष्कर्षले कर्णाली आयोजनाप्रति विश्वका ठूला कन्सल्टिङ कम्पनीहरूलाई आकर्षित गऱ्यो । फलतः दुई वर्षपछि (सन् १९६८) मै निप्पन कोई.को अध्ययनको समीक्षा गरी त्यसलाई त्रुटीपूर्ण बताउँदै अष्ट्रेलियाको स्नोइ माउन्टेन हाइड्रोइलेक्ट्रिक अथोरिटीले अर्को प्रतिवेदन तयार पाऱ्यो । स्नोइ माउन्टेनले, निप्पन कोइद्वारा प्रस्तावित ठाउँबाट केही तल, माटोको बाँध (कंक्रिट हैन) निर्माण गरिनु पर्ने सिफारिस गऱ्यो ।


सन् १९७७ मा नर्वेको नरकन्सल्ट र स्वीटजरल्याण्डको इलेक्ट्रोवाटले त्यसअघिका दुवै अध्ययनका निष्कर्षहरूलाई अस्वीकार गर्दै अत्यन्त नयाँ प्रस्ताव तयार पारे । अग्ला बाँधको व्यवसायमा निपूर्ण यी दुई कम्पनीहरूले पूर्ण प्रस्तावित बाँध स्थल अरू तल सारेर आयोजनाको क्षमता दोब्बर गरी ३६०० देखि ४५०० मेगावाट पुऱ्याए ।

यी अध्ययनहरूमा कति रकम खर्च भयो भन्ने थाहा पाउन सजिलो छैन । जापान, नर्वे, अष्ट्रेलिया, स्वीटजरल्याण्डका महंगा कन्सल्ट्यान्टहरूले सित्तैमा वा आफ्नो तर्फबाट खर्च हाली ती अध्ययनहरू गरेका थिएनन् । धेरैजसो अध्ययन, नेपाली जनताको नाउँमा राष्ट्रसंघीय निकायं वा दाता मुलुकबाट प्राप्त अनुदान रकम खर्च गरेर गरिएका थिए । तर यति अध्ययन हुँदा पनि कर्णालीबाट विजुली

**जापान, नर्वे, अष्ट्रेलिया, स्वीटजर-ल्याण्डका महंगा कन्सल्ट्या-न्टहरुले सित्तैमा वा आफ्नो तर्फबाट खर्च हाली ती अध्ययनहरु गरेका थिएनन् ।**

**नेपालको विकासको निम्ति अत्यन्त ठूलो अर्थ र महत्त्व राख्ने कर्णाली परियोजना नेपालीहरुका निम्ति वर्षौंदेखिको 'सपना' का रुपमा रहेको छ । नीति-निर्माताहरुका निम्ति कमिशन र सुविधा स्वार्थको अत्यन्त ठूलो 'भाँडो' पनि भएको छ- यो । आफ्नो स्वार्थका निम्ति नेपालको प्राकृतिक स्रोतलाई एकलौटी प्रयोग गर्न चाहने बाह्य शक्तिहरुका निम्ति र ती शक्तिहरुलाई रिझाउन चाहने नेपाली शासकहरुका निम्ति त यो परियोजना ठूलो आकर्षणको केन्द्रबिन्दू नै बनेको छ ।**

**विगतमा देशको ठूलो लगानी परिसकेको यस परियोजनासँग जोडिएका विभिन्न पक्षहरुको चिरफार गर्नु हामीले जरुरी ठानेका छौं। यसै क्रममा यसपटक हामीले प्रस्तुत गरेका छौं- पत्रकार राजेन्द्र दाहालले लेख्नु भएको यो परिचयात्मक र खोजपूर्ण विशेष-लेख । -मूल्यांकन**




*पुष्मा-बाजुराको उत्तरमा रहेको कर्णाली खोंच*
*फोटोः टोनी हेगन*



**पहिलेका अध्ययनहरुले सामाजिक, आर्थिक, वातावरणीय आदि पक्ष समेट्न नसकेको तर्क अगाडि सारेर सन् १९८० को शुरुमा अर्को अध्ययन कार्यक्रम स्वीकृत गरियो ।**

निकाल्ने वास्तविक काम भने शुरू हुन सकेन । अर्को अध्ययनको आवश्यकता र औचित्य पुष्टि गर्न भइसकेका अध्ययनका त्रुटी र कमजोरीहरूको सूची पुनः तयार पारियो । पहिलेका अध्ययनहरूले सामाजिक, आर्थिक, वातावरणीय आदि पक्ष समेट्न नसकेको तर्क अगाडि सारेर सन् १९८० को शुरूमा अर्को अध्ययन कार्यक्रम स्वीकृत गरियो । यस पटक अध्ययनको खर्च व्यहोर्न कुनै दातृ संस्था वा मुलुक अग्रसर भएनन् । फलतः विश्व बैंकबाट १ करोड २० लाख डलर ऋण लिएर अध्ययन कार्य अगाडि बढाइयो । साडे तीन वर्षको समय र श्री ५ को सरकारको अनुदान समेत करीब डेढ करोड डलर (हालको मूल्यमा करीब रू. ९० करोड) खर्च गरेर कर्णाली (चीसापानी) बहुद्देश्यीय आयोजनाको अध्ययन सन् १९८९ मा पूरा गरियो । हिमालय पावर कनसल्टेन्ट्स (एच.पी.सी.) को नाउँमा अमेरिकाको एउटा र क्यानाडाका तीन वटा कम्पनी मिलेर कर्णाली (चीसापानी) बहुद्देश्यीय आयोजना सम्बन्धमा २१ ठेली प्रतिवेदनहरू तयार पारिएका छन् । यो अध्ययनले कर्णाली आयोजनाको पूर्ण स्वरूपलाई अरू व्यापक बनाउँदै, बाँधको उचाइँ २०० बाट २७० मीटर तथा विद्युत उत्पादन क्षमता १० हजार ८०० पुऱ्याएको छ ।

अहिले यही ७० मी. अग्लो बाँध, १०८०० मेगावाट विद्युत क्षमता र नेपालमा १ लाख ९१ हजार तथा भारतमा ३२ लाख समेत कूल ३३ लाख ९१ हजार हेक्टर भूमि सिंचाई गर्ने क्षमताको कागजी आयोजनालाई कर्णाली (चीसापानी) आयोजना भनेर बुझ्ने गरिएको छ ।

## कर्णालीः लागत र लाभ

क) लागतः

आर्थिक लागतः (नोभेम्बर सन् २००३ मा) ६ अर्ब ८० करोड ८ लाख डलर

प्रति किलोवाट लागतः ६३० डलर

प्रति यूनिट लागतः ३.३ सेन्ट (३.३ सेन्ट/प्रति किलोवाट घण्टा)

ख) लागत-लाभको हिसाब

कूल लागत (सन् २००३)- ६८० करोड डलर

कूल आम्दानी (सन् २००३) - १६७८ करोड डलर

खुद आर्थिक लाभ (फाइदा)- ९९७ करोड डलर

### अहिलेको कर्णाली आयोजना

हिमालयन पावर कन्सल्टेन्ट्स् द्वारा सम्पन्न अध्ययनलाई 'संभाव्यता अध्ययन' (Fisibility study) को नाउँ दिइएको छ । यसको तात्पर्य आयोजना कार्यान्वयन गर्ने स्थितिमा अरू विस्तृत अध्ययन गर्न बाँकी नै छ भन्ने हुनेछ । त्यतिखेर अहिले देखिएको भन्दा चर्को समस्या र चुनौती आइपर्न सक्छन् । साथै, आयोजनाको क्षमता, बाँधको उचाइँ, रिजर्भ्वायरको क्षमता, लागत आदि पक्षहरूमा थपघट हुने पर्याप्त संभावना बाँकी रहन्छ ।

यो अध्ययन गराउन आवश्यक रकम, नेपाल एक्लैले विश्व बैंकबाट ऋण ल्याएर व्यहोरेको भए पनि, अध्ययन कार्यमा भने भारत सरकारको संलग्नता शुरूदेखि नै रहेको थियो । नीतिगत निर्णय गर्न दुई देशका जलस्रोत सचिवहरू समेत रहेको उच्च स्तरीय कर्णाली-कमिटी बनाइएको थियो भने प्राविधिक सल्लाह, निर्देशन दिन तथा कन्सल्ट्यान्टका कामहरूको नियमित सुपरीवेक्षण गर्नको लागि दुवै देशका प्राविधिक कर्मचारीहरूको "कर्णाली समन्वय समिति" बनेको थियो । एक अर्थमा, कर्णाली चीसापानी आयोजनाको पछिल्लो अध्ययन भारतीय चाहनालाई पर्याप्त महत्व दिएर गरिएको थियो । भारतको संलग्नता र अनुरोधको कारणले गर्दा जलमार्ग र वातावरणीय लाभ सम्बन्धी पक्षहरू संभाव्यता अध्ययनमा समेटिएका छैनन् ।

### के छ 'इनरोन' को प्रस्तावमा ?

इनरोन मूलतः ऊर्जाको कारोबार गर्ने कम्पनी हो । त्यसै भएर उसले कर्णाली आयोजनालाई विद्युत उत्पादन गर्ने उद्देश्यबाट मात्र विकास गर्ने प्रस्ताव राखेको छ । २०५३ माघमा श्री ५ को सरकारका मन्त्री, सांसद र उच्च सरकारी अधिकारीहरू समक्ष इनरोनद्वारा प्रस्तुत बूँदागत प्रस्ताव तथा उसैद्वारा तयार पारिएको समझदारीपत्रको मस्यौदाअनुसार, कर्णाली आयोजनाबाट शुरूमा ३००० मेगावाट मात्र विजुली उत्पादन गरिनेछ । कर्णालीको विद्युत उत्पादन गर्ने क्षमता नेपालको प्रस्ताव अनुरूप १०८०० मेगावाट बाट ३००० मेगावाटमा झार्नुको अर्थ इनरोनले यो आयोजनालाई विद्युत माग उच्च हुने (पिकिङ्ग) समयमा चलाउने खालको नबनाई, सधै एकैनाश विद्युत उत्पादन गर्ने आधारभूत आयोजनाको रूपमा विकास गर्न खोजेको बुझिन्छ । हुन त पछि १०८०० मेगावाटसम्म विजुली निकाल्न सकिने विकल्पलाई इनरोनले खुलै राखेको छ । तर त्यसको लागि बाँधको उचाइँ, तलाउको आकार र विद्युत उत्पादन गृह एवं संयन्त्रहरूको बारेमा प्रस्तावमा कुनै कुरा उल्लेख नगरिएको हुँदा उक्त विकल्पप्रति उसको प्रतिबद्धता स्पष्ट छैन ।

**साडे तीन वर्षको समय र रु. ९० करोड खर्च गरेर कर्णाली (चीसापानी) बहुद्देश्यीय आयोजनाको अध्ययन सन् १९८९ मा पूरा गरियो ।**


इनरोनले सन् २००६ को अन्त्य सम्ममा कर्णालीबाट विजुली उत्पादन गरी भारत, नेपाल र चीनमा बिक्री गर्ने प्रस्ताव राखेको छ । करीब ३००० कि.मि. लामो प्रशारण लाइन निर्माण गरी चीनको सियान शहरसम्म कर्णालीको विजुली पुऱ्याउने उसको योजना छ । इनरोनको प्रस्तावअनुसार, उसले कर्णाली आयोजनामा करीब ६ अर्ब डलर लगानी गर्नेछ र ५० वर्षसम्म आयोजना संचालन गरेर त्यसपछि चालू अवस्थामै आयोजना श्री ५ को सरकारलाई सित्तै हस्तान्तरण गर्नेछ ।

आयोजना जति महंगो पाऱ्यो, नेपाललाई त्यति नै बढी लाभ हुन्छ, तसर्थ श्री ५ को सरकारले आयोजना, सस्तो पार्ने र सस्तो दरमा विद्युत उत्पादन गर्ने उद्देश्यले प्रवर्धनकर्ता एवं लगानीकर्ताहरूबीच खुला प्रतिस्पर्धा गराउनु हुँदैन भन्ने पनि इनरोनको माग छ । (सम्भवतः इनरोनको यही तर्कलाई स्वीकार गरेर श्री ५ को सरकारले आफ्नो पूर्व अडान र निर्णय बमोजिम खुला प्रतिस्पर्धा गराएन ।) आफ्नो प्रस्ताव अनुरूप कर्णाली बनाउन दिएमा, श्री ५ को सरकारले

पहिलो १५ वर्षसम्म वार्षिक ७ करोड ४१ लाख डलरदेखि १३ करोड डलरसम्म र त्यसपछि हरेक वर्ष घटीमा ६८ करोड डलर र बढीमा १ अर्ब १६ करोड डलर करबापत मात्रै प्राप्त गर्ने दावी इनरोनले गरेको छ । प्रस्तावअनुसार रोयल्टी वापत पहिलो १५ वर्षसम्म वार्षिक साढे ४ करोड डलर र त्यसपछि वार्षिक ३३ करोड डलर नेपालले पाउनेछ । कर्णाली आयोजनाको कार्यान्वयनमा एक वर्ष ढिलो हुँदा १ अर्ब २० करोडदेखि २ अर्ब ४० करोड डलर विद्युत महशूल र साढे ७ करोडदेखि १० करोड डलर कर राजस्वको अपूरणीय क्षति हुन्छ भनी आयोजना निर्माणको टुंगो चाँडोभन्दा चाँडो लगाउन इनरोनले नेपाली अधिकारीहरूलाई उक्साउने र लोभ्याउने प्रयास आफ्नो प्रस्तावमा गरेको छ ।

### इरेक र इनरोन

विद्युत उत्पादन तथा सिंचाई सुविधा उपलब्ध गराउन सक्ने क्षमताको हिसाबले दक्षिण एशियाको सबैभन्दा ठूलो र विश्वको अग्ला बाँधहरूमध्ये चौथो स्थानमा पर्ने कर्णाली आयोजना निर्माण गर्न तम्सिएको- इनरोन रिन्यूएबल इनर्जी करपोरेसन 'इरेक' भन्ने आफैंमा एउटा नयाँ कम्पनी हो । उर्जाका वैकल्पिक स्रोतहरूप्रति विश्वव्यापी रूपमा बढ्दै गएको चासो र आकर्षणलाई ध्यानमा राखी इनरोन करपोरेशनले केही समय अघि मात्र इरेकको स्थापना गरेको हो । ग्याँस र उर्जाका अन्य परम्परागत स्रोतबाट विजुली उत्पादन र तत्सम्बन्धी व्यापारमा पारंगत इनरोन विश्वका केही ठूला उर्जा कम्पनीहरूमध्ये पर्दछ । संयुक्त राज्य अमेरिकाको टेक्सास राज्यको हस्टन शहरमा प्रधान कार्यालय रहेको इनरोन करपोरेशन दुई वर्षअघि, अमेरिकाकै पोर्टल्याण्ड जनरल इलेक्ट्रिक (पी.जी.ई.) नामक कम्पनी खरीद गरेपछि मात्रै जलविद्युतको क्षेत्रमा प्रवेश गरेको हो । विभिन्न मुलुकमा गरी करीब ५००० मेगावाट क्षमताका विद्युत केन्द्रहरू संचालन गरिरहेको इनरोन करपोरेशनसंग पी.जी.ई. संगै खरीद गरेको ६०० मेगावाट क्षमताको जलविद्युत केन्द्र संचालनको अनुभव मात्र छ । इरेकको स्थापनापछि वायु र सौर्य उर्जाको क्षेत्रमा केही लगानी गरे पनि नयाँ जलविद्युत आयोजना निर्माणमा इनरोन अथवा इरेकले पहल गरेको पहिलो आयोजना कर्णाली नै हो । भारतको बम्बै नजिकै रहेको डाभोल विद्युत आयोजनामा उत्पन्न



**कर्णाली नदीबाट सस्तो दरमा विजुली निकाल्न सकिने संभावना पहिलो पटक, स्वीस भूगर्भविद् टोनी हेगनले व्यक्त गरेका थिए ।**

विवादपछि मात्रै दक्षिण एशियाली देशहरूमा इनरोनको प्रचार भएको हो । तर डाभोल विद्युत आयोजना ग्याँसबाट विजुली उत्पादन गर्ने आयोजना हो र त्यसमा 'इरेक' को संलग्नता छैन ।

९ अर्ब डलरभन्दा बढीको कारोबार गरी वार्षिक ५० करोड डलरभन्दा बढी आम्दानी (नाफा) गर्ने इनरोन करपोरेशनको स्थिर सम्पत्ति १३ अर्ब २० करोड डलर बराबर छ । अमेरिकाका प्रमुख राजनीतिक हस्तीहरूलाई विश्वासमा लिएर काम गर्ने इनरोन सामान्यतः व्यापारिक प्रतिस्पर्धाबाट टाढा रहने गर्दछ । सरकारी कर्मचारी र राजनीतिक नेताहरूसंग भित्रभित्रै वार्ता गरी आयोजना हात पार्ने इनरोनको रणनीति रहेको कुरा खास गरी दक्षिण अमेरिकी मुलुकहरूले सार्वजनिक गर्दै आएका छन् । सन् १९९५ को राजनीतिक अस्थिरताको बेला मेक्सिकोमा इनरोन निकै सक्रिय रहेको तर प्रेस र जनसमुदायको कडा निगरानीको कारण उसको प्रयास सफल नभएको कुरा 'ल्याटिन अमेरिकन पावर वाच'ले त्यतिखेरै प्रकाशमा ल्याएको थियो ।

खुला प्रतिस्पर्धामा सकेसम्म भागै नलिई व्यापार हात पार्ने र कथं भाग लिइ नै हाले पनि राजनीतिक र अन्य दवाव एवं लालच देखाएर इनरोनले काम लिने गरेका थुप्रै घटनाहरू छन् ।

इराकी आक्रमणबाट क्षतिग्रस्त ४०० मेगावाट क्षमताको सुऐवा विद्युत केन्द्र पुनर्निर्माण गर्न सन् १९९३ तिर कुवेत सरकारले टेण्डर आह्वान गरेको थियो । त्यसमा इनरोन लगायत थुप्रै बहुराष्ट्रिय कम्पनीहरूले टेण्डर हाले । इनरोनले प्रति यूनिट ११ सेन्ट लागत उल्लेख गरेको थियो । जर्मनीको ड्वेच बेबकक कम्पनीले सबैभन्दा कम प्रति यूनिट ६ सेन्टको दरमा उक्त काम गर्ने प्रस्ताव पेश गरेको थियो । तर सो कामको ठेक्का इनरोनले नै हात पाऱ्यो । यसको लागि कुवेती अधिकारीहरूलाई दवाब दिन इनरोनले खाडी युद्धताकाका अमेरिकी विदेशमन्त्री जेम्स बेकरलाई आफ्नो सल्लाहाकार (कन्सल्ट्यान्ट) नियुक्ति गरेर कुवेत पठायो । बेकरले पूर्व राष्ट्रपति जर्ज बुसका छोराहरू निल र मार्विनलाई साथमा लिएर कुवेतको भ्रमण गरेर इनरोनलाई ठेक्का दिलाइदिए । इनरोनका यस्ता विवादास्पद क्रियाकलापहरू फिलिपिन्स, भारत, ग्वाटेमाला आदि थुप्रै मुलुकहरूमा दोहोरिएका भेटिन्छन् । कर्णाली आयोजनाको निम्ति नेपालले प्रतिस्पर्धा गराउनु हुँदैन भन्ने दिइएको सल्लाह र सो आयोजना हात पार्न, स्थापित औपचारिक मार्गबाट नगई एकै पटक प्रधानमन्त्रीलाई ठाडो चिठी लेख्ने कार्यबाट इनरोनले नेपालमा पनि धमिलिएको राजनीतिक माहौलको फाइदा लिन खोजेको होइन होला भन्न सकिँदैन । इनरोनलाई सो आयोजना दिन नसकेकै कारण तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाको सरकार अपदस्त हुनु परेको थियो भनी त्यसबेला चलेको

**खुला प्रतिस्पर्धामा सकेसम्म भागै नलिई व्यापार हात पार्ने र कथं भाग लिइ नै हाले पनि राजनीतिक र अन्य दवाब एवं लालच देखाएर इनरोनले काम लिने गरेका थुप्रै घटनाहरु छन् ।**

## इनरोनले अगाडि सारेको 'आकर्षक' आर्थिक झलक

| आयोजना | क्षमता मेगावाट | उर्जा यूनिट कि.वा.घण्टा | उर्जाको विक्री सेन्ट/यूनिट | वार्षिक आम्दानी अर्ब डलर | ५० वर्षको कूल आम्दानी अर्ब डलर | दैनिक आम्दानी लाख डलर | रोयल्टी १-१५ वर्षसम्म वार्षिक करोड डलर | रोयल्टी १५ वर्षपछि वार्षिक करोड डलर | निर्यात कर २.५% ले वार्षिक करोड डलर | निर्यात कर ५% ले वार्षिक करोड डलर | आय कर २५% ले वार्षिक करोड डलर | कूल कर आम्दानी: न्यून कर दर हुँदा पहिलो १५ वर्ष करोड डलर | कूल कर आम्दानी: उच्च कर दर हुँदा १५ वर्ष पछि करोड डलर |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| कर्णाली | १०८०० | २० अर्ब | ५ सेन्ट | १.०४ | ५२ | २९ | ४.८ | ३०.४२ | २.८१ | ५.२१ | २६.०५ | ६.६९ | ६१.६९ |
| | | ८४ करोड | ७.५ सेन्ट | १.५६ | ७८ | ४३ | ५.१२ | ३५.६३ | ३.९१ | ७.८२ | ३९.०८ | ९.०३ | ८२.५३ |
| | | २० लाख | १० सेन्ट | २.०८ | १०८ | ५७ | ६१.७ | ४०.८४ | ५.२१ | १०.४२ | ५२.११ | ११.३८ | १०३.३७ |

> नेपाली पक्षको अति उत्साह र सबै काम छोडेर यही आयोजना कार्यान्वयन गर्ने हतारोले भारतीयरुलाई तटस्थ रहन प्रेरित गरेको हुन सक्छ ।

## कर्णालीले पार्ने उठिबास र ल्याउने समस्याहरु

- **उठिबास**
  कर्णाली-चीसापानी बाँधको कारण ६० हजार मानिस (सन् १९८९ को गणना) लाई अन्यत्र सार्नुपर्ने छ । यिनलाई बसोबास गराउन तराईको १२००० हेक्टर वन फडानी गर्ने योजना बनाइएको छ ।

- **समस्या:**
  भारतले सिंचाई, बाढी नियन्त्रण जस्ता लाभ स्वीकार नगरेको, बिजुली किन्ने ग्यारेन्टी नदिएको, विजुलीको मूल्य तय हुन नसकेको कारण विगत ७/८ वर्षदेखि आयोजनाको काम ठप्प भएको । भारतले संभाव्यता अध्ययन प्रतिवेदन बुझे पनि त्यसमाथि आफ्नो टिप्पणी, प्रतिक्रिया नेपाललाई दिएको छैन ।
  भारतको सकारात्मक प्रतिबद्धता प्राप्त नभएसम्म विश्व बैंक लगायतका लगानीकर्ताहरु यसमा नेपाललाई सहयोग गर्न अनिच्छुक ।

चर्चालाई यसपछिको लोकेन्द्रबहादुर चन्द र एमालेको गठबन्धन सरकारद्वारा इनरोनलाई मात्र कर्णाली आयोजनाको लागि प्रस्ताव पेश गर्न आमन्त्रित गर्ने निर्णय गरेबाट धेरै हदसम्म पुष्टि गरेको छ ।

### कमिसन र कर्णाली/१

नेपालका जलविद्युत आयोजनाहरूप्रति यहाँका शक्ति केन्द्र, शासक, ठूला व्यापारी र राजनीतिबाजको आकर्षणको आधार बिजुली, पानी र त्यसबाट देशको आर्थिक विकासलाई पुग्ने टेवा नभई, आयोजनाको अध्ययन तथा कार्यान्वयन गर्दा आउने कमिसन नै प्रमुख हुने गरेको छ ।

> ठूला र अग्ला बाँध परियोजना बनाई तिनबाट उत्पादित विजुली मात्रै बेचेर सम्पन्न भएका मुलुक र समाज संसारमै भेटिंदैनन् ।

कर्णाली आयोजनाको जन्मदेखि नै कमिसनको खेल शुरू भइसकेको छ । यो आयोजनाको संभाव्यता अध्ययन गर्न सन् १९८४/८५ तिर गरिएको खुला टेण्डरको निर्णय-कमिसनकै आधारमा भएको थियो । त्यतिबेला अमेरिकाको हार्जा कम्पनीको प्राविधिक प्रस्ताव सबैभन्दा उपयुक्त ठहऱ्याई उसैलाई ठेक्का दिने निर्णयमा हस्ताक्षर गरी कर्णाली समन्वय समितिका भारतीय सदस्यहरू स्वदेश फर्किसकेपछि, शक्ति-केन्द्रहरूको निर्देशनमा सो निर्णय उल्ट्याई हिमालयन पावर कन्सल्ट्यान्टलाई ठेक्का दिइएको थियो । छिमेकी मुलुक तथा विश्व समुदायले थाहा पाइसकेको सो निर्णय उल्ट्याई शक्ति केन्द्र र कमिसनका दलालहरूलाई चाकरी पुऱ्याउने 'कठीन काम' जलस्रोत मन्त्रीको हैसियतले त्यतिबेला पनि पशुपति शमशेर राणाले नै सम्पन्न गर्नुपरेको थियो ।

इनरोनको प्रसंगमा कमिसन एजेन्टको रूपमा अहिलेसम्म प्रदीप राणा मात्र अगाडि देखा परेका छन् । तर, यति ठूलो कारोबार हुने, देशकै सबैभन्दा ठूलो आयोजनाबाट आउने अर्बौं अर्ब रूपैयाँको कमिसन प्रदीप राणा एक्लैले हात पार्न र पचाउन सक्लान् भनेर कसैले पनि पत्याएको छैन ।

### समष्टिमा

भूकम्प प्रतिरोध गर्न नसक्ने नेपालको कमलो पहाडमा कर्णाली (चीसापानी) जस्तो संसारकै विशालतम मध्येको बाँध आयोजना निर्माण गर्नु संभव छ कि छैन, नेपाल र नेपालीको निम्ति सो बाँध आवश्यक र उपयोगी छ कि छैन, इनरोनले दावी गरे जस्ता आकर्षक आर्थिक लाभहरू यथार्थमा परिणत हुन सक्छन् कि सक्दैनन् भन्ने जस्ता थुप्रै आधारभूत प्रश्नहरूको मिमांसा हुन बाँकी नै छ । यस्ता सवालहरूको तर्कसंगत निरूपणबिना कर्णाली मात्र होइन, त्योभन्दा धेरै साना आयोजनाहरू पनि कार्यान्वयन हुन सक्दैनन् । विगत केही वर्ष यताका दृष्टान्तहरूबाट यो कुराको पुष्टि भई नै सकेको छ ।

विगत एकवर्ष यता कर्णाली आयोजना निरन्तर चर्चामा आइरहेको छ । सार्वजनिक चासोका थुप्रै मध्ये मूलतः दुई वटा पक्ष- कर्णाली आयोजनासम्बन्धी नेपालको प्रस्ताव, र इनरोनको पहलको छोटकरी परिचय दिनु मात्र यो लेखाइको आशय हो ।

> कर्णाली परियोजनाको जन्मदेखि नै कमिसनको खेल शुरू भइसकेको छ ।

कर्णाली नदी एउटा मात्र छ र कर्णाली (चीसापानी) आयोजना पनि एउटै मात्र छ । यो एउटा यथार्थ हो । पर्याप्त पानी, बाँध निर्माण गर्न उपयुक्त किसिमको खोंच, जलाशय बन्न आवश्यक पृष्ठ भूभाग अथवा नदी उपत्यका, अग्लो र होचो भू-सतह, अपेक्षाकृत पातलो बस्ती, बिजुली बिक्री गर्न नजिकको भारतीय बजार आदि पक्षहरू एकै ठाउँमा जुटेको कारण नै कर्णाली आयोजना आकर्षक र महत्वपूर्ण बन्न पुगेको हो । अर्थात्, यी सम्पूर्ण पक्षहरूको एकीकृत स्वरूप नै कर्णाली नदीमा उपलब्ध स्रोत हो । यो स्रोतको विकास र उपयोग उचित ढंगबाट गर्न सकेको खण्डमा नेपाल र नेपालीको समुन्नतिको ढोका खुल्न सक्ने संभावना जति धेरै छ, दुरूपयोग हुँदा युगयुगान्तरसम्म बोझ, दायित्व र अधोपतनको कारक बन्न सक्ने संभावना पनि त्यतिकै छ ।

माथि उल्लेख गरिएका थुप्रै विवरण र तथ्यांकहरूले के स्पष्ट पारिसकेका छन् भने, कर्णाली आयोजना निर्माण गर्नेदेखि त्यसको लाभ लिने कुरासम्ममा नेपाल स्वतन्त्र निर्णय गर्न सक्षम छैन । यो आयोजनाको मूलभूत उत्पादन भनेको सिंचाईका लागि पानी र उद्योगधन्दाका लागि बिजुली हुन् । तर यी दुवै उत्पादन स्वपत गर्नु नेपाललाई संभव छैन । चीनमा विजुली बिक्री गर्ने लोभलाग्दो संभावना अगाडि सारेर इनरोनले हाम्रा राजनीतिबाजहरूको मन जित्न सके पनि, त्यो प्रस्ताव यथार्थभन्दा धेरै टाढा छ । आत्मवंचनाको लागि सो प्रस्तावप्रति आश्वस्त हुनु अर्कै कुरा हो ।

अध्ययनका मापदण्डहरू तय गर्न आफैं संलग्न भएर पनि सो अध्ययनको निचोडप्रति तटस्थ रहेको भारत कर्णाली आयोजना कार्यान्वयन गर्ने कुरामा पटक्कै उत्साहित देखिंदैन । उसको अनुत्साहको अर्थ, कर्णालीको पानी र बिजुली उसलाई चाहिंदैन भन्ने कदापि लाग्न सक्दैन । नेपाली पक्षको अति उत्साह र सबै काम छोडेर यही आयोजना कार्यान्वयन गर्ने हतारोले भारतीयरूलाई तटस्थ रहन प्रेरित गरेको हुन सक्छ । संभाव्यता अध्ययनको निम्ति विश्व बैंकबाट आफूले ऋण लिएर नेपालले भारतको चाहना अनुरूपको अध्ययन सम्पन्न गरिएको परिप्रेक्ष्यमा हतारिएका नेपाली शासक र सरकारहरूले सिंचाई सुविधाजस्ता आयोजनाबाट हुने तल्लो तटीय लाभहरूको मूल्य माग्न विस्तारै विस्तारै छोड्दै जालान् भनेर भारतीय पक्षले अपेक्षा गर्ने र त्यसको निम्ति ढिलाई गर्ने रणनीति अख्तियार गरेको होइन होला भनेर मान्ने आधार छैन ।

कर्णाली आयोजना जति सक्यो चाँडो, जसरी भए पनि निर्माण गर्ने नेपाली पक्षको हतारोको उद्देश्य सम्पूर्ण नेपालीलाई विजुली, बाटो र विकासको लाभ पुऱ्याउने खालको छैन । यदि त्यस्तो मनसाय हुँदो हो त नेपालका प्रधानमन्त्री र जलस्रोत मन्त्रीहरूले गर्नु पर्ने काम र निर्माण गर्न सक्ने जलविद्युत एवं सिंचाई आयोजनाहरूको संख्या यहाँ गनेर नसकिने मात्रामा छन् । विजुली अर्थात् उर्जा भनेको पाउरोटी जस्तो अन्तिम उत्पादन (end product) होइन । ठूला र अग्ला बाँध परियोजना बनाई तिनबाट उत्पादित विजुली मात्रै बेचेर सम्पन्न भएका मुलुक र समाज संसारमै भेटिंदैनन् । हुन त भुटानको उदाहरण दिएर आफ्नो आकांक्षा पूरा गर्ने प्रयास हाम्रा नेता/मन्त्रीहरूले गर्ने गरेका छन् । तर त्यहाँको चुखा प्रोजेक्टको विजुलीले भुटानी समाजलाई सम्पन्न वा दरिद्र के बनाउँदै छ भन्ने यथार्थ कुराको परिणाम त्यहाँको भावी पुस्ताले आँकलन गर्न थालेपछि मात्र थाहा हुनेछ । कुनै एउटा आयोजना विशेषलाई विपन्नताबाट सम्पन्नतामा पुऱ्याउने तिलस्मी जादूको छडी ठान्नु केही व्यक्ति र वर्ग विशेषको निम्ति लाभकारी ठहर्न सक्छ, सिंगो समाज र मुलुकको लागि होइन । बरू, वर्ग र व्यक्ति विशेषको आग्रह र पेलाइबाट मात्र बन्ने आयोजना सिंगो मुलुक र समाजको निम्ति बोझ र दायित्व मात्र बन्न सक्छ ।

◉

# धार्मिक कर्मकाण्डहरूबारे बनाउनु पर्ने धारणा के ?

हाम्रो समाजमा प्रचलित अनेकथरि तिथि, चाड-पर्व, जात्रा-मेला, पूजा, व्रत, श्राद्ध, किरिया आदिबारे प्रगतिशीलहरुले बनाउनु पर्ने धारणा के र कस्तो हुनुपर्छ ?- भन्नेबारे र यिनीहरुका सन्दर्भमा अप्नाउनु पर्ने व्यवहारबारे खोजबीन र अन्तर्क्रिया हुनु अत्यन्त जरुरी भएको छ । यसबारे विगतमा विभिन्न व्यक्तिहरुले र प्रकाशनहरुले छिटफुट प्रयत्नहरु नगरेका हैनन्, तर ती अपेक्षा गरिएभन्दा निकै कम भएको अनुभव गरिएको छ ।

यस सन्दर्भमा, गत भाद्र-असोजमा "जन-एकता" साप्ताहिकले यसबारे दुई अंकमा गरी प्रकाशित गरेको बहसलाई हामीले गतांकमा प्रस्तुत गर्‍यौं । गत भाद्र १३ गते साहित्यकार खगेन्द्र संग्रौलाकी आमाको मृत्यु भएकोमा उहाँले आमाको काजकृयाका सन्दर्भमा अप्नाउनु भएको व्यवहारबारे लेख्नु भएको एउटा लेखप्रति अर्का साहित्यकार पुण्यप्रसाद खरेलले जनाउनु भएको प्रतिक्रियामा आधारित यो बहसलाई पुनः अगाडि बढाइएको छ । खगेन्द्र संग्रौलाले पुण्यप्रसाद खरेलको प्रतिक्रियामाथि जनाउनुभएको टिप्पणी र गतांकमा प्रकाशित उपरोक्त सामग्रीहरुबारे अनेरास्ववियूका केन्द्रीय महासचिव जगन्नाथ खतिवडाले लेख्नुभएको प्रतिक्रिया-लेखलाई यस अंकमा हामीले प्रस्तुत गरेका छौं ।

'धार्मिक कर्मकाण्डहरुबारे बनाउनु पर्ने धारणा के ?' भन्ने यस विषयमा आफ्ना विचारहरु पठाउन हामी अन्य विद्वान लेखक तथा चिन्तकहरुसँग पनि अनुरोध गर्दछौं ।

-मूल्याङ्कन

## के विद्रोह विकल्प खोज्ने दिशातर्फको चेष्टा होइन ?



◆ खगेन्द्र संग्रौला

गत भदौमा बयोवृद्ध उमेरमा मेरी आमा बित्नुभयो । मेरा तीनजना दाजुहरूले झिझ्याटलाग्दा र लम्बेतान परम्परागत विधिहरूलाई सकेसम्म छोट्याएर र दानदातव्यका बुँदाहरूलाई सकेसम्म घटाएर परम्परागत विधिबाटै आमाको काजक्रिया गर्नुभयो । तर आफ्ना अनुभवहरू र मान्यताहरूका आधारमा काजक्रियाको कुनै पनि विधि-व्यवहारमा म आफू सामेल भइनँ । मृत्यु



संस्कारसम्बन्धी परम्परागत कर्मकाण्डीय विधिप्रतिको मेरो त्यो दृष्टिकोण र व्यवहार सम्बन्धमा पहिले हिमालय टाइम्स दैनिक र पछि जनएकता साप्ताहिकमा मेरो एकपत्र प्रकाशित भएथ्यो । असोज १३ गतेको जनएकता साप्ताहिकमा परम्परागत काजक्रिया विधिप्रतिको मेरो अवज्ञाबारे 'विद्रोह हैन विकल्प चाहियो' भन्ने शीर्षकमा पुण्यप्रसाद खरेलको एउटा टिप्पणी पढ्ने सुयोग मलाई प्राप्त भयो । श्री खरेलको टिप्पणी संगतियुक्त तर्कमा भन्दा पनि आक्रोशपूर्ण भावोत्तेजनामा आधारित छ, तसर्थ त्यसमा एकआपसमा बाझिने विचारहरूको जन्जाल छ । मैले परम्परागत कर्मकाण्डीय काजक्रियाप्रति अवज्ञा गरेको कुरालाई लिएर खरेजलजीले आफ्नो टिप्पणीको शुरूदेखि अन्तसम्म ममाथि खिसिट्यूरी र तिरस्कार जनाउने अलंकारहरूको डंगुर नै प्रयोग गर्नुभएको छ । उहाँले कर्मकाण्डीय रूढ परम्पराप्रतिको मेरो बागी व्यवहारलाई प्रतिकात्मक रूपबाट "गैरजिम्मेवारीपूर्ण", "अराजकतापूर्ण", "एकलकाटे", "व्यक्तिगत", "आग्रहग्रस्त", "अप्रिय", "असभ्य", "अभद्र", "अकृतज्ञ" आदि आदि संज्ञा दिनुभएको छ । र, निचोडमा उहाँले मलाई यस्ता एक्ला विद्रोहहरू निरर्थक र हास्यास्पद हुने र यस्ता कार्यमा संलग्न हुने व्यक्ति "एक्लो बृहस्पति" झैं झुटो हुने कुरा सुझाउनु भएको छ । उहाँका मप्रतिका खिसिट्यूरीका वचनहरूलाई एकातिर पन्छाएर उहाँको टिप्पणीको मूल अभिप्रायलाई दुईवटा बुँदामा उतार्न सकिन्छ भन्ने मलाई लाग्छ । पहिलो, संस्कार र संस्कृतिको पुनर्निर्माण र रूपान्तरणको सामाजिक प्रकृयामा यस्ता व्यक्तिगत विद्रोहले केही "लछार्दैनन्", बरू

**श्री खरेलका विचारले परिवर्तनको समर्थन गरेजस्तो देखिए तापनि वास्तवमा त्यसले भाग्यवादकै सहारा लिन खोजेको देखिन्छ ।**

यस्तो व्यक्तिगत विद्रोहमा संलग्न हुने व्यक्तिलाई सामाजिक साहचर्यको प्रक्रियाबाटै विमुख नै तुल्याउँछन् । दोस्रो, संस्कार र संस्कृतिको पुनर्निमाण र रूपान्तरणको सुगम र सामुहिक कार्यक्रम निर्माण गरी सामूहिक र संस्थागत रूपबाट त्यसलाई कार्यान्वियन गर्दै जानु नै सार्थक र बुद्धिमत्तापूर्ण बाटो हो ।

स्वरूपको दृष्टिले श्री खरेलका विचारले प्रगतिशील सांस्कृतिक परिवर्तनको समर्थन गरेजस्तो देखिए तापनि व्यवहारिक सारको दृष्टिले भने उहाँका विचारले भाग्यवादकै सहारा लिन खोजेको देखिन्छ । तसर्थ, मेरो अवज्ञाकारी आचरणविरूद्ध लक्षित उहाँका

भावावेशपूर्ण आक्रोश र लाञ्छनापूर्ण तिरष्कारले टनाटन भरिएका टिप्पणीहरू बारे एकाध टिप्पणी गर्नु म आवश्यक ठान्दछु ।

अनेकौं सूक्ष्मतम संस्कारहरूको जटिलतम योगबाट निर्माण हुने मानवीय सांस्कृतिक प्रणालीका प्रकरणहरूमा परिवर्तन ल्याउने कार्य स्वरेलजीले कल्पना गर्नुभए भैं "सुगम", सरल र सर्वप्रिय कार्य कदापि होइन । प्रगतिशील सांस्कृतिक परिवर्तनको प्रकृया आर्थिक र राजनैतिक क्षेत्रको वर्ग-संघर्षकै प्रेरक तथा पूरक तत्व हो । यो उक्त बृहत प्रक्रियाको अग्रगामीको साथसाथै अनुगामी प्रक्रिया पनि हो । स्वरेलजीले आग्रह गर्नु भएभैं सरल र सहज सामूहिक निर्णय र व्यवहारद्वारा परम्परागत रूढ सांस्कृतिक विश्वास र प्रचलनमा परिवर्तन ल्याउन सकिन्न । सडेगलेका परम्परागत संस्कार, विचार र व्यवहारविरूद्ध सामूहिक निर्णयद्वारा एकैचोटी सहज रूपबाट परिवर्तन होला भनी चिताउनु तरङ्गी स्वैरकल्पना मात्र हो । सांस्कृतिक रूपान्तरणको बाटो र प्रक्रिया यति "सुगम" र सरल हुँदो हो त यो हाम्रो संसार बेग्लै र कम कुरूप हुन्थ्यो होला । राजनैतिक र आर्थिक सत्तामा हुने परिवर्तनको वर्गीय प्रक्रिया भैं सांस्कृतिक सत्तामा हुने परिवर्तनको प्रक्रिया पनि भीषण द्वन्द्वपूर्ण, घुमाउरो र जटिल हुन्छ । मानव समाजमा रूढ, अन्धविश्वासी र अकल्याणकारी विचार र व्यवहारविरूद्ध नयाँ विचार र व्यवहारको प्रारम्भ व्यक्तिबाटै हुन्छ । व्यक्तिपछि व्यक्तिहरूले, व्यक्तिहरूपछि समूह र संगठनहरूले त्यस्ता नयाँ विचार र व्यवहारलाई आत्मसात गर्दै जान्छन् । समयको क्रममा त्यस्ता विचार र व्यवहारले आन्दोलनको रूप लिन्छन् । र, यसरी लामो, घुमाउरो, जटिल र कष्टकर प्रक्रियाबाट गुज्रेपछि मात्र व्यापक समाजमा नयाँ विचार र व्यवहारहरू स्वीकार्य र लोकप्रिय हुन पुग्दछन् । संस्कार र संस्कृतिको परिवर्तनको हकमा पनि साँचो कुरा यही नै हो ।

श्री स्वरेलले तीनजना दाजुलाई परम्परागत कर्मकाण्डको बाटोमा छाडिदिए़ म एक्लैले उक्त बाटोको अवज्ञा गरेको कुरालाई अनुचित, अभद्र र निरर्थक ठान्नुभएको छ । तर यसबारे मेरो विचार स्वरेलजीको भन्दा अलि फरक छ । के परिवार, समुदाय, वर्ग वा समाजको बहुसंख्या एकात्मक दृष्टिले नयाँ विचार र आचरण अवलम्बन गर्न तयारी नभएको कुरालाई निहुँ बनाएर त्यस्ता विचार र व्यवहारप्रति असहमत हुने व्यक्ति वा व्यक्तिहरूले गोरूले भैं मुन्टो निहुराउँदै परम्परागत विधि व्यवहारको जुवामुनि चुपचापसँग गर्धन थापिरहनु नै उचित हो त ? सामूहिक निर्णयद्वारा संस्थागत रूपबाट सांस्कृतिक परिवर्तनको "सुगम" प्रक्रियाको प्रारम्भ हुने शुभ-साइत जुर्ने



**पारिजातको शवको सिरानीमाथि लेनिनको तस्वीर राखिएको थियो । र, अघिल्तिर लामागणको हेमे पेमे बाजा बजाइएको थियो । यो हास्यास्पद खिचडी पारिजातले कष्टसाध्य प्रयत्नद्वारा अवलम्बन र सम्बर्द्धन गर्नुभएको सांस्कृतिक आदर्शको कत्रो उपहास हो !**

कहिले हो ? नयाँ बाटाहरू आफैं बन्दैनन्, हिँड्न थालेपछि मात्र बन्छन् । पहिले एक वा एकाध मानिसहरू हिँड्न थालेपछि गोरेटाहरू बन्छन् । पछि धेरै मानिसहरू हिँड्दै जाँदा ती बाटाहरू घोडेटा र अफ पछि वृहत सामाजिक आन्दोलनको क्रममा ती फराकिला सडकमा फेरिन्छन् । तसर्थ रूढीग्रस्त परम्पराप्रति व्यक्ति वा व्यक्तिहरूबाट हुने अवज्ञा वा विद्रोह विकल्प निर्माण गर्ने दिशातर्फको चिन्ता र चेष्टाकै पहिलो पाइलो होइन र ?

दशधारा दूध खुवाएर जीवनको वरदान दिने आफ्नी आमाको मृत्यु हुँदा मैले शोक मनाइनँ भन्नेबारे श्री स्वरेलजीले प्रचण्ड विस्मयका साथ ज़ोर आपत्ति प्रकट गर्नुभएको छ । यस सम्बन्धमा मलाई दुईवटा कुरा भन्नुछ । पहिलो कुरा, केश मुड्दा, छोपो ओड्दा, कछाड कस्दा र नियमित भोजनका बुँदाहरूबाट बहिस्कृत हुँदा मात्र शोकको अनुभूति गर्न सकिने होइन । मेरो विचारमा प्रियजनको मृत्युबाट भावनात्मक रूपले आहत र शारीरिक रूपले थकित भएको क्षणमा तथाकथित बारना, छोइछिटो र दानपुण्यका नाममा मानसिक र शारीरिक कष्टलाई अफ बढाउनु मूर्खता मात्र हो । काजक्रियाको घडी त विश्रामको मुद्रामा आफ्नो मृत प्रियजनको जीवनवृत्त र उसका सद्‌गुणहरूको संस्मरण गर्ने शान्त घडी हुनुपर्ने हो । जीवित छउन्जेल उसले भोग्नु परेका दुःखहरूबाट पछिका मानिसहरूलाई कसरी छुटकारा दिलाउन सकिँदो हो भनी सोचविचार गर्नुपर्ने घडी हुनुपर्ने हो । दोस्रो कुरा, मेरी आमा जनसाधारणमध्येकी एक साधारण सदस्य हुनुहुन्थ्यो । तसर्थ, त्यस्ता सरल प्राणीहरूप्रति परिवारजनले प्रकट गर्ने श्रद्धा वा शोक स्वरेलजीले अपेक्षा गर्नुभए भैं सार्वजनिक जानकारी वा विज्ञापनको विषय होइन ।

मैले परम्परागत काजक्रिया विधिलाई अवज्ञा गर्दा हिन्दू कर्मकाण्डलाई ब्रम्हाजीको अकाट्य आदेश ठान्ने कतिपय घोर कर्मकाण्डवादी र उग्रजातिवादी हिन्दूहरूले अत्यन्त आक्रामक मुद्रा र भाषामा मेरो उपहास गरेथे । स्वरेलजीको र उनीहरूको मुद्रा र आक्रमण गर्ने शैलीमा मैले विचित्रको समानता पाएँ । मेरो अवज्ञाकारी आचरणलाई परम्परावादी दृष्टिबाट गिज्याउँदै उहाँ कति धृष्टतासाथ लेख्नुहुन्छ- "अफ बेजिम्मेवारी र आग्रहबाट जे पायो त्यही गर्ने हो या विरोध मात्र गर्ने हो, क्रिया गर्ने कुराप्रति कुनै सोच नबनाउने हो भने त आमाबाबुको मृत्यु भएपछि दाम्लाले घाँटी वा खुट्टामा बाँधेर, घिसार्दै लगेर बगाए वा छोपे पनि भयो नि !"

सांस्कृतिक विधि-व्यवहारको विकल्प निर्माण गर्ने प्रक्रिया टोपी फेर्ने कामजस्तो सजिलो हुँदैन । सग्लो र सिंगो विकल्प निर्माण गरेपछि मात्र वा व्यापक सामाजिक सहमति प्राप्त भएपछि मात्र अकल्याणकारी र रूढीग्रस्त सांस्कृतिक व्यवहारप्रति अवज्ञा गर्न थाल्नुपर्छ भन्नु अकर्मण्यतायुक्त नियतिवाद होइन र ? निर्धा, निमुखा र दलित जनतालाई कपटपूर्ण लोभलालच देखाएर निर्वाचन जित्नु, संसद्‌मा गएर निजी वैभव र मोजमस्तीका निम्ति सांसद भत्ता र सुविधा बढाउनु, विलासी पजेरो हात लागी गर्नु, स्वाफी अट्टालिका निर्माण गर्नु र समाजवादी विचार र आदर्शलाई नै बदनाम गर्नु- के यसरी नै निर्माण हुन्छ र प्रगतिशील राजनैतिक-आर्थिक-सांस्कृतिक विकल्प ? विकल्प निर्माण गर्ने प्रकृयाको प्रारम्भमा व्यक्तिगत अवज्ञा, विद्रोह र आलोचनाको अहं महत्व रहन्छ । यसबाट पुराना र सडेगलेका चीजहरूप्रति समाजमा आलोचनात्मक दृष्टिको विकास हुन थाल्छ र नयाँ प्रगतिशील र कल्याणकारी चीजप्रति उत्सुकता, चाहना र क्रियाशील अग्रसरता बढ्दै जान्छ । यूरोपेली जड सामन्ती चिन्तनको अन्धपरम्परा र विश्वासविरूद्ध ब्रुँफेर ग्यालिलियोले "पृथ्वी सूर्य वरिपरी घुम्छ" भन्दै खगोल जगतमा ऐतिहासिक विद्रोहको प्रचण्ड उद्‌घोष गरेथे । इतिहास साक्षी छ, त्यो घोषणा गर्ने ग्यालिलियो एक्लै थिए । त्यहाँ ग्यालिलियोहरूको भीड जुटेको थिएन । थोत्रा विचार र संस्कारहरूको विरोध गर्दा त्यस्तो विरोध परम्परावादी समाजका दृष्टिमा अड्मिल्दो, उपहासजनक, अभद्र र विनाशकारी देखिन सक्छ । तर त्यसको शक्ति त्यसमा रहेको विचारको नयाँपनमा मात्र होइन, त्यसले प्राप्त गर्ने विरोधका उग्र गर्जनहरूमा पनि निहित हुन्छ ।

आमूल परिवर्तनको पक्षधर नेपाली वाम आन्दोलनमा सांस्कृतिक रूपान्तरणसम्बन्धी कुनै व्यवहारिक अन्तर्दृष्टि र भविष्यदृष्टि नहुनु औधी खद्‌किँदो कुरा हो । म सम्भन्छु, पारिजातको शवयात्रामा पारिजातको शवको



सिरानीमाथि लेनिनको तस्वीर राखिएको थियो । र, अघिल्तिर लामागणको हेमे पेमे बाजा बजाइएको थियो । संस्कृतिका दुई विपरीत बाटा र दुई विपरीत आदर्शको यो हास्यास्पद खिचडी पारिजातले कष्टसाध्य प्रयत्नद्वारा अवलम्बन र सम्बर्द्धन गर्नुभएको सांस्कृतिक आदर्शको कत्रो उपहास हो ! तुलसीलाल अमात्यको दाहसंस्कार गरिनु अघि आर्यघाटमा एकातिर ब्रह्मनालमा हिन्दू कर्मकाण्डीय विधिबाट अमात्यको शवको पूजाआजा भइरहेथ्यो र अर्कातिर नेताहरूका क्रान्तिकारी भाषणको बीचमा अन्तर्राष्ट्रिय धून बजिरहेको थियो । पछि अमात्यको पार्टीका जिल्ला कमिटीहरूदेखि लिएर अनेकौं भगिनी संगठनहरूबाट सोही पार्टीका छापाहरूमा अमात्यको आत्माको चिरशान्तिको कामना गर्ने श्रद्धाञ्जलि विज्ञापनहरूको ओइरो लागेको देखियो । मार्क्सवाद-लेनिनवाद अनिश्वरवादी-अनात्मवादी जीवन-दर्शन हो । आश्चर्य लाग्छ, त्यहाँ त्यसरी कुन अमात्यको कुन आत्माको चिर शान्तिको कामना गरिएको होला ? के यी र यस्ता विचार र आचरणहरू हाम्रो वाम आन्दोलनको वैचारिक दरिद्रता र दिशाहीनताका द्योतक होइनन् ?

विचारको स्तरमा नयाँ संस्कृति र सांस्कृतिक रूपान्तरणको कुनै मूर्त परिकल्पनासम्म नभएको अवस्थामा खरेलजीले चाहना गर्नुभए झैं एकै झमटमा सांस्कृतिक रूपान्तरणको "सुगम" सामूहिक कार्यक्रम र संस्थागत कार्यान्वयनको प्रकृयाको कसरी निर्माण हुनसक्ला ? तसर्थ, मलाई लाग्छ, रूढ र अकल्याणकारी सांस्कृतिक परम्पराविरूद्ध गरिने व्यक्तिगत वा समूहगत अवज्ञा तथा विद्रोह एकदमै निस्सार र निरर्थक कदम होइनन् । बरू समस्या त यस्ता सन्दर्भहरूलाई व्यापक वैचारिक बहसको स्तरमा कसरी उठाउने र त्यस्ता बहसहरूलाई सांस्कृति रूपान्तरणको निमित्त जनजनलाई ब्यूँझिन सघाउने पक्षमा के कसरी उपयोग गर्ने भन्ने नै हो । आशा छ, मेरो यस चिन्तामा पुण्यप्रसाद खरेलजीको पनि सहमति र सहभागिता नै हुनेछ ।

◉ साभारः जनएकता साप्ताहिक, कार्तिक ११



# 'ठाडै इन्कार' गर्ने शैलीले जनताको मनलाई नरम हातले स्पर्श गर्न सक्दैन !

◆ जगन्नाथ खतिवडा



पूर्णाङ्क ५१ को 'मूल्याङ्कन' मासिकमा कथाकार खगेन्द्र संग्रौलाको 'आमाका मृत्युपछिका क्षणहरूमा' शीर्षकको एउटा लेख र त्यसमाथि टिप्पणी गर्दै पुण्यप्रसाद खरेलले लेख्नु भएको 'विद्रोह होइन, विकल्प चाहियो' शीर्षकको टिप्पणी पढ्न पाएँ । यसले धार्मिक कर्मकाण्डहरूका बारेमा नेपाली प्रगतिशीलहरूले बनाउनु पर्ने धारणाका सन्दर्भमा अन्तर्क्रिया गर्न मलाई पनि जाँगर चलायो । पत्रिकाले आफ्नो भूमिकामा हाम्रो समाजमा प्रचलित अनेकथरि तिथि, चाड-पर्व, जात्रा-मेला, श्राद्ध, किरिया... आदिका बारेमा प्रगतिशील दृष्टिकोणको माग गरेको छ ।

'हाम्रो' अर्थात् नेपाली समाजको लागि मूल्याङ्कनले सही विषय उठान गर्‍यो भन्ने मैले ठानेको छु ।

धार्मिक एवं परम्परागत रीतिथितिहरू वास्तवमा कुरीति र कुथितिहरू हुन् भन्दा फरक पर्दैन । धर्मको जगमा र परम्पराको आडमा अन्धविश्वासका महात्म्यहरू सुन्नु र तिनका नियमहरू पालना गर्नु आफ्नै बुद्धि विवेकलाई भड्खालोमा हाल्नु बराबर हो । कर्मकाण्डहरू पनि सामन्तवादी समाजका अधोगत नियमहरू हुन् तर जसलाई चाहेर वा नचाहेर पनि हामी स्वीकारिरहेका छौं । प्रगतिशीलहरूले यसलाई आफ्नो भौतिकवादी ज्ञानले अस्वीकार गरेका छन् । यसरी कर्मकाण्डहरू समाजको पूँजी होइन, विकार हुन् भन्नु अनुचित हुँदैन । तर यो सपाट दृष्टिकोण मात्र हो । व्यवहारमा यस्ता विषयबारे गंभीर बन्नै पर्दछ, सिर्जनात्मक मस्तिष्क खियाउनै पर्दछ ।

कथाकार संग्रौलाले 'आमाको मृत्युसँगै वहाँप्रतिको सम्पूर्ण कर्तव्यहरूको मृत्यु भएको' ठहर गर्दै आमाको काज किरिया गर्नु भएन, कपाल खौरनु भएन, नून बार्नु भएन, छाक छाड्नु भएन, हिन्दू मृत्यु संस्कार र लोकापवादका सामु शीर झुकाउनु भएन । तथ्यका आधारमा सत्य पत्ता लगाउने वैज्ञानिक चिन्तन बोकेका, अझ द्वन्द्वात्मक भौतिकवादमा अटल विश्वास राख्नु हुने संग्रौलाजीले सामाजिक कुरीति र अन्धविश्वासमाथि निर्घात आक्रमण गर्नुभयो । मेरो विचारमा यो प्रशंसनीय कार्य हो । सामाजिक कुरीति र कुसंस्कारमाथि जाइलाग्ने इनेगिनेका साहसीहरूमध्ये वहाँको नाम पनि थपियो । वहाँका अप्रगतिशील प्रेरकहरूका लागि पनि यो खुशीकै विषय होला । समाज परिवर्तनको क्रममा यस्ता साहसी व्यक्तित्वहरूको ऐतिहासिक महत्व हुन्छ । तर सबै साहसिक कार्यहरूले आम जनतामा वैचारिक निरूस्वरता र तिनको मनस्थितिमा परिवर्तन ल्याउन सक्दैन ।

> **संग्रौलाजीले सामाजिक कुरीति र अन्धविश्वासमाथि निर्घात आक्रमण गर्नुभयो । मेरो विचारमा यो प्रशंसनीय कार्य हो ।**

यसैले संग्रौलाजीको कार्यको प्रशंसा गर्दागर्दै पनि मैले भन्नै पर्दछ- यो जनताको साथी हुने शैली होइन, नेतृत्वकर्ताको शैली होइन । सामाजिक जीवनका व्यावहारिक जटिलताहरूभन्दा केही पृथक रहेर सिद्धान्तहरूका आधारमा वस्तु-चिन्तन गर्ने अध्येताहरूको प्रयोग हो । पुण्य खरेलले भने जस्तो विद्रोह मात्र हो ।

अनेकौं थरि कर्मकाण्डहरू आफैंमा कुनै ठोस नियमहरू होइनन् । बहुजाति र बहुसंस्कृति भएको हाम्रो देशमा हरेक जातजातिका जन्म, मृत्यु, विवाह... आदि संस्कारहरूमा भिन्नता छ । एउटै जाति र एउटै संस्कृतिले पोषित अलग अलग भौगोलिक क्षेत्रका बासिन्दाहरूको कर्मकाण्डका विधिहरूमा पनि भिन्नता छ । तथापि, यी सबै संस्कारहरूमा एउटा मूलभूत समानता छ- त्यो हो धर्म र परम्पराको संरक्षण गर्नु । कर्मकाण्डले प्रत्यक्षतः धर्मसंग सम्बन्ध राखेको हुन्छ भने धर्म चाहिं संस्कृतिको अभिन्न अंगको रूपमा समाजमा जरा गाडेर बसेको छ । यसैले, कर्मकाण्ड र संस्कारहरूका बारेमा नेपाली प्रगतिशीलहरूले धारणा बनाउँदा सर्वप्रथम संस्कृतिलाई हेर्ने दृष्टिकोणमा स्पष्टता आउनु जरूरी देखिन्छ । धर्म, परम्परा, मान्यताहरू, चिन्तन-शैली, सामाजिक व्यवहार आदि अनेकौं सामाजिक पक्षहरूको समष्टि नाम संस्कृति हो भने तीमध्ये पनि धर्म चाहिं आफै संस्कृतिको निर्माता पनि हो । संस्कृति मानवीय आवश्यकताहरूलाई पूरा गर्ने क्रममा निर्माण हुन गएको हो । यसले मानवीय आवश्यकताहरू पूरा मात्र गर्दैन, त्यसलाई सामाजिक मान्यता र एकरूपता पनि प्रदान गर्दछ, जसले गर्दा समाजमा केही मूल्य र मान्यताहरू स्थापित बन्न पुग्दछन् । तिनलाई आधार मानी सामाजिक तथा मानवीय व्यवहार संचालन हुन्छ ।

यसरी संस्कृति सामाजिक कानूनको एउटा रूपमा स्थापित हुन पुग्दछ । समाजलाई अनुशासित, मर्यादित र आदर्श बनाउनका लागि सांस्कृतिक विधि विधानहरूले पनि ठूलो महत्व राख्दछन् । उदाहरणका लागि, नेपाली समाजले स्वतन्त्र यौन सम्बन्ध राख्नुलाई अवैध, अमर्यादित र समाजविरोधी कृयाकलाप ठान्दछ । तर विवाहपश्चात् पति-पत्नी बीचको यौन सम्बन्ध सामाजिक र वैध हुन्छ । समाजले लालमोहर लाइदिन्छ । अर्थात्, हाम्रो सामाजिक एवं सांस्कृतिक मूल्यले स्वतन्त्र यौन सम्बन्धलाई स्वीकार गर्दैन ।

यस्ता धेरै सकारात्मक उदाहरणहरू छन्, तर यही संस्कृतिका अनगिन्ती नकारात्मक पक्षहरूले व्यक्ति र समाज दुवैलाई निर्मम शोषण गरिरहेको छ । मानव जातिलाई मानसिक दासताको शिकार बनाइरहेको छ । धार्मिक कर्मकाण्ड पनि सामन्ती संस्कृतिको रक्षक पृष्ठपोषक तथा शोषणकारी व्यवस्थाको फलामे साँग्लो हो तर यो संस्कृतिको अभिन्न अंग बन्दै आएको छ । त्यसैले क. माओ त्से तुङ्गले भनेजस्तै पुराना विचार र संस्कृतिहरूमा रहेका मानव जातिको स्वाभिमानलाई क्षयीकरण गर्ने तत्व नाश गर्न प्रगतिशीलहरू अग्रसर हुनु पर्दछ भने पुराना विचार र संस्कृतिहरूमा रहेका मूल्यवान पक्षहरूलाई जोगाउने, उपयोग गर्ने र अझ प्रगतिशीलतातिर

उक्लिने कोशिस पनि गर्नु पर्दछ । तर कुसंस्कारहरूमाथि प्रहार गर्नु भनेको संग्रौलाजीको जस्तो 'बहादुरी' को रूपमा होइन, जनता आफैंलाई 'आफ्नो जीवनको अनुभवले सिकाएको निष्ठुरी पाठ' का रूपमा बुझाउनका लागि प्रेरणा प्रदान गर्नु पर्दछ ।

संग्रौलाजीले गरेजस्तै व्यवहार हामी हरेक प्रगतिशीलहरूले गर्दै गयौं भने हामी हिँडेको बाटोमा लाग्ने मानिसहरू बढ्ने होइन, घट्दै जानेछन् भन्ने खरेलजीको चिन्तासंग म सहमत छु । यो कुनै डरपोकपना होइन, सामाजिक रूपान्तरणका लागि वस्तुवादी चिन्तन र सामाजिक चेतना-सापेक्ष व्यवहारको माग मात्र हो ।

नेपाली कम्युनिष्टहरू जनवादी संस्कृतिका निर्माणकर्ता हुन् तर यिनीहरूले सिद्धान्तलाई सामाजिकीकरण गर्न नसक्दा र सामाजिक व्यवहारलाई सैद्धान्तिकीकरण गर्ने पक्षमा वस्तुवादी विश्लेषण गर्न नसक्दा कहिले वामपन्थी तथा कहिले दक्षिणपन्थी गल्ती गर्दै आएका छन् । सांस्कृतिक क्षेत्रमा चाहिं उग्रता नै यिनको मौलिक पहिचान बन्न पुगेको देखिन्छ । यसैले नेपाली प्रगतिशीलहरूले हरेक संस्कृतिभित्र रहेका प्रगतिशील पक्षलाई जोगाउँदै पतनशील पक्षलाई विनष्ट गर्नु पर्दछ । तर यो कार्य आकस्मिक बन्न सक्दैन । 'चीनको वर्तमान नौलो संस्कृति पनि आफ्नो पुरानै संस्कृतिबाट विकास भएको हो । त्यसैले, हामीले आफ्नो इतिहासलाई अवश्य आदरको दृष्टिले हेर्नु पर्दछ, त्यसलाई च्यातचुत पारेर कुनामा मिल्काउनु हुँदै हुँदैन । तर इतिहासलाई आदरको दृष्टिले हेर्नु भनेको यसलाई विज्ञानको रूपमा उचित स्थान दिनु हो, यसको द्वन्दात्मक विकासलाई आदर गर्नु हो ।' (चुनिएका रचनाहरू भाग-२, पृ.३९४) भन्ने क. माओ त्से तुङ्गको विचार हाम्रा लागि पनि उत्तिकै उपयोगी साबित हुन्छ । नेपाली संस्कृतिमा भएका आदरणीय पक्षहरूको पहिचान गरी तिनलाई संरक्षित गरेपछि मात्र विकृतिका पक्षहरू देखिँदै जान्छन् ।

जनताहरू धार्मिक हुन्छन् । धर्मका सामाजिक नियमहरूका रूपमा रहेका कर्मकाण्डहरूप्रति पनि तिनको विश्वास हुन्छ । कम्युनिष्ट तथा प्रगतिशीलहरूले ती नियममाथि धावा बोल्दा जनताहरू शंकालु बन्नु स्वाभाविक नै हुन्छ । तर जनताका सबै धार्मिक भावनाहरू समाजको प्रगतिशील रूपान्तरणका लागि बाधक बन्दैनन् । परिवर्तनको मूल मार्गमा बाधा उत्पन्न नगर्ने जनताका व्यवहारहरूमाथि अनावश्यक चुनौति दिनु पनि आवश्यक हुँदैन ।

यथार्थमा भन्ने हो भने, कुनै पनि संस्कृतिमा वैज्ञानिकताको पूर्णांश पाउन सकिँदैन । हजारौं वर्ष अगाडिको मानव चेतनाले निर्माण गरेको रीतिथितिमा थोरै मात्र वैज्ञानिकता छ भने, त्यो सकारात्मक पक्ष हो । पूरानोलाई निषेध गर्दै नयाँ तत्वको जन्म भइरहने विकासको नियमलाई संस्कृतिमा पनि देख्न सकिन्छ । पूरानो संस्कृतिको जगमा नै नवीन संस्कृतिको निर्माण हुने हुँदा कुरीति र कुपरम्पराहरूको उन्मूलन पनि सुधार आन्दोलनबाट शुरू हुन्छ र आमूल परिवर्तनमा टुङ्गिन्छ । त्यसकारण, जनतालाई क्रान्तिको आधार बनाउने हो भने उनीहरूमाथि कुनै विषय लादेर हुँदैन, तिनको विचारशक्ति जागृत गराउनु पर्दछ । तब मात्र सम्पूर्ण पुराना बन्धनहरूबाट मुक्ति पाउन सम्भव छ ।



**जनतालाई क्रान्तिको आधार बनाउने हो भने उनीहरुमाथि कुनै विषय लादेर हुँदैन, तिनको विचारशक्ति जागृत गराउनु पर्दछ ।**

कर्मकाण्डहरूको विरोध गर्दा हामी आफ्ना व्यवहारहरूमा पनि विरोधाभास भएको पाउँछौं । परम्परागत विवाहको विरोध गर्दै प्रगतिशीलहरूले प्रगतिशील विवाह, जनवादी विवाह, पार्टी विवाहको पक्षपोषण गरेर समाजलाई नयाँ दिशा दिन जमर्को गरिरहेका छन् । तर परम्परागत विवाहमा प्रयोग गरिने सिंदूर, टीका, पोते, चुरा, श्रृंगारका सामान (सीमित मात्रामा भए पनि) दूबोको माला, आदि आदिको प्रयोग भइरहेको देखिन्छ । वस्तुको रूपमा ती चीजहरूको प्रयोग गर्नु कुनै अनौठो होइन । धर्म अनुप्राणित नेपाली समाजमा सिन्दूर विवाहित नारीको परिचय मात्र होइन, शौभाग्यको प्रतीक पनि मानिन्छ तर प्रगतिशीलहरूको शब्दकोषमा 'भाग्य' भन्ने शब्द हुँदैन । चुरा र पोते सामन्ती बन्धन हो भन्ठाने पनि विवाहमा धेरथोर प्रयोग गरेका छौं । दूबोको माला, दशैंमा लाउने अक्षताको टीका, तिहारमा लाउने गोदावरी या मखमली फूलको माला, देउसी भैलो आदि हरेक कुराको धार्मिक महत्व र प्रतीकात्मक अर्थ छ । जसलाई हामीले सजिलै ग्रहण गरेका छौं । यसबाट तीन विषयहरू समस्याका रूपमा प्रस्तुत हुन्छन्- पहिलो, हामी पुराना संस्कृतिका अनेकौं कर्मकाण्डहरू छोडेर सांकेतिक रूपमा पूराना चिजबीजहरूको प्रयोग गर्दछौं । दोस्रो, केही विरोधाभाषहरू हुँदा हुँदै पनि हामी सुधारको क्रममा छौं । तेस्रो, हामी प्रगतिशीलहरूकै कार्यमा पनि एकरूपता छैन । पहिलो पक्षले हामीलाई पूराना कर्मकाण्ड मेट्नेतिर डोऱ्याएको छ । दोस्रोले, तडकभडक र अमितव्ययिताको विरोध गर्दै गरीब जनताहरूको आङमा घाम लाग्न सक्ने गरी जनताको नजिक पुऱ्याइदिएको छ भने तेस्रो पक्षले प्रगतिशीलहरूले राष्ट्रव्यापी अभियानकै रूपमा जनताको आस्थामाथि क्रमिक सुधार ल्याउने गरी एक नयाँ प्रकारको विवाह पद्धति, कर्मकाण्ड पद्धति_ आदिको व्यवस्थित विधान निर्माण गर्न र त्यसका आधारमा जनवादी गतिविधिहरू चलाउन प्रेरित गरेको छ । जनताको सांस्कृतिक स्तर माथि उठाउन र प्रगतिशीलहरूका कृयाकलापहरूलाई लोकप्रिय बनाउनका लागि हाम्रा गतिविधिहरूले सह्राहनीय भूमिका निर्वाह गर्नु पर्दछ । जनतालाई दिइने ज्ञान क्रान्तिकारी कार्यकर्ताहरूलाई दिने ज्ञानभन्दा फरक हुनु पर्दछ । त्यसैले, पूरानो संस्कृतिको जगमा नयाँ 'निर्णय-सिन्धु' र पद्धतिहरूको निर्माण हुन आवश्यक छ । यी विधिहरूको निर्माण गर्नु, सिद्धान्ततः क्रान्तिकारी कार्य होइन तर जन संस्कृति निर्माण गर्नु भनेको, हाम्रो अर्धसामन्ती र अर्ध औपनिवेशिक देशमा, किसानहरूको सांस्कृतिक स्तरलाई माथि उठाउनु हो । नेपाली किसानहरू नै अनेकौं धार्मिक पाखण्ड, ढोंगी रीतिरिवाज, चुसाहा कर्मकाण्ड र सामन्ती जंजीरहरूमा जकडिएका छन् । नेपाली समाजको आमूल परिवर्तन भनेकै किसानहरूकै जीवनमा आमूल परिवर्तन हुनु हो । त्यसैले उनीहरूको हितमा सुधार कार्यहरू गर्नु प्रगतिशीलहरूको प्रमुख आवश्यकता हो । जनताको वर्गीय चेतनाभन्दा धेरै माथि उठेको व्यवहार असल होला, तापनि त्यो 'नमूना' मात्र बन्दछ, सहजता बन्न सक्दैन ।


समाजको विकासको आफ्नो नियम हुन्छ । प्रगतिशील तथा कम्युनिष्टहरूको अनुपस्थितिमा पनि समाज विज्ञानको नियम अवरूद्ध हुँदैन, बरू यही विकासको क्रममा सर्वाधिक प्रगतिशील विचारका रूपमा कम्युनिष्ट विचार जन्मेको हो, जसको उपस्थितिले सामाजिक परिवर्तन र आमूल रूपान्तरणकारी मार्ग सुगम बनाइदिन्छ, अर्कोतिर गैर कम्युनिष्ट बुर्जुवाहरू पनि पूरातन समाज र संस्कृतिमाथि विजय प्राप्त गर्न लागेका छन्, हुन्छन् । पूँजीवादी र सामन्तवादी स्वेच्छाचारिताका विरूद्धमा सचेत सैद्धान्तिक संघर्षमा प्रगतिशीलहरू लागेका छन् भने अन्य सुधारवादी तप्का नयाँ युगको आवश्यकताबाट धकेलिएर अगाडि आउँदैछन् । तसर्थ, यो समय कुरीति र कुपरम्पराहरूको समाप्तिका लागि सहकार्य गर्ने समय पनि हो । सारमा, प्रगतिशील रूपान्तरणको ध्येय बोकेर सुधारात्मक आन्दोलनका लागि सहकार्यमा पनि सामेल हुनु प्रगतिशील शक्तिको सांस्कृतिक दायित्व बन्न पुगेको छ । हाम्रो समाजमा कर्मकाण्ड र रीतिथितिका विरूद्धमा हिजो आज मात्र विद्रोह भएको होइन । तत्कालीन समयमा चैतमा विहे गरेर लखन थापाले सानो विद्रोह गरेका होइनन् तर समाजले त्यसलाई पछ्याएन । हिजो आजका छिटफुट विद्रोहलाई पनि समाजले पचाउन सकेको देखिँदैन । तसर्थ, नेपाली कम्युनिष्ट तथा प्रतिशीलहरूले अहिले नै नयाँ जनवादी संस्कृति निर्माण हुनेछ भन्ने ठानेर होइन, प्रगतिशील संस्कृतिको निर्माणमा जोड दिनु आवश्यक छ । अघिल्लोको तुलनामा अपेक्षाकृत प्रगतिशील संस्कृति, रीतिरिवाज, जन्म मृत्यु संस्कार आदिको पक्षपोषण गर्नु नै वर्तमानको आवश्यकता हो । तसर्थ, कथाकार संग्रौलाको जस्तो 'ठाडै इन्कार' गर्ने शैलीले जनताको मनलाई नरम हातले स्पर्श गर्न सक्दैन । ◉



लघुकथा

# चेतना र महत्वाकांक्षा

◆ इस्माली



मलाई झलक्क देख्नासाथ नदेखेजस्तो गरी ऊ तर्कन चाह्यो तर मैले तर्कन दिन चाहिनँ र झट्ट बोलाइहालें, 'कता ?'

'क्षणभर त ऊ अलमलियो, किनभने ऊ असहज थियो । तर तुरुन्तै सम्हालियो र वाकपटु शैलीमा उल्टो मलाई नै उसले सोध्यो, भर्खर र पहिले उसले देखेझैं गरी, 'अरे ! यता कता ?'

'अचेतन बस्तीमा चेतनाको खेती गर्ने प्रयाससम्म थालेको हुँ तर मानिस निस्लोट भएर सुतेका हुन् वा आफू खेती गर्न असफल हुँ, छुट्याउन गाह्रो भयो ।'

'यो सब निरर्थक छ । कुनै इलममा लाग ।'

'स्वभाविक हो, चेतनाप्रति जो बेइमान छन्, तिनका लागि यो खेती निरर्थक छ ।'

'मलाई थाहा थियो, तिमी यस्तै कुरा गर्नेछौ ।'

'त्यसैले तिमी तर्कन चाहेथ्यौ, हैन ? तर्कनु क्षणिक समाधान हो तर स्थायी हैन । जबसम्म तिमी तर्कन्छौ, म पछ्याइरहन्छु, लखेटिरहन्छु ।'

'छोड यी सब कुरा । कुनै कामको कुरा गरौं ।'

'यो कामकै कुरा हो । तिमी पछिन मात्र खोजिरहेछौ ।'

'म यस्ता निरर्थक कुरामा भुलिनुभन्दा केही गर्नु वेश ठान्छु । मैले केही गर्नुछ, केही बन्नुछ ।'

'फलाम गालिएर इस्पात बन्छ, फालिएर खिया बन्छ । दुवै बन्नु हो ।'

'जे होस्, मलाई बन्नु छ । मैले केही बन्नै पर्छ ।'

'मलाई तिम्रो प्रतिभामा ठूलो भरोसा थियो... ।'

'अझै पनि भरोसा गर । म केही न केही बनेरै छाड्छु ।'

'बन्न त बन्छौ... । 'कठै !' भन्नुपर्ने गरी कि 'छिः !' भन्नु पर्ने गरी ? गर्व गर्नुपर्ने गरी बन्ने खड्गो त गै गो ।'

'यसैले तिमीसंग कुरो मिल्दैन ।'

'मिलोस् पनि कसरी ? बन्ने बहानामा तिमी आँखा चिम्लेर हेर्छौ, कान थुनेर सुन्छौ, नाक थुनेर सुँघ्छौ, तिम्रो हृदयभित्र एउटा भावना छ, बाहिर अर्कै भावना छ । तिमी सत्यलाई असत्य भन्छौ र असत्यलाई सत्य... !'

'तिमी निकै बढी कुरा गर्न थालेछौ । मलाई तिम्रो कुरा सुन्ने फुर्सद छैन । म हिँडें ।' भन्दै ऊ फटाफट हिँड्यो ।

म निरुत्तर निरीह प्राणी झैं त्यहीं उभिइरहें । ❀

कविता

# गोली नथापेका छातीहरू आज तक्मा थाप्न सुरक्षित रहे

◆ सुरेश किरण



**हिजो-गोली चलेको बेला**
**म सडकमा छाती बोकेर गइनँ ।**
**भाग्नलाई एक जोर खुट्टा बोकेर गएँ**
**तर टाउको बोकेर गइनँ ।**

**आज-तक्मा बाँड्न आएको बेला**
**म खुसी छु,**
**लगाउन तक्मा आज**
**मसंग छाती सुरक्षित रह्यो**
**थाप्न टीका आज**
**मसंग निधार सुरक्षित रह्यो ।**
**थापेकाले गोली-**
**हिजो जसको छाती छियाछिया भएको थियो**
**आज तक्मा लगाउन छाती नभएकाले अल्मलिएका छन् ।**
**सहेकाले लाठी-**
**हिजो जसको टाउको धूलो भएको थियो,**
**आज टीका थाप्न निधार नभएकाले जिल्लिएका छन् ।**
**आज मेरो छाती- छाती होइन**
**हाड र मासुको भिक्षापात्र भएको छ,**
**त्यसमा मैले तक्मा थापिदिएँ ।**
**आज मेरो निधार निधार होइन,**
**सबैले हेर्न सकिने दानपात्र भएको छ,**
**त्यसमा मैले टीका मागिदिएँ ।**
**साँच्चै यहाँ छाती गोलीले होइन, तक्माले सजाइँदो रहेछ ।**
**गोलीले छाती खसेकाहरुलाई**
**तक्माधनीहरु सोधिरहेका छन्, आज- तिम्रो छाती कहाँ छ ?**
**साँच्चै मैले आफ्नो छाती बचाइरहेको छु ।**
**गोली थाप्नलाई होइन, तक्मा थाप्नलाई ।**

◉ साभारः प्रलेस ◉ *(कविको नेपाल भाषाको कविताबाट कवि स्वयंद्वारा अनूदित)*

## आँखीझ्याल



# नेपालमा बेरोजगारी कति छ ?

राष्ट्रिय योजना आयोगका सदस्य बाल गोपाल वैद्यका अनुसार, नेपालमा ५ प्रतिशत युवा शक्ति पूर्णरूपमा बेरोजगार छ । यो देशभरिको औसत तथ्याङ्क हो ।

काठमाडौं उपत्यकामा त युवा बेरोजगारी यसको ठीक तीन गुणा छ । अर्थात् १५ प्रतिशत । अन्य शहरी क्षेत्रमा ११ प्रतिशत युवा जनशक्तिको कुनै रोजीरोटीको मेलो छैन । राजधानी काठमाडौंमा १५ देखि २४ वर्षका करीब २४ प्रतिशत युवा पूर्ण रूपमा बेरोजगार छन् ।


साभारः कान्तिपुर दैनिक
८ चैत्र, २०५३

# विश्वका २० सबैभन्दा ठूला बैंकहरु कुन कुन हुन् ?

**क्रमानुसार**

१) एच.एस.वी.एस. होल्डिंग्स
२) बैंक अफ टोक्यो मित्सुबिसी
३) क्रेडिट एग्रीकोल
४) चेस म्यानहटन
५) सिटी कोर्प
६) डच बैंक
७) बैंक अमेरिका
८) एबिएन अम्रो बैंक
९) सुमीटोमो बैंक
१०) यूनीयन बैंक अफ स्वीटजरल्याण्ड
११) फुजी बैंक
१२) डाइ इच्यी कांग्यो बैंक
१३) सान्वा बैंक
१४) साकुरा बैंक
१५) बैंक अफ चाइना
१६) नेशन्स बैंक
१७) बर्कलेज बैंक
१८) इण्डष्ट्रियल बैंक अफ जापान
१९) ग्रुप क्यास्से द इपार्ने
२०) न्याट्वेस्ट

स्रोतः
The Banker magazine




**नाभिकीय चक्रीय प्रतिक्रियाः युरेनियमको परमाणु विखण्डन हुँदा केही न्यूट्रोनहरु उछिट्टिनुका साथै प्रशस्त उर्जा निस्कन्छ ।**

# अणु बम र हाइड्रोजन बम कसरी बिस्फोटन हुन्छ ?

दोस्रो विश्वयुद्धको अन्त्यतिर सन् १९४५ मा अमेरिकाले जापानका दुई ठूला शहरहरू हिरोशिमा र नागाशाकीमा दुई अलग-अलग अणु बमहरू खसालेर लाखौं मानिसहरूलाई एकै चिहान बनायो । बैज्ञानिक अल्बर्ट आइन्स्टाइनले अणुबमको बैज्ञानिक सूत्र आविष्कार गरेपछि पहिलो पल्ट ती शहरहरूमा अणुबमहरू पड्केका थिए । यस अघिसम्म विश्वलाई अणुबम कस्तो हुन्छ र त्यो कति विनाशकारी हुन्छ भन्ने कुरा थाहा थिएन ।

अणुबम जस्तै महा विनाशकारी अर्को एक बमको पनि हाल चर्चा छ । त्यो हो- हाइड्रोजन बम । के तपाईंलाई थाहा छ, ती बमहरू कसरी बिस्फोटन हुन्छन्, र तिनीहरू त्यति विघ्न किन विनाशकारी भएका हुन् ? आउनुहोस्- यसबारे हाम्रो छोटो चर्चा गरौं ।

कुनै तरिकाबाट एउटा भारी नाभिक (heavy nucleus जस्तो कि, यूरेनियम वा प्लुटोनियम तत्वको एक नाभिक) अन्य कुनै करीब दुई बराबर खण्डका साना साना नाभिकहरूमा टुक्रिन्छ भने यसलाई नाभिकीय कोषा-उपकोषाभाजन (nuclear fission) भनिन्छ । यो कोषा- उपकोषाभाजनको बेला नाभिकभित्र रहेका एउटा दुईटा न्युट्रोन (Neutron) हरू उछिट्टिन्छन् ।

उछिट्टिएका न्यूट्रोनहरूलाई यदि अगलबगलमा रहेका यूरेनियम तत्वका नाभिकहरूले कब्जा गर्दछन् भने अन्य धेरै न्युट्रोनहरू उछिट्टयाउँदै अझ अर्को कोषा-उपकोषाभाजन हुन्छ । यो प्रक्रिया ज्यामितीय अनुपातमा अगाडि बढ्छ । यस्तो नाभिकीय प्रतिक्रिया (Nuclear reaction) लाई चक्रिय प्रतिक्रिया (chain reaction) भनिन्छ ।

**अमेरिकाले जापानका दुई ठूला शहरहरु हिरोशिमा र नागाशाकीमा दुई अलग-अलग अणु बमहरु खसालेर लाखौं मानिसहरुलाई एकै चिहान बनायो ।**

जब यस्तो नाभिकीय चक्रिय प्रतिक्रियालाई अनियन्त्रित ढंगमा सृजना गरिन्छ, छोटो समयमै अत्यन्तै ठूलो मात्रामा शक्ति बाहिर निस्कन्छ र यसले एउटा भयानक आणविक विस्फोटनलाई जन्म दिन्छ । यो नै अणुबमको सिद्धान्त हो ।

तर, हाइड्रोजन बमको सिद्धान्त भने यसको विपरीत छ । एकछिन यो सिद्धान्ततिर लागौं ।

दुई वा दुईभन्दा बढी हलुका आणविक नाभिकहरू (atomic nuclei) एउटा अर्को भारी नाभिक बनाउन एकीकरण (fusion) मा आउँछन्, भने यो प्रक्रियालाई नाभिकीय एकीकरण (Nuclear fusion) भनिन्छ । यो प्रक्रिया लाखौं सेन्टिग्रेडको तापमानमा मात्र सम्भव हुन्छ । र, यस प्रक्रियामा पनि जब अनियन्त्रित एकीकरणले ठाउँ ओगट्छ, तब छोटो समयमै ठूलो उर्जा बाहिर निस्कन्छ र भयानक बिस्फोटन हुन्छ । यो नै हाइड्रोजन बमको सिद्धान्त हो ।

हाइड्रोजन बममा बिस्फोटनको बेला हाइड्रोजन तत्वका परमाणुहरूका नाभिकहरू मिलेर हिलीयम भन्ने अर्को तत्वको नाभिक निर्माण हुन्छ अर्थात् हाइड्रोजन तत्वका परमाणुहरू मिली हिलीयम तत्वको परमाणु बन्दछ । यो प्रक्रियाको लागि आवश्यक ठूलो मात्राको तापशक्ति कोषा-उपकोषाभाजन प्रतिक्रिया (fission reaction) को माध्यमबाट उपलब्ध गराइन्छ । हाइड्रोजन बम पड्काउन त्यसमा शुरूमा कोषा-उपकोषाभाजन प्रतिक्रिया गराउन त्यसको बाहिरपट्टिबाट अणुबमको पदार्थले छोपेको हुन्छ ।

◆ **तुलसीदास महर्जन**

## आँखीझ्याल

### UNDP भन्छ- विकसित औद्योगिक मुलुकहरूमा-

◉ सबै धनी नै धनी छन् भन्ने कुरा सत्य होइन । त्यहाँ पनि १० करोडभन्दा ज्यादा मानिसहरू गरीबीको रेखामुनिको जिन्दगी बाँचिरहेछन् ।

◉ त्यहाँ ५० लाखभन्दा पनि ज्यादा मानिसहरूको कुनै ओत छैन । उनीहरू पूरै घरबारविहीन छन् ।

◉ त्यहाँ पुरुष र महिलाको ज्यालामा पनि भेदभाव अझै कायम छ । त्यहाँ पुरूषको तुलनामा महिलाको ज्याला उति नै काममा दुई तिहाई मात्र छ ।

◉ त्यहाँको संसदमा महिला जन प्रतिनिधि खालि १२ प्रतिशत मात्र छन् ।

◉ त्यहाँ ८ प्रतिशतभन्दा पनि ज्यादा मानिसहरूको हात-मुख जोर्न कुनै रोजगारी छैन । युवाहरू त अझ १५ प्रतिशत पूर्णरूपमा बेरोजगार छन् । त्यहाँ अहिले तीन करोड मानिसहरू कामको खोजीमा धुईंधुईंती लागिरहेका छन्, तर कुनै काम भेटिरहेका छैनन् ।

◉ सबैभन्दा गरीब ४० प्रतिशत घर धुरीको आम्दानी जम्मा त्यहाँ १८ प्रतिशत मात्र छ ।

◉ त्यहाँ १५ देखि ५९ वर्षका एक लाख तीस हजार महिलाहरू हरेक वर्ष बलात्कारको शिकार हुन्छन् । ❀

स्रोतः *UNDP, Human Development Report 1996*

**प्रगतिशील लेखक संघ नेपालको नियमित विचार, विश्लेषण र सिर्जनाको केन्द्रीय प्रकाशन**
**प्रलेस**
**बजारमा उपलब्ध छ ।**

**डा. ऋषिराज बरालको नयाँ कथा संग्रह 'वनमान्छेको कथा' बजारमा उपलब्ध छ ।**

**विवश बस्तीको कथा संग्रह 'नखनिएको खाडल' खोजी खोजी पढ्नुहोस् ।**

# डकुमेन्ट्री फिल्म महोत्सवः कति सफल कति असफल ?

## कनकमणि दीक्षितसँग कुराकानी



*"फिल्म साउथ एशिया '97" को प्रतीक फोटोः क्यामेरा बोकेका एक सामान्य नागरिक स्व. रामबहादुर तामाङ्ग*

**गत कार्तिक ९ गतेदेखि १२ गतेसम्म काठमाडौंको स्थानीय रुसी सांस्कृतिक केन्द्रको हलमा दक्षिण एशियाली वृत्तचित्रहरुको महोत्सव "फिल्म साउथ एशिया '97" सम्पन्न भयो । भारत, पाकिस्तान, श्रीलंका र नेपालका ५४ वटा वृत्तचित्रहरु समावेश भएको उक्त महत्वपूर्ण र उपयोगी महोत्सव हिमाल साउथ एशिया पत्रिकाले आयोजना गरेको थियो । सो महोत्सवमा नेपालका छिरिंग रितारको "The Spirit Doesn't Come Anymore" शीर्षकको डकुमेन्ट्री फिल्मले प्रथम पुरस्कार पाएको थियो । दोस्रो पुरस्कार तीनवटा वृत्तचित्रले पाएका थिए- पाकिस्तानका फरजाद नबीको "Nusrat Has Left the Building- But When ?" ले, भारतका सुरजीत सरकार र बाणी सुब्रमन्यमको "Meals Ready" ले र भारतकै आनन्द पटबर्धनको "Father, Son & Holy War" ले । निर्णायक मण्डलले बांग्लादेशका तारिक र क्याथरिन मासुदको "Muktir Gaan" वृत्तचित्रलाई विशेष सम्मान प्रदान गरेको थियो ।**

**महोत्सवमा समाविष्ट वृत्तचित्रहरुले राजनीति, धर्म, वातावरण, सामाजिक आन्दोलन, इतिहास, जातीयता, युद्ध, क्रान्ति, जीवन-वृत्त आदि समाजका अनेक पक्षहरुका बारेमा विविध कोणहरुबाट सामग्रीहरु प्रस्तुत गरेका थिए ।**

**हामीले उक्त वृत्तचित्र महोत्सवका उद्देश्य र उपलब्धिहरुका बारेमा आयोजक हिमाल पत्रिकाका प्रधान संपादक कनकमणि दीक्षित सँग कुराकानी गरेका थियौं । यस पटक पाठकहरुसामु प्रस्तुत छ- उक्त कुराकानीका प्रमुख अंशहरुः**

**- हरिगोविन्द लुईंटेल**

**◆ हालै तपाईंहरुले डकुमेन्ट्री चलचित्रहरुको जुन महोत्सव गर्नुभयो, त्यो कुन कुराबाट प्रेरित भएर गर्नु भएको थियो ?**

-श्रव्यदृश्य माध्यम संचारको एउटा ठूलो र शक्तिशाली माध्यम हो । यो माध्यम रेडियो र अखबारभन्दा पनि बलियो माध्यम हो । तर दक्षिण एशियामै र खासगरी नेपालमा, यस्तो शक्तिशाली माध्यमको राम्रो उपयोग हुनै सकेको छैन । यहाँ यसलाई खालि क्षणिक मनोरन्जनको लागि मात्र उपयोग गरिंदैछ । नेपालको कुलीन वर्गको रूचिको स्तर पनि माथि उठ्न सकेको छैन । यो वर्गले पनि श्रव्य दृश्य सामग्रीको रूपमा या त भिडिओ पसलबाट क्यासेट ल्याएर फिल्म हेर्छ या सिनेमा हलमा गएर फिल्म हेर्छ अथवा भू-उपग्रहबाट प्रसारण हुने टि.भि. प्रसारणहरू हेर्छन् । जबकि, त्यसबाट मूलतः मनोरन्जनबाहेक अन्य कुनै कुरा प्राप्त गर्न सकिंदैन ।

**◆ के त्यसो भए मनोरंजन चाहिं जरुरी छैन र ?**

यहाँ मनोरन्जन चाहिंदै चाहिंदैन भन्न खोजिएको होइन । भन्न खोजेको के मात्र हो भने- अश्लीलताले नभरिएको, संस्कृति र इतिहासले भरिपूर्ण भएको र राम्रो राम्रो चित्रण र अभिनय भएको श्रव्य.दृश्य सामग्रीहरूको खोजी गरिनुपर्थ्यो । त्यो गरिएको देखिन्न । पाकिस्तानी टेलफिल्महरूको जस्तोसम्मको स्तरीयताको माग पनि हामीमा तीव्र छैन ।

समाजमा भइरहेको विकृतिको विश्लेषण भएको वा यहाँ भएको राम्रो कुराहरूको विश्लेषण भएका श्रव्य दृश्य संचारप्रति यहाँ रूचि नै कम छ र थोरै रूचि हुनेहरूले पनि कहाँ हेर्न पाएका छन् त्यस्ता सामग्रीहरू ?

उनीहरूले त यस्ता खालका सामग्रीहरू पनि छन्, र बन्न सक्छन् भन्ने कुरा पनि थाहा पाइराखेका छैनन् । हामीकहाँ त सिनेमा भन्यो कि त्यही हिन्दी सिनेमा र अंग्रेजी सिनेमा, अनि टि.भि. प्रोग्राम भन्यो कि त्यही अन्ताक्षरी र नाचगान, माधुरी दीक्षित आदि आदि मात्र सम्भिने गरिन्छ र तिनै कुरा नै दोहऱ्याई तेहऱ्याई हेरिन्छन् ।

यहाँ मिडियामा वा कम्युनिकेसनमा लागेका व्यक्तिहरूले स्वस्थ मनोरन्जनले भरपुर स्तरीय सामग्रीहरू दिन पनि सकेका छैनन् ।

त्यसैले नेपाली जनतालाई त्यस्ता किसिमका डकुमेन्ट्री फिल्मको शक्तिको स्वाद चखाउनु जरूरी छ भन्ने हामीले विचार गऱ्यौं । र, त्यसैको फलस्वरूप यो फिल्म महोत्सव आयोजना गऱ्यौं ।

डकुमेन्ट्री भनेको नै समाजको विकृति या राम्रो कुराको विश्लेषण गरेर पेश गर्ने माध्यम हो । वास्तवमा, नेपालमा डकुमेन्ट्री फिल्म पेशै भएन, यहाँ खालि यसको नाममा सरकारी प्रोपगण्डा फिल्महरू, दाता संस्थाले चन्दा दिएर बनाउन लगाएका विकासे कार्यक्रमको चित्रण गरेको फिल्महरू मात्र पस्किने काम भए ।

हिजो पंचायतकालमा वाक् स्वतन्त्रता नभएर र आज आएर चाहिं हामीमा सृजनशीलता नै नभएर हो वा विकासे पैसा धेरै आएर हो, यहाँ राम्रा राम्रा फिल्म बनाउनसक्ने क्षमता भएका मानिसहरूको ध्यान पनि यतातिर गएन । उनहरूको ध्यान तान्नु पनि हाम्रो अर्को उद्देश्य हो ।

**◆ राम्रा, सन्देशमूलक, ज्ञानबर्द्धक, सूचनामूलक, विचारोत्तेजक रचना तयार गर्न सक्षम जनशक्ति पनि हामीकहाँ कम छ नि ! हैन ?**

-नेपालमा राम्रा राम्रा फिल्म बनाउने क्षमता भएका थुप्रै मानिसहरू छन् । उनीहरूसंग क्यामरा छ, स्टुडियो छ । एडिटिंग स्टुडियो छ, केही हदसम्म पूँजी पनि छ । उनीहरूसंग जहिले पनि विदेशी संस्था र गोराहरूको पछि लागिरहनु पर्ने बाध्यता पनि छैन । तर उनीहरू विकासे संस्थाहरूले फालेका पैसाले विकासे फिल्म बनाउनतिर लागे । जुन फिल्महरू नर्वे, वासिंगटन डि.सी., लण्डन तथा रोम जस्ता हेडक्वार्टरहरूमा जान्छन् र च्याकमा थन्किन्छन् । नेपली जनताहरूले तिनको अनुहार पनि देख्न पाउँदैनन् । जोसंग क्षमता छ, योग्यता छ, उनीहरूको ध्यान नेपली समाज र नेपाली जनताहरूको फिल्म बनाउनतिर जाँदै गएन ।

यसरी एकातिर, नेपाली जनतालाई डकुमेन्ट्री फिल्म भन्ने चीज पनि हुन्छ भन्ने कुरा नै थाहा भएन । अर्कोतिर, भइरहेका फिल्म निर्माताहरूले पनि नेपाली जनतालाई डकुमेन्ट्री फिल्म देखाउने अग्रसरता देखाएनन् । यस्तो स्थितिमा नेपाली जनताहरूलाई पनि डकुमेन्ट्री फिल्मसंग परिचित गराउँ भन्ने प्रेरणा हामीमा जागृत भयो । हिमाल दक्षिण एशिया पत्रिका सम्पादन गर्ने काममा लाग्दा हामीलाई के कुरा थाहा भयो भने- दक्षिण एशिया क्षेत्रभरिमा साँच्चिकै राम्रा राम्रा डकुमेन्ट्री फिल्महरू बनिसकेका छन् । यो थाहा पाएर ती फिल्महरूलाई यहाँ ल्याएर नेपालीहरूसंग परिचित गराउने काममा म र हिमालका ५/६ जना साथीहरू लाग्यौं ।

खुसीको कुरा के हो भने, दक्षिण एशियाका सबभन्दा प्रबुद्ध फिल्म निर्माताहरू, जो संसारमै डकुमेन्ट्री निर्माण क्षेत्रका नक्षेत्रको रूपमा चिनिन्छन्, उनीहरूले समेत आफ्ना फिल्महरू हामीलाई पठाए । र, केही राम्रा राम्रा फिल्म निर्माताहरू त काठमाडौं नै आए । हामीले सफलतापूर्वक यो फिल्म फेस्टिभल मनायौं । कार्यक्रम सकिएपछि हामीलाई के थाहा लाग्यो भने- यो नै दक्षिण एशिया भरिको पहिलो फिल्म फेस्टिभल पो रहेछ !

**◆ मूल रुपमा यो महोत्सवले के दियो भन्ने ठान्नु हुन्छ ?**

-यो फेस्टिभलबाट मूलतः राम्रा फिल्महरू कस्ता कस्ता हुँदारहेछन् ? भन्ने



कनकमणि दीक्षित

कुरा हामीले सिक्न पायौं । फिल्म निर्माताहरूले कस्ता कस्ता कुराहरूलाई समेटेका रहेछन् त भन्ने कुरा र चिन्तनशील फिल्म निर्माताहरूलाई उनीहरू आफू जहाँ रहे पनि कस्ता विषयहरूले पिरोल्दा रहेछन् त ? भन्ने कुरा पनि हामीले निकै राम्रोसंग बुझ्न सक्यौं । संचार क्षेत्रका कर्मीहरूलाई र सीमित नै भए पनि नेपाली प्रबुद्ध वर्गलाई यो जान्ने, बुझ्ने र अनुभव गर्ने जुन अवसर यसले दियो, त्यो नै यसको ठूलो प्राप्ति हो भन्ने मैले ठानेको छु ।

**◆ विशेषत: डकुमेन्ट्री फिल्म क्षेत्रलाई यसले ठोस रुपमा के सिकायो भन्ने तपाई ठान्नु हुन्छ ?**

-मुख्य कुरा त डकुमेन्ट्री या वृत्तचित्र विवरणात्मकभन्दा पनि बढी विचार आउने खालको हुनुपर्छ भन्ने कुरा बोध गर्न यसले मद्दत गर्‍यो । यो जथाभावी लेख्ने कुरा हैन । नेपालमा, अहिलेसम्म जति पनि वृत्तचित्रहरू बनिरहेका छन्, तिनमा खालि डाँडाकाँडा, टुँडाल, हिमाल, मन्दिर आदि बाहिर बाहिरका कुराहरू मात्र देखाउने गरिएको छ । त्यसमा विचार केही हुँदैन । यो न्युज रिपोर्टिंगलाई नै यहाँ डकुमेन्ट्री मान्ने गरिएको छ । विकासोन्मुख वा विभिन्न समस्याले पिल्सिएको राष्ट्रको संस्कृतिदेखि लिएर विकाससम्मका र वातावरणदेखि लिएर राजकाजसम्मका विभिन्न खालका विषयमा डकुमेन्ट्री फिल्म बन्न सक्छन् । एउटा समीक्षकले वा विचार लेख्ने पत्रकारले वा स्तम्भकारले जसरी लेख्र लेख्छ, त्यस्तै किसिमले डकुमेन्ट्री बनाउनेले पनि डकुमेन्ट्री बनाउनुपर्छ- विचारसहित, आफ्नो निचोड सहित । साथै, त्यो डकुमेन्ट्री खोजमूलक हुनु पर्दछ । कुनै पनि विषयको डकुमेन्ट्री फिल्म बनाउने हो भने, त्यस विषयमा भित्रभित्रसम्म पसेर खोजी गर्नु पर्दछ ।

**◆ यो सन्दर्भलाई पुष्टि गर्न तपाई कुनै दक्षिण एशियाली डकुमेन्ट्री फिल्महरुको उदाहरण दिन सक्नु हुन्छ ?**

-जस्तो हामीहरूले अस्ति देखाएका फिल्महरू मध्ये प्रसिद्ध व्यक्ति आनन्द पटवर्धनले बनाएको **'फादर, सन एण्ड होली वार'** वृत्तचित्रलाई नै पनि उदाहरणको रूपमा लिन सक्छौं । यस फिल्ममा फिल्म निर्माताले पुरूष हैकमवादले गर्दा नै साम्प्रदायिकता आएको हो भन्ने कुरा जोडदार रूपमा देखाउन खोजेका छन् । यो फिल्म बनाउन उनी क्यामरा लिएर डरलाग्दो डरलाग्दो अवस्थामा बम्बै वा अन्य शहरहरूका सडक सडकमा गएर फिल्म खिचे । खिच्दा हिन्दू र मुसलमान दुबै धर्मावलम्बीहरूका प्रवृत्तिहरू झल्किने गरी खिचे, दुवैको आलोचना गरेर फिल्म बनाए ।

त्यस्तै गरी, बंगलादेशको एउटा डकुमेन्ट्री, लालन शाह फकिरको जीवनमा आधारित थियो । उनी आफ्नो गानामार्फत् सुफी धर्मको प्रचार गर्दथे । एक शताब्दीअघि नै मरिसकेका फकिरको बारेमा, त्यस फिल्ममा एक शताब्दी अगाडिको गीतको भावलाई आजको आधुनिक जनतासमक्ष ल्याउन खोजिएको छ ।

पाकिस्तानको इस्लामिक समाजमा मुजरा (नृत्यु)लाई प्रोत्साहन दिइदैन । तर पाकिस्तानको विभाजन हुनुभन्दा अगाडि नै तेहरिमा मिथा भन्ने एकजना केटीले आफ्नी आमाबाट सिकेको उक्त नृत्य निर्धक्कसाथ नाचेर देखाइदिइन् । उनको बारे शीरिन पाशाले बनाएको फिल्म **'एण्ड सी डान्सेज अन'** पनि एउटा उल्लेखनीय कृति हो ।

नेपालको हकमा भन्ने हो भने, कति क्षमता भएका फिल्म निर्माताहरूले पनि यस्ता फिल्महरू बनाउन खोजेनन् । तर एकजना छिरिंग रितार नामका युवकले यस्तो खालको फिल्म बनाउन आँट गरे । यो गौरवको कुरा हो । उनका बाबु शेर्पा र आमा तिब्बती शरणार्थी हुन् । उनी पोखराको शरणार्थी शिविरमा नै हुर्केका थिए । उनी नेपाली समाजसंग त्यति परिचित पनि छैनन् । उनले आफैंले पैसा खोजी खोजीकन फिल्म बनाए । उनले बनाएको फिल्मको नाम हो- **'द स्पिरिट डज नट कम एनीमोर'** ।

**◆ यो फिल्म त यो महोत्सवमा प्रथम पुरस्कृत पनि भयो नि, हैन ?**

-हो, यो फिल्मले यो महोत्सवमा प्रथम पुरस्कार पायो । यो डकुमेन्ट्री तिब्बतबाट भागेर आए

र बाबु एवं छोराको बीचको द्वन्द देखाइएको छ । यो फिल्म उनले एउटा क्यामरा मात्रको भरमा एकदमै राम्रोसंग बनाएका छन् ।

**◆ कतै यो आयोजक देशको कुनै रचनालाई पुरस्कार दिएर आयोजक देशलाई धन्यवाद दिन खोजिएको त हैन ?**

- निर्णायक मण्डलमा बस्नु भएका पाकिस्तान, श्रीलंका र भारतका नाम चलेका फिल्म निर्माताहरूले के भन्नुभयो भने- 'नेपालमा भएको फिल्म फेस्टिभल हुनाले नेपालको फिल्मलाई प्रथम घोषित गरिएको होला भनेर तपाईंहरूलाई भ्रम पर्ला । यो कदापि होइन । यो फिल्म यति उत्कृष्ट छ कि, भारतका नामुद नामुद फिल्महरूको अगाडि पनि यसले अवश्य विजय हासिल गर्न सक्छ ।'

यो हाम्रो निम्ति गौरवको कुरा हो ।

**◆ के यसलाई ने.टि.भि.बाट प्रशारण गराउन सकिन्न ?**

-यसलाई टि.भि.मा देखाउन मैले कुरा पनि गरेको छु । हेरौं, यो प्रस्तावलाई ने.टि.भि.ले कत्तिको गंभीरतापूर्वक लेला ।

यो फिल्म नेपालीहरूले हेर्नैपर्ने फिल्म हो, ताकि यो फिल्म हेरेर हाम्रा दर्शकहरूले पनि वृत्तचित्र भनेको यस्तो हुँदो रहेछ भनेर जानून् र वृत्तचित्र निर्माताहरू वा वृत्तचित्र निर्माण गर्न चाहनेहरूले पनि यस्तो वृत्तचित्र निर्माण गर्नुपर्दछ भनेर जानून् ।

**◆ यो फिल्म फेस्टिभल गर्नुभन्दा अगाडि नेपालीहरूमा जुन किसिमको प्रभाव परोस् भनेर तपाईंहरुले चाहनु भएको थियो, त्यो कत्तिको परेको अनुभव गर्नुभयो त ?**

-हामीले जति सोचेका थियौं, त्यति प्रभाव पर्न सकेन । डकुमेन्ट्री फिल्म भनेको आम जनतामा त्यति जान सक्ने फिल्म होइन । त्यसैले हामीले बुद्धिजीवी वर्गलाई ल्याउने कोशिस गरेका थियौं । तर हामीहरू त्यसमा सफल हुन सकेनौं । नेपालको बुद्धिजीवी वर्गलाई हामीले जुन स्तरमा राखेका थियौं, त्योभन्दा यो वर्ग केही तल नै भएको मैले महसूस गरें ।


थोरैजनाबाहेक आम बुद्धिजीवी वर्ग र फिल्म निर्माताहरूले यसलाई हेर्नुपर्ने महसुस नै गरेनन् । डकुमेन्ट्री फिल्म भन्ने बित्तिकै उनीहरूले हेयको दृष्टिले हेरेको महसुस भयो । हुन त यसमा हाम्रो पनि दोष होला । हामीले पनि जति प्रचारप्रसार गर्नुपर्ने हो, त्यति गर्न सकेनौं होला । यसमा हामी सफल नभए तापनि अर्को उद्देश्यमा भने हामी सफल भएको महसुस गर्‍यौं ।

त्यो हो- फेस्टिभलमा विभिन्न ठाउँका फिल्म र फिल्म निर्माताहरू नेपाल आउन् र दक्षिण एसियाभरि नै राम्रा राम्रा वृत्तचित्रहरू बनाउनका निम्ति थोरै भए पनि प्रेरणा जागोस् भन्ने उद्देश्य । यसमा हामी धेरै हदसम्म सफल भयौं । यसमा आएका दक्षिण एसियाका राम्रा र नाम चलेका फिल्म निर्माताहरू सबैले पनि यसलाई धेरै नै राम्रो भएको महसुस गरे । यसरी दक्षिण एशियाली महोत्सव आयोजनाको हिसाबले हामी सफल नै भयौं ।

**◆ पत्रकार भेलामा तपाईंले गत पटक गरिएको महोत्सवमा विदेशीहरुको**

**पहिले महोत्सवमा भाग लिन आउने विदेशीहरुको संख्या सत्तरी प्रतिशत र नेपालीहरुको संख्या तीस प्रतिशत थियो । हामीले यसपालि नेपालीहरुको प्रतिशत सत्तरी र विदेशीको प्रतिशत तीस गर्ने कुरा सोचेका थियौं ।**





**सहभागिता बढी भएको र नेपालीहरुको सहभागिता कम भएको बताउनु भएको थियो । यसपालि त्यो अनुपातलाई उल्टाउने कुरा पनि तपाईले गर्नुभएको थियो । के यसपालि त्यस्तो भयो त ?**

-उल्टेन । पहिले महोत्सवमा भाग लिन आउने विदेशीहरूको संख्या सत्तरी प्रतिशत र नेपालीहरूको संख्या तीस प्रतिशत थियो । हामीले यसपालि नेपालीहरूको प्रतिशत सत्तरी र विदेशीको प्रतिशत तीस गर्ने कुरा सोचेका थियौं । त्यसो हुन सकेन । पचास पचास प्रतिशतसम्म मात्र हुन सक्यो । तर पहिले विदेशीहरू धेरै आए तापनि "हिमालय साँग्रिला" खोज्दै आउनेहरू बढी थिए । यसपालि भने जति पनि विदेशीहरू आए, उनीहरू साँच्चिकै नेपाली समाजलाई बुझ्न चाहनेहरू नै आए । यसमा झन् म खुशी छु ।

◆ **आम बौद्धिक वर्गको कुरा त माथि पनि आयो । तर उनीहरु बाहेक आफ्नो कार्यक्षेत्र नै फिल्म र संचार क्षेत्र भएका फिल्म निर्माताहरु र संचारकर्मीहरुको उपस्थिति बढाउन तपाईहरुले विशेष प्रयत्न नगर्नु भएको पो हो कि ?**

-होलान्, हाम्रा कमजोरीहरू भए होलान् । तर यत्रो प्रचारप्रसार भएको छ, बीस रूपियाँमा सजिलै टिकट काटेर देश-विदेशका राम्रा रचनाहरू हेर्न पाइने स्थिति छ, यति हुँदा हुँदै पनि कतिपय मानिसहरूले निम्तो नै नपाएको कुरा गर्नुभयो र उहाँहरू आउनु भएन । यो चाहिँ मलाई ठीक लागेन । आफ्नो विशिष्ट कार्यक्षेत्रको विषयमा थप जान्ने बुझ्ने मौका उहाँहरूले छोप्नुपर्थ्यो भन्ने मलाई लाग्छ ।

◆ **यी वृत्तचित्रहरु फेरि देखाउने व्यवस्था गर्न सकिन्न ?**

-हो, हामीलाई के पनि लागेको छ भने, यी वृत्तचित्रहरू फेरि पनि देखाउनु पर्छ । किनभने, कतिपय मानिसहरूले यिनीहरूबारे अहिले मात्रै थाहा पाउन थाले । त्यसैले हामीले ट्राभेलिंग फिल्म फेस्टिभल भनेर उत्कृष्ट वृत्तचित्रहरू संसारभरि नै पठाउन खोजेका छौं । त्यस्तै किसिमले उत्कृष्ट वृत्तचित्रहरू नेपालका कुना-काप्चाहरूमा र मोफसलका शहरहरूमा पनि हामी पठाउँदैछौं । यो काम यस्तै दुई महिनाभित्रमा होला ।

◆ **यो महोत्सवमा राजनीतिज्ञहरुले चाहिं कतिको चाख लिनु भएको पाइयो ?**

-वृत्तचित्रप्रति चाख देखाउनु पर्ने वृत्तचित्रकर्मीहरू, संचारकर्मीहरू, डाक्टर, इन्जिनियर, निर्माता, निर्देशक कलाकारहरूले नै हो । मलाई सोध्नु हुन्छ भने म के भन्छु भने, सबभन्दा पहिले वृत्तचित्रमा चाख राख्नुपर्नेहरू बुद्धिजीवी वर्गले नै हो । तर फेस्टिभलमा बुद्धिजीवीहरू फाट्टफुट्ट मात्र आए । यसमा कतिपय राजनीतिज्ञहरू पनि आउनुभयो । पि.एल. सिंह, मनमोहन अधिकारी जस्ता मानिसहरू आउनुभयो । फिल्महरू हेर्नुभयो र कमेन्ट गरेर जानुभयो । अरू पनि आउनुभयो । जो आउनुभयो, उहाँहरूलाई म 'वाह !' भन्छु । किनभने, यस्तो बौद्धिक चनाखोपन, जिज्ञासुपन र रूचि हुनु ठूलो कुरा हो ।

> **नेपालका क्षमता भएका फिल्म निर्माताहरुले पनि यस्ता फिल्महरु बनाउन खोजेनन् । तर एकजना छिरिंग रितार नामका युवकले यस्तो खालको फिल्म बनाउन आँट गरे । यो गौरवको कुरा हो ।**

◆ **अरु यस्तो आयोजना अब कहिले हुन्छ ?**

-फेस्टिभल गर्न दुःख त हुन्छ । हामी यसमा लागेर **हिमाल** पत्रिका निकाल्न पनि एक महिना ढिला भयो । सामान जुटाउन धेरै नै चाकरी गर्नु पनि पर्‍यो । अरू देशका पूँजीपति वर्गले जति सोसाइटीको लागि काम गर्छन्, नेपालका पूँजीपतिहरू यस्तोमा त्यति चाख राख्दैनन् । यहाँका पूँजीपतिहरू सस्तो नाम चलाउने काम गर्न मात्र अघि सर्दछन् । त्यसैले उनीहरूबाट सघाउ लिनको लागि धेरै गाह्रो भयो । अब आउँदो फेस्टिभलको लागि सबैबाट अझ बढी सघाउ मिल्छ कि भन्ने कुरामा हामी आशावादी छौं- र, निर्धक्कसाथ अन्तरराष्ट्रिय स्तरको फिल्म फेस्टिभल गर्न सक्छौं भन्ने आशामा छौं । हामीले सेप्टेम्बर, १९९९ मा अर्को महोत्सव गर्ने निधो गरेका छौं । ◉

*(फोटोहरू सौजन्यः हिमाल)*

**(४ पेजको बाँकी)**

द्वारा शालिकको अनावरण गरिँदा त्यहाँ भारतको विभिन्न भागबाट जुलूससहित आएका मानिसहरूले घाट-शिला केन्द्रीय कम्युनको कम्पाउण्ड मैदान खचा-खच भरिएको थियो । निकै आकर्षक राताम्ये मंचमा विश्वका विभिन्न देशका र कम्युनिष्ट पार्टीका प्रतिनिधिहरू उपस्थित थिए । त्यस समारोहमा क्यूबाली कम्युनिष्ट पार्टी, बेल्जियमको श्रमिक पार्टी, रूसको अल यूनियन पार्टी अफ बोल्सेविक्स, नेदरल्याण्डको न्यू कम्युनिष्ट पार्टी, टर्कीको डि.एच.के.सी., श्रीलंकाको न्यू डेमोक्रेटिक पार्टी, बंगलादेशको बंगालदेशेर समाजतान्त्रिक दल, र नेपालको समेत प्रतिनिधित्व थियो ।

समारोहलाई एस.यू.सी.आई.का नेता तथा पार्टी महासचिव क. निहार मुखर्जीले, क्यूबाको प्रतिनिधि क. लउर्देश उरूटिया रोदरीगुयेजले, बेल्जियमका प्रतिनिध क. डर्क डि ब्लकले, रूसका प्रतिनिधि क. ए ब्यारिचेभले, नेदरल्याण्डका प्रतिनिधि क. बिल भ्यान दर क्लिफ्टले, टर्कीको प्रतिनिधि क. कस्क्रेदर माइकेले, श्रीलंकाका प्रतिनिधि क. इ थाम्बियाले, बंगलादेशका प्रतिनिधि क. खलेकुज्मानले र नेपालका प्रनितिनिधि श्याम श्रेष्ठले संबोधन गर्नुभएको थियो ।

समारोहका सभापति क. प्रीतिश चन्दाद्वारा शहीदहरूको प्रतीकमा श्रद्धाञ्जली अर्पण गरी शुरू गरिएको त्यस समारोहमा विभिन्न देशका प्रतिनिधिहरूले क. शिवदास घोषको शालिकमा माल्यार्पण पनि गरेका थिए । कम्सोमोलका सदस्यहरूले प्रदान गरेको गार्ड अफ अनर निकै प्रभावशाली थियो । गर्मीमा तीन घण्टा लामो समारोहमा समेत विशाल जन-समुदाय हलचल नगरिकन निकै अनुशासित तवरले बसेको दृश्यले धेरैलाई मन्त्रमुग्ध पारेको थियो ।

समारोहपछि घाटशिलामा विभिन्न देशका प्रतिनिधिहरूसित एस.यू.सी.आई.का नेताहरूले द्विपक्षीय वार्ता र भेटघाटको कार्यक्रम राखेका थिए । देश-देशबीच पनि आपसी सम्बन्ध बृद्धि गर्ने विषयमा वार्ताहरू सम्पन्न भएका थिए ।

मंसीर २ गतेका दिन कलकत्ताको कलेज स्ट्रीटस्थित यूनिभर्सिटी हलमा "अखिल भारतीय साम्राज्यवादविरोधी मंच"को आयोजनामा एउटा विचार-गोष्ठीको आयोजना गरिएको थियो । गोष्ठीको विषय थियो- "बदलिँदो विश्व परिस्थितिमा साम्राज्यवादविरोधी आन्दोलन कसरी अघि बढाउने ?"

भारतका भूतपूर्व न्यायाधीश श्री कृष्ण अय्यरको सभापतित्वमा सम्पन्न सो गोष्ठीमा विश्वका विभिन्न भागबाट आएका प्रनिधिहिरूका अतिरिक्त भारतका विभिन्न भागबाट आएका प्रतिनिधिहरूले समेत आफ्ना विचार प्रस्तुत गरेका थिए । नेपालबाट "साम्राज्यवादविरोधी राष्ट्रिय मंच"का तर्फबाट महासचिव श्याम श्रेष्ठ, सदस्य सिन्धुनाथ प्याकुरेल र डा. गोपाल पोखरेल एवं सल्लाहकार सुशीलचन्द्र अमात्यले सो गोष्ठीमा प्रतिनिधित्व गर्नुभएको थियो । यस गोष्ठीमा अमेरिकाको वर्कर्स वर्ल्डका प्रतिनिधि कमरेडहरूले समेत भाग लिएका थिए ।

गोष्ठीमा नेपाल र जर्मनीका तर्फबाट साम्राज्यवादविरोधी मंच खालि राष्ट्रिय स्तरमा होइन, अन्तर्राष्ट्रिय स्तरमा समेत बन्नु आवश्यक भएको र त्यसका लागि तत्कालै एउटा टीम बनाएर 'अन्तर्राष्ट्रिय सम्पर्क विस्तार कार्य' थालिनुपर्ने प्रस्ताव पेश भएको थियो । नेपालबाट सार्क क्षेत्रका राष्ट्रहरूले सार्क स्तरमा एउटा 'साम्राज्यवादविरोधी आन्दोलन संयोजन-संयन्त्र' बनाउने प्रस्ताव राखिएको थियो । साथै, क. चे ग्वेभाराले शुरू गरेको एशिया, अफ्रिका र ल्याटिन अमेरिकाको तीन महाद्वीपीय सम्मेलनको आवश्यकता अहिले विश्वलाई पुनः भएको र यसको लागि क्यूबालाई पहल गर्न अनुरोध गर्ने प्रस्ताव पनि गरिएको थियो । साम्राज्यवादविरोधीहरूले सामूहिक रूपले मिलेर 'वैकल्पिक संचार संयन्त्र' विकास गर्नुपर्ने आवश्यकता सम्बन्धी प्रस्ताव पनि गोष्ठीमा राखिएको थियो ।

यस सम्बन्धमा छुट्टै बैठक बसेपछि आगामी जुलाई महिनामा सार्क स्तरको संयन्त्रको लागि एक जमघट नेपाल या बंगलादेशमा गर्ने निर्णय भएको छ । अरू संयन्त्रको विकासको निम्ति भारतले सोच्ने समय मागेको छ ।

मंसीर ३ का दिन भारतको साम्राज्यवादविरोधी मंचको संगठन विस्तार सम्बन्धी आफ्नो कमिटी बैठक थियो, जसमा विचार प्रस्तुत गर्नका लागि विभिन्न मुलुकका प्रतिनिधिहरू पनि निम्त्याइएका थिए । त्यस बैठकमा नेपालका प्रतिनिधि श्याम श्रेष्ठद्वारा राखिएको "नेपालको कालापानी क्षेत्रमा भारतले राखेको सैनिक फिर्ता जानुपर्ने र कब्जा गरिएको नेपाली भूमि भारतले फिर्ता गर्नुपर्ने" प्रस्ताव स्वीकार गरिएको थियो । यससम्बन्धमा भारत सरकारलाई भारतको साम्राज्यवाद विरोधी मंचले ज्ञापन-पत्र दिने कुरा महासचिव सुशीलकुमार मुखर्जीले जानकारी दिनुभएको छ ।

त्यो बैठकपछि इराकमाथि अमेरिकाले आक्रमण गर्न लागेको विषयमा कलकत्तास्थित अमेरिकी कन्सुलर अफीसमा एउटा उल्लेखनीय विरोध-जुलुससहित विरोध-पत्र दिनजाने कार्यक्रम सम्पन्न गरियो ।

साँझ ४ बजे महाजनि सदन, कलकत्तामा नोभेम्बर क्रान्तिको उपलक्ष्यमा एस.यू.सी.आई.ले एउटा छुट्टै समारोहको आयोजना गरेको थियो । यस समारोहलाई महासचिव क. निहार मुखर्जीका अतिरिक्त विश्वका विभिन्न मुलुकका प्रतिनिधिहरूले समेत संबोधन गर्नुभएको थियो । ❑

# अहिले देशमा अन्धकारको स्थिति छ ।

## –जगन्नाथ आचार्य


आफ्नै पार्टीको आदर्श र घोषणापत्रअनुसार काम गर्न खोज्दा आफ्नै पार्टीको बहुमत सरकारबाट बाहिरिन बाध्य भएका एक भूतपूर्व मन्त्रीको नाम हो– जगन्नाथ आचार्य । गिरिजा सरकारको पालामा उनी भूमिसुधार मन्त्री थिए । उनले आफू मन्त्री भएपछि नेपाली कांग्रेसको आदर्श र घोषणापत्रमा उल्लेख भएबमोजम नै भूमिसुधार गर्न खोजेका थिए । तर, सामान्तहरुको दवाबलाई शिरोधार्य गरी गिरिजाप्रसाद कोइरालाले मन्त्री जगन्नाथ आचार्यलाई भूमिसुधारको कदमलाई अगाडि नबढाउन दवाब दिए । फलस्वरुप, उनी सऱकारबाट बाहिरिन बाध्य भए ।

२००५ सालमा राणाहरुको शोषण र अत्याचारबाट आहत भई राजनीतिमा प्रवेश गरी लामो समयसम्म नेपाली कांग्रेसका एक होनाहार नेता–कार्यकर्ताको रुपमा अनवरत काम गर्दै आएका जगन्नाथ आचार्यले ७३ वसन्त पार गरिसकेका छन् । उनी संवत १९८१ वैशाख ११ गते भक्तपुरको कौशलटारमा पिता विष्णुप्रसाद आचार्य र माता खेत मञ्जरी आचार्यको कोखबाट जन्मेका थिए । उनले दरबार स्कूलबाट संस्कृतमा मध्यमा र नेपालीमा ११ पास गरेका छन् ।

भारत निर्वासनमा बस्दा संवत २०३१–३३ मा श्री आचार्यले नेपाली कांग्रेसको पत्रिका तरूणको सम्पादक बनेर काम गर्नुभएको थियो । लगातार नेपाली कांग्रेसको आदर्श राष्ट्रियता, प्रजातन्त्र र समाजवादको लागि लड्दै आएको बताउने उहाँले पार्टीले उक्त आदर्श मुताविक काम गर्न छोड्यो भनेर २०५३ सालमा नेपाली कांग्रेस त्यागी नयाँ पार्टी जन कांग्रेस स्थापना गर्नुभयो । आफू गणेशमान सिंहको नीति निर्देशनमा काम गर्दै आएको बताउनु हुने श्री जगन्नाथ आचार्यसँग हामीले गौशालास्थित उहाँको पार्टी कार्यालयमा एक अन्तर्वार्ता लिएका थियौं । प्रस्तुत छ– उक्त अन्तर्वार्ताको सारसंक्षेपः

–तुल्सीदास महर्जन

**जगन्नाथ आचार्य के गर्दै हुनुहुन्छ ? के सोच्दै हुनुहुन्छ ?**



फोटोः पृथिवी फोटो

❑ **जनआन्दोलनपछिको पहिलो जननिर्वाचित सरकारमा मन्त्रीसमेत भइसक्नु भएका तपाई हाल दैनिक राजनीतिमा त्यति चर्चामा हुनुहुन्न नि ?**

–०४६ सालको जनआन्दोलन कुनै निश्चित माग तथा आकांक्षा बोकेर अगाडि बढेको थियो । हामीले जनताहरूलाई तिनीहरूका आकांक्षाहरू पूरा गरिदिने आश्वासन दिएर आन्दोलनमा उनीहरूको समर्थन जुटाएका थियौं । तर, अहिले सत्तामा जानेहरूले जनताका ती माग तथा आकांक्षाहरूलाई पूरा गर्ने खालका व्यवहार देखाएनन् । जनतालाई आश्वस्त पार्ने आचरण कतैबाट भइरहेको छैन । जनताको ज्यूधनको सुरक्षाको ग्यारेन्टी गर्ने कामसमेत पनि अहिले भइरहेको छैन । हिजो आन्दोलनको बेला गरिएका आर्थिक क्रान्तिको प्रतिबद्धता, राजनीतिक अधिकारका कुराहरू, सामाजिक कुरीति हटाउँदै जाने कुराहरू आदितर्फ कसैको पनि ध्यान गइरहेको छैन ।

जनआन्दोलनले जनतालाई सार्वभौमसत्ता सम्पन्न गऱ्यो । त्यो कुरो २०४७ सालको नयाँ संविधानमा लेखियो । तर त्यो संविधानलाई पूर्णता प्रदान गर्न, जनतालाई साँच्चिकै, व्यवहारमा नै सार्वभौम पार्न विभिन्न उपयुक्त विधेयकहरू निर्माण गर्नुपर्थ्यो । यसतर्फ कसैको पनि ध्यान गएन । विधायकहरूको सुविधा र सहुलियत बढाउने कुराहरूमा मात्र सबै एक भएका देखिन्छन् ।

कार्यपालिकामा गएकाहरू अर्थात् मन्त्री भएकाहरूले आफ्नो घर, जग्गा र सम्पत्ति जोर्नेतर्फ मात्र ध्यान दिए । यहाँ जनप्रतिनिधिहरूलाई होटेलमा थुनेर, विदेशमा लुकाएर पनि संसदमा मतदान गर्ने प्रवृत्ति देखियो ।

न्यायपालिकाको सन्दर्भमा पनि सन्तोष हुने ठाउँ देखा परेन । एउटै प्रकृतिका मुद्दाहरूमा पनि फरक फरक फैसला हुन गए ।

यसरी, समग्रमा व्यवस्थाका प्रमुख तीनै अंगहरू– व्यवस्थापिका, कार्यपालिका

**तपाईले कांग्रेस किन छोड्नु भयो त ?**

र न्यायपालिकाको काम कार्वाहीप्रति जनताहरू आश्वस्त हुन सकेनन् । यसले गर्दा जनताहरू व्यवस्थाप्रति आकर्षित हुन सकेनन् । अहिले उनीहरूमा राजनीतिप्रति नै अरूचि र घृणा बढ्न थालेको छ । किनकि, यहाँ अहिले राजनीति गर्नेहरूको इमान्दरिता दुकान खोलेर बस्नेहरूको जत्ति पनि देखिएन ।

त्यसैले अहिले देशमा अन्धकारको स्थिति छ । तर रातपछि दिन त आउँछ नै । विहान त अवश्यै आउँछ । यो त प्रकृतिको नियम पनि हो । अहिले मेरो उमेरले पनि मलाई त्यति सक्रिय बन्न दिएको छैन । तर पनि म आशावादी चाहिँ छु ।

❑ **हाल तपाईको दिनचर्या कसरी चलिरहेको छ ?**

–म विहान ४ बजे उठ्छु र एक डेढ घण्टासम्म प्राणायाम तथा योगासन गर्छु । योगासनपछि हल्का व्यायाम गर्छु । र, व्यायाम सकिएको केही छिनपछि म एक कप चिया पिउँछु । यत्ति भइसकेपछि करीब करीब विहानको ७ बज्छ । रेडियोमा ७ बजेको समाचार र त्यसपछि समाचार–समीक्षा सुन्छु । त्यसपछि विहानको व्यक्तिगत कर्म सकिसकेपछि म साथी भाइ, टोल छरछिमेकीसंग सम्पर्क तथा छलफल गर्ने गर्दछु ।

दिउँसो म १२ बजे पार्टी अफिस पुग्छु र ३ बजेसम्म त्यहाँ बसेर घर फर्कन्छु । साँझ घरमा म अखबारहरू पढ्ने गर्छु । पहिले त म साँझ पनि पार्टीको लागि खट्थें, तर अहिले शारीरिक स्थिति कमजोर भइसकेकोले पहिले जस्तो खट्न सक्दिनँ ।

❑ **तपाईले घरको खर्चबर्च कसरी चलाइरहनु भएको छ ?**

–शुरूमा त मसित अलि पुग्ने गरी जग्गा जमीनहरू थिए । तर, विस्तार विस्तारै राजनीतिले त्यसलाई घटाइदियो । ८/१० रोपनी बेचिसकें ।

मैले दुइटी श्रीमती विवाह गरेको थिएँ । पहिलो मरेपछि दोस्रो ल्याएको थिएँ । तिनीहरूबाट मैले ४ वटी छोरी र ५ वटा छोराहरू पाएँ । तिनीहरूलाई पढाउने र विवाह ब्रतबन्ध गरेर नै मैले केही जग्गा सिध्याएँ ।

हाल विवाह गर्न बाँकी कान्छो छोराको साथमा हामी बसिरहेका छौं । मैले एक टुक्रा जमीन काठको काम गर्ने एकजनालाई भाडामा दिएको छु र त्यसबाट मलाई महिनामा दुई हजार रकम प्राप्त हुन्छ । त्यस्तै, तीन लाख रूपियाँ

**०४६ मा आन्दोलनले केही हिंसात्मक रुप ग्रहण गर्दा हाम्रो पार्टीमा आन्दोलन रोक्नुपर्छ भन्नेहरु पनि निस्के ।**

मैले बैंकमा राखेको छु, त्यसबाट व्याजस्वरूप महिनामा तीन हजार पाउँछु । यसरी, मैले जम्मा पाँच हजार रूपियाँबाट घर खर्च चलाइरहेको छु ।


**❑ तपाई कहिलेदेखि र के कुराबाट प्रेरित भई राजनीतिमा लाग्नुभयो ?**

– २००७ साल अगाडि देशमा राणा–शासनको चर्को दमन थियो । मानिसहरू हीनताबोधले छट्पटाइरहेका थिए । राणाहरूका विरूद्ध जनता आक्रोशित थिए । म पनि त्यही क्रममा राणाहरूप्रतिको आक्रोशले नै राजनीतिमा आकर्षित भएँ ।

राजनीतिमा प्रवेशको लागि म कुनै खास व्यक्तिबाट प्रेरित भएको जस्तो त मलाई लाग्दैन, तर राणाविरोधी भावनाले मलाई त्यत्तिकै राष्ट्रिय कंग्रेसका मानिसहरूसित सम्पर्कमा ल्यायो । र, २००५ साल श्रावण २२ गते मैले औंलामा सियोले घोपेर रगत निकाली त्यसबाट कागजमा सही छाप ठोकी राणाविरोधी आन्दोलनमा लाग्न शपथ खाएँ । र, लैनचौरमा राष्ट्रिय कांग्रेसको सदस्यता लिएँ । तर त्यतिखेर राजनीतिक सिद्धान्त तथा कार्यक्रमहरूका बारे त्यति राम्रो ज्ञान भने मसंग थिएन । पछि विश्वेश्वरप्रसाद कोइरालासंग भेट भएपछि मात्र विभिन्न साहित्य तथा राजनीतिका पुस्तकहरू अध्ययन गर्ने अवसर जुट्यो र त्यसबाट नै बिस्तारै राजनीतिका कुराहरू जान्न बुझ्न थालें ।

**❑ त्यतिबेलाको तपाई लाग्नु भएको कुनै एक उल्लेखनीय आन्दोलनको घटना सुनाउनु हुन्छ कि ?**

–२००६ सालमा एकचोटी राणा शासनको विरोधमा भोटाहिटीबाट ठूलो जुलूस निस्केको थियो । त्यस जुलूसमा मैले पनि भाग लिएको थिएँ । जुलुसलाई तत्कालीन प्रहरी महानिरीक्षक चन्द्रबहादुर थापाको नेतृत्वमा आएको प्रहरी जत्थाले हस्तक्षेप गर्न खोज्यो, तर जुलूसका सहभागीहरू गल्लीगल्लीतर्फ भागेकाले प्रहरीहरूले कसैलाई पनि पक्रन सकेनन् । प्रहरी महानिरीक्षक चन्द्रबहादुर थापा चढेको कारले जुलूसलाई पछ्याउँदै शोभा भगवतीसम्म पुग्यो । तर, त्यहाँ त्यो कार जुलूसको घेराबन्दीमा पऱ्यो र कार छोडी त्यसभित्र रहेका प्रहरीहरू त्यहाँबाट भाग्न बाध्य भए । हामीले बडो जोश, साहस र आक्रोशका साथ त्यो कारलाई त्यसैको पेट्रोल छर्की खन्याएर जलाइदियौं ।



**२००५ साल श्रावण २२ गते मैले औंलामा सियोले घोपेर रगत निकाली त्यसबाट कागजमा सही छाप ठोकी राणाविरोधी आन्दोलनमा लाग्न शपथ खाएँ ।**

**❑ राजनीतिक जीवनको यत्रो कालखण्डमा तपाईंले अहिलेसम्म पार्टीको कुन कुन पद सम्हालिसक्नुभयो ?**

–मैले भनिहालें नि ! शुरूमा म राष्ट्रिय कांग्रेसको साधारण सदस्य बनेको थिएँ । त्यतिखेर मैले पार्टीको खास कामभन्दा पनि विभिन्न आन्दोलनमा आफू सहभागी हुने काम गरें । पछि राष्ट्रिय कांग्रेस र प्रजातन्त्र कांग्रेस मिलेर नेपाली कांग्रेस बन्यो । म त्यसको पनि साधारण सदस्य नै बनें ।

२००७ सालको क्रान्तिपछि प्रतिक्रान्तिको लागि भरत शमशेरहरूले गोरखा परिषद् नामको खुकुरी दल बनाएर आतंक मच्चाउँन थाल्दा तिनीहरूलाई शहरमा पस्न नदिन गणेशमानजीले पाटनका आशाराम शाक्यको अध्यक्षतामा सुरक्षा केन्द्र नामको एक टोली निर्माण गर्नु भयो । त्यसमा म पनि एक सक्रिय सदस्य थिएँ ।

२००९ सालमा आएर मात्र म नेपाली कांग्रेसको महासमितिको सदस्य बनें । पछि २०३३ सालतिर किसुनजी मनोनित सभापति बन्नु हुँदा म एकचोटी केन्द्रीय समितिमा पनि पुगें । तर म चार वर्षसम्म मात्र केन्द्रीय सदस्य बनें । त्यसपछि पुनः पार्टी नछोड्दासम्म महासमितिको सदस्य नै भइरहें । २०४८ सालमा मन्त्री बन्दा पनि म महासमितिको सदस्य नै थिएँ ।

**❑ कुनै बेला जेल पर्नु भएको छ ?**

–छ, किन नपर्नु ? म २०१४ सालमा एकपटक पक्राउमा परें तर केही दिनमै छुटें । २०१७ सालमा पंचायत ल्याइएपछि सुवर्णजीहरूसंग म पनि भारत निर्वासनमा गएँ । २०२५ सालमा फर्कें । त्यही बेला म पक्राउ परें र मलाई दुई वर्षको कैद सजाय सुनाइयो । तर १४ महिनापछि नै रिहा गरियो । रिहा भएको केही समयपछि पुनः म सुरक्षा कानूनअन्तर्गत ९ महिना जेल परें ।

विश्वेश्वरप्रसाद कोइराला जेलबाट मुक्त भएपछि २०२७ सालको अन्ततिर उहाँसँगै म पुनः भारत निर्वासनमा गएँ । २०३३ सालमा राष्ट्रिय मेलमिलापको नीति लिई वि.पि., गणेशमानहरू स्वदेश फर्कंदा म पनि स्वदेश फर्केको थिएँ । स्वदेश पुग्नासाथ वि.पि., गणेशमानहरूसँगै म पनि पक्राउ परें र २०३६ सालको जनमत संग्रह अगाडि मात्र छुटें ।

**❑ तपाई आफैंले नेतृत्व गरेका आन्दोलनहरु के के हुन् ?**

–२००७ साल अगाडि पछाडि त थुप्रै आन्दोलनहरूमा भाग लिएँ । म खास गरिकन आफ्नो साथमा रहेका साथी तथा जनसमुदायलाई विभिन्न आन्दोलनका कार्यक्रमहरूमा सहभागी गराउने गर्थें । त्यही क्रममा, २००७ साल कार्तिकमा राजा त्रिभुवनले ज्ञानेन्द्रबाहेक राजपरिवारका सबैलाई लिई दिल्ली प्रस्थान गर्दा राणाहरूले बालक ज्ञानेन्द्रलाई राजा बनाउँदा त्यसको निरीक्षणमा आएको ब्रिटिश मिशन टोलीलाई एयरपोर्टमा विरोध गर्न जाँदा मैले मेरो आफ्नो क्षेत्र बोडे, नगदेश, ठिमी र वरपरबाट हजार–बाह्र सय मानिसहरूलाई जुलूसमा सहभागी गराएको थिए ।

त्यस एयरपोर्ट काण्डको बेला म परोपकार संस्थामा सामाजिक कार्यकर्ताको रूपमा काम गर्थें । त्यस संस्थामा सबैजसो कांग्रेसीहरू नै थिए । त्यस संस्थाका प्रमुख दयावीरसिंह कंसाकार हुनुहुन्थ्यो । उहाँले नै हामीलाई शंकरदेव पन्त (शंकरदेव क्याम्पसका संस्थापक) को नेतृत्वमा एयरपोर्टमा जाने निर्देशन दिनुभएको थियो । जुलूसमा शंकरदेव पन्तले नारा लगाई नेतृत्व गर्ने कुरा थियो । तर, त्यहाँ पुग्दा उहाँ त पहिले नै गुह्येश्वरीतिर भाग्नुभयो । पछि उहाँलाई समाएर पुनः जुलूसमा ल्याउने काम त भयो, तर उहाँले नेतृत्व चाहिं गर्न सक्नु भएन । जुलूस त्यतिबेला ५० सौं हजारको थियो ।

२०४६ सालको आन्दोलनमा भने म नेपाली कांग्रेसको उपत्यका संघर्ष समिति तथा केन्द्रीय संघर्ष समितिको संयोजक थिएँ । आन्दोलन शुरू भएको लगत्तै आन्दोलनले केही हिंसात्मक रूप ग्रहण गर्दा हाम्रो पार्टीमा आन्दोलन रोक्नुपर्छ भन्नेहरू पनि निस्के । मेरो के धारणा थियो भने, अहिंसा भनेर मात्र बसिरहँदा समस्या समाधान हुनेवाला छैन र छिटपुट हिंसा भो भन्दैमा आन्दोलन रोक्नु हुन्न । त्यसैले आन्दोलन कुनै पनि हालतमा अगाडि बढाउन म तल्लीन रहें । त्यतिखेर खासगरिकन गणेशमानजीको नेतृत्व र वामपन्थीहरूसंगको एकताले आन्दोलनको जोर चलेको थियो ।

**❑ तपाईले कांग्रेस किन छोड्नु भयो त ?**

–हामीले २००७ सालको क्रान्ति र ९ साल, १४ साल, ४२ साल र ४६ सालको आन्दोलनमा जुन कुराबाट जनतालाई आश्वस्त पारी उनीहरूको समर्थन जुटायौं, त्यसको कार्यान्वियन सत्तामा गएपछि ने.कां.ले गरेन ।

यही कुरालाई लिई गणेशमानजीले ने.कां.को अधिवेशन कलवलगुडीदेखि नै लगातार पार्टी सही बाटोमा गएन भनेर आवाज उठाउनुभयो । देशका विभिन्न ठाउँहरूमा भ्रमण पनि गर्नुभयो । उहाँले भ्रमणको क्रममा विभिन्न छलफल तथा अन्तर्क्रियाहरूको आयोजना गरी पार्टीका नेताहरूलाई दवाब दिनुभयो । तर केही प्रभाव भएन । यसै क्रममा गणेशमानजी चितवनको कुर्सी काण्डमा परी शारीरिक रूपमा अशक्त हुनुभयो ।

त्यसैले, हामीले गणेशमानजीकै विचारलाई अगाडि बढाउन जनजागरण अभियानको थालनी गऱ्यौं । त्यो संस्था खासगरिकन पार्टीलाई दवाब दिएर सही बाटोमा हिंडाउने एक प्रयास मात्र थियो ।

गणेशमानजीले त्यतिखेर **मेरो आह्वान** भन्ने पुस्तिका निकाल्नु भएको थियो । त्यो पुस्तिका हाम्रो बाइबल वा भागवत जस्तै थियो । गणेशमानजी हाम्रा अभिभावक हुनुहुन्थ्यो । कुर्सी काण्डमा परी उहाँको हिंड्ने गति बन्द भएपछि मैले उहाँको कुरालाई लिई जिल्ला जिल्लामा घुम्ने काम गरें । हामीले त्यही क्रममा ५६ जिल्लामा जनजागरण अभियानका शाखाहरू खोल्यौं ।

यसैबीच, नेपाली कांग्रेसका नेताहरूले गणेशमानजीको निर्देशनअनुसार अबदेखि काम गर्ने भनेर सम्मेलनमा प्रस्ताव पारित गरे । किसुनजीले त्यो कुरो हामीलाई लेखेर नै दिनुभयो । उहाँले हामीलाई पूर्ववत सम्मान पार्टीले दिने र घोषणा–पत्रअनुसार नेताहरूले आचारण गर्ने

**भ्रष्टाचारी तल्लो तहका खुमबहादुर मात्र छन् कि माथिल्लो तहका अरु पनि छन्, कांग्रेसमा यसको कुनै चर्चा नै हुन पाएन ।**

आश्वासन दिई पार्टीमा स्वागत गरेपछि हामीले २०५२ सालतिर दुई वर्ष पुरानो **जनजागरण अभियान**लाई नेपाली कांग्रेसमा विलय गरायौं ।

तर, पछि फेरि जे भनियो, त्यो गरिएन । हामीलाई पुनः पार्टीले विश्वासघात गऱ्यो । यसै कुरालाई लिई गणेशमानजीले म अब पार्टीमा अटाउन सक्दिनँ, पार्टीभन्दा माथि बसेर राजनीति गर्छु भनेर पार्टीबाट आफूलाई अलग्याउनुभयो । त्यसपछि हामीहरू पनि पुनः पहिलेकै ठाउँमा फर्क्यौं । तर फेरि दवाब समूह मात्रै बनाएर काम होला जस्तो हामीलाई लागेन । त्यसैले २०५३ सालमा हामीले विधिवत **जन कांग्रेस पार्टी**को स्थापना गऱ्यौं ।

**❑ नेपाली कांग्रेस र तपाईंको पार्टीमा तात्विक अन्तर के छ ?**

–सैद्धान्तिक रूपमा त एउटै हो । राष्ट्रियता, प्रजातन्त्र र समाजवाद दुवैको आदर्श हो । तर व्यवहारिक रूपमा नेपाली कांग्रेस त्यो आदर्शको दिशाबाट विचलित भयो । हामी अब त्यो आदर्शलाई व्यवहारमा उतार्ने दिशामा छौं । हाम्रो र ने.कां.को बीचमा फरक यसैमा छ ।

**❑ भर्खरै मात्र नेपालगंजमा कांग्रेसको महासम्मेलन सम्पन्न भएको छ । त्यसले पारित गरेका नीति तथा कार्यक्रमहरुलाई तपाई कसरी लिनु हुन्छ ?**

–हेर्नुस्, सम्मेलन, महाधिवेशन आदिले राम्रै कुरा पास गर्छन् । तर प्रश्न के हो भने, पारित कुराहरूप्रति नेताहरूले दायित्व बोक्छन् कि बोक्दैनन्, बोध गरेका छन् कि छैनन् ? वास्तवमा यी कुराहरू धेरै महत्वका हुन्छन् ।

ने.कां.को महासम्मेलनमा के भयो भने, शुरूमै अब हामी सत्तामा जान्छौं भन्ने घोषणा गरी सहभागीहरूमा मनबैज्ञानिक असर पार्ने काम गरियो । यसले गर्दा नेताहरूका गल्ती कमजोरीहरूलाई औंल्याउने काममा कार्यकर्ताहरूलाई शुरूमै मनोबैज्ञानिक अवरोध खडा हुन पुग्यो । किनकि, नेताहरूलाई आलोचना गरेपछि मन्त्री हुने सम्भावना गुम्न सक्छ भन्ने भय त सबैलाई भयो नै होला । यसले गर्दा नेतृत्वका खराब कुराहरूको जत्ति त्यहाँ आलोचना हुन सक्ने थियो, त्यो हुन पाएन ।

महासम्मेलनमा भ्रष्टाचारीलाई सरकारमा पठाउनु हुन्न भन्ने कुरा त भयो, तर भ्रष्टाचारी तल्लो तहका खुमबहादुर मात्र छन् कि माथिल्लो तहका अरू पनि छन्, यस कुराको त त्यहाँ कुनै चर्चा नै हुन पाएन । किनकि, मनोवैज्ञानिक ढंगले नेताहरूले आलोचनाबाट भोलि सरकारमा जान नपाइने हुन सक्ने छाप त शुरू मै दिइसकेका थिए । सरकारमा त गिरिजाबाबु र किसुनजी जस्ता नेताहरूले नै पठाउने हुन् । अब गिरिजाबाबु र किसुनजीलाई केही आलोचना गर्न हुने भयो त ?

**❑ अब नेपाली कांग्रेस कता जाला त ?**

–ने.कां. ले आफ्नो आदर्शलाई भुलेको छ । प्रजातन्त्र, राष्ट्रियता र समाजवादको स्पिरिटलाई त्यागेको छ । यसले एकपछि अर्को गल्ती दोहऱ्याउने काम लगातार गरिराखेको छ । गल्ती सच्याउने कुनै लक्षण नै यसले देखाउन सकेको छैन । जनतामा आस्था र विश्वास जगाउन गल्तीहरूलाई जनस्तरमै पनि कबूल गर्नुपर्ने हुन्छ । तर, नेकां. त्यसको लागि तयार देखिँदैन । त्यसकारण, यो अधोगतिमा जाने सिवाय अरू हुन सक्दैन र यो एक स्वाभाविक प्रकृया नै मान्नुपर्छ ।

**❑ ने.कां. मा नेतृत्व त पाका र पुराना पुस्तामै त छ नि ?**

–पुरानै पुस्ता भएकोले नै बिग्रेको हो । नयाँ समयमा नयाँ तरिकाबाट चल्नुपर्छ, त्यसको लागि नेतृत्व पनि त नयाँ नै हुनुपऱ्यो नि !

**❑ अहिले देशमा राप्रपाको संरकार छ र भर्खरै निक्कै तामझामका साथ उनीहरुले वीरगंजमा दोस्रो महाधिवेशन पनि गरे । यस सम्बन्धमा तपाईंको प्रतिकृया के छ ?**

–हेर्नुस्, उनीहरू भनेका हिजोका पंचहरू नै हुन् । त्यसैले उनीहरूमा कुनै राजनैतिक संस्कार नै छैन । सिद्धान्तमा प्रजातन्त्रलाई स्वीकारे पनि उनीहरू अभ्यासमा उत्रन सकेका छैनन् ।

राप्रपा भनेको व्यक्तिगत फाइदाको लागि प्रतिस्पर्धा गर्ने चरित्र बोकेको जमात हो । प्रजातान्त्रिक संस्थाभित्रकाहरूसंग हुने आत्मीय सम्बन्ध जस्तो आचारणको लागि उनीहरूले तालिम लिन बाँकी छ । त्यो तालिम पाइसके भन्ने कुरामा म विश्वास गर्दिनँ ।

अहिले हेर्नुस् न, संसदमा उनीहरू आफ्नोविरूद्ध आफैंले भोट हालेका छन् र भोट हालेर फर्केपछि पनि फेरि उही सत्ता पक्षकै बेन्चमा बसेका छन् । यो संसारको आठौं आश्चर्य होइन र ?

कथनी र करनीको सन्तुलन त्यहाँ कसले मिलाउँछ र ? त्यसकारण, राप्रपामा कुनै संस्कार नै बनेको छैन ।

क्रान्तिमा गएका र बलिदान गरेका केही मानिसहरू कांग्रेस र एमालेमा छन् । तिनीहरूमा त विकृति आइरहेको छ भने राप्रपामा सुकृति आउँछ भन्ने आशा कहाँबाट गर्ने ? ◉


**राप्रपाको दोस्रो पार्टी महाधिवेशन**

# राप्रपाको झगडा, सिद्धान्त हैन, व्यक्ति 'तगडा' !

निरंकुशतावादी भूतपूर्व पंचहरूको पार्टी **राष्ट्रिय प्रजातन्त्र पार्टी**को पाँच दिन लामो दोस्रो पार्टी महाधिवेशन गत मंसीर १ गते वीरगंजमा सम्पन्न भएको छ ।

यो महाधिवेशनबाट राप्रपाभित्र सूर्यबहादुर थापा सर्वशक्तिमान पार्टी अध्यक्ष भएर निक्लेका छन् । उनले आफ्नो प्रतिद्वंन्दी राजेश्वर देवकोटालाई ३९१ मतका विरूद्ध ८१८ मतले पराजित गरेका छन् । निर्वाचित १९ सदस्सीय केन्द्रीय समितिमा देवकोटा पक्षधर चारजना मात्र परेका देखिएका छन् । केन्द्रीय समितिको अत्यधिक बहुमत स्पष्ट रूपमा थापाको हातमा गएको छ ।

उसै पनि राप्रपा नेपालको एउटा अति दक्षिणपन्थी प्रतिगामी राजनीतिक शक्तिका रूपमा बदनाम छ । त्यसमाथि, राप्रपाभित्र सूर्यबहादुर थापा सबैभन्दा दक्षिणपन्थी र राष्ट्रघाती तत्वका रूपमा परिचित छन् । राप्रपाभित्र अब उनको एकलौटी हालीमुहाली कायम हुनुले राप्रपा भविष्यमा अरू ज्यादा दक्षिणपन्थी र अरू ज्यादा राष्ट्रघाती दिशातिर उन्मुख हुने अनुमान सहजै गर्न सकिन्छ । अहिले त देशको बागडोर पनि उनैको हातमा छ । त्यसैले, सिंगै देशको राजनीतिमा समेत राप्रपाको यस महाधिवेशनले प्रभावित पार्ने र देशमा अति दक्षिणपन्थ हावी हुने खतरा यो घटनाले देखाएको छ ।



घटना र प्रवृत्ति

राप्रपाको यस महाधिवेशनलाई गत महिना सम्पन्न भएको कांग्रेसको महाधिवेशनसित जोडेर हेर्नु नितान्त जरूरी छ । कांग्रेसको महाधिवेशनले पनि कांग्रेसभित्र गिरिजाको अगुवाइमा चरम-दक्षिणपन्थी तत्वकै हालीमुहाली कायम गराएको थियो ।

यी दुई चरम-दक्षिणपन्थी र राष्ट्रघाती शक्तिहरू अहिले नेपालको शासनसम्म चलाउन मितेरी गाँठो कसिरहेछन् । गिरिजापक्षले त यसबीचमा महाधिवेशनमा थापापक्ष बलवान बनोस् भनेर उसलाई झण्डै-झण्डै एकलौटी मन्त्रीमण्डल बनाउने अवसर प्रदान गरेको थियो । यो महाधिवेशनले उनले चिताएजस्तै स्थिति सिर्जना गरेको छ ।

आ-आफ्नो महाधिवेशनबाट यी दुई चरम-दक्षिणपन्थी तत्वहरू दुवैतिर सर्वशक्तिमान भएर निक्लिनु, दुबैबीच देशको बागडोर सम्हाल्ने मामलामा गठबन्धन कायम हुनु र सरकार पनि उनीहरूकै हातमा हुनुले नेपालको आगामी राजनीतिको दिशालाई निकै राम्ररी इङ्गित गरेको छ । नेपालले निकट भविष्यमा निकै प्रतिगामी र प्रतिक्रियावादी कदमहरूको सामना गर्नुपर्ने छ । नेपालले थुप्रै 'महाकाली संझौता'हरूको सामना गर्नुपर्ने छ । नेपालका उत्पीडित वर्गहरूको वर्ग-संघर्षमा यसले प्रतिकूल असर सिर्जना गर्ने प्रवल संभावना छ ।

यसपल्ट भू.पू. प्रधानमन्त्री लोकेन्द्रबहादुर चन्दले राप्रपा महाधिवेशन बहिष्कार गरे । तर उनका समर्थकहरूले चाहिं महाधिवेशनमा भाग लिएको देखियो । अहिले चन्द राप्रपाभित्र झण्डै-झण्डै एक्लो भएका छन् । थापा र उनको अन्तर्विरोध उत्कर्षमा पुगेको देखिएको छ । तर यो अन्तरविरोध सैद्धान्तिक कारणले भएको भने देखिन्न । सिद्धान्तको सवालमा थापा र चन्द समूह बीचमा कुनै त्यस्तो आधारभूत अन्तर्विरोध देखिन्न । दुवैको सिद्धान्त एउटै छ, राजनीतिक कार्यक्रम एउटै छ, आधारभूत राजनीतिक कार्यदिशा समेत एउटै छ । फरक सिर्फ मात्राको देखिन्छ, गुणको देखिन्न । चन्द र देवकोटा पक्ष राष्ट्रिय सवालमा थापा पक्षभन्दा थोरै संवेदनशील देखिन्छ र जन-दमनको मामलामा अलिकता कम खुँखार देखिन्छ । फरक बस् यति हो !

त्यसैले, थापा र चन्दको झगडालाई के-के न हो भन्ठान्नु एउटा ठूलो भ्रम मात्रै हुनेछ । दुवैको झगडा सैद्धान्तिक नभएर, व्यक्तिगत मात्रै हो । व्यक्तिका रूपमा अहिलेको महाधिवेशनबाट अध्यक्ष थापा 'तगडा' देखिएका छन् । कुरा त्यति मात्र हो । यो तगडा देखिनका लागि थापाले साम, दाम, दण्ड, भेद सबै उपाय अपनाएका छन् । यिनै उपाय भरे चन्दले अप्नाउन सक्छन् । तर जो 'तगडा' भएर निस्के पनि राप्रपाको मूलभूत सिद्धान्तमा कुनै फरक पर्नेवाला छैन । दुवै सारमा प्रतिगामी र निरंकुशतावादी राजनीतिक शक्ति नै हुन् ।

◉

(१० पेजको बाँकी)

"पूँजीवादी संसदमा बहुमत प्राप्त गरेर सरकारमा जानका लागि" भन्ने पूँजीवादी विचारधारा र राजनीतिक कार्यदिशा पक्रेपछि नै एमालेभित्र यस्ता पूँजीवादी विकृतिहरू छताछुल्ल छाउन थालेका देखिन्छन् । सूत्रवद्ध रूपमा "बहुदलीय जनवाद" को रणनीतिक कार्यदिशा समातेपछि नै एमालेभित्र यस्तो विकृति माथिदेखि तलसम्म छाउन थालेको देखिन्छ ।

मार्क्सवादी विचारधारामा कार्यनीतिक रूपमा कुनै कम्युनिष्ट पार्टीले क्रान्तिकारी परिस्थिति देशमा विद्यमान नभएका बेला र संसदप्रति जनताको व्यापक आशा र भ्रम भएको बेला, त्यो भ्रम चिर्न संसदमा जानुहुन्न भन्ने छैन । कम्युनिष्टहरूले व्यावहारिक संघर्षको अनुभवद्वारा आम श्रमिक जनतालाई पूँजीवादी सरकार र संसदको सीमा स्पष्ट गर्न क्रान्तिअघि पनि सरकारमा जानुहुन्न भन्ने छैन । यी दुवै कुरा गर्न सकिन्छ । तर यी दुवै कुरा गर्दा पूँजीवादी पार्टीको र साम्यवादी पार्टीको पूँजीवादी सरकार र संसदप्रतिको दृष्टिकोण बिल्कुलै र गुणात्मक रूपमा भिन्नै हुनेगर्छ । पूँजीवादी पार्टीहरू पूँजीवादलाई र संसदमा बहुमत ल्याउनु र सरकारमा जानुलाई नै आफ्नो मूल ध्येय बनाउँछन् । साम्यवादी पार्टीको मूल ध्येय त्यस्तो रहन्न, रहनु हुन्न । पूँजीवादी संसदमा जाँदा र सरकारमा जाँदा पनि उनीहरूको मूल ध्येय क्रान्तिको तयारी हो । उनीहरू पूँजीवादी संसदमा र सरकारमा यस कारणले जान्छन् कि यसबाट संसद र सरकारको सीमा श्रमिक जनसमुदायबीच व्यवहारिक तवरले उदांगो पार्न सकियोस्, वर्ग संघर्ष र क्रान्तिको बाटो र शक्ति अझ फराकिलो र मजबूत पार्न सकियोस् र जनताको जीवनस्तरमा र उत्पीडनमा थोरै पनि राहतको स्थिति ल्याउन सकियोस् । उनीहरू संसदीय व्यवस्थालाई सुदृढ बनाउन, बढ्ता टिकाउन, यसबारे जनतामा बढ्ता आशा र भ्रम जगाउन संसदमा र सरकारमा जाँदैनन् । कहिलेकाहीं त्योभन्दा पनि खराब व्यवस्था ल्याउन लागियो भने, मार्क्सवादीहरू प्रतिगामी दिशालाई रोक्न संसदीय व्यवस्थालाई राखिछोड्नका लागि समेत संघर्ष गर्छन् । तर जम्माजम्मीमा पूँजीवादी संसदीय व्यवस्थाप्रतिको मार्क्सवादी-लेनिनवादीहरूको दृष्टिकोण निषेधमुखी हुन्छ, किनकि उनीहरूको त्यो धारमा उन्नत क्रान्तिकारी ध्येय हुन्छ र उनीहरू उन्नत समाजवादी साम्यवादी व्यवस्थामा जाने क्रान्तिकारी ध्येयलाई एक मिनेट पनि तिलाञ्जली दिँदैनन् ।

तर एमालेले भने क्रान्तिकारी ध्येयले पूँजीवादी सरकार र संसदको प्रयोग गर्ने धारणा राखिरहेको छैन । उसको पूँजीवादी सरकार र संसदप्रतिको दृष्टिकोण र पूँजीवादी पार्टीहरूको दृष्टिकोणमा कुनै आधारभूत भिन्नता देखिन्न । पूँजीवादीहरू संसदलाई र संसदीय पद्धतिलाई सुदृढ पार्न खोज्छन् किनकि उनीहरूको लागि योभन्दा उन्नत कुनै अर्को व्यवस्था नै छैन । तर आश्चर्य, एमाले पनि संसदीय व्यवस्थाकै सुदृढीकरणको कुरा गर्छ यद्यपि उसको घोषित ध्येय समाजवाद र साम्यवाद हो भनेर सबै दस्तावेजमा लिपिबद्ध छ । प्रश्न के भने- पूँजीवादी संसदीय व्यवस्थालाई निषेध गर्नुको साटो सुदृढीकरण गर्ने बाटोबाट कसरी समाजवादी र साम्यवादी ध्येय प्राप्ति हुन्छ ? किनकि पूँजीवादी संसदीय व्यवस्था सुदृढ गर्नुको मतलब हो- समाजवादी बाटोमा अघि नबढ्नु । पूँजीवादमा रोकिनु ।



एमालेको पछि लागेको यो जनसमूदायलाई एमालेले कता लैजाला ?

**पार्टीभरि धतुरो नै धतुरो फल्न र छाउन थाल्यो भने, बुझ्नुपर्छ कि दोष फलमा छैन, बीउमा छ । एमालेको हकमा पनि यही कुरा लागू हुन्छ ।**

पूँजीवादीहरूको लागि संसद र संसदीय व्यवस्था नै साध्य र सबै कुरा हो । उनीहरू यसैमार्फत् सबै कुरा गर्न खोज्छन् । तर मार्क्सवादीहरूको लागि पूँजीवादी संसद र संसदीय व्यवस्था क्रान्तिकारी परिस्थिति तयार नभएका बेला क्रान्तिको लागि परिस्थिति तयार गर्ने र शक्ति-संचय गर्ने साधनसिवाय केही होइन । शक्ति-संचयको कुरा त एमालेले पनि दस्तावेजमा उल्लेख गरेको छ । तर व्यवहारमा उसको निम्ति संसद र संसदीय व्यवस्था नै सबै कुरा र साध्य भएको देखिन्छ । गतः ६ वर्षमा उसको कामले क्रान्तिको लागि शक्ति-संचय भइराखेको देखिन्न । बरू प्रतिक्रान्ति गर्न खोज्नेहरूको शक्ति-संचय र शक्ति अभिवृद्धि भइरहेको देखिन्छ । मदन भण्डारीको मृत्युयता एमालेको गैर-संसदीय क्रान्तिकारी संघर्षको पनि मृत्यु भएको देखिन्छ । एमाले अब पूँजीवादी पार्टीहरू जस्तै सबै कुरा पूँजीवादी संसदमार्फत् नै गर्न उद्यत देखिन्छ ।

**एमालेका तमाम नेता-कार्यकर्ताहरूका सामु आज गंभीर चुनौति खडा भएको छ, पार्टीलाई अब कुन दिशातिर अघि बढाउने भन्ने चुनौति । यदि हालकै रूपमा, हालकै दिशामा यो पार्टीलाई उहाँहरूले अघि बढाउनु हुनेछ भने...**

एमाले नेतृत्वको मूल ध्याउन्ना अब क्रान्ति देखिन्न । जसरी पनि सत्ता र सुविधा अब उनीहरूको जीवनको मूल ध्येय भएको देखिन्छ । यही ध्येयले पार्टीको विगत उन्नत नैतिक मूल्य र क्रान्तिकारी समर्पणभावयुक्त जीवनशैलीलाई कवाप्लाक्कै खाइदिएको छ । ध्येय, जसरी पनि सत्तामा जानु र सुविधा हत्याउनु भएपछि त्यसका लागि नैतिक अनैतिक जुनसुकै कुरा गर्न खोज्नु स्वाभाविक बन्न जानेरहेछ । एमालेमा अहिले त्यस्तै भएको छ ।

ध्येय, जसरी पनि पूँजीवादी सरकारमा जानु भएपछि संगठन पनि त्यही ढंगको बनाउने कुरा स्वतः पैदा हुँदोरहेछ । एमालेले अहिले श्रमिक वर्गको पार्टी होइन, ख्रुश्चेभले जस्तै 'सबै जनता'को पार्टीको बाटो अख्तियार गरेको छ । यो उसको विगत क्रान्तिकारी ध्येय बदलिएर जसरी पनि विशालतम संसदीय पार्टी बन्ने र सरकारमा जाने एवं टिक्ने मूल ध्येय भएकाले पैदा भएको संगठनात्मक पद्धति हो । ध्येय क्रान्तिकारी हुने पार्टीले जसलाई पनि पार्टीमा हुल्ने संगठनात्मक पद्धति अख्तियार गर्नै सक्दैन, किनकि जसलाई पनि पार्टीमा हुलेर गफ गर्ने चौतारोसम्म बन्ला, क्रान्ति सम्पन्न गर्ने क्रान्तिकारी कम्युनिष्ट पार्टी त कदापि बन्दैन । तर एमालेमा अहिले ६ वर्षयता क्रान्तिकारी तत्वहरू स्वार्थी र अवसरवादीहरूको विशाल समुद्रमा सानो टापू जस्तो हुनगएका छन् । स्वार्थ र अवसरका लागि धुइरिएका मान्छेले पार्टी भरिभराउ भएको छ । पहिले पार्टीमा 'दिनका लागि' आउने मान्छेको आधिक्य थियो । अहिले 'लिनका लागि' आउने मान्छेहरूले पूरै पार्टी ढाकिएको छ । यस्तो पार्टीमा अराजकता, मनपरितन्त्र र अनुशासनहीनता नबढे कहाँ बढ्छ ? यस्तो पार्टीमा पार्टी-निर्णयको अवज्ञा नभए कहाँ हुन्छ ? फलतः वास्तवमा, अहिले एमाले विभिन्न स्वार्थ-केन्द्रहरूको खुकुलो फेडरेशन जस्तो मात्र भएको छ । तर यो त परिणाम मात्रै हो, यसको कारण त संसद र सरकारमा पुग्नुलाई सबकुछ ठान्ने, साध्य ठान्ने पूँजीवादी राजनीतिक कार्यदिशा नै हो ।

आगामी छैठौं महाधिवेशनले एमालेको यो पूँजीवादी राजनैतिक कार्यदिशारूपी जरोमै उपचार गर्नु जरूरी छ । यदि यसो गरिन्न र भिनामसिना प्रशासनिक र प्राविधिक उपायहरू खोज्नमै मात्र यो महाधिवेशन अल्मलिन्छ भने एमाले महासचिवले र केन्द्रीय समिति स्वयंले स्वीकारेका तमाम विकृतिहरूको समस्या टालटुल मात्र हुनेछ, निर्मूल भने हुनेछैन ।

त्यसैले एमालेका तमाम नेता-कार्यकर्ताहरूका सामु आज गंभीर चुनौति खडा भएको छ, पार्टीलाई अब कुन दिशातिर अघि बढाउने भन्ने चुनौति । यदि हालकै रूपमा, हालकै दिशामा यो पार्टीलाई उहाँहरूले अघि बढाउनु हुनेछ भने निश्चित छ- पार्टीभित्र पूँजीवादी विकृतिहरू घट्ने छैनन्, बढ्ने छन्- कांग्रेस र राप्रपाभित्रका विकृतिहरू जस्तै भएर !

❑ श्याम श्रेष्ठ

**(७ पेजको बाँकी)**

नहुनेगरी अन्य मुलुकहरूसंग आर्थिक, जलस्रोत या अन्य कुनै पनि सम्बन्ध अघि बढाउने पक्षमा हामी छौं ।

कहिलेकाहीं देशको सीमाले गर्दा केही चीजहरूमा हामीले अपेक्षा गरेअनुरूप नहुनसक्छ । त्यसको लागि देशको हितमा कसरी अघि बढ्ने ? भन्ने कुरामा समग्र राष्ट्ले पनि एउटा रणनीति तयार गर्नुपर्छ । हामीले राष्ट्रियताको पक्षमा वस्तुगत ढंगले सोचिरहेका छौं । हामी राष्ट्रियताको पक्षमा दिलोज्यानले लागिरहेका छौं । जलस्रोतको सम्बन्धमा भन्ने हो भने, हामीमा कतिपय ज्ञान र जानकारीको पनि अभाव होलान् । किनकि हामीकहाँ भरखर भरखर मात्रै जलस्रोतविज्ञहरूको विकास हुनथालेको छ । तर यसमा पनि जलस्रोतविज्ञहरूको एकै किसिमका सोचहरू नभएको कारणले पनि, एकै किसिमको समझदारी नबनेकोले पनि, विवाद उत्पन्न भएको हुनसक्तछ ।

तर एउटा कुरा के निश्चित छ भने, हामी र हाम्रो पार्टी नेपालको जलस्रोतको विकासलाई अत्यधिक महत्व दिन चाहन्छौं । नेपालको हितमाथि कुठाराघात नहुने गरी, नेपालले अधिकतम लाभ पाउने गरी, नेपालको आधारभूत हितमा कुनै कम्प्रोमाइज नहुने गरी जलस्रोतको विकास गर्न हामी चाहन्छौं । यसको लागि साना जलविद्युतमा मात्र नभई ठूला-ठूला मेघा प्रोजेक्टहरूमा पनि जानुपर्दछ भन्ने हाम्रो सोचाइ रहेको छ । यसको लागि हामीसंग पूँजी छैन । विदेशी प्रविधि र पूँजीलाई निम्त्याउनु पर्ने हुन्छ । यसरी विदेशी पूँजी र प्रविधि भित्र्याउँदा देशकै सार्वभौमिकतामाथि पर्नसक्ने प्रभाव र विदेशी पूँजीहरूको सन्तुलनको पक्षलाई ध्यानमा राख्नुपर्दछ । यसलाई ध्यानमा राख्न सकिएन भने, हाम्रो देशको सार्वभौमिकता खतरामा पर्न सक्दछ । यसमा हाम्रो सन्तुलित दृष्टिकोण हुनुपर्दछ ।


मलाई लाग्छ, कतिपय सोचहरूमा हामीभित्रै पनि र बाहिर समाजमै पनि सन्तुलित सोचको विकास हुनसकेको छैन । विभिन्न अन्तरक्रिया, छलफल बहस आदिको माध्यमबाट हामी एउटै सोच वा सत्य, जुन सत्य भनेको एउटै हुन्छ, त्यसमा पुग्नु पर्दछ ।

> विगत पाँच वर्षको व्यवहारिक अनुभवबाट हाम्रो पार्टीले निक्कै ठूलो सफलता हासिल गरेको देखिन्छ ।

**❑ एउटा अवसरवादी मजदूर नेता, जो मजदूरहरुको बीचमा आएर मिल मालिकको अत्याचारको कुरा गर्छ, तर मिल मालिकको बैठक कोठामा पुगेपछि चाहिं मजदूरहरुको पक्षमा कुरा उठाउन सक्तैन अथवा मिल मालिकलाई खुसी पार्ने कुरा मात्र गर्छ,- गत चार वर्षयता एमालेको भूमिका त्यस्तो मजदूर नेताको जस्तो देखियो । तपाई यो कुरालाई स्वीकार गर्नुहुन्छ कि हुन्न ?**

-यो कुरा पार्टीको स्थिति र हैसियतले तय गर्ने कुरा हो । जुन मजदूर नेताको ट्रेड यूनियनले मजदूरहरूको चुनावमा सफलता नै हासिल गर्न सक्तैन, त्यसले गाली मात्र गर्दा पनि पुग्छ । किनभने, त्यसको भूमिका भनेको गाली मात्र गर्नु हो । युनियनमा जितेर युनियन चलाएर त्यहाँ जिम्मेवार र प्रभावकारी भूमिका खेल्ने एवं कारखाना र मजदूरहरूको दुवैको जिम्मेवारी बोक्नुपर्ने स्थितिमा पुगेको मजदूर संगठनको भूमिका त्यसको भन्दा अलि फरक हुन्छ ।

पार्टीको सन्दर्भमा पनि यही कुरा लागू हुन्छ । त्यसैले, "माइनर अपोजिसन मेन्टालिटी" र "सत्तामा पुगेर सत्ता सम्हाल्ने हैसियतमा पुगेको अवस्थाको मेन्टालिटी"मा फरक हुन्छ । भनाइको अर्थ, नेकपा एमाले अहिले कुन पोजिसनमा छ भन्ने कुरा बुझ्नु जरूरी छ । जस्तो, एउटा छोराले सिंगो घर हाँक्न नपरेको बेलामा बाबुसंग असम्भव खालको ठूला-ठूला मागहरू गर्छ । उसलाई घरको सीमा थाहा हुँदैन । तर त्यसै घरको बाबुले चाहिं माग मात्रै गर्दैन, उसले समाधान पनि खोज्छ । यस्ता खालका कुरामा व्यक्तिको हैसियतले पनि फरक पार्छ । एमालेको सन्दर्भमा पनि त्यसै भएको हो ।



फ. मदन भण्डारी

यो कुरा बुझ्न नसक्दा तपाईले भन्नु भएजस्तो एमाले "अवसरवादी मजदूर नेता जस्तो भयो कि" भन्ने भ्रम परेको हो भन्ने मलाई लाग्छ ।

एमाले पार्टी, राष्ट्को एउटा जिम्मेवार पार्टी भएकोले यसले मुलुक र जनताको जिम्मेवारी बोक्नुपर्ने, र साथै सर्वहारा वर्गको हितलाई परिपूर्ति पनि गर्नुपर्ने हैसियतले अनेक समस्यासंग जुद्दै र समस्या समाधान गर्ने दायित्व बोक्दै अघि बढ्दैछ । यसमा कुनै अवसरवाद र दोहरो भूमिकाले काम गरेको छैन । जिम्मेवारीपूर्वक सबै कुराहरूलाई ध्यान दिनुपर्ने भएको कारणले र समग्र परिस्थितिको आधारमा चल्नुपर्छ भन्ने मान्यता बोकेको कारणले हामीले कतिपय अवस्थामा सहमति, सम्झौता र निकासको भूमिका खेलेका हौं र यस्तो खेल्नु पनि पर्दछ भन्ने म ठान्दछु ।

**❑ अरुसंग मिलेर गठन भएको सरकारमा अर्थात् सिंहदरबारमा सबै कुरा गर्न सकिन्न । त्यहाँ गर्ने कामको एउटा निश्चित सीमा हुन्छ । यो बुझ्न सकिने कुरा हो । तर तपाईहरु त सरकारको जस्तो कुनै निश्चित सीमा नभएको आफ्नो पार्टीस्तरमै पनि अर्थात् बल्खु दरबारमै पनि निकै साँघुरो सीमाभित्र रहेर काम गरिरहनुभएको देखिन्छ । यस्तो किन भएको ?**

-हाम्रो बल्खुको बेग्लै कुरा र सिंहदरबारको बेग्लै कुरा हुनसक्तैन । हाम्रो एउटै कुरा छ र त्यो सार्वजनिक छ । त्यो हो- हामी साम्राज्यवादविरोधी र सामन्तवादविरोधी पार्टी हौं । हाम्रो पार्टीको कार्यक्रम साम्राज्यवाद विरोधी र सामन्तवादविरोधी छ । हामी साम्राज्यवादको हैकम र सामन्तवादको नियन्त्रणलाई समाप्त पार्न चाहन्छौं । हामी नेपाली समाजमा भएको सामन्ती शोषण, उत्पीडन, गरीबी, अभाव पूर्णरूपमा निर्मूल गर्न चाहन्छौं र सामन्ती सोच, संस्कार र संस्कृतिलाई हटाउन चाहन्छौं । हामी नेपाली समाजलाई जनवादी समाजमा रूपान्तरण गर्न चाहन्छौं । जुन जनवादी समाज खुला हुनेछ, बहुलवादी हुनेछ र त्यसमा बहुदलीय प्रणालीको प्रतिस्पर्धा हुनेछ । सामन्तवाद र साम्राज्यवादको उन्मूलनविना जनवादी समाजको स्थापना हुनसक्तैन । तर त्यो जनवादी समाज कुनै एउटा कम्युनिष्ट पार्टीको एकल नेतृत्व भएको, अरू सबै पार्टीलाई प्रतिविम्बित

> "माइनर अपोजिसन मेन्टालिटी" र "सत्तामा पुगेर सत्ता सम्हाल्ने हैसियतमा पुगेको अवस्थाको मेन्टालिटी"मा फरक हुन्छ ।

गरेको र बिनाचुनाव सदा-सर्वदा कम्युनिष्ट पार्टीले शासन गरिरहने सर्टिफिकेट प्राप्त गरेको समाज चाहिं हुनेछैन । कम्युनिष्ट पार्टी सधैं जनतामा टेस्टेड हुनेछ । यसले जनताबाट अनुमोदित भइरहनु पर्नेछ, या जो अनुमोदित भयो, त्यसको लागि यसले ठाउँ छोड्नुपर्नेछ । जनताको चाहना अनुरूप निर्माण भएको संविधान अन्तरगत अरू पार्टी जस्तै कम्युनिष्ट पार्टी पनि एउटा पार्टीको रूपमा रहनेछ । राष्ट्र संविधानबाट नै निर्देशित हुनेछ । कम्युनिष्ट पार्टी र त्यसमा रहेका नेताहरूको मनमा लागेको हिसाबले नभएर जनताका प्रतिनिधिहरूले तय गरेको नीतिको आधारमा राज्य चल्नेछ । संविधानको सीमालाई सबैले मान्ने पर्नेछ । यो हिसाबले हामीले सोचेको कुरा सिंहदरबार र बल्खु दरबारमा एउटै हुन्छ ।

अहिले हामी जुन परिवेशमा जुन ढंगले अगाडि बढिरहेका छौं, त्यो परिवेश भनेको शान्तिपूर्ण प्रतिस्पर्धा र शान्तिपूर्ण संघर्षको परिवेश हो । यो परिवेश लामो कालसम्म मुलुकमा विद्यमान रहन्छ भन्ने मान्यता हामीले राखेका छौं । अहिलेको संविधान अन्तर्गत नेपाली जनतालाई राजनैतिक संघर्ष र सामाजिक परिवर्तनको संघर्षमा अगाडि बढाएर लान सक्दछौं भन्ने कुरामा पनि हाम्रो विश्वास छ । यस्ता खालका संघर्षहरूमा जनता नै प्रमुख शक्ति हुनसक्छ ।

जनबल नै परिवर्तनको निर्णायिक शक्ति हुन्छ । परिवर्तनको लागि यो निर्णायिक शक्तिलाई अगाडि बढाउन जनताले वर्गसंघर्षको मैदानमा उत्रनु पर्दछ र कम्युनिष्ट पार्टी संघर्षको लोकप्रिय नेता हुनुपर्दछ । र, यसले जनतासित जहिले पनि घनिष्ट हुन सक्नुपर्दछ । कम्युनिष्ट पार्टीको सामु जहिले पनि जनता प्रमुख हुनुपर्दछ, नेता प्रमुख हुनुहुँदैन । जनता साथमा भएमा जनताको चाहना बमोजिम सत्तामा जहिले पनि पुग्न सकिन्छ । जनता रूष्ट भएमा सत्तामा रहेता पनि जनताले फालिदिन्छन् । त्यसैले, हामीले जनतालाई जहिले पनि प्रमुख शक्ति ठानेका छौं ।

जनताको बहुदलीय जनवादलाई हामीले नेपाली क्रान्तिको मौलिक कार्यक्रमको रूपमा ल्याएका हौं । तर यो

कार्यक्रम सामन्तवादी साम्राज्यवादी क्रान्ति सम्पन्न भइसकेपछि स्थापना हुने नयाँ जनवादी राज्यको सामाजिक तथा आर्थिक संरचना निर्माण गर्ने नीतिहरूको श्रृंखलाको रूपमा मात्र आएको छैन । यसबाहेक, यसले अहिलेको हाम्रो रणनीतिक व्यवहारलाई पनि निर्देशित गरिरहेको छ । र, यसको मूल कार्यनीतिक सोचको आधारमा पनि हामी अगाडि बढिरहेका छौं । त्यसैले अहिलेको हाम्रो मूल कार्यनीति सरकार गठन गर्ने र प्रगतिशील सुधारका कार्यक्रमहरू गर्दै आमूल परिवर्तनको दिशामा अगाडि बढ्नु हो । त्यसैले जनताको बहुदलीय जनवाद भनेको अहिलेको क्रान्तिको सिद्धान्त पनि बन्न पुगेको छ । यसले हाम्रो कार्यनीति, रणनीति, कार्यक्रम र हाम्रा समग्र सोचहरूलाई मार्गदर्शन पनि गरिरहेको छ ।

यसका विभिन्न पक्षहरू छन् । एउटा, क्रान्तिभन्दा पहिले बहुमतको सरकार बनाउने र अधिकतम प्रगतिशील कामहरू गर्दै आमूल परिवर्तनको दिशामा जाने । दोस्रो, शान्तिपूर्ण संघर्षकै माध्यमबाट आमूल परिवर्तनको दिशामा निरन्तर रूपमा अगाडि बढ्ने । तेस्रो, आमूल परिवर्तनपछि नयाँ जनवादी समाजको आर्थिक-सामाजिक विकास गर्दै समाजवादको शुरूको दिशातिर संक्रमण गर्ने ।

यसरी, नेपाली समाजलाई समाजवादी दिशातर्फ लिएर जाने अवधिसम्मको हाम्रो समग्र राजनीतिक आचरण र कामलाई निर्देशित गर्ने हिसाबको रूपमा जनताको बहुदलीय जनवादलाई हामीले ल्याएका छौं । त्यसो हुनाले कसैकसैले यसको कार्यनीतिक पाटोलाई मात्र बुझ्ने र रणनीतिक पाटोलाई बिर्सने गरेका छन् भने अर्कोतिर, कसैकसैले यसको रणनीतिक पाटोलाई मात्र बुझ्ने र कार्यनीतिक पाटोलाई बिर्सने गरेका छन् । हामीले यी दुवै भडकावबाट जोगिँदै एकीकृत विचारको रूपमा यसलाई बुझ्नु पर्दछ र लिनुपर्दछ ।

**❑ हालै तपाईले केन्द्रीय कमिटीमा पेश गर्नुभएको एक रिपोर्ट, जसलाई केन्द्रीय कमिटीले पनि पास गर्‍यो, त्यसमा तपाईले एमाले पार्टीभित्र दर्शन-विचारको क्षेत्र, जीवन-संस्कृतिको क्षेत्र र संगठनको क्षेत्रमा पूँजीवादी किसिमका विकृतिहरु विकास हुँदैगएको कुरा स्वीकार्नुभएको छ । एउटा गोष्ठीमा क. मनमोहन अधिकारीले पनि त्यस्तै विचार व्यक्त गर्नुभयो । यी विकृतिहरुको हल के ?**

> यहाँ मार्क्सवाद-लेनिनवादको नाममा र सर्वहारा पार्टीको नाममा धेरै पार्टीहरू क्रियाशील रहेका छन् । यसबाट पनि समाजमा त बहुलवादी चरित्र त देखियो नि ।


-हामीले पार्टी निर्माणको सवाललाई एउटा महत्वपूर्ण कामको रूपमा ठानेका छौं । त्यसैले आमूल परिवर्तनतर्फको क्रान्तिलाई नेतृत्व गर्नसक्ने क्रान्तिकारी, मार्क्सवादी तथा लेनिनवादी अनुशासित पार्टीको निर्माणलाई हामीले प्रमुख महत्व दिइरहेका छौं । पार्टी सुदृढीकरणको सिलसिलामा हामीले एउटा नारा अघिसारेका थियौं- आम असल र योग्य कार्यकर्ता, जुझारू र गतिशील संगठन ! आगामी महाधिवेशनले यसै दिशातिर हामीलाई अघि बढाउने आशा मैले लिएको छु । विचारधारात्मक रूपमा एकता कायम गर्दै, सबै खालका विसंगति र विकृतिहरूसंग जुद्धै अगाडि बढ्ने हाम्रो स्पष्ट सोच रहेको छ । त्यसकारण हाम्रो पार्टीमा रहेको विकृति र विसंगतिविरूद्ध हामी जुध्नेछौं ।

हामी हाम्रो पार्टीको छुट्टै पहिचानलाई र क्रान्तिकारी चरित्रलाई कायम राख्न चाहन्छौं । संसदीय संघर्षमा लागिरहेको अवस्थामा बुर्जुवा विकृतिहरूको आक्रमण र संक्रमण हुने एवं त्यसको आक्रमणको खतराको विरूद्धमा हामीले प्रतिरोधात्मक क्षमताको विकास गर्न सक्नुपर्दछ । त्यसैले यस महाधिवेशले यस कुरामा आफ्नो ध्यान केन्द्रित गर्नेछ ।

**❑ यो विकृतिको स्रोत अथवा मूल कारण 'नीति' हो कि 'नेता' हो ?**

-यसको मूल कारण नीतिमा छैन । जरूर, यसमा केही चिन्तनमा आएका भडकावहरू त छन् । तर संगठनात्मक तथा वैचारिक क्षेत्रमा भएको उदारतावाद र त्यस्ता प्रवृत्तिहरूप्रतिको हल्का दृष्टिकोण यस पछाडिका कारणहरू हुन् । त्यस्ता प्रवृत्तिप्रति कडा दृष्टिकोण र त्यसको विरूद्ध दरो संघर्ष गर्ने दृष्टिकोणको अभाव पनि यसको कारण हुनसक्तछ । सुविधाको माहौल बनिसकेपछि त्यो माहौल चिर्न सार्है गाह्रो हुन्छ । त्यसैले हामी यस्ता गलत प्रवृत्तिका विरूद्ध एउटा माहौल सृजना गर्न चाहन्छौं । त्यसले गर्दा आदर्श एवं मूल्य र मान्यतामा उभिनेहरू गौरवान्वित हुन सकून् र विकृति र विसंगति बोक्नेहरू निरूत्साहित हुन सकून् । त्यस्तो किसिमको राजनैतिक, वैचारिक तथा सामाजिक वातावरणविना यस्ता प्रवृत्तिहरूलाई पराजित गर्न सकिँदैन । यसको लागि सबभन्दा पहिले पार्टीभित्रै यस्तो प्रकृया चाल्नु जरूरी छ ।

**❑ यसबारे अझै मूर्त कुरा गरौं, यस्तो प्रवृत्तिहरु हावी हुनुमा एमालेभित्रैका केही मानिसहरु तपाईहरुको नेतृत्वलाई दोष दिइरहेछन् भने एमालेबाहिरका वामपन्थीहरु एमालेको बहुलवादी नीतिलाई दोष दिइरहेछन् । तपाई कलाई दोष दिनुहुन्छ ?**



क. मनमोहन अधिकारी

-बहुलवाद स्वीकारे पनि नस्वीकारे पनि हामीले सामाजिक यथार्थलाई स्वीकार्नै पर्छ । सामाजिक यथार्थ के हो भने, यहाँ मार्क्सवाद-लेनिनवादको नाममा र सर्वहारा पार्टीको नाममा धेरै पार्टीहरू क्रियाशील रहेकाछन् । यसबाट पनि समाजमा त बहुलवादी चरित्र त देखियो नि ! यसरी विचार, सोच र स्वार्थमा रहेको भिन्नता नै आजको समाजको यथार्थ हो । यो यथार्थलाई हामीले स्वीकारेका छौं, स्वीकार्नु पर्छ ।

अर्को कुरा, अहिलेको युग मूलतः साम्राज्यवादी युग हो । र, नेपाली समाजमा निम्न पूँजीवादी प्रवृत्ति काफी मात्रामा छ । यो प्रवृत्ति पार्टीभित्र पनि छ । अझ, भनौं पार्टीभित्र निम्न पूँजीपति वर्गको बाहुल्यता नै छ । यस्तो बाहुल्यता भएको पार्टी भएपछि यस्ता विकृतिहरू सृजना हुने भौतिक आधारै त्यहाँ विद्यमान छ । यस्तो वातावरणमा उग्र-क्रान्तिकारीहरूको पार्टी भए पनि त्यहाँ पनि यस्ता विकृतिहरू आउन सक्छन् । अब यस्ता प्रवृत्तिहरूलाई रोक्ने एउटै उपाय- सचेतन वैचारिक संघर्ष हो । कसैलाई मुलाहिजा नगरिकन त्यस्ता प्रवृत्तिहरूको विरूद्ध सम्झौताहीन वैचारिक संघर्ष गरेर नै त्यस्ता प्रवृत्तिहरूलाई रोक्न सकिन्छ ।

पार्टीका कुनै पनि व्यक्तिले भ्रष्टाचार गर्छ या कुनै पनि अनैतिक र अनुशासनहीन काम गर्छ भने त्यसप्रति उदार बन्नु हुँदैन । त्यसलाई तत्काल कारवाही गर्नुपर्दछ । यसका निम्ति सेन्ट्रल कन्ट्रोल कमिशन गठन गर्नेबारेमा पनि सोच्नुपर्दछ, जुन कमिसनले पार्टीका कुनै व्यक्तिले गल्ति गर्दा कारवाही गर्ने काम गरोस् । जसरी मानिसको शरीरमा पुरानो रगतले काम गर्दैन भने त्यसलाई फालेर नयाँ रगत राख्नुपर्दछ, त्यसरी नै पार्टीभित्र पनि परिस्थिति अनुसार अगाडि बढ्न नसक्ने तथा नयाँ चुनौतिको सामना गर्न नसक्ने तथा विजातीय सोच र विचार लिएर बस्ने व्यक्तिहरूलाई विदा गर्नुपर्छ । जीवन्त तत्वहरू तथा नयाँ जीवन शक्तिले ओतप्रोत भएका तत्वहरूलाई यसमा प्रवेश गराउनु पर्दछ ।

नेतृत्वको सवालमा, नेतृत्व प्रष्ट छ कि छैन भन्ने सवालमा, हामीले कुरा उठाइरहेका छौं । यस पक्षमा थप ध्यान चाहिं दिनुपर्छ ।

**❑ नेकपा एमालेमा नेताहरुप्रति अन्धभक्तिको प्रवृत्ति पनि देखिएको छ । पाँचौं महाधिवेशनमा पनि र जनकपुरमा भएको विगतको राष्ट्रिय परिषदको वैठकमा पनि सो कुरा देखियो । (जस्तोः महाकालीको सन्धिमा सबै नेताहरुले त्यसलाई समर्थन गरे, अधिकांश कार्यकताहरुले त्यसलाई समर्थन गरे । तर फेरि पछि नेताहरु विभाजित भए, कार्यकर्ताहरु पनि विभाजित भए) अब आउँदो महाधिवेशनमा यो अन्धतापूर्ण गुट-भक्ति वा व्यक्ति-भक्तिको संभावना कत्तिको देख्नुभएको छ ?**

-पार्टीप्रति भक्ति चाहिं आवश्यक हुन्छ । पार्टीले कुनै विषयमा निर्णय गर्नुअगाडि त्यसको विभिन्न पक्षमा विचार पुर्‍याउनु पर्छ । यसरी छलफल गरेर निश्कर्षमा निक्लेको निर्णयलाई सबैले पूरै विश्वासका साथ ग्रहण गर्नुपर्छ । माथिल्लो कमिटीले गरेको निर्णयलाई तल्लो कमिटीले मान्नु पर्छ । तर मान्नु पर्छ भन्नुको अर्थ, अन्धसमर्थन गर्नुपर्छ भन्ने होइन । त्यसलाई सकारात्मक रूपमा लिंदै त्यसका विभिन्न पाटाहरूको द्वन्दात्मक रूपले विश्लेषण गर्दै अघि बढ्नुपर्छ । त्यसको ठीक उल्टो, 'शंकावाद' पनि हावी हुनुहुँदैन । शंकावाद हावी भयो भने पार्टी सुचारू रूपले अघि बढ्न सक्तैन ।

कम्युनिष्ट पार्टीमा जहिले पनि नीति प्रमुख हुन्छ । नेता प्रमुख हुनुहुँदैन । आजका राम्रा नेताहरू भोलि बिग्रन पनि सक्छन् । नीतिलाई अगाडि बढाउने नेता नै सम्मानयोग्य हुन्छ । हामी कसैको निजी उद्देश्य पूरा गर्न पार्टीमा लागेका होइनौं, आन्दोलनको उद्देश्य पूरा गर्न पार्टीमा लागेका हौं, आन्दोलनकै उद्देश्य पूरा गर्न हामीले नेतृत्वको चयन गरेका छौं । त्यो नेतृत्वले हामीलाई ठीक ढंगले बाटो देखाइरहेको छ भन्ने विश्वासका साथ अघि चल्नुपर्दछ । त्यसैले आधारभूत दृष्टिकोण भनेको सकारात्मक हुनुपर्दछ । आधारभूत कुराहरूमा केही कमी-कमजोरी रहेका छन् भने, त्यसलाई ध्यान दिनुपर्दछ । र, त्यसलाई द्वन्दात्मक दृष्टिकोणले हेर्नुपर्दछ । पार्टीको विधानसम्मत तरीकाले बेठीकका विरूद्ध जुद्न त सबैलाई छुट नै हुन्छ नि ! ◉

**मूल्यांकनमा** प्रकाशित "महाकालीको विकल्प के ?" अन्तर्क्रियाको अध्ययन गर्ने अवसर पूर्णाङ्क ४७-४९ मा प्राप्त भयो । यस अन्तर्क्रियाबाट हामीजस्ता सर्व-साधारणको लागि देशभित्रै विविध विकल्पहरू हुँदाहुँदै सत्ताधारीहरू कति हदसम्म तल गिरेर देशको अपार सम्पदामाथि खेल्ने ढङ्गबाट सन्धि र सम्झौता गर्दारहेछन् भन्ने कुरा छर्लङ्ग भयो । हामीले बुझ्नु पर्दा यसरी देशलाई वर्बादीतर्फ धकेल्ने काममा राप्रपा र कांग्रेस लाग्नु कुनै नौलो कुरो पनि भएन । तर यी दुवैभन्दा भिन्न प्रकृतिको पार्टी एमालेका नेताहरू समेत यी सबै विकल्पहरूलाई तिलाञ्जली दिएर तिनै विकृतिरूको पछाडि पछाडि दौड्नु बडो दुःखको कुरा हो ।

**-श्यामप्रसाद चापागाई**
**रुद्रपुर-४, सण्डहवा, रुपन्देही**

**५१ औं** अंकको आवरण कथा ज्यादै सटीक लाग्यो । २०४६ सालको जन-आन्दोलनका सहयात्रीहरू नेकपा एमाले र नेपाली कांग्रेस बर्तमानमा सत्ताप्राप्तिको लागि जसरी एक-अर्कामा वैमनस्यता बढाउँदै लुँछाचुँडी गरिरहेका छन्, र यसबाट देशमा जुन परिणाम निस्किरहेको छ, यो आवरण कथा ती पार्टीहरूको निम्ति एउटा चोटिलो प्रहार पनि हो ।

यस अंकमा नीति/संस्कृति स्तम्भ अन्तर्गत धार्मिक कर्मकाण्डहरूबारे अप्नाउनु पर्ने धारणा सम्बन्धी जुन लेखहरू प्रस्तुत गरिएका छन्, यो बहुतै खुशीको कुरा भएको छ । जतिसुकै आधुनिक सभ्यताको विकास भएको भनिए तापनि अझै खोक्रो रूढीवादी संस्कारमा चुर्लुम्म डुबिरहेको अहिलेको हाम्रो जस्तो समाजलाई यसले बाटो देखाउने काम गर्छ भन्ने मलाई लाग्छ ।

**-प्रतीक डेसुर**
**ललितपुर, फर्सीडोल**

**विश्व** घटनालाई स्थान दिने मूल्यांकनले अस्ति भर्खर आफ्नै देशको लुम्बिनीमा भएको जापानी भिक्षु नावातामेको विभत्स हत्याकाण्ड सम्बन्धमा 'चु' सम्म पनि बोलेन, किन ? डायना र मदर टेरेसा जस्ता विदेश भूमिमा दुर्घटना र स्वाभाविक मृत्यु मरेकाहरूको खोजसहित लेखाजोखा छापिन्छ, तर राष्ट्ले विश्वसामु कालो मुख लगाउन परेको हत्याकाण्डमाथि मूल्यांकन-कर्मीहरूले कलम नचलाउनाले 'दियो मुनि अध्यारो' कथन चरितार्थ गरेन र ?

**-योद्धा पुन मगर**
**संगीता शाक्य, विप्लव गुरुङ्, ग्यावट सूर्यवंशी र साथीहरु (बुटवल)**

**मूल्यांकनको** स्वर्ण अंकलाई धेरै धेरै धन्यवाद छ । किनभने आफ्नै खुट्टामा अडिएर लगातार विभिन्न कठिनाइको सामना गरेर स्वर्ण अंक प्रकाशन गर्नु अधिकांशको लागि पहुँचबाहिरको कुरा हुन्छ । यसको सफलतामा अधिकांश चेतनशील व्यक्तिहरूले ठूलो गर्व गरेका छन् । स्वास्थ्य क्षेत्रमा साम्राज्यवादको अदृश्य एकाधिकारको पर्दाफास यस अंकको अन्तर्क्रियाले गरेको छ । महिलाको सम्पत्तिमाथि हकको सम्बन्धमा हाल संसदमा पेश भएको विधेयकमा महिला बुद्धिजीवीहरूको विचार न्यायसंगत छ । नीति-संस्कृति र विचारमञ्च हेर्न नपाउँदा अलि खल्लो लाग्यो ।

**-होम थापा**
**बैंगाडावर-८, लालगढ, धनुषा**

**अंक** ४९ र ५० पढ्ने मौका मिल्यो । क. चे ग्वेभाराको ३० वर्षपछि अस्थिपंजर फेला परेको सुसमाचारले विश्व वाम आन्दोलनमा थप उर्जा प्रदान गरेको छ । त्यस्ले पूँजीवादी तत्वहरूको मुटुमा ढ्याङग्रो ठोकेको छ । पूँजी र शक्तिको आडमा गोलावारूदले व्यक्तिको भौतिक उपस्थितिको अवसान हुनसक्छ । तर सत्य र विचार अनि सिद्धान्त कहिल्यै पनि ढल्दैन भन्ने ध्रुवसत्यको पुष्टी यसले गरेको छ । यसैगरी क. थेलमानको जीवनको झाँकी र क. लेनिनको त्यो मुस्कानले अथक लगनशीलता र प्रयासबाट सफलता मिल्छ भन्ने प्रेरणा प्रदान गरेको छ । अंक ५० मा आतंकवाद नियन्त्रण विधेयकको सामयिक चिरफारले मुलुकलाई पुनः निरंकुशतन्त्रतिर धकेल्ने प्रयासलाई विफल तुल्याउन गरेको प्रयासको यथार्थ जानकारी प्रस्तुत गरेको छ । प्रजातन्त्रवादी मानव अधिकारवादी समूहको ऐक्यवद्धता सम्बन्धी लेख प्रकाशित गरी जनचेतना फैलाउने कार्य गरेकोमा तपाईहरूलाई धन्यवाद छ । एमालेको पजेरो फर्काउने निर्णय, लेवनान र सिरियामा कम्युनिष्ट आन्दोलनको विस्तृत विवरण, निकारागुआको साण्डिनिष्टा क्रान्तिको संस्मरण, क्रान्तिको १८ औं वार्षिकोत्सवको यथार्थ जानकारी, स्वास्थ्य क्षेत्रमा साम्राज्यवाद कसरी पसिरहेछ ? जस्ता सामयिक लेखहरू ज्ञानवर्द्धक, उत्साहप्रद र रोचक रहेका छन् ।

**-आशकुमार राई,**
**अर्जुन राई, निशान राई,**
**धर्मराज राई, होम्ताङ-१ भोजपुर-२,**
**हालः विराटनगर, बरगाछी**

**५० औं** वसन्त पार गर्दै आएको स्वर्ण अंकको मूल्यांकनमा पनि सहभागी हुने अवसर पाएँ । मलाई शुरू शुरूमा यो पत्रिका कुनै एक पार्टीको मात्र पेवा हो जस्तो लागेको थियो । तर अध्ययनकै सिलसिलामा थाहा भो कि यो यथार्थपरक पत्रिका रहेछ । मूल्यांकनले वास्तविक राजनैतिक मूल्यांकन गर्नसक्छ भन्ने कुरामा म विश्वस्त छु ।

भूतपूर्व प्रधान न्यायाधीश विश्वनाथ उपाध्यायको अन्तर्वार्ता राम्रो लाग्यो । प्रतिक्रियामाथिको प्रतिक्रियामा झन् रोचक तथा स्वस्थ आलोचना भएको छ ।

**-विभु अधिकारी, पथलैया**

**लेबनान** र सिरियाको कम्युनिष्ट आन्दोलन तथा साण्डिनिष्टासम्बन्धी लेख पठनीय लाग्यो, साथै वृद्ध कम्युनिष्ट नेता शंभुराम श्रेष्ठको अन्तर्वार्तालि पनि पुराना नेताको विचार बुझ्न सहयोग गरेको छ ।

**-शिव प्रसाद खनाल**
**डेढगाउँ-९, नवलपरासी, हाल नवलपुर**

**पूर्णाङ्क** ४९ ढिलै भए पनि प्राप्त भयो । कथाकार खगेन्द्र संग्रौलको साहित्यिक कथा 'देवता र बागी' अति नै रोचक लाग्यो । ३० वर्षपछि क. चेको अस्थिपंजर फेला पर्‍यो भन्ने सामग्री प्रस्तुत गरेकोमा असाध्यै खुशी छु । र अब आउँदो अंकमा विश्वमा क्रान्तिकारी कम्युनिष्टहरूको लहर कस्तो रहेको छ, सोबारेमा सामग्री प्रस्तुत गरेमा राम्रो हुने थियो ।

**-ठाकुर प्रसाद आचार्य**
**धाइरिङ्ग गाविस-४, पर्वत, धौलागिरी**

**विभिन्न** आरोह-अवरोह पार गर्दै स्वर्ण अंकसम्म आइपुगेको मूल्यांकनले अझैसम्म नेपालको बहुसंख्यक जनजातिहरूको बारेमा बोल्ने चाहिं गरिएको देखिएन । (१ अंक बाहेक) यो यसको सबभन्दा ठूलो र दुःखद पक्ष हो, यस्तो हामीलाई लाग्छ । किनकि जनजातिको दुःखद सामाजिक पक्षमा गहिरिएर कलम चलाउने लेखक र पत्रिकाको यस देशमा प्रायशः खडेरी नै भएको परिपेक्ष्यमा स्थापित र बौद्धिक व्यक्तित्वहरूले मानसिक कसरत गर्ने थलो मूल्यांकनमा जनजाति पक्षधर बौद्धिक समुदायको अन्तर्क्रिया छाप्नसके राम्रो हुनेथियो ।

**-जे.बी. पुन मगर तथा**
**लखन थापा मेमोरियल एकेडेमी परिवार, दुम्किवास शाखा, नवलपरासी**

**धार्मिक** कर्मकाण्डहरूबारे कस्तो धारणा बनाउने भन्ने विषयमा मूल्यांकनले शुरू गरेको अन्तर्क्रिया निकै महत्वपूर्ण र उपयोगी छ । यसबारे गहन विचारहरू खोज्ने र अध्ययन गर्ने गराउने कामलाई व्यापकता दिइयोस् भन्ने अनुरोध गर्दछु ।

**-गणेश थापा, लगनखेल, पाटन**

**५० औं** अंकमा समाविष्ट निकारागुवाको साण्डिनिष्टा क्रान्तिको संस्मरण साह्रै नै मर्मस्पर्शी र पठनीय छ । यसले नेपालको माओवादी जनयुद्धमा अग्रसर व्यक्तिहरूलाई सचेत तुल्याएको कुरा निर्विवाद छ । यसका अतिरिक्त मदर टेरेसा जस्ता समाजसेवीको चित्रण पनि यस अंकको सह्रानीय पक्ष हो ।

**-अर्जुन प्र.तिवारी**
**गुन्जनगर-९, चितवन**

**अंक** ४९ का लेखहरू अत्यन्त प्रभावशाली र समसामयिक छन् । विश्व कम्युनिष्ट आन्दोलनका हस्तीहरूको जीवनी, आन्दोलनका घटनाक्रमहरू र अन्तर्क्रियामुखी लेखहरूले निरन्तरता पाउने आशा गरेको छु । एमालेको सत्तामुखी प्रवृत्तिका कारणले कम्युनिष्ट आन्दोलनलाई धक्का पुर्‍याइरहेको सन्दर्भमा स्वस्थ आलोचनाको अपेक्षा गर्दछु ।


**-बन्टु थापा,**
**पुतलीबजार नगरपालिका-१,**
**प्रगतिनगर, स्याङ्जा**

**पूर्णाङ्क** ४८ को आवारण पृष्ठमै स्थानीय चुनावमा एमाले, कांग्रेस, राप्रपाले पैसा र गुण्डा दलको प्रयोग गरेको कुरा अति सटिक र सरल तरिकाबाट चिरफार गरेकोले बुझ्न सजिलो पर्‍यो । साथै, 'के भ्याट लागू गर्नु उचित छ ?' भन्ने विपक्षका विचारहरू र 'के हो महाकालीको विकल्प ?' आदि लेखहरू अति नै सराहनीय छन् ।

**-नारायण शर्मा,**
**चितवन माडी, रमाइलो डाँडा**
**हालः रायगढ, मुम्बई, भारत**

**मूल्यांकनले** अझै लोकप्रियता कमाउन र नेपाली ढुकढुकीलाई समेट्न नेपाली कम्युनिष्ट आन्दोलनका विशेष ज्ञाता, नेपाली कम्युनिष्ट आन्दोलनमा समर्पित नेताहरू र छोटो समयमै वाम आन्दोलनलाई सरकारमा पुर्‍याउन सक्षम शिखर व्यक्तित्वहरूका जीवनी र अन्तर्वार्ताहरू क्रमिक रूपमा प्रस्तुत गर्दै गए वेश हुन्थ्यो कि ? ◉

**-मोहनचन्द्र दाहाल,**
**माडी, मूलखर्क-१, संखुवासभा**





आफ्ना सबै बालबालिकाहरुलाई जन्मेको दिनदेखि १ वर्षको उमेरभित्र सबै खोपको मात्रा पूरा गराऔं ।

राष्ट्रिय खोप दिवस २०५४ मंसिर २२ गते आइतबार र माघ ५ गते आइतबारका दिनहरुमा ५ वर्षसम्मका बालबालिकाहरुलाई पोलियो *(Polio)* थोपा खुवाऔं ।

स्वास्थ्य मन्त्रालय
स्वास्थ्य सेवा विभाग
राष्ट्रिय स्वास्थ्य शिक्षा सूचना तथा संचार केन्द्र

Kathmandu Maida Mills Pvt. Ltd.
AN AUTOMATIC FLOUR MILL



KMM

You have a deal. A fair deal. Best quality flour and atta.
From our modern and automatic plant.
For you and for all your needs.
Quality flour for bakeries and confectioneries.
Hygenic Atta for breads.
All suited to your needs
Give your flair a name.
The name of
***KATHMANDU MAIDA MILLS PVT. LTD.***

Balaju Industrial District, Balaju
P.O. Box 351 Kathmandu Nepal
Phone No. 272221, 272285

MULYANKAN
A magazine for Thought-Interaction

ल.पु.जि.प्र.का. द.नं. ९९/०४९/५०  म.क्षे.हु.द.नं. १२/०५१/५२

# पारिजात

संकलित रचनाहरु: निर्माण प्रकाशन



ग्रन्थ- १ : 'शिरीषको फूल' सहित चारवटा उपन्यासहरु
ग्रन्थ- २ : 'अन्तर्मुखी' सहित पाँच वटा उपन्यासहरु
ग्रन्थ- ३ : 'आदिम देश' सहित पाँचवटा कथा संग्रहहरु
ग्रन्थ- ४ : 'धूपी, सल्ला र लालीगुराँसको फेदमा' सहित तीनवटा आत्मसंस्मरण संग्रहहरु
ग्रन्थ- ५ : 'आकांक्षा' सहित तीनवटा कविता संग्रहहरु
ग्रन्थ- ६ : पारिजातका महत्वपूर्ण फुटकर लेख र अन्तर्वार्ताहरु

हरेक ग्रन्थमा
पवन चामलिङ 'किरण'
द्वारा लिखित भूमिकासहित

प्रकाशक
**निर्माण प्रकाशन**
नाम्ची, दक्षिण सिक्किम

विस्तृत जानकारीको लागि निर्माण प्रकाशन, सेल्स डिपो सिलगढीमा सम्पर्क राख्नुहोस्:-
फोन: ४३६५९४

प्रसिद्ध लेखिका पारिजातका सम्पूर्ण कृतिहरू ६ खण्डमा प्रकाशित भए ।

यी कृतिहरूका प्रमुख विक्रेताहरू

- १ पारिजात स्मृति केन्द्र
  म्हेपी, काठमाडौं, फोन- ४१८७२२
- २ प्रगति पुस्तक सदन
  दमक, झापा, फोन- ०२३-८०३९१
- ३ मेची बुक्स एण्ड न्यूज सेन्टर
  काँकरभिट्टा, झापा, फोन- २९००७

## भारतमा पाइने स्थानहरु

- १ जनपक्ष प्रकाशन
  सुपर मार्केट, गान्तोक
  सिक्किम, फोन- २३३२८
- २ साझा पुस्तक पसल
  मोटर स्ट्याण्ड, दार्जीलिङ
- ३ रमेश बन्धु प्रकाशन
  सोनादा, दार्जीलिङ
- ४. बसीर ब्रदर्स
  खरसाङ, दार्जीलिङ
- ५ साथी पुस्तक पसल
  तीनधारे, दार्जीलिङ
- ६ सरस्वती पुस्तक मन्दिर
  प्रधान नगर, सिलगढी
  फोन- ५३२९३६
- ७ डी.पी. उपासक एण्ड सन्स्
  कालिम्पोङ, दार्जीलिङ
- ८ काशीनाथ एण्ड सन्स्
  कालिम्पोङ, दार्जीलिङ

यी बाहेक भारत तथा नेपालका सबै पुस्तक पसलहरुमा उपलब्ध छन् ।